# नेपालमा औद्योगिक क्षेत्रको विकास : सम्भावना र चुनौतीहरू

✍कृष्ण ज्ञवाली

## १. विषय प्रवेश

औद्योगिक विकास आर्थिक विकासको मेरूदण्ड हो । उद्योगहरूको स्थापना र सञ्चालन गरी उत्पादित मालसामानको घरेलु बजारमा गरिने ओसार-पसार तथा बिक्री-वितरण र बाह्य बजारमा गरिने निर्यातबाट सरकारको कर तथा गैरकर राजस्वमा वृद्धि, विदेशी मुद्राको आर्जन तथा सञ्चिति, रोजगारी सृजना र जनताको आम्दानीमा अभिवृद्धि भई आर्थिक क्रियाकलापहरूको विस्तारमा सघाउ पुग्दछ । यसबाट मुलुकको खुद राष्ट्रिय आम्दानी बढ्न गई आन्तरिक बचत दरमा वृद्धि हुन जान्छ र सामाजिक-आर्थिक विकासका थप कार्यक्रम र आयोजनाहरु सञ्चालन गर्न सकिन्छ । त्यसैले औद्योगिक विकास आर्थिक सम्वृद्धिको प्रमुख आधार हो ।

नेपालको सन्दर्भमा औद्योगिक विकासको चर्चा गर्दा दुईवटा पक्षमा विशेष ध्यान पुऱ्याउनु जरूरी छ । पहिलो, निजी क्षेत्रको सक्रियता र अगुवाइमा ठूला तथा मझौला प्रकृतिका उद्योगहरूको स्थापना र सञ्चालन, जसमा सरकारले नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सहजीकरण गर्छ । दोस्रो, सरकारको सक्रिय पहल र लगानी समेतमा साना, घरेलु तथा लघु उद्यम व्यवसायको प्रवर्द्धन, स्थापना र विस्तार जसमा "लक्षित वर्ग" (गरीब, असहाय, विपन्न, उपेक्षित, पिछडिएका र पछाडि पारिएका सीमान्तीकृत, विशेषतः महिला, दलित, जनजाति र मधेशी समुदाय) को सक्रिय सहभागिता रहन्छ । नेपालको विशिष्ट आर्थिक-समाजिक-राजनीतिक परिवेशका पृष्ठभूमिमा कुरा गर्दा नेपालको उद्योग क्षेत्र यी दुईवटा खुट्टामा उभिएर हिड्न सक्यो भने मात्र समतामूलक आर्थिक समृद्धिको गन्तव्यमा पुग्न सफल हुनेछ, नत्र भने नेपालको आर्थिक विकास असमान, एकाङ्गी र विभेदमूलक हुनेछ र धनी र गरीब, शहरिया र गाउँले, ठूला र साना, सम्पन्न र विपन्न, शिक्षित र अशिक्षित बिचको खाडल झन्-झन् गहिरिंदै जानेछ ।

नेपाल मूलतः पर्वतीय देश भएकाले यहाँको भू-धरातल ठूला-ठूला उद्योग धन्दाको विकासका लागि अनुकूल छैन भन्ने सुनिन्छ । केही हदसम्म त्यो सही पनि छ । कठिन र अनतिक्रम्य पर्वतमाला एवम् विषम धरातलका कारण एकातर्फ सडक, विद्युत्, दूरसंचार, पानी जस्ता उद्योग सञ्चालनका लागि आवश्यक पर्ने प्राथमिक भौतिक पूर्वाधारको पहुँच पुऱ्याउन सहज छैन भने अर्कातिर नेपालको भौगोलिक बनोट मात्र नभई यहाँको प्राकृतिक वातावरण, पर्यावरणीय विशिष्टता र जैविक विविधताका कारण वन, वनस्पति तथा वन्यजन्तुको जगेर्ना, संरक्षण र सम्बर्द्धन गर्नुपनि त्यत्तिकै जरूरी छ । उद्योग-धन्दाका लागि उपयुक्त जमीनको उपलब्धता एउटा टड्कारो समस्याका रूपमा देखा परेको छ र त्यसकारण धेरैजसो उद्योगहरु मधेश-तराइका समथर जमीनमा जङ्गल फाँडेर वा पर्ती वा कृषियोग्य जमीन नै मासेर भएपनि खोल्न र चलाउनपर्ने बाध्यता छ । उत्पादनसँग जोडिएका भौतिक पूर्वाधार सेवाको उपलब्धताका समस्या त छँदैछन्, असहज श्रम सम्बन्ध, राजनीतिक अस्थिरताका कारण लगानी-अमैत्री वातावरण, आन्तरिक बजारको अपर्याप्तता, बाह्य बजारमा प्रतिस्पर्धात्मक क्षमताको अभाव, गुणस्तर प्रमाणीकरणमा समस्या, उत्पादनको महँगो लागत जस्ता कारणले गर्दा नेपालमा ठूल्ठूला उत्पादनमूलक उद्योगधन्दाहरूको स्थापना र सञ्चालनको अवस्था खास उत्साहजनक छैन ।

---

✍ सचिव, उद्योग मन्त्रालय

समस्या र चुनौती बिच पनि नेपालमा उद्योग क्षेत्रको विकासका प्रवल सम्भावनाहरु नरहेका भने होइनन् । नेपाल प्राकृतिक तथा जैविक सम्पदामा अत्यन्त धनी छ । जलस्रोत, वन तथा वनस्पति, खानी तथा खनिज पदार्थ र कृषिजन्य वस्तुहरूको प्रचुरता नेपालमा छ । जलवायुको विविधता यहाँको अर्को महत्वपूर्ण पक्ष हो । एकाध घण्टाको ड्राइभको दूरीमा यहाँ समशीतोष्णबाट शीत वा उष्ण जलवायु फेला पर्दछ । त्यसैगरी यहाँको सामाजिक रहन-सहन एवम् शिष्टता, सांस्कृतिक सम्पदा र ऐतिहासिक एवम् पुरातात्विक महत्वका कारणलेसमेत नेपाल पर्यटकहरूका लागि आकर्षक र प्रिय गन्तव्यस्थलका रूपमा परिचित छ । यी सबै अवसरहरूले नेपालमा उद्योग क्षेत्रको विकासको सम्भावनाको द्वार खोल्न सकिने तथ्यलाई उजागर गर्दछन् ।

सम्भावना र अवसरहरूलाई यथार्थमा साकार पार्नका लागि सरकार, निजी क्षेत्र र समुदाय यी तीनैथरी मिलेर सहकार्य गर्न जरूरी छ । यसनिम्ति राज्यको नीति तदनुरूप लक्ष्यित हुनुपर्छ, सरकारले त्यसको कडा र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ र निजी क्षेत्र र समुदायले त्यसमा सघाउनुपर्छ ।

## २. राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान

हुनत केही समययता मुलुकको अर्थतन्त्रमा क्रमिक उपलब्धिका केही सकारात्मक संकेतहरु देखा परेका छन्, तर उपलब्धिको स्तर र गति भने सन्तोषजनक छैन । खासगरी उद्योग क्षेत्रको योगदान दिनानुदिन खस्किदो छ । कूल गार्हस्थ्य उत्पादन (GDP) मा उद्योग क्षेत्रको योगदान विगत एक दशकमा उकालो लाग्नुको सट्टा क्रमशः ओरालो लाग्दै गएको छ । ***(हेर्नुहोस् तलको तालिका) ।***

**कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान**

| आर्थिक वर्ष | योगदान (प्रतिशतमा) |
|---|---|
| २०६०/६१ | १६.८ |
| २०६१/६२ | १६.६ |
| २०६२/६३ | १६.२ |
| २०६३/६४ | १६.१ |
| २०६४/६५ | १६.२ |
| २०६५/६६ | १५.३ |
| २०६६/६७ | १४.६ |
| २०६७/६८ | १४.९ |
| २०६८/६९ | १४.३ |
| २०६९/७० | १४.४ |
| २०७०/७१ | १४.१ |

**स्रोत : विभिन्न वर्षका आर्थिक सर्वेक्षणहरु, अर्थ मन्त्रालय ।**

उता औद्योगिक क्षेत्रको वृद्धिदर पनि सन्तोषजनक छैन । आ.व. ०६९।७० मा ३.७२% रहेको यो वृद्धिदर आ.व. ०७०।७१ मा २.७% मा ओर्लेको छ । यसमा विद्युत्, ग्याँस, पानी, खानी, निर्माण क्षेत्र सबै समावेश भएकाले यतिसम्म देखिएको हो । यस अन्तर्गतको उत्पादनमूलक क्षेत्र (Manufacturing Sector) को मात्र वृद्धिदरको कुरा गर्ने हो भने त झनै दयनीय छ (मात्र १.८६%) ।

कुनैपनि मुलुकमा उद्योग क्षेत्रको इज्जत धान्ने भनेको उत्पादनमूलक क्षेत्रले हो, जसका कारण रोजगारी सिर्जना, आम्दानी वृद्धि, नाफा आर्जन र निर्यात वृद्धि भई आर्थिक वृद्धिमा योगदान पुग्छ । तर चुलिँदो ऊर्जा संकटका कारण उत्पादन लागतमा वृद्धि, असहज श्रम सम्बन्ध, पूर्वाधार विकासको अपर्याप्तता, राजनीतिक अस्थिरता र सरकारको निरन्तर फेरबदल, सिण्डिकेट र कार्टेलिंगका समस्या, नीतिगत, कानुनी, संस्थागत, प्रक्रियागत एवम् कर्मचारीका आचरणगत र मनोवृत्तिका समस्याका कारण उत्पादनमूलक क्षेत्र फष्टाउन पाइरहेको छैन । यसले गर्दा व्यापार घाटा भयावह रूपमा अकासिंदो छ । आ.व. ०७०।७१ को प्रथम आठ महिनाको तथ्याङ्कलाई आधार मान्दा नेपालको व्यापार घाटा रू. ३.९७ खर्ब पुगेको छ । उक्त अवधिमा हामीले जम्मा रू. ६०.९ अर्बको मात्र निर्यात गऱ्यौं भने रू. ४.५८ खर्बको आयात गऱ्यौं, जसमध्ये झण्डै रू. १ खर्बको त हामीले पेट्रोलियम पदार्थमात्रै आयात गऱ्यौं । जब उत्पादन नै हुँदैन भने निर्यात कसरी हुने ?

नेपालको अर्थतन्त्र छिमेकी देशहरु भारत र चीनको तुलनामा केराउको गेडाजत्रै छ । आ.व. ०६९।७० मा नेपालको कूल गार्हस्थ्य उत्पादनको रकम रू. १७.५७ खर्ब थियो भने अहिले (आ.व. ०७०।७१ मा) २ खर्ब थपिई रू. १९.६७ खर्ब पुगेको छ, जबकि भारतको एक आ.व.को बजेट मात्रै भा.रू. १७९ खर्ब (अमेरिकी डलर ३०१ बिलियन) छ । विश्व बैंकको पछिल्लो प्रतिवेदन अनुसार भारत अमेरिका र चीनपछि जापानलाईसमेत उछिन्दै विश्वकै तेस्रो ठूलो अर्थतन्त्र (स्थानीय क्रयशक्ति अर्थात Purchasing Power Parity – PPP का आधारमा) का रूपमा स्थापित हुन पुगेको छ । चीनको त झन् के कुरा गर्नु, अमेरिकापछि विश्वकै दोस्रो ठूलो र एशियाको पहिलो ठूलो अर्थतन्त्रका रूपमा चीन स्थापित भइसकेकै छ ।

यति ठुलो आकार र परिमाणको अर्थतन्त्र बोकेका छिमेकीहरूका बीचमा बसेर पनि त्यसको समुचित लाभ उठाउन नसक्नु नेपालको दुर्भाग्य हो । नेपालको उत्पादन गुणस्तरीय र प्रतिस्पर्धात्मक हुन सक्यो भने बजार खोज्न अन्त कतै जानै नपर्ने सौभाग्य नेपाललाई प्राप्त छ । चीन र भारतका झण्डै ३ अर्व उपभोक्तामाझ हाम्रा वस्तु र सेवाको विस्तार हुन सक्यो भने नेपालको अर्थतन्त्रले छिमेकीहरूको समृद्धिको सही अर्थमा लाभांश प्राप्त गर्न सक्नेछ ।

नेपालको अर्थतन्त्रका केही आधारभूत संरचनात्मक कमजोरीहरु छन् । प्रचलित बजार मूल्यमा बल्लबल्ल रू ७१,३०५।-(अमेरकी डलर ७१७) प्रतिव्यक्ति औसत वार्षिक आम्दानी पुगेको नेपालमा आफै पनि २३.८ प्रतिशत जनता (करीब ६० लाख) को बास्तविक आम्दानी भने वर्षको २० हजार पनि छैन । त्यसैले उनीहरु "गरीबको रेखामुनि" बाँचेका छन् । विश्व बैंकले आम्दानीमा आधारित गरीबीको परिभाषा गर्दा एक दिनमा अमेरिकी डलर १.२५ भन्दा कम आम्दानी हुने ब्यक्तिलाई "अति गरीब" भनेको छ, जसलाई परिभाषित गर्ने क्रममा देशगत मुद्राको क्रयशक्ति (PPP) का आधारमा नेपालमा वार्षिक करीब रू. २० हजारको रेखा कोरिएको छ, जुन आफैमा हास्यस्पद छ । त्यसैगरी, गरीब र धनीका बीचको खाडल, जसलाई मापन गर्ने सूत्रलाई Gini Coefficient भनिन्छ, त्यो झन्-झन् बढेको छ । (पछिल्लो तथ्याङ्क अनुसार हाल नेपालको Gini Coefficient उपभोगको खर्च आधारमा ०.३२८ प्रतिशत पुगेको छ, जुन संसारकै उच्चतममा पर्छ)

नेपालमा बचत दर ज्यादै न्यून छ, जसले गर्दा आम्दानीको अधिकतम हिस्सा उपभोगमा गएको छ, बचत र लगानीमा गएको छैन । आ.व. ०७०।७१ को आँकडालाई आधार मान्दा कूल गार्हस्थ्य उत्पादनको जम्मा ८.९ प्रतिशत मात्र नेपालको औसत बचतदर छ, जसको अर्थ नेपालीहरु रू. १०० आम्दानीमा रू. ८.९० मात्र बचत गर्छन्, बाँकी रू. ९१.१० उपभोगमा खर्च गरेर सिध्याउँछन् भन्ने हुन्छ । यसबाट लगानीमा पूँजी पुग्दैन, र लगानीका लागि पूँजी निर्माण हुन सक्दैन ।

लगानीका लागि आवश्यक पूँजीको यो न्यूनतालाई पूर्ति गर्न एकातर्फ नेपालीहरूको बचत दरमा वृद्धि गर्नु, उनीहरूलाई उपभोगमा भन्दा उत्पादनमूलक क्रियाकलापमा लगानी गर्न प्रेरित गर्नु, बैंकमा रहेको निक्षेप (बचत) लाई बढीभन्दा वढी आर्थिक बृद्धि र रोजगारी सृजनाका कारक उद्यम-व्यवसायहरूको विकासमा परिचालन गर्ने वातावरण बनाउनु जस्ता उपायहरु अवलम्वन गर्नुपर्ने हुन्छ भने अर्कातर्फ विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न हरतरहबाट उत्प्रेरित र प्रोत्साहित गर्नुपर्छ । यसनिम्ति विदेशी लगानी नीतिलाई समयसापेक्ष बनाई सोको कार्यान्वयनका लागि तत्सम्बन्धी कानुनको सामयिक परिमार्जन, लगानीमैत्री संस्थागत संरचना, प्रकियाको सरलीकरण र संक्षेपीकरण, कर्मचारीको मनोवृत्ति र आचरणमा सुधार, नियामक निकायहरूको सक्रियता जस्ता उपायहरु अवलम्वन गर्नुपर्ने हुन्छ ।

नेपाल स्रोत-साधन र संभावनाका दृष्टिले समृद्धमूलक हो भन्नेमा कुनै दुविधा छैन । साथै, भारत र चीन दुई ठूला छिमेकी मुलुकहरूको बीचमा अवस्थित भएका नाताले ती मुलुकहरूमा हुँदै गरेको उच्च आर्थिक बृद्धिको अवसरको नेपालले सदुपयोग गर्नुपर्छ र गर्न सक्छ भन्ने कुरामा पनि विवाद छैन, तर त्यो संभावना र अवसरको सदुपयोग कसरी गर्ने भन्नेमा चाँहि हामी प्रष्ट छैनौं ।

अहिलेको उदार अर्थतन्त्रको युगमा राज्य वा सरकारको काम आर्थिक क्रियाकलापहरूमा सिधै हस्तक्षेप वा नियन्त्रण गर्ने नभई नियमन सम्म गर्ने हो, ताकि गरीव, निमुखा र असहाय वर्गलाई बजार अर्थतन्त्रको कठोर नियमले मर्का नपारोस् । नत्र भने, सरकारको काम निजी क्षेत्र (जसमा स-साना उद्यमी, व्यवसायी, कृषक, मजदूर, सहकारी सबै पर्छन्) लाई अग्रसर बनाएर आर्थिक विकासको आधारशिला तयार गरिदिने हो । तर हाम्रोजस्तो झण्डै एक चौथाई जनसंख्या "अति गरीब" भएको र चरम आर्थिक असमानता भएको मुलुकमा सरकार प्रबर्द्धक र सहजकर्ता मात्र भएर बस्न मिल्दैन, प्रभावकारी नियामक पनि हुनैपर्छ । साथै, गरीबी र असमानताको अन्त्यका लागि लक्षित वर्ग र समुदायसम्म सिधै पुग्ने र उनीहरूलाई लाभान्वित तुल्याउने कार्यक्रम पनि पुऱ्याउनै पर्छ ।

## ३. भावी कार्य दिशा

नेपालमा औद्योगिक क्षेत्रको विकासका लागि अन्य विकसित मुलुकहरूकै ढाँचामा सोंच (Vision) र रणनीति (Strategy) बनाएर अघि बढ्न उचित हुँदैन । नेपालको भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक र राजनीतिक विशिष्टताका कारण यहाँको औद्योगिकीकरणका क्रममा कृषि, वन तथा वनस्पति, खानी तथा खनिज पदार्थ र अन्य प्राकृतिक स्रोतहरूलाई नै कच्चा पदार्थ बनाएर पूँजी र प्रविधि मात्र बाहिर वा भित्रैबाट ल्याएर, जुटाएर उद्योगहरु स्थापना र सञ्चालन गर्नुपर्ने हुन्छ, कच्चा पदार्थ बाहिरबाट आयात गर्दा उत्पादित बस्तुको लागत वढी पर्छ र प्रतिस्पर्धात्मक पनि हुँदैन ।

नेपालमा उपलब्ध प्रचूर प्राकृतिक सम्पदालाई परिचालन गर्दै गरिने औद्योगिकीकरण नै नेपालका लागि ग्राह्य हो । यसबाट स्थानीय व्यक्तिलाई रोजगारी, उत्पादनमा कम लागत र दक्षता, उत्पादित बस्तुको विशिष्टता र गुणस्तर र उत्पादन प्रणाली र प्रक्रियाको दिगोपन सम्भव हुन जान्छ । तर यस क्रममा वातावरणीय पक्षमाथि भने विशेष ध्यान दिनु जरूरी छ, किनभने नेपालको विशिष्ट भू-प्राकृतिक बनोटका कारण यहाँको वातावरणीय जोखिम र संवेदनशीलता अन्यत्रको भन्दा उच्च छ । त्यसैले सजागता र सतर्कता पनि बढी नै अपनाउनु पर्नेहुन्छ ।

औद्योगिकीकरणको गतिलाई तीव्रता दिनका लागि जसरी नीतिगत, कानुनी र संस्थागत पूर्वाधारहरु आवश्यक पर्छन्, त्यसरी नै पानी, बाटो, बिजुली, जग्गा, श्रमिक, बजार, कच्चा पदार्थ, वस्तुको गुणस्तर प्रमाणीकरण जस्ता भौतिक पूर्वाधारहरु पनि त्यतिकै आवश्यक पर्छन् । त्यसैले यी दुबै

पक्षउपर ध्यान पुऱ्याउनु जरूरी छ । जग्गाको उपलब्धता अहिले उद्योगीहरूका लागि एउटा कठिन समस्या नै भएकाले सरकारले नै भू-उपयोग नीति र कानुनसमेतका आधारमा औद्योगिक क्षेत्र, औद्योगिक करिडोर वा क्लस्टर, औद्योगिक ग्राम, विशेष आर्थिक क्षेत्र, निर्यात प्रबर्द्धन वा प्रशोधन क्षेत्र जस्ता निर्धारित भौगोलिक क्षेत्रको व्यवस्था गरी उद्योगहरूको भू-व्यवस्थापन गर्नु जरूरी छ । सरकारको ध्यान अहिले यसतर्फ गएको पनि छ ।

त्यसैगरी औद्योगिक क्षेत्रमा ऊर्जा दक्षता अभिवृद्धिका विभिन्न उपायहरु अबलम्बन गर्न सकिन्छ । उत्पादनमूलक उद्योगहरूमा सह-ऊर्जा उत्पादन (Cogeneration) लाई प्रोत्साहन दिने, नवीकरणीय स्वच्छ ऊर्जाको प्रयोगलाई बढावा दिने, औद्योगिक फोहरमैलाबाट ऊर्जा उत्पादन गर्ने कार्यलाई प्रोत्साहन दिने जस्ता कामहरु नीति र कानुनमै व्यवस्था गरी गर्नुपर्छ । यसतर्फ पनि सरकारको ध्यान अहिले गएको छ । नयाँ प्रस्तावित औद्योगिक व्यवसाय ऐन मार्फत यसतर्फ केही उपलब्धि हासिल गर्ने विश्वास लिइएको छ ।

विदेशी लगानीको कुरा गर्दा, विदेशी लगानीलाई प्राथमिकताप्राप्त क्षेत्रमा बढी प्रवाहित गर्न प्रोत्साहन दिनुपर्ने कुरा त जायज हो, तर नकारात्मक सूची (Negative List) लाई धेरै ठूलो बनाउन चाँहि हुँदैन । साथै, शुरूमै लगानीको सीमा रकम र क्षेत्रगत हिसाबले तोकेर लगानीकर्तालाई नकारात्मक सन्देश दिन पनि हुँदैन । तर कानुनबमोजिम लगानी र लगानीकर्ताहरूको आवश्यक नियमन चाँहि नियामक निकायले गर्नु नै पर्ने हुन्छ । अब आउने नयाँ विदेशी लगानी नीति र कानुनले यसतर्फ सोच्ने नै छ । त्यसैगरी, नेपालीले विदेशमा गर्ने लगानीप्रति पनि अब हामी धेरै अनुदार भइरहनु ठीक छैन, त्यसलाई कानुनबमोजिम उद्देश्य, क्षेत्र, प्राथमिकता, लगानीको सीमा, स्तर र प्रवृत्ति जस्ता कुराका आधारमा नियमन सम्म गर्ने गरी खुला छोडिदिनु नै उदार आर्थिक नीतिको मान्यता अनुरूप हुनेछ ।

अर्को महत्वपूर्ण पक्ष बौद्धिक सम्पत्ति अन्तर्गत औद्योगिक सम्पत्तिको व्यवस्थापन पनि हो । यस अन्तर्गत ट्रेडमार्क, पेटेन्ट र डिजाइनको संरक्षण, संवर्धन र व्यवस्थापनका लागि हामीसँग भएको कानुन ४९ वर्ष पुरानो छ । त्यसमा आवश्यक संशोधन गरी समयानूकुल त्यसको दायरा फराकिलो बनाउँदै आवश्यक र उपयुक्त संस्थागत संरचना र प्रशिक्षित जनशक्तिको व्यवस्था अविलम्व गर्नु आवश्यक छ । यसतर्फ मन्त्रालय दत्तचित्त भएको पनि छ ।

गुणस्तर निर्धारण, परीक्षण, प्रमाणीकरण र आधिकारिकीकरण (Accreditation) सम्बन्धी अद्यावधिक कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्था अर्को महत्वपूर्ण प्राथमिकता हो सरकारको । यसको योगदान उत्पादित वस्तुको सहज अन्तर्राष्ट्रिय प्रवेशका लागि अत्यन्त मूल्यवान छ । यसतर्फ पनि सरकारको ध्यान गएको छ ।

खानी तथा खनिज पदार्थको विकास हामीले किञ्चित् पनि गर्न सकेनौं । पेट्रोलियम पदार्थको आयात गर्दा गर्दा हाम्रो व्यापार घाटा सातगुना बढि सक्यो, तर हामी आफैकहाँ भएको भनिएको पेट्रोल खानीहरूको खोजतलाश, उत्खनन् र उत्पादन हामीले गर्न सकेनौं । परियोजना योजना चालु छ, तर प्रगति हुन सकेन । यस्तै हालत बहुमूल्य पथ्थर र अन्य अमूल्य धातु एवम् खनिज पदार्थहरूको छ । अब यसरी एक वा अर्को बहानामा काम नगरेर सम्झौताको अवधि मात्र लम्ब्याई खानी हडपेर बस्ने सबै खानी इजाजत- प्राप्तकर्ताको इजाजत एउटा मापदण्ड बनाई खारेज गर्नुपर्छ, मन्त्रालय यसतर्फ जुटेको छ ।

कम्पनी सुशासन (Corporate Good Governance) विना औद्योगिक एवम् व्यावसायिक वातावरण बन्दैन । कम्पनी दर्ता, प्रशासन, प्रवर्द्धन नियमन र खारेजी सबै चरणमा सेवाग्राहीको गुनासो

नआउने गरी सेवा उपलब्ध गराउन सकेमात्र कम्पनी सुशासन कायम हुन्छ । कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनीहरूको अनलाइन दर्ता प्रक्रिया शुरू गरी विद्युतीय माध्यमबाट सेवा प्रवाह शुरू गरेको हुँदा अन्तर्राष्ट्रिय क्षेत्रमासमेत राम्रो सन्देश गएको देखियो, र फलस्वरूप विश्व बैंकद्वारा हरेक वर्ष गरिने व्यवसायमैत्री राष्ट्रहरूको सर्वेक्षण प्रतिवेदन (Doing Business Report 2014) मा १८९ राष्ट्रहरूमध्ये नेपालको स्थान १०५ औं मा राखिएको छ, जबकि गत वर्ष १८५ राष्ट्रहरूमध्ये नेपालको स्थान १०८ औं थियो । यसबाट सेवाप्रवाहमा व्यक्तिसँगको साक्षात्कारको प्रवृत्ति अन्त भई पद्धति र प्रक्रियासँग मात्र साक्षात्कार हुँदा मरमोलाहिजा कम हुने भई पारदर्शिता बढ्ने संभावना बढेको छ । यस्तै विद्युतीय (अनलाइन) दर्ता प्रणाली उद्योग दर्ताका क्षेत्रमा पनि शुरू गर्न सकेमा उद्योग प्रशासनमा सुशासन स्थापित हुन सघाउ पुग्ने विश्वास गर्न सकिन्छ ।

गरीवी र विपन्नता नेपालका ठूला शत्रु हुन् । यिनलाई परास्त गर्नका लागि हरेक क्षेत्रगत निकायले विशेष वर्गप्रति लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । सोही पृष्ठभूमिमा उद्योग मन्त्रालयको अगुवाइमा सञ्चालित "लघु उद्यम विकास कार्यक्रम" (Micro Enterprise Development Program-MEDEP) लाई "गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम" (Micro Enterprise Development for Poverty Alleviation-MEDPA) मा आन्तरिकीकरण गरी नेपाल सरकारकै नेतृत्व र स्वामित्वमा सञ्चालन गर्न लागिएको छ, जुन एउटा स्तुत्य कदम हो ।

अन्तमा, नेपालको आर्थिक समृद्धि तब मात्र सम्भव छ जब उद्योग व्यवसायतर्फको अग्रसरतालाई राष्ट्रिय संस्कार बनाउन सकिन्छ । उद्योग वा उद्यम-व्यवसायविनाको जीवन "ज्युँदै मऱ्याको" जस्तै हो भनी आदिकवि भानुभक्त आचार्यले त्यसै भनेका पक्कै होइनन् होला ("ज्युँदै मऱ्याको भनी नाम कस्को उद्यम्विना वित्दछ काल जस्को") उद्योगविना उत्पादन हुँदैन, उत्पादन नभई आम्दानी हुँदैन, आम्दानी नभई समृद्धि हुँदैन । अनि समृद्धि नभई राष्ट्र र जनता स्वाभिमानी बन्दैनन् र स्वभिमान विनाको जीवन मृततुल्य हुन्छ । तर मूल कुरा के बुझ्नुपर्छ भने उद्योग भनेको सुकिला-मुकिला र टाठा-बाठाले कारखाना चलाएर गर्ने ठूलो लगानीको व्यवसाय मात्रै होइन, अपितु कृषि, वन र अन्य स्थानीय स्रोत-साधनमा आधारित ससाना व्यवसाय पनि उद्यम हुन्, र नेपालको सन्दर्भमा तिनको महत्व अझ बढी छ ।

# कम्पनी ऐन २०६३ र यसका व्यवस्थाहरू एवम् कम्पनी रजिष्ट्रार कार्यालय र अनलाइन प्रणाली

✍शंकर अर्याल

## परिच्छेद १

## कम्पनी ऐन, २०६३ र यस्का व्यवस्थाहरू

### १. कम्पनी ऐनको क्रमिक विकास र पृष्ठभूमि

नेपालमा कम्पनी ऐनको इतिहास धेरै पुरानो छ । वि.सं. १९९४ को नेपाल बैंक कानुनमा खड्ग निशाना लागू भइ नेपाल बैंक लिमिटेडको स्थापना भएसँगै यसको शुरूवात भएको मानिन्छ । कम्पनीहरु दर्ता गर्ने कार्य शुरूवात भएसँगै यस सम्बन्धी कानुनी गतिविधि पनि बढ्दै गयो । लामो समयसम्म कम्पनी दर्ता सम्बन्धी कार्यहरु विभिन्न ऐनअन्तर्गत र विभिन्न निकायअन्तर्गत भइरहेका थिए । यस क्रममा नेपालमा कम्पनी दर्ता सम्बन्धी कार्यहरु उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग जस्ता विभिन्न निकायबाट हुने गरेका थिए । यी विभिन्न निकायबाट विभिन्न ऐनअन्तर्गत दर्ता हुने र प्रशासन हुने कारणबाट कम्पनीको दर्ता र प्रशासन कार्यमा विविधता र जटिलता पैदा हुने हुन्थ्यो । त्यसबाट काम कारवाहीमा अन्योल र एक आपसमा नमिल्दो खालको स्थिति सृजना हुने गर्दथ्यो । त्यस कुरालाई हटाइ कम्पनीहरूलाई एकै ऐनबाट वर्गीकरण गरी त्यस आधारमा दर्ता गर्ने र प्रशासन गर्ने उद्देश्य लिएर कम्पनी ऐन २०५३ मा जारी भएको थियो । यस अघि २०४९ सालमा कम्पनी रजिष्ट्रार कार्यालयको रूपमा बेग्लै कार्यालय पनि खडा भएको थियो । यस कार्यालयले विभिन्न निकायबाट दर्ता तथा प्रशासनका काम गरिने कम्पनीहरूलाई एकै कार्यालयबाट सेवा दिने व्यवस्था भयो । यसै क्रममा नेपालमा २००० साल चैत्र २७ गते प्राइभेट कम्पनी कानुन जारी भयो भने २००७ साल भाद्र ३० गते नेपाल कम्पनी कानुन जारी भयो । यी पृथक-पृथक ऐनहरूलाई समयानुकूल बनाउनका लागि यिनीहरूलाई खारेजगरी २०२१ साल मार्ग १ गते कम्पनी ऐन २०२१ जारी भयो । यस बिचमा यस ऐनमा वेलावेलामा आवश्यकता अनुसार संशोधन पनि गर्दै कार्यान्वयन गर्ने काम भयो । यसै क्रममा कम्पनीहरूको संस्थापना, सञ्चालन एवम् प्रशासनलाई सहज सुगम तथा पारदर्शी बनाउने उद्देश्यले कम्पनी ऐन २०२१ लाई खारेज गरी २०५३ साल फागुन २२ गते देखि कम्पनी ऐन २०५३ लागू गर्ने व्यवस्था भयो । यसरी कम्पनी रजिष्ट्रारको कार्यालय खडा भएपछि विभिन्न निकायहरूअन्तर्गत दर्ता भएका कम्पनीहरूलाई यसै कार्यालयमा ल्याइ एकीकृत रूपमा दर्ता र प्रशासन गर्ने कार्य प्रारम्भ भयो । समय क्रमसँगै देशमा कम्पनी दर्ता गरेर उद्योग व्यवसाय गर्ने क्रम बढदै जान थालेपछि कम्पनी दर्ता क्रम पनि बढ्न थाल्यो । यसमा नयाँ नयाँ अवधारणा कार्यशैली तथा प्रविधि आउने क्रमसँगै यसलाई समय सापेक्ष बनाउने आवश्यकता भयो । कम्पनी दर्ता गरेर व्यवसाय वा उद्योग सञ्चालन गर्ने कार्यले व्यापक रूप लियो । युरोप तथा अमेरिकामा कम्पनी ऐन जारी गरी त्यसअन्तर्गत कम्पनी खडा गर्ने र सो कम्पनीले व्यक्ति सरह कानुनी हैसियत प्राप्त गर्ने तथा सो मार्फत निर्धक्क रूपमा उद्योग व्यवसाय सञ्चालन गरी निजीक्षेत्रले आर्थिक उन्नति तथा प्रगति गर्ने गरेको कारणबाट व्यापक आर्थिक तथा भौतिक विकास भयो । त्यसबाट कम्पनी संस्कृतिको (Corporate culture) को प्रादुर्भाव एवम् विकास भयो र यसले विश्वव्यापी रूप लिन पुग्यो ।

✍ रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

सो को प्रभाव नेपालमा पनि पर्‍यो । व्यापार, व्यवसाय र उद्योगका क्षेत्रमा विकास गर्नका लागि निजी क्षेत्रको विकास हुनुपर्छ, सोको लागि निजी क्षेत्र अगाडि आउनु पर्छ र सो क्षेत्रबाट उत्साहपूर्ण रूपमा लगानी भएमा मात्र यस क्षेत्रको विकास हुन सक्छ । मुलुकको समग्र विकास हुन सक्छ । यसरी समग्र मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउन कम्पनीको संस्थापन, सञ्चालन तथा प्रशासनमा बढी सुगमता, सरलता र पारदर्शीता आउनु पर्दछ भन्ने अवधारणा आयो । जसबाट जनस्तरमा अत्यधिक कम्पनीहरु खोली देशको आर्थिक क्षेत्रमा औद्योगिक तथा व्यवसायिक गतिविधि बढाउन प्रोत्साहन पुग्न गई सवल अर्थतन्त्रको निर्माण हुन गई निजी क्षेत्र अर्थतन्त्रको परिपूरकको रूपमा विकास हुन सकोस् । सरकारी क्षेत्रको गतिविधिहरूले मात्र देश विकासको काम पूरा हुन सक्दैन । यो देशको आर्थिक व्यवस्था सञ्चालनको एउटा सानो पक्ष मात्र हो । सरकारी क्षेत्रले औद्योगिक तथा व्यवसायिक विकासका लागि बाटो देखाउने, सुविधा दिने, ऐन कानुनहरु निर्माण गर्दा जनतालाई आर्थिक, औद्योगिक तथा व्यवसाय सञ्चालनका लागि सरल, सहज र प्रोत्साहन हुने खालका प्रावधानहरूको व्यवस्था गर्ने जस्ता कार्य गर्नु पर्दछ । त्यसैगरी स्वस्थ प्रतिस्पर्धा, पारदर्शिता अभिवृद्धि हुने खालका कानुनी व्यवस्था गर्नु पर्दछ । गुणस्तर कायम गर्ने तथा उपभोक्ताको हकहित कायम गर्नका लागि आवश्यक नियमनकारी भूमिका मात्र खेल्नु पर्दछ । तर खास आर्थिक क्षेत्रको विकासमा निजी क्षेत्र नै अगाडि आउनु पर्दछ भन्ने खालको अवधारणा विश्वव्यापी रूपमा आएपछि नेपालमा पनि त्यसको प्रभाव पर्‍यो । त्यसैको फलस्वरूप कम्पनी ऐन, २०६३ को प्रस्तावनामा आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउन तथा कम्पनीको संस्थापना सञ्चालन तथा प्रशासनलाई अझबढी सुगम, सरल र पारदर्शी बनाउन कम्पनी सम्बन्धी कानुनलाई तत्काल संशोधन र एकीकरण गर्ने उद्देश्य राखेर कम्पनी ऐन २०६३ जारी भएको पाइन्छ ।

## २. कम्पनी ऐन २०६३ को आधारभूत पक्ष

### (क) कानुनी व्यक्तिको सृजना

सामान्यतया व्यक्ति अथवा मानिस प्राकृतिक रूपमा निर्माण हुन्छ र उसको कानुनी हैसियत समाजमा स्वतः कानुनले सृजना गरिदिएको हुन्छ । यसरी मानिस प्रकृतिक व्यक्ति हुन्छ जसको कानुनी हैसियत पनि हुन्छ । यसैगरी कम्पनी ऐनले पनि कम्पनी दर्ता गरी एउटा कृत्रिम व्यक्ति खडा गर्दछ जसको कानुनी अधिकार र दायित्व हुन्छ । कम्पनी भन्नाले कुनै विषय वस्तु प्राप्त गर्ने उद्देश्यले जम्मा भएको सहयोगी व्यक्तिहरूको समूह हो । कम्पनीको संस्थापनाको लक्ष्य कुनैपनि उद्योग, व्यापार, व्यवसाय सञ्चालनका लागि आफ्ना सदस्यहरूको सीमित दायित्वको बन्दोवस्त गर्ने कार्यको व्यवहार गर्न हो । यसै कारण कम्पनी सीमित दायित्व भएको, आफ्नै छाप र संगठित निकायको अस्तित्व भएको, लाभको निमित्त मूल पूँजीलाई हस्तान्तरणीय शेयरमा विभाजन गर्न सकिने स्वेच्छाबाट संगठित समुदाय हो । कम्पनी निश्चित शक्ति सम्पन्न एवम् कानुनद्वारा सिर्जित संस्था हो । यसको भौतिक अस्तित्व छैन तर वास्तविक व्यक्तिले सरह यसले व्यवहार गर्छ र धेरै कानुनी अधिकारहरु पनि प्राप्त गरेको हुन्छ । त्यसैले यसलाई अधिकार सम्पन्न कृत्रिम कानुनी व्यक्तिको रूपमा लिइन्छ ।

प्राकृतिक व्यक्ति र कृत्रिम कानुनी व्यक्तिमा के फरक हुन्छ भने प्राकृतिक व्यक्तिलाई कानुनले वर्जित गरेदेखि बाहेकका सबै काम गर्ने अधिकार हुन्छ भने कृत्रिम र कानुनद्वारा सृजित व्यक्तिलाई कानुनद्वारा प्राप्त अधिकार मात्र प्रयोग गर्ने अधिकार हुन्छ ।

कम्पनीको आफ्नै कानुनी व्यक्तित्व हुन्छ । कम्पनीको सम्पत्तिको शेयर किन्ने व्यक्तिहरु वा सदस्यहरु त्यसका स्वामी हुन सक्दैनन् । यसको स्वामित्व कम्पनीमा नै हुन्छ । त्यसै कम्पनीको दायित्व, ऋणहरु पनि कम्पनीसँग कारोबार गर्ने जनता वा शेयरधनीको नभएर कम्पनी कै हुन्छ । कम्पनीले व्यक्ति सरह नालिश उजुर गर्न सक्छ र कम्पनी उपर पनि सोही नामबाट नालिश उजुर लाग्छ ।

**(ख) कम्पनीको परिभाषा**

कम्पनी ऐन, २०६३ को दफा २(क) मा कम्पनी भन्नाले यस ऐन बमोजिम संस्थापित कम्पनी सम्झनु पर्छ भनिएको छ । त्यस्तै कम्पनी ऐन, २०६३ को दफा ३(ख) मा मुनाफाको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एक्लै वा अरूसँग समूहबद्ध भई प्रबन्धपत्रमा उल्लेख भए बमोजिम एक वा एक भन्दा बढी उद्देश्य प्राप्तीको लागि दायित्व सीमित गरी संस्थापना भएका कम्पनीलाई कम्पनी नामाकरण गरेको पाइन्छ । यसैगरी कम्पनी ऐन, २०६३ ले मुनाफा वितरण नगर्ने कम्पनी पनि स्थापना गर्न सकिने व्यवस्था गरेको छ । यस ऐनको परिच्छेद १९ मा एक वा एक भन्दा बढी उद्देश्य प्राप्तिका लागि मुनाफा वितरण नगर्ने कम्पनी पनि स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । तर यस्ता कम्पनीले आफ्नो नामको पछाडी लिमिटेड वा प्रा.लि. राख्न आवश्यक नपर्ने व्यवस्था छ ।

अमेरिकाका प्रधान न्यायाधिश मार्सलले भनेका छन् "कम्पनी त्यस्तो कृत्रिम व्यक्ति हो जसलाई देख्न सकिंदैन, छुन सकिँदैन तर कानुनी दृष्टिमा अस्तित्व भएको, आफ्नो जन्म दिने बडापत्र वा प्रबन्धपत्रमा व्यवस्थित गरेको अधिकारभित्र सीमित रहने कानुनद्वारा सिर्जित व्यक्ति हो ।"

**(ग) कम्पनीमा नभई नहुने अनिवार्य लक्षणहरू**

कुनै पनि कम्पनी बन्नका लागि नभइ नहुने अनिवार्य लक्षण (Features) हरु देहाय बमोजिम छन् ।

१. **दर्ता** : कम्पनी ऐन बमोजिम व्यवस्था गरेको निकायमा दर्ता गरेपछि मात्र कुनैपनि कम्पनी अस्तित्वमा आउँछ र आफ्नो कार्य शुरू गर्छ ।

२. **स्वेच्छिक समूदाय** : कम्पनी स्वेच्छामा आधारित धेरै व्यक्तिहरूको समूह हो ।

३. **कानुनी हैसियत र व्यक्तित्व** : कम्पनिको आफ्नो कानुनी हैसियत र व्यक्तित्व हुन्छ । कुनै पनि व्यक्तिले एक्लै पनि कम्पनी स्थापना गर्न सक्छ । कम्पनी ऐनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न सक्छ, राख्न सक्छ र बेचबिखन गर्न सक्दछ । कम्पनीले आफ्नो नामबाट पनि उजुर गर्न सक्छ र यस उपर पनि उजुरी लाग्न सक्छ ।

४. **स्थायी अस्तित्व** : कम्पनीको कुनै शेयरधनीको मृत्यू भएमा, दामासाहीमा परेमा वा टाट उल्टेमा यसको अस्तित्वमा असर पर्दैन । यसको स्थायी उत्तराधिकारीता हुन्छ । ऐन अनुसार लिक्विडेशनमा गएमा मात्र कम्पनीको अस्तित्व समाप्त हुने हुन्छ ।

५. **करारजन्य शक्ति** : कम्पनीमा आफ्नो करारजन्य शक्ति हुन्छ । यसका कारण कुनै पनि शेयरधनीले व्यक्तिगत तवरले कुनै कामको लागि वाध्य गर्न सक्दैन । उ स्वयम् भने चाहेको वेलामा कम्पनीबाट बाहिर निस्कन सक्छ ।

६. **व्यवस्थापन** : कुनै पनि कम्पनीको सञ्चालनका लागि सञ्चालक समिति, सञ्चालकहरु र कर्मचारीहरु रहने हुन्छन । यिनीहरूलाई कम्पनी ऐन र नियमावलीमा व्यवस्था भए अनुसार चयन गरिन्छ । शेयरधनी हुँदैमा व्यवस्थापनमा प्रवेश गर्ने अधिकार हुँदैन ।

७. **रजिष्टर्ड कार्यालय** : कम्पनी ऐनले कुनै पनि कम्पनीको रजिष्टर्ड कार्यालय रहने व्यवस्था गरेको छ । कम्पनी ऐन २०६३ को दफा १८(१)(ख) ले यस्तो व्यवस्था गरेको छ ।

८. **सामान्य छाप** : कुनै पनि कम्पनीको आफ्नो कामकारवाहीका सम्वन्धमा एउटा छाप हुन्छ जसले कम्पनीको प्रामाणिकता पानि देखाउने कार्य गर्दछ ।

९. **सिमित दायित्व** : कुनै पनि कम्पनीको विरूद्धमा भएको निर्णय कम्पनीको आफ्नो सम्पत्तिको विरूद्धमा मात्र हुन्छ । कम्पनीको शेयरधनीको विरूद्धमा लागू हुन सक्दैन । कुनै पनि कम्पनीले ऋण लिएको छ भने ऋण दिने व्याक्ति कम्पनीको साहु हुन्छ तर शेयरधनीहरूको हुँदैन । यसैले गर्दा कम्पनीको सीमित दात्यित्व हुन्छ भनिएको हो ।

१०. **कानुनी दायित्व** : कुनै कम्पनीले व्यवस्थापन सम्बन्धी विषयमा कानुनले तोकेको दायित्व पूरा गर्नुपर्ने हुन्छ । कानुनले तोके अनुसार ब्यालेन्स सीट तयार गर्ने, हिसाव किताव राख्ने तथा रजिष्टरहरु दुरूस्त राख्ने गर्नु पर्दछ ।

११. **पूँजी** : कुनै पनि कम्पनीको आफ्नो पूँजी हुनु पर्दछ । यसको अभावमा कम्पनी चल्न सक्दैन ।

१२. **नागरिक नमानिने** : कम्पनी कृत्रिम व्यक्ति हो । त्यसैले यसलाई नागरिक मानिदैन ।

१३. **निवासको व्यवस्था** : कम्पनीको कर र कानुनी प्रयोजनको निमित्त निवासको व्यवस्था हुन्छ तर यसले कुनै मौलिक अधिकार भने धारण गर्दैन ।

१४. **हस्तान्तरणीयता** : कम्पनीको शेयरधनीले कम्पनीको शेयर अर्कालाई हस्तान्तरण गर्न सक्दछ । सामान्यतया शेयर धारण गर्ने व्यक्ति कम्पनीको सदस्य हुन सक्दछ ।

### (घ) कम्पनीका किसिमहरु

नेपाल कम्पनी ऐन तथा अन्य ऐन अनुसार निम्न प्रकारका कम्पनीहरु भएको पाईन्छ :-

१. **प्राइभेट कम्पनी** : कम्पनी ऐन अनुसार स्थापित कम्पनी, जसले आफ्नो शेयर वा डिवेन्चर खुल्ला रूपमा विक्री गर्न पाउँदैन, कम्पनीको प्रवन्धपत्र, नियमावली, सर्वसम्मत सम्झौतामा व्यवस्था गरिएको कार्यविधि पूरा गरी आफ्नो धितोपत्र शेयरधनीहरु बाहेक अरूलाई धितो बन्धक राखी वा अन्य कुनै किसिमले हक छाडी दिन नपाउने कम्पनीलाई प्राइभेट कम्पनी भनिन्छ । प्राइभेट कम्पनीमा शेयरधनीहरूको संख्या पचास भन्दा बढी रहनु हुँदैन भन्ने कम्पनी ऐनमा व्यवस्था छ ।

२. **सार्वजनिक कम्पनी** : कम्पनी ऐनमा प्राइभेट कम्पनी बाहेक्का अन्य कम्पनीलाई सार्वजनिक कम्पनी भनिएको छ । पब्लिक कम्पनी स्थापना गर्नका लागि कम्तिमा सात जना संस्थापक हुनु पर्नेछ तर पब्लिक कम्पनीले अन्य कम्पनी स्थापना गर्नका लागि सात जना संख्या नभए पनि हुन्छ । कुनै पनि पब्लिक कम्पनीले आफ्नो शेयर तथा डिवेञ्चर खुला रूपमा बिक्री गर्न पाउँछ । आफ्नो धितोपत्र आफ्नो शेयरधनी बाहेक अन्य व्यक्तिलाई पनि धितो बन्धक राखी दिन वा अन्य प्रकारबाट हक छाड्न सक्छ । जुन प्राइभेट कम्पनीले गर्न सक्दैन ।

३. **मुख्य कम्पनी** : सञ्चालक समितिको गठनमा प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण राखेर वा कम्पनीको बहुमत शेयर ग्रहण गरेर सहायक कम्पनीलाई नियन्त्रण गर्ने कम्पनीलाई मुख्य कम्पनी भनिन्छ ।

४. **सहायक कम्पनी :** मुख्य कम्पनीको नियन्त्रणमा रहने कम्पनीलाई सहायक कम्पनी हो भन्ने व्यवस्था ऐनले गरेको छ । जसमा बहुसख्यक शेयर मुख्य कम्पनीको र थोरै संख्या सहायक कम्पनीको हुन्छ ।

५. **सरकारी कम्पनी :** एकाउन्न प्रतिशत भन्दा बढी शेयर सरकारी क्षेत्रको छ भने सो कम्पनीलाई सरकारी कम्पनीको हैसियतमा कारोवार गर्ने कम्पनी भन्न सकिन्छ । कम्पनी ऐन २०२१ मा सरकारी सरकारी कम्पनीको व्यवस्था थियो तर त्यसपछिको ऐनको प्रावधानमा यो व्यवस्था छैन ।

६. **विदेशी कम्पनी** : देश बाहिर संस्थापित कम्पनीलाई विदेशी कम्पनी भनिन्छ ।

७. **सूचीकृत कम्पनी :** धितोपत्र विनिमय बजारमा आफ्नो शेयर सूचीकृत गरेको सार्वजनिक कम्पनीलाई सूचीकृत कम्पनी भनिन्छ ।

८. **विशेष ऐनद्वारा स्थापित कम्पनी** : वाणिज्य बैक ऐन, २०३१ र नेपाल औधोगिक विकास निगम ऐन, २०४६ द्वारा स्थापित राष्ट्रिय वाणिज्य बैंक र नेपाल औद्योगिक विकास निगम पनि कम्पनीको रूपमा आउँछन् ।

९. **जमानतद्वारा सीमित कम्पनी :** कम्पनीका प्रत्यक्ष सदस्यले कम्पनी Liquidation मा जाने भए निश्चित रकम तिर्छौ भनी जमानत गरिएको कम्पनीहरु यस प्रकारका कम्पनीमा आउँछन् ।

## परिच्छेद २

## कम्पनी रजिष्ट्रार कार्यालयको हालको कार्य प्रणाली तथा अनलाइन व्यवस्था

माथि संक्षेपमा कम्पनी ऐनको पृष्ठभूमि, इतिहास, कम्पनीको वर्गीकरण, कम्पनीको लागि अनिवार्य लक्षणहरु तथा कम्पनीका किसिमका बारेमा संक्षेपमा चर्चा गरियो । यस परिच्छेदमा कम्पनी ऐन २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको भूमिकाको बारेमा संक्षेपमा वर्णन गरिन्छ ।

### १. नयाँ कम्पनी दर्ता तर्फ

क) कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी ऐन, २०६३ को अधिनमा रही कम्पनीको दर्ता गर्न, यस क्रममा सर्वप्रथम कम्पनीको नाम स्वीकृत गर्ने तथा निवेदकलाई कम्पनी दर्ताको प्रमाण उपलब्ध गराउने कार्य गर्दछ । यस्तो प्रमाणपत्र कम्पनी दर्ताको निवेदन परेको पन्ध्र दिन भित्र उपलब्ध गराउनु पर्ने व्यवस्था ऐनले गरेको छ । तर हाल सेवाग्राहीले बढीमा तीन दिनभित्र यो सेवा पाइसक्ने गरी व्यवस्था गरिएको छ ।

ख) कम्पनी रजिष्ट्रारको कार्यालयले २०६९ माघबाट अनलाइन सेवा शुरू गरेको थियो । यसको शुरूवातसँगै कम्पनी रजिष्ट्रारको कार्यालयले उपलब्ध गराउने सेवा अनलाइनबाट पनि लिने व्यवस्था भएको थियो । यसअन्तर्गत शुरूमा अनलाइनबाट नाम स्वीकृतिका लागि अनुरोध गर्न सकिने व्यवस्था छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट अरू सँग जुध्ने वा नियमानुसार दिन नमिल्ने नाम नभएमा सोको स्वीकृति एक दिनभित्र नै दिने व्यवस्था गरेको छ । यो प्राप्त भएपछि सेवाग्राहीले प्रबन्धपत्र तथा नियमावलीसमेत राखी कम्पनी ऐन, २०६३ को परिच्छेद २ को दफा ४ बमोजिम निवेदन अनलाइनबाट नै दिन सकिने व्यवस्था गरेकोछ ।

ग) यस्ते निवेदन गरेपछि हाल कायम ऐनको व्यवस्था अनुसार प्रबन्धपत्र र नियमावलीको सक्कल प्रति लिई कार्यालयमा आई लाग्ने शुल्क तिर्ने र प्रमाणपत्रसमेत लिन सकिने व्यवस्था गरिएको छ ।

२. **दर्ता भई चालु रहेका पुराना कम्पनीहरूतर्फ**

यसैगरी दर्ता भइसकेका कम्पनीहरूले पनि कम्पनी रजिष्ट्रार कार्यालयमा सर्व प्रथम सञ्चालक समितिको निर्णयको आधारमा अख्तियार प्राप्त व्यक्तिले अनलाइन सेवा लिनका लागि User Name, Password लिनका लागि तोकिएको ढाँचाको फाराम भरी अनुरोध गर्न सक्ने व्यवस्था छ । यसलाई स्वीकृत गरी कम्पनी रजिष्ट्रारको कार्यालयले User Name, Password स्वीकृति गरेपछि अनलाइन सेवामा प्रवेश गर्न सकिन्छ । यसपछि उक्त कम्पनीले कम्पनी ऐन, २०६३, अनुसार कार्यालयमा पेश गर्नु पर्ने दफा ५१ को शेयर डिवेञ्चर र ऋणको लगत दफा ७८ अनुसारको शेयर सम्बन्धी काम कारवाही सम्वन्धमा गर्नु पर्ने प्रतिवेदन, दफा ८० अनुसारको बार्षिक साधारण सभा सम्बन्धी तोकिएको समय भित्र पठाउने पर्ने विवरण, दफा १२० अनुसार कार्यालयले कैफियत तलव गरेको बिषयमा समय भित्र पठाउनु पर्ने विवरण, दफा १३१ अनुसारको लिक्विडेटरको अधिकार कर्तव्यमा तोकिएको काम कारवाही सम्वन्धि पेश गर्नु पर्ने विवरण, दफा १५६ अनुसार विदेशी कम्पनीको हिसाव किताव, लेखा परीक्षण र वार्षिक प्रतिवेदन लगायत कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नु पर्ने सम्पूर्ण विवरणहरू, सञ्चालक समितिको बैठक देखि लिएर वार्षिक साधारण सभा, वार्षिक लेखापरीक्षण प्रतिवेदन जस्ता सम्पूर्ण विवरणहरु अनलाईन मार्फत कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्न सक्ने व्यवस्था भएको छ ।

यसका लागि कम्पनी रजिष्ट्रारको कार्यालयले आफ्नो कार्यालय प्रयोजनको लागि खडा गरेको www.ocr.gov.np वेवसाइटमा गई यस सम्बन्धी सम्पूर्ण जानकारी लिन सकिने व्यवस्था गरेको छ ।

**३.** वि.सं. २०७० साल कार्तिक ३ गतेबाट कम्पनी रजिष्ट्रारको कार्यालयले आफ्नो कार्यालयबाट प्रदान गरिने सेवासँग सम्बन्धित कम्पनी दर्ता तथा कम्पनी प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु अनलाईन मार्फत गर्नु पर्ने अनिवार्य व्यवस्था समते गरिसकेको छ । यस क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी विद्युतीय फाइलिङ्ग निर्देशिका २०६९ समेत जारी गरी सकेको छ ।

यसरी माथि उल्लेखित गरिए बमोजिम अनलाइन सेवा सञ्चालन पछि मिति २०७०।११।१४ सम्म User name र Password लिने कम्पनीको संख्या २८०४१ पुगेको छ । User Name र Password को अनुमतिका लागि अनुरोध गर्ने कम्पनीको संख्या १३७३ छ । Name Request गर्ने कम्पनीको संख्या ८८८२ रहेको छ त्यस्तै Name Approval भई कम्पनी दर्ताको प्रकृयामा जानेको संख्या ३५२८ रहेकोछ । हालसम्म अनलाइनमा कम्पनी दर्ता संख्या ३२१० रहेको छ । त्यसैगरी Online मा वार्षिक विवरण Upload गर्ने कम्पनीको संख्या २३४३८ रहेको छ । Online मार्फत प्राप्त विवरणको संख्या ४३४१४ रहेको छ । हालसम्म कूल दर्ता कम्पनीको संख्या करीव १ लाख २० हजार रहेको सन्दर्भमा कम्पनी रजिष्ट्रारको कार्यालयको सेवा अत्यन्त बोझिलो र जटिल प्रकृतिको रहेको छ । हाल आएर कम्पनी सञ्चालन गरी उद्योग व्यवसाय गर्ने कर्पोरेट संस्कृतिको लोकप्रियता विस्तार भएको सन्दर्भमा नेपाल भरिका सम्पूर्ण दूरदराजको इलाकाका जनताले आफ्नो स्थानीय क्षेत्रमा बसी कम्पनी ऐन बमोजिम कम्पनी दर्ता गरी आ-आफ्नो उद्योग व्यवसाय सञ्चालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रदान गर्न शुरू गरिएको अनलाइन सेवा मार्फत प्रभावकारी सेवा उपलब्ध गराई देशको द्रुत आर्थिक विकासमा थप सघाउ पुऱ्याउन कम्पनी रजिष्ट्रारको कार्यालय सक्रिय रूपमा लागि परेको छ ।

# नेपालमा घरेलु तथा साना उद्योगको महत्त्व- समस्या तथा सुझाव

✍गम्भीर बहादुर हाडा

घरेलु उद्योगले घर घरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । यसको साथै नेपालको ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोग गरी कृषिबाट फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यक पूर्तिका लागि गर्ने व्यवसायलाई घरेलु उद्योग (Cottage Industries) भनिन्छ । घरेलु तथा साना उद्योगहरूअन्तर्गत उनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिडी उद्योग माटो उद्योग, दुग्ध उद्योग, बाँस-वेत सम्बन्धी उद्योग, धान कुट्ने तेल र उखु पेल्ने उद्योग र घरेलु छाला उद्योगसमेत आउने गर्दछन् । ग्रामीण औद्योगिकीकरण (Rural Industrialisation) भित्र हामीले कृषिमा आधारित विशेष उद्योग जस्तैः पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि उद्योगलाई सम्मिलित गर्न सकिन्छ । अक्सर गरेर कुटीर उद्योगहरु ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्ध भएका हुन्छन् । हाते तानमा कपडा बुन्नु, राडी पाखी, कार्पेट, गलैचा, सुकुल, चटाई टोकरी बुन्नु, तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातुका भाँडाकुँडा बनाउनु, माटाका भाँडाहरु बनाउनु, गहनाहरु बनाउनु, क्युरियोका सामान बनाउनु इत्यादि नेपालका विभिन्न प्रकारका कुटिर घरेलु उद्योग हुन् । नेपालका औद्योगिक इकाई मध्ये लगभग ९५% घरेलु उद्योग छन् र ९०% औद्योगिक रोजगार घरेलु उद्योगले प्रदान गरेको अनुमान गरिएको देखिन्छ ।

नेपालको सन्दर्भमा घरेलु तथा साना उद्योग सबैभन्दा पूराना उद्योग हुन् यी उद्योगहरु मुख्य गरी परिवारका सदस्यहरु मिलेर आंशिक रोजगार वा पूर्णकालिन रोजगारीको रूपमा सञ्चालन गरि रहेका हुन्छन् । यसो त अधिकांश श्रमीकहरु वेरोजगार छन् र उत्पादकत्व कामहरु कालीगढबाट ओगटिएका छन् । साना तथा घरेलु उद्योगहरु सामान्यतया कृषि तथा सम्बन्धित हुन्छन् र मौसम अनुसारको रोजगारी श्रृजना गर्दछन् । नेपालमा घरेलु तथा साना उद्योगले प्राचिन कालका वस्तुहरु निर्यात गरेको पाइन्छ । जतिवेला हाते कागज, धातु, र काठका वस्तुहरु उत्पादन गरिन्थ्यो । नेपालमा प्राचिन समयदेखि नै हस्तकलाको राम्रो विकास भएपनि सन् १९३९ मा घरेलु उद्योग विभाग गठन गरियो र यसले घरेलु उद्योगलाई निश्चित मापन गर्दै आएको पाइन्छ । घरेलु उद्योगमा १० जना देखि २० जनासम्म कामदार हुन्छन् भने औद्योगिक नियमावली २०४९ अनुसार २० हजार देखि १ करोडसम्म लगानी गरिन्छ । यसले पूर्णकालिन पेसाको रूपमा ग्रामीण र सहरी दुवै भेगमा कार्य गर्दछ ।

विगतमा अबलम्बन गरिएका नीतिगत एवम् अन्य सुधारका माध्यमबाट अैद्योगिक संरचनामा केही परिवर्तन देखापरे पनि देशको कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान अझसम्म पनि १० प्रतिशतभन्दा माथि जान सकेको छैन । औद्योगिक एकाइको संख्याको हिसाबबाट हेर्दा अझै पनि ९० प्रतिशत भन्दा बढी उद्योगहरु घरेलु तथा साना वर्गमा पर्दछन् । यस्ता उद्योगहरूले रोजगारीमा करिब ७६ प्रतिशत र मूल्य अभिवृद्धिमा ५० प्रतिशत भन्दाबढी योगदान दिएका छन् । तसर्थ, घरेलु तथा साना उद्योग समग्र औद्योगिक क्षेत्रको विकासलाई गरिबी निवारण गर्ने उद्देश्य प्राप्तिका लागि सशक्त माध्यमको रूपमा विकास गर्ने प्रचुर सम्भावना रहेको छ ।

नेपालमा वार्षिक ३ लाखभन्दा बढी श्रम शक्ति श्रम बजारमा आउने गरेको छ । यस श्रम शक्तिलाई कृषि क्षेत्रले मात्र ग्रहण (Absorb) गर्न नसक्ने हुँदा स्थानीयस्तरमै स-साना व्यवसाय खोली रोजगारी प्रबर्द्धन

✍ सह-प्राध्यापक (अर्थशास्त्र) भक्तपुर बहुमुखी क्याम्पस ।

गर्नु जरूरी छ । स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित व्यवसायको सिर्जना गर्न सकिएमा त्यस्ता व्यवसाय टिकाउ हुन सक्दछन् । बाह्य आयातित सीप र कच्चा पदार्थमा आधारित उद्योगको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सीप अनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहेको छ । तत्कालीन श्री ५ को सरकारले देशमा दक्ष जनशक्तिको उत्पादनबाट स्थानीय स्तरमा आयमूलक रोजगारीका अवसरहरु सिर्जनागर्न विभिन्न किसिमका सीप तथा व्यवसायमूलक तालीमहरु सञ्चालन गर्दै आएको थियो । घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरूबाट मात्र वार्षिक करिब २० हजार भन्दा बढीलाई ८० भन्दा बढी विषय (Trade) मा सीपमूलक तालीम दिँदै आएको छ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिएका विकास प्रयासहरु एकीकृत र नतिजामुखी (Result oriented) नहुँदा यस क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन । तालीम दिने निकायले तालीमको लक्ष तोक्ने र जनशक्ति उत्पदन गर्ने, ऋण दिनेले ऋण लगानी र असुलीको लक्ष्य तोकी सो अनुरूप ऋण लगानी गर्ने, तर त्यो तालीम र ऋणको उद्देश्य के हो, सो को उद्देश्य अनुरूप नतिजा प्राप्त भएको छ छैन हेर्ने पद्धति नहुँदा हाम्रा उद्योग प्रवर्द्धनका कार्यक्रमहरु अपेक्षित रूपमा सफल हुन सकेका छैनन् ।

घरेलु उद्योग भन्नाले घर घरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । यसको साथै नेपालको ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोग गरी कृषिबाट फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यकता पूर्तिका लागि गर्ने व्यवसायलाई घरेलु उद्योग (Cottage Industries) भनिन्छ । रेलू तथा साना उद्योगहरूअन्तर्गत उनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिडी उद्योग माटो उद्योग, दुग्ध उद्योग, बाँस-वेत सम्बन्धी उद्योग, धान कुट्ने तेल र उखु पेल्ने उद्योग र घरेलु छाला उद्योगसमेत आउने गर्दछन् । ग्रामीण औद्योगिकीकरण (Rural Industrialisation) भित्र हामीले कृषिमा आधारित विशेष उद्योग जस्तैः पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि उद्योगलाई सम्मिलित गर्न सकिन्छ । अक्सर गरेर कुटीर उद्योगहरु ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्ध भएका हुन्छन् । हाते तानमा कपडा बुन्नु, राडी पाखी, कार्पेट, गलैचा, सुकुल, चटाई टोकरी बुन्नु, तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातुका भाँडाकुँडा बनाउनु, माटाका भाँडाहरु बनाउनु, गहनाहरु बनाउनु, क्युरियोका सामान बनाउनु इत्यादि नेपालका विभिन्न प्रकारका कुटीर उद्योग हुन् । नेपालका औद्योगिक इकाई मध्ये लगभग ९५% घरेलु उद्योग छन् र ९०% औद्योगिक रोजगार घरेलु उद्योगले प्रदान गरेको अनुमान गरिएको देखिन्छ ।

## औद्योगिक नीति, २०६७

**नयाँ औद्योगिक नीति, २०६७ मा उल्लेख गरिएअनुसार परम्परागत तथा अन्य घरेलु उद्योग**

**परम्परागत तथा अन्य घरेलु उद्योग (Traditional and Other Cottage Industries)**

परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृतिसँग सम्बद्ध र १० किलोवाटसम्म विद्युत् शक्ति प्रयोग गर्ने उद्योग व्यवसायलाई परम्परागत तथा अन्य घरेलु उद्योग भनिन्छ । परम्परागत तथा अन्य घरेलु उद्योग भन्नाले निम्न शीर्षकहरु यसअन्तर्गत पर्दछन् । जस्तैः-

- ह्यान्ड लुम, पेडल लुम, सेमी-अटोमेटिक लुम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाई (तयारी पोसाकबाहेक) र बुनाइ ।
- ऊन र रेशममा आधारित हाते बुनाइका राडी पाखी, गलैंचा, पस्मिना, पोसाक ।

- हाते कागज र सोमा आधारित वस्तु ।
- परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts)
- परम्परागत मूर्तिकला
- तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भरजस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान ।
- फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरु ।
- सुन, चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु -बहुमूल्य, अर्धबहुमूल्य तथा साधारण पत्थर जडान भएकासमेत) ।
- स्वदेशमा उपलब्ध किमति, अर्धकिमति तथा साधारण पत्थर कटाई उद्योग ।
- ग्रामीण ट्यानिङ/छालाबाट हस्तनिर्मित वस्तुहरु ।
- जुट, सवाइ घाास, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।
- पत्थरकला (ढुंगा कुँदी बनाइएका सामानहरु) ।
- पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।
- मुकुन्डो (Mask) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना ।
- परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।
- काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु ।
- सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

**साना उद्योग (Small Scale Industries)**

लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योगबाहेक पाँच करोड रुपैयाँसम्म स्थिर जेथा भएका औद्योगिक व्यवसायलाई साना उद्योग भनिन्छ ।

**मझौला उद्योग** (Medium Scale Industries)

पाँच करोडभन्दा बढी पन्ध्र करोड रुपैयाँसम्म स्थिर जेथा भएका औद्योगिक व्यवसायलाई मझौला उद्योग भनिन्छ ।

**ठूला उद्योग** (Large Scale Industries)

पन्ध्र करोड रुपैयाँभन्दा बढी स्थिर जेथा भएका औद्योगिक व्यवसायलाई ठूला उद्योग भनिन्छ ।

विगतमा अबलम्बन गरिएका नीतिगत एवम् अन्य सुधारका माध्यमबाट औद्योगिक संरचनामा केही परिवर्तन देखापरे पनि देशको कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान अझसम्म पनि १० प्रतिशतभन्दा माथि जान सकेको छैन । औद्योगिक एकाइको संख्याको हिसाबबाट हेर्दा अझै पनि ९० प्रतिशतभन्दा बढी उद्योगहरु घरेलु तथा साना वर्गमा पर्दछन् । यस्ता उद्योगहरूले रोजगारीमा करिब ७६ प्रतिशत र मूल्य अभिबृद्धिमा ५० प्रतिशतभन्दा बढी योगदान दिएका छन् । तसर्थ, घरेलु तथा साना उद्योग समग्र औद्योगिक क्षेत्रको विकासलाई गरिबी निवारण गर्ने उद्देश्य प्राप्तिका लागि सशक्त माध्यमको रुपमा विकास

गर्ने प्रचुर सम्भावना रहेको छ । यस क्रममा लघु उद्यम विकास गरी घरेलु तथा साना उद्योगलाई बढी व्यावसायिक ढंगले ग्रामीणस्तरसम्म पुऱ्याउने वातावरणको निर्माण तथा निजी क्षेत्रको सक्रियतामा समग्र उद्योग क्षेत्रको उत्पादनमा विस्तार एवम् विविधीकरण गर्दै कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान उल्लेख्य बृद्धि गर्न नीतिगत, कानुनी, संस्थागत एवम् प्रक्रियागत सुधार आवश्यक देखिएको छ ।

## घरेलु तथा साना उद्योग र मझौला उद्योगहरूको किसिम

कृषि प्रधान देश हुनाले प्राचीनकालदेखि नेपालमा विभिन्न प्रकारका कुटीर उद्योगहरु चलाइएका छन् । कच्चा वस्तुको आधारमा निम्नलिखित शिर्षकहरूमा ६ वर्गमा विभाजन गर्न सकिन्छ –

### १. अन्य पदार्थमा आधारित कुटीर उद्योग :

यसमा मुख्य हाते तानमा घरबुना, खाडी, प्रटासी, आदि सुती कपडा बुनिन्छ । यो व्यवसाय पहाड, तराई, उपत्यका सबैमा चल्दछ । पोखरा, मोरङ, टोखा, धुनी बेसी, सेरावेशी आदि वेतका मेच र अन्य वस्तुहरु बनाउने प्रख्यात ठाउँहरु हुन् । बुट्टा भर्ने, रंग भर्ने, मोजा बुन्ने, कपडाका जुत्ता बुन्ने आदि शहरी क्षेत्रका मुख्य कुटीर साना उद्योगहरु हुन् ।

### २. कृषि उपजमा आधारित कुटीर उद्योग :

खेती गरेर उत्पादन भएको वस्तुको आधारमा सञ्चालन भएका कुटीर उद्योगलाई कृषि उपजमा आधारित कुटीर उद्योग भन्दछन् । चामल, तेल, पिठो, फलफूल, दुध प्रशोधन आदि उद्योग कृषि उत्पादनमा आधारित कुटीर उद्योगहरु हुन् । पलाञ्चोक, पोखरा, सेरावेसी, नेपालगञ्ज र टोखामा उखु पेलेर सखर, चाकु बनाउने काम हुन्छ । फलफूल उद्योग भद्रपुर, विराटनगर र काठमाडौंमा सञ्चालित छन् ।

### ३. वनस्पती पैदावारको प्रयोग गर्ने उद्यमहरु :

यस उद्योगअन्तर्गत नेपाली कागज उद्योग प्रख्यात छ । खासगरी नेपाली कागज र पूर्वीय पश्चिमी पहाडी क्षेत्रमा प्रख्यात छन् । कुनै खासगरी उत्तरी पहाडी भागमा आधुनिक प्रकारको कागज उद्योग स्थापना गरिएको छ । बनेपा, पनौती, चौतारा आदिमा पनि नेपाली कागज उत्पादन गरिन्छ ।

### ४. जन्तुमा आधारित कुटीर उद्योग :

राडी, पाखी, गलेबन्दी, बखु आदि बुन्ने काम यसअन्तर्गत पर्दछ । जनावरका रौंबाट तयार हुने यी कार्यहरु गर्न खासगरी शेर्पा, गुरूङ, मगरहरु लागेका छन् । उत्तर, दक्षिण उचाई क्षेत्रमा यसको कार्य सञ्चालन गरिएको छ । भोटे र शेर्पाहरूले चौरीको दुधबाट छुर्पी बनाउँछन् ।

### ५. खनिजमा आधारित कुटीर उद्योग :

ढलौटको मूर्ति, घण्टा, भाँडावर्तनहरु आदि बनाउने यस उद्योगअन्तर्गत पर्दछ । पाटनमा क्युरियोका सामान, हस्ती हाड बनाउने प्रख्यात छ । पित्तलको भाँडा बनाउने काममा पाल्पा प्रख्यात छ । ठुला शहरहरूमा सुन, चाँदी, हिरामोतीका गहनाहरु बन्दछन् ।

### ६. पर्यटन सहायक कुटीर उद्योग :

धातुकला, मूर्तिकला, चित्रकला, काष्ठकला र अन्य क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरु र पर्यटन सहायक कुटीर उद्योगमा गनिन्छन् । हाम्रो देशमा वर्षेनी लाखौं पर्यटकहरु आउँछन् । उनीहरु नेपालको धानुकला, मूर्तिकला र काष्ठकला देखि ज्यादै प्रभावित हुन्छन् ।

### ७. ठुला उद्योगहरुको पूरक भई काम गर्ने कुटीर उद्योग

प्याकिंग बट्टा बनाउने, शीशी बनाउने, जुटबोरा बनाउने आदि कामहरु यस कुटीर उद्योगअन्तर्गत पर्दछन् । चिनी कारखाना, मैदामिल, चामल उद्योगलाई जुटबोरा आवश्यक हुन्छन् । ती कारखानाहरुले आवश्यक जुट कुटीर उद्योगलाई तयार गर्न लगाउँछन् ।

## घरेलु तथा साना उद्योगको ऐतिहासीक पृष्ठभूमि

नेपालको आर्थिक विकासमा घरेलु तथा साना उद्योगको पूरातनाल देखि नै विशिष्ट स्थान रहेको छ । हाम्रो समाजले स्वदेशी घरेलु उद्योगबाट धेरै कुरामा आफ्नो आवश्यकताको पूर्ति गरी आएको छ भने कुरा कौटिल्यको अर्थशास्त्र र चिनियाँ यात्रुहरुको बयानबाट थाहा हुन्छ । नेपालमा बनेको मालसामानको सराहनी सम्राट चन्द्रगुप्तका मन्त्री चाणक्यले पनि गरेका छन् । वास्तवमा किराँतीहरुको पालामा हस्तकला र व्यापार कृषि भन्दा विकसित र उन्नत अवस्थामा थियो भने कसै कसैको भनाई छ । नेपाली हस्तकला तथा शिल्पकलाको प्रमुख विशेषता के देखिन्छ भने शुरु पूर्वकाल देखि १९ औं शताब्दीसम्म यसको क्षेत्र केही वस्तुहरुको उत्पादन गर्ने कार्यमा मात्र सीमित नरही ज्यादै विस्तृत तरीकाले फैलिएको देखिन्छ । त्यस बेलाका मानिसहरु खाद्यान्न प्रशोधन गर्ने साधारण काम देखि लिएर कपडा बुन्ने, खानी खन्ने, खानीबाट निस्किएको घाउ बगाल्ने, कडा धातु गलाई सामान बनाउने आदि स्थिर ज्ञान चाहिने जस्तो काम पनि गर्दथे । अठारौं शताब्दी सम्म नेपाल आउने यूरोपीय पर्यटकहरुले नेपालीहरुले हातले तयार गरेका सूति, उनी कपडा, फलाम, तामा, पित्तल तथा ढलौटका विभिन्न सामानहरुको उत्कृष्ट नमुनाहरु हेर्ने मौका पाएका थिए । नेपालको प्राचीन हस्तकला र साना उद्योगहरुको नाउँमा ढिकी चलाउने जस्तो सामान्य काम देखि लिएर कपडा बुन्ने, खानी खन्ने, धातु पगाली मूर्ति बनाउने जस्ता गाह्रा कामहरु र ठुलो कुशलता चाहिने कलापूर्ण वस्तुहरुको उत्पादन गर्नमासमेत नामी थिए । नेवार र मगरहरुले बुन्ने खाडी र चांगा ज्यादै सुन्दर र बलिया थिए । गुरुङ र लिम्बुहरुले बुन्ने उनी वस्तुहरु भोटेहरुले बुनेको भन्दा मसीना थिए ।

## घरेलु तथा साना उद्योगको विशेषताहरु

नेपालमा सञ्चालन भइरहेको घरेलु तथा साना उद्योगको निम्न विशेषताहरु छन् :–

(१) श्रमिकहरुको संख्या धेरै कम हुन्छन्, प्रायः घरकै सदस्य श्रमजीवी हुन्छन् ।

(२) ठुलठूला मेशीनहरुको ठाउँमा साधारण यन्त्रहरुको प्रयोग हुन्छ ।

(३) शक्तिको धेरै कम उपयोग हुन्छ । विशेष गरेर मानिसहरुका हातबाटै काम गरिन्छ ।

(४) कच्चा मालहरुको उत्पादन अक्सर स्थानीय हुन्छ ।

(५) उत्पादन सानो स्केलमा हुने हुँदा श्रम विभाजनको सुक्ष्म अभाव हुन्छ ।

(६) श्रम र पुँजीको मालिक एकै हुनाले यसको बीच सहानुभूति हुन्छ ।

(७) प्रायः यसको बजार स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पनि हुन्छ ।

## घरेलु तथा साना उद्योगको आवश्यकता तथा महत्त्व
## (Necessity & Importance of Cottage & Small Scale Industries)

### घरेलु तथा ग्रामीण उद्योगको महत्त्व तथा आवश्यकता

नेपालका आर्थिक विकासमा कृषि व्यवसाय पछि रोजगारीमा प्रत्यक्ष असर पार्ने, जनजीवनमा आयको अभिवृद्धि गर्नमा ठोस योगदान प्रदान गर्न घरेलु तथा साना उद्योगहरूको महत्त्वपूर्ण स्थान रहेको छ र इतिहासको प्रारम्भिक अवस्था देखि नै यस क्षेत्रमा कुनै न कुनै रूपले घरेलु उद्योगहरु सञ्चालन गरी आवश्यक वस्तुहरूको उत्पादन गरेको पाइन्छ । जनताको क्रयशक्ति, सानो आन्तरिक बजार र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको कारणले गर्दा नेपालमा ठुला उद्योगहरु स्थापना गर्ने सम्भाव्यता ज्यादै सीमित देखिन्छ । अतः राष्ट्रिय हितलाई कायम राखी सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न घरेलु तथा साना उद्योगहरूको विकासतर्फ एक ठोस कार्य अविलम्ब आवश्यक हुन गएको छ । नेपालमा अधिकांश कृषकहरु वर्षको केही महिलासम्म मात्र कृषि व्यवसायमा लाग्ने वा बाँकी समय बेकार मै रहने गरेकाले यो समस्या हटाउन कृषि क्षेत्रमा देखा परेका निस्क्रिय साधन तथा जनशक्तिलाई औद्योगिकरणमा सरीक गराई औद्योगिकरणमा एउटा आधार खडा गर्न र यसप्रकार राष्ट्रिय आयमासमेत वृद्धि गर्नमा कुटीर उद्योगको ठुलो महत्त्व छ ।

नेपालको आर्थिक तथा सामाजिक विकास गर्नको लागि घरेलु तथा साना उद्योगले के-कस्ता महत्त्वपूर्ण भूमिका निभाउने गर्दछ भन्ने कुरा थाहा पाउन घरेलु तथा साना उद्योगको आवश्यकता तथा महत्त्वलाई निम्न लिखित शिर्षकहरूबाट थाहा पाउन सकिन्छ । जस्तै :-

१. **स्थानीय प्राकृतिक साधनहरूको उपयोग (Utilization of Local Natural Resources)**

हाम्रो देशमा कृषिमा अत्यधिक जनसंख्याको भार छ र यो भार विशेषज्ञहरूको अनुमानमा झन बढ्ने सम्भावना छ । तर स्थानीय प्राकृतिक साधनहरु बाँस, छाला, घाँस, पात, धातु, ढुङ्गा आदिको सदुपयोग हुने साना तथा घरेलु उद्योगहरूको स्थापना मै दिएको खण्डमा एकातिर खेर गइरहेका यी प्राकृतिक साधनहरूको सदुपयोग गर्न सकिन्छ भने अर्कोतिर कृषि माथि जनसंख्याको भारमा कमी पनि हुने बुझिन्छ । स्थानीय क्षेत्रमा कच्चा मालहरु प्रशस्त पाइन्छन् । तिनीहरूलाई अहिलेसम्म काममा ल्याउने काम दिने कुटीर लघु उद्योगहरूले गरेको छ ।

२. **कम पूँजी (Low Capital)**

साना उद्योगहरूको स्थापना गर्न धेरै पुँजीको जरूरत पर्दैन । ठुला औद्योगिक भवन र विकसित प्रविधि बिना पनि यी उद्योगहरूको विकास गर्न सकिन्छ । यसका नियमित कुनै ठुलो प्राविधिक दक्षता वा ज्ञानको पनि आवश्यकता पर्दैन । सीमित साधन भएको नेपालका निमित्त घरेलु र साना उद्योगहरु नै आर्थिक उन्नतिका एक मात्र उपयुक्त माध्यम हुन् ।

३. **शान्तिपूर्ण वातावरण (Peaceful Environment)**

घरेलु उद्योगहरूमा उत्पादन शान्तिपूर्ण वातावरणमा थोरै मजदुरहरूद्वारा हुने हुनाले आधुनिक औद्योगिक युगका दुष्परिणामहरु जस्तै– हड्ताल, तालबन्दी, वर्ग संघर्ष आदि समस्याहरु उत्पन्न हुँदैनन् । साना साना उद्योगहरूमा मालिक र मजदुरको बीचमा पारस्परिक सहयोगबाट समस्या समाधान हुन जान्छ । यसले व्यक्तिवादी अर्थतन्त्रमा उत्पन्न हुने समस्याहरु यथा बेकारी, औद्योगिक मन्दी आदि उत्पन्न हुन दिँदैन ।

**४. स्थानीय आवश्यकता पूर्ति गर्ने (To Supply Local Necessity)**

हाल देशमा यातायातको राम्रो सुविधा भईसकेको छैन । यसैले एक ठाउँको उत्पादन अर्को ठाउँमा पुऱ्याउन कठिनाई भएको छ । अतः स्थानीय जनताहरूको खाँचो र आवश्यकतालाई पूर्ति गर्ने काममा पनि घरेलु उद्योगको त्यतिकत्त्व छ । स्थानीय उद्योगहरूले सम्बन्धित क्षेत्रमा नै आवश्यकीय वस्तुहरु उत्पादन गरी त्यहाँका जनताहरूको खाचो पूर्ति गर्दछन् । ठुलठुला उद्योग चल्न कारखानाघर मजदुर आदि जुटाउन अत्यधिक पूँजी चाहिन्छ जसको लागि विदेशी सहायता पर्खनु पर्दछ । तर घरेलु उद्योगहरूले विदेशसँग भीख माग्ने प्रवृत्ति घटाई स्थानीय जनताको दैनिक जीवनमा चाहिने चीज वस्तुहरु आफै तयार पार्दछ ।

**५. व्यक्तिका रूचिको सन्तुष्टि (Satisfaction of Personal)**

घरेलु उद्योगहरूमा कलात्मक ढंगले आफ्नो मन लागेका वस्तुहरु उत्पादन गरिन्छन् । यसले गर्दा ठुलठुला उद्योगहरूमा उत्पादित एकनासका वस्तुहरूमा रूचि नराख्नेहरूले आफ्नो मन लागेका वस्तुहरु आफ्नै हातले तयार पार्दछन् । मानिसहरूमा विभिन्न किसिमका रूचिहरु हुन्छन् । यस रूचिको सन्तुष्टि घरेलु उद्योगबाट प्राप्त हुन्छ । किनभने हरेकले आफ्नो इच्छा अनुसारको काम गर्ने अवसर पाउँछन् ।

**६. रोजगारको अवसर (Employment Opportunities)**

नेपालका अधिकांश जनता गाउँमा बस्छन् । खेतीको याम बाहेक अन्य महिनाहरूमा तिनीहरु खाली नै बस्नु पर्छ । कृषकहरूलाई वर्षभरिलाई पुग्दो काम नहुनाले नै अर्ध बेरोजगारी र अदृश्य बेरोजगारीको समस्याहरु उत्पन्न भएको छ । तिनीहरूले खाली समयमा यस्तै ग्रामीण तथा घरेलु उद्योगहरु सञ्चालन गर्ने गरेमा तिनीहरूको उत्पादन बढ्ने र आर्थिक अवस्था सुधार हुने कुरामा कुनै सन्देह रहँदैन ।

**७. सहायक आय स्रोतको व्यवस्था (Subsidiary Source of Income)**

नेपालीहरु आफ्नो दैनिक आवश्यकताको पूर्ति, शिक्षा, लताकपडा, औषधी सबै खर्च कृषि आयबाट प्राप्त गर्छन् । तर कृषि आय (Agricultural Income) न्यून रहेकोले आफ्ना सम्पूर्ण आवश्यकता पूरा गर्न सक्दैनन् । घरेलु उद्योगको सञ्चालनबाट उनीहरूले नियमित आय स्रोतको व्यवस्था गर्दछन् । एकातिर घरेलु उद्योगको सञ्चालनबाट किसानहरूको जीवनस्तरमा सुधार हुन जानेछ भने अर्कोतिर विदेशबाट सामानहरु आयात गर्न नपर्ने स्थितिको सृजना हुनेछ ।

**८. स्थानीय वस्तुहरूको उपयोग (Proper Utilization of Local Raw Materials)**

घरेलु र साना उद्योगको स्थापनाले गर्दा स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको उपयोग हुन जान्छ भने स्थानीय आवश्यकताको आपूर्ति पनि गर्दछ । गाँघरमा रहेका स्थानीय प्राकृतिक साधनहरु जस्तै वाँस, छाला, घाँसपात, धातु, ढुंगा आदिको सदुपयोग हुन्छ । साना तथा घरेलु उद्योगहरूको स्थापनाले गर्दा एकातिर खेर गइरहेका यी प्राकृतिक साधनहरूको सदुपयोग हुन जान्छ भने अर्कोतिर कृषिमाथि जनसंख्याको भार पनि कमी हुन जान्छ ।

**९. स्थानीय सीपको प्रयोग (Proper Use of Local Skill)**

घरेलु तथा साना उद्योगहरूको स्थापना अदक्ष श्रमिकहरु द्वारा पनि सञ्चालनगर्नसकिने भएकोले त्यस्ता श्रमिकहरूमा सीपको विकास हुन जान्छ । यसबाट ठुलो उद्योगको लागि आवश्यक अर्ध दक्ष जनशक्ति तयार हुन्छ । स्थानीय स्तरमा छरिएर रहेका साना तिना पुँजिको परिचालन हुनगई पूँजी निर्माण हुन जान्छ ।

**१०. उपभोक्ताहरूलाई वस्तुहरूको आपूर्ति (Consumer Supplies)**

घरेलु एवम् साना उद्योगमा उत्पादन लागत ज्यादै बढी पर्दछ भन्ने केही अर्थशास्त्रीहरूको भनाई रहेको छ । वास्तवमा मौद्रिक लागत बढी परे पनि घरेलु उद्योगमा सामाजिक लागत कम पर्दछ । घरेलु उद्योगको विकासबाट विभिन्न प्रकारका औद्योगिक वस्तुहरूको उत्पादन हुन्छन् । यी वस्तुहरु बजारमा उपलब्ध भएपछि देशको आन्तरिक आवश्यकता परिपूर्ति गर्न सकिन्छ र उपभोक्ताहरूलाई आवश्यक परेको वस्तुहरु बजारमा सजिलैसँग प्राप्त गर्न सक्छन् । उपभोक्ताहरूले वस्तुहरु बजारमा सस्तो मूल्यमा पाउन सक्छन् ।

**११. निर्यात प्रवर्द्धन (Export Promotion)**

कुटीर घरेलु उद्योगको विकासले स्वतः आयात घटनुको साथै निर्यातको मात्रामा वृद्धि भएर जान्छ । यसबाट देशको शोधनान्तर स्थिति अनुकूल हुन जानेछ जुन अहिले प्रतिकूल भइरहेको छ । अहिले देशमा आवश्यक पर्ने अधिकांश वस्तुहरु बाहिरबाट आयात गर्नु परिरहेको छ । देशमा घरेलु तथा साना उद्योगको विकास भएमा यसप्रकारको आयात घटाउन सकिन्छ भने देशलाई आत्मनिर्भर बनाउँदै लैजान सकिन्छ । यसबाट देशले दुर्लभ विदेशी मुद्राको बचत गराउनमासमेत मद्दत गर्ने गर्दछ ।

**१२. परम्परागत सीप तथा कलाको विकास (Development of Traditional Skill and Art)**

साना तथा घरेलु उद्योगहरु परम्परागत सीप र कलाको विकासको लागि सहायक हुन्छन् । त्यसै कारणले आज पनि ताप्के, खुकुरी, गलैंचा आदि बनाउने कार्यमा नेपाल प्रसिद्ध भएको छ । काठका मूर्ति बनाउने काममा त नेपालीहरु धेरै सिपालु छन् । यी कार्यहरु गरे वापत एकातिर श्रमिकहरूको मनमा आनन्द र सन्तोष हुन्छ भने अर्कोतिर विदेशी मुद्राको पनि आर्जन गर्न सकिन्छ ।

**१३. स्थानीयकरण (Localisation)**

कच्चा वस्तु उपलब्ध भएको जुनसुकै स्थानमा पनि घरेलु उद्योग विकेन्द्रीत रूपमा चलाउन सकिन्छ । यसलाई स्थानीयकरण सुत्रको जरूरत पर्दैन । विकेन्द्रीत रूपमा चल्ने हुनालेसमेत यसलाई हत्तपत्ति नास गर्नै सकिँदैन ।

**घरेलु तथा ग्रामीण उद्योग उन्नति भएको कारणहरु**

नेपालमा केही खास खास उद्योगहरु विकास हुनाको मुख्य कारणहरु निम्न प्रकारका छन् :–

(१) नेपालमा हस्तकला, साना उद्योगहरु विकसित हुनाको एक मुख्य कारण भौगोलिक स्थितिबाट देशको सामाजिक र आर्थिक ढाँचा हो । भौगोलिक कठिनाईबाट छरिएको हुँदा परिवार समूह र जाति वा गाउँहरु विभिन्न एकाईका रूपमा रहन गए ।

(२) नेपाली सरसामान तिब्बतमा लोकप्रिय भएकोले पनि तत्कालीन नेपालमा हस्तकला तथा घरेलु उद्योगधन्दाको विकास भएको हो ।

(३) कालीगढहरूको कलात्मक निपुणता, दक्षता र जन्मसिद्ध शक्तिलाई नेपालको कला कौशल र उद्योगहरूको विकासको ठुलो आधार मान्नु पर्दछ ।

(४) सरकारी नीति अनुकूल भएकोले पनि तत्कालीन नेपालमा घरेलु उद्योग धन्दाको विकास हुन गएको हो भन्ने कुरा हामीले मान्नुपर्दछ ।

## घरेलु तथा साना उद्योगको वर्तमान अवस्था र स्थिति

औद्योगिक विकास मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार स्तम्भ हो । रोजगारीका लागि कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान बेरोजगारी, अर्धबेरोजगारी कमगर्न औद्योगिकरणको भूमिका महत्त्वपूर्ण रहन्छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोतसाधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, मौजुदा औद्योगिक पूर्वाधारहरूको प्रभावकारी उपयोग गर्ने, निर्यात प्रवर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनको माध्यमबाट गरीबी न्यूनीकरण गर्ने उद्देश्यका साथ औद्योगिक नीति २०६७ कार्यान्वयनमा रहेको छ । सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप औद्योगिक समस्याहरूको समाधान गर्दै लैजाने उद्देश्यले नेपाल व्यवसाय मञ्च क्रियाशील हुनुका साथै उद्योग मन्त्रालयमा मञ्चको सचिवालय सञ्चालनमा आएको छ । रूग्ण उद्योग सम्वन्धमा गठित उच्चस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनलाई मन्त्रिपरिषदबाट नीतिगत स्वीकृतिसहित प्राविधिक समितिको परिमार्जित कार्यादेश स्वीकृत भएको छ ।

मुख्यतया विकासोन्मुख मुलुकहरूको विकासमा घरेलु तथा साना उद्योगहरूको योगदान प्रमुख हुन्छ । स्रोत साधनहरूको सीमितता, पूँजी र सोको परिचालनको कमजोर अवस्था, व्यवसायिकताको प्रवर्द्धन अपेक्षित स्तरमा हुन नसक्ने भएकोले नेपालजस्ता मुलुकहरूको आर्थिक विकासको मेरुदण्ड र आधारको रूपमा लघु, घरेलु तथा साना उद्योगहरूको विकास अपरिहार्य मानिन्छ । यस क्षेत्रको व्यवस्थापन र प्रवर्द्धन गर्न घरेलु तथा साना उद्योग विभाग र अन्तर्गतका कार्यालयहरु, घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरूले कार्य गरिरहेका छन् । चालु अन्तरिम योजनाले लिएको गरिबी निवारण गर्ने मुख्य उद्देश्य अनुरूप घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवम् विकास गर्नको लागि मागमा आधारित आवश्यक सीप विकास, उद्यमशीलता विकास तालिम, प्राविधिक परामर्श कर्जा प्रवाह एवम् सूचना सम्प्रेषण जस्ता कार्यक्रमहरु एकीकृत रूपमा सञ्चालन गरिंदै आएको छ । अपाङ्ग, पिछडिएका वर्ग, दलित जनजाति, द्वन्द पिडित एवम् महिलाको उत्थान हुने बजार मागमा आधारित रोजगार एवम् सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम कार्यक्रमहरूलाई ती वर्गको सशक्तिकरण हुने गरि प्राथमिकता दिई वार्षिक कार्यक्रममा स्पष्ट लक्ष्य किटान गरी कार्यान्वयन गरिंदै आएको छ । आर्थिक वर्ष २०६९/७० मा १५ हजार १ सय ११ जनालाई विभिन्न विषयमा रोजगार तथा स्वरोजगार हुने गरि तालिम प्रदान गर्ने लक्ष्यका साथ केन्द्रीय स्तरमा घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, २० जिल्लामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र जिल्ला स्थित २७ घरेलु तथा साना उद्योग कार्यालयहरूबाट र द्वन्दपिडितहरूको लागि तालिम कार्यक्रमहरु सञ्चालन गरिएका छन् । नयाँ सोच, सिर्जना, सीप एवम् प्रविधि भएका युवा पिढिहरूलाई नयाँ उद्यमी व्यवसायीका रूपमा रूपान्तरण गराउने उद्देश्यले विभागमा व्यवसाय सम्बन्धन कार्यक्रम (Business Incubation Programme) चालु रहेको छ । हालसम्म ११ जनाले सम्बन्धनको प्रमाणपत्र पाइसकेकाछन् भने १५ जना प्रशिक्षार्थी व्यवसायी हरूको लागि व्यवसाय सम्वन्धनको कार्य भैरहेकोछ । सीप सिकेका तालिम प्राप्त जनशक्तिलाई आफूले सिकेका सीपहरूको सदुपयोग गरी घरेलु तथा साना उद्योग स्थापना गर्न र सहयोग पुऱ्याउने हेतुले विउ पुँजीको रूपमा रकम उपलब्ध गराउन, कर्जा प्रवाह गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि लघु घरेलु तथा साना उद्योग कर्जा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईएको छ ।

घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवम् विकास गर्नाका लागि मागमा आधारित तथा अपाङ्ग, पिछडिएका वर्ग, दलित, जनजाति, द्वन्द पिडित एवम् महिलाको उत्थानकालागि आवश्यक सीप विकास, उद्यमशीलता विकास, तालिम, प्राविधिक परामर्श, कर्जा प्रवाह एवम् सूचना सम्प्रेषण जस्ता कार्यक्रमहरु

एकीकृत रूपमा सञ्चालन गरिएका छन् । जनतालाई छिटो छरितो, पारदर्शी तथा गुणस्तरीय रूपमा सेवा पुऱ्याउने लक्ष्यका साथ घरेलु तथा साना उद्योग कार्यालयहरूमा अनलाइन सर्भिसको तयारी गरिएको छ । आर्थिक वर्ष २०६८/६९ मा १८ हजार ८ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका थिए भने आर्थिक वर्ष २०६९/७० को फागुन मसान्त सम्म घरेलु तथा साना उद्योग विभागअन्तर्गत ९ हजार ७ सय २ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका छन् । आर्थिक वर्ष २०६८/६९ मा दर्ता भएका उद्योगहरूमा कूल रकम रु १७ अर्ब २७ करोड ४४ लाख ६६ हजार पूँजी लगानी भएको देखिन्छ । आर्थिक वर्ष २०६८/६९ मा दर्ता भएका घरेलु तथा साना उद्योगहरु मध्ये प्राइभेट फर्म १५ हजार ८ सय ३१, साझेदारी फर्म १ हजार २ सय २५ र प्राइभेट लिमिटेड ९ सय ५२ वटा दर्ता भएका छन् । उद्यमी तयारी तथा रोजगारी सिर्जना कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०६८/६९ मा ३हजार ४ सय ९८ जना उद्यमी तयार भएका थिए भने चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अवधि सम्म ३ सय ९२ जनाले यस्तो प्रशिक्षण तथा तालिम लिइसकेका छन् । त्यस्तै, आर्थिक वर्ष २०६८/६९मा उद्योग प्रवर्द्धनका लागि २ हजार ५९ जनाका लागि विभिन्न तालिम तथा प्रशिक्षण सञ्चालन गरिएकोमा चालु आर्थिक वर्ष २०६९/७० को प्रथम आठ महिनाको अवधि सम्म ३ सय जना यस्तो प्रशिक्षणमा सहभागी भइसकेका छन् । घरेलु तथा साना उद्योग विभाग तर्फ आर्थिक वर्ष २०६९/७० को प्रथम आठ महिनामा दर्ता भएका कूल ९ हजार ७ सय २ उद्योग मध्ये प्राइभेट फर्म ८ हजार ४ सय ११, साझेदारी फर्म ५ सय ४७ र प्राइभेट लिमिटेडतर्फ ७ सय ४४ वटा दर्ता भएका छन् । यी उद्योगहरूमा रू. ११ अर्ब ९७ करोड ८४ लाख ३ हजार पूँजी लगानी भएको छ ।

घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन गर्न चाहने इच्छुक उद्यमी व्यवसायीलाई सीप विकास तथा सीप अभिवृद्धि तालिममार्फत उद्यमशीलता विकास गर्न एवम् लघु घरेलु तथा साना उद्यमहरु प्रवर्द्धन गर्न स्थापना गरिएको घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रबाट आर्थिक वर्ष २०६८/६९ मा १ हजार ७८ जनालाई विभिन्न विषयमा तालिम प्रदान गरिएको थियो भने आर्थिक वर्ष २०६९ /२०७० को प्रथम आठ महिनामा ८ सय ६३ जनालाई तालिम प्रदान गरिएको छ । नेपालभर कम्पनी दर्ता तथा प्रशासन सम्बन्धी कार्य कम्पनी रजिष्ट्रारको कार्यालयबाट हुने गर्दछ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०६८/६९ मा १० हजार १ सय ४५ प्राइभेट लिमिटेड, ३४ पव्लिक लिमिटेड र ५२ मुनाफा वितरण नगर्ने कम्पनी स्थापना भएका थिए भने चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ७ हजार १ सय ३१ प्राइभेट लिमिटेड, २९ पव्लिक लिमिटेड र ५० मुनाफा वितरण नगर्ने कम्पनी स्थापना कम्पनीले अनलाइनमार्फत (www.cro.gov.np) मा अवलोकन गर्न सक्ने व्यवस्था मिलाएको छ ।

**तालिका नं. १**

**(१) दर्ता भएका घरेलु तथा साना उद्योगको संख्या र स्थिर पूँजी लगानी**

| उद्योगको किसिम | उद्योगको किसिम र संख्या | | | | स्थिर पूँजी लगानी भएको रकम (रू. करोडमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.ब. | प्राइभेट फर्म | प्राइभेट लि. | साझेदारी | जम्मा | प्राइभेट फर्म | प्राइभेट लि. | साझेदारी | जम्मा |
| २०३१/३२ | - | १६ | ५४ | ७० | - | ०.४२ | ०.५४ | ०.९६ |
| २०३२/३३ | ३२१ | १९ | ६६ | ४०६ | ३.०९ | ०.७४ | ०.३८ | ४.२१ |
| २०३३/३४ | ३३० | २१ | ६८ | ४१९ | ३.१४ | ०.५८ | ०.४२ | ४.१४ |
| २०३४/३५ | ३६७ | ४० | ५४ | ४६१ | ३.२० | ०.४१ | १.०४ | ४.६५ |
| २०३५/३६ | ३१८ | ३० | ११८ | ४६६ | ३.३८ | ०.७९ | ०.७४ | ४.९१ |
| २०३६/३७ | ३३८ | २५ | ३८ | ४०१ | ५.५६ | ०.७७ | ०.५३ | ६.८६ |
| २०३७/३८ | ३०७ | २० | ३५ | ३६२ | ४.४६ | ०.७२ | ०.६० | ५.७८ |
| २०३८/३९ | ३६४ | ३५ | ८१ | ४८० | ६.२५ | २.०० | ३.१३ | ११.३८ |
| २०३९/४० | ११६९ | ८२ | ३१० | १५६१ | १६.७४ | ४.९१ | १३.२४ | ३४.८९ |
| २०४०/४१ | ११४५ | ४६ | १६४ | १३५५ | १७.२६ | २.७१ | ५.५९ | २५.५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०४१/४२ | ७८८ | ४९ | २७५ | १११२ | २१.०९ | १४.०५ | १.८१ | ३६.९५ |
| २०४२/४३ | ६८३ | ३२ | १९५ | ९१० | २९.०० | ४.२३ | १६.८० | ५०.०३ |
| २०४३/४४ | ९२२ | ३७ | ३७३ | १३३२ | २७.८५ | ६.२८ | १६.३१ | ५०.४४ |
| २०४४/४५ | ७५८ | ३९ | २२८ | १०२५ | २४.६३ | २.६६ | १०.४८ | ३७.७७ |
| २०४५/४६ | ६९४ | ६० | ८५ | ८३९ | २१.१२ | ९.०८ | ४.५२ | ३४.७२ |
| २०४६/४७ | ७२७ | ८८ | ११७ | ९३२ | ४०.९४ | ३०.१२ | ११.८० | ८२.८६ |
| २०४७/४८ | ९४६ | ४३ | १२३ | १११२ | ९०.५० | १३.७२ | १८.४० | १२२.६२ |
| २०४८/४९ | ५०२० | २४२ | ४६५ | ५७२७ | १८४.०६ | ३८.२२ | ३५.१२ | २५७.४० |
| २०४९/५० | ६०८७ | २९६ | ३९८ | ६७८१ | २०७.०० | ५९.०० | ४९.०० | ३१५.०० |
| २०५०/५१ | ८५३५ | ३२१ | ६३० | ९४८६ | ३६३.०० | ६३.०० | १४६.०० | ५७२.०० |
| २०५१/५२ | ७८३३ | २४७ | ४३९ | ८५१९ | ४२८.०६ | ६७.९८ | ४०.९६ | ५३७.०० |
| २०५२/५३ | ८६३८ | ५४४ | ४६८ | ९६५० | ३०५.०० | २८९.०० | ४८.०० | ७२२.०० |
| २०५३/५४ | ७४०४ | ३४६ | ४४६ | ८१९६ | ४०८.०० | १३६.०० | ६०.०० | ६०४.०० |
| २०५४/५५ | ८६६९ | ५११ | ४७० | ९६५० | ४७८.०० | ३४७.०० | ७१.०० | ८९६.०० |
| २०५५/५६ | ८७७३ | ५३३ | ६८४ | ९९९० | ५१०.०० | ३६४.०० | ८८.०० | ९६२.०० |
| २०५६/५७ | ८८८९ | ६८९ | ५४९ | १०१२७ | ६६५.०० | ३२४.०० | ४५.०० | १०३४.०० |
| २०५७/५८ | ८३६८ | ५४२ | ४०७ | ९३१७ | ४५५.०० | २३८.०० | ३९.०० | ७३२.०० |
| २०५८/५९ | ८८५१ | ५१३ | ५२६ | ९८९० | ४११.०० | २९१.०० | ७०.०० | ७७२.०० |
| २०५९/६० | ६७७८ | ३४० | ४५४ | ७५७२ | ५०२.३८ | ५३.१४ | ३५.४८ | ५९१.०० |
| २०६०/६१ | ५९८५ | ६०० | ५४८ | ७१३३ | ४६२.२७ | १०२.७९ | ४६.९४ | ६११.०० |
| २०६१/६२ | ६९७२ | ५५९ | ४९९ | ८०३० | ८७९.०३ | १५३.२८ | ६८.४२ | ११०१.०० |
| २०६२/६३ | ७३२२ | ५३६ | ३७२ | ८२३० | ५७०.७५ | ६९.८६ | २९.३९ | ३७०.०० |
| २०६३/६४ | ७५८७ | ७३१ | ३८५ | ८७०३ | ६७२.०३ | ७६५.२ | ३४.०५ | ७८२.६० |
| २०६४/६५ | ८२३९ | ८४७ | ३१६ | ९३९४ | ६८१ | ८२ | ६० | ८२३ |
| २०६५/६६ | १६२३८ | ९४३ | ५४१ | १७७२२ | ११३४ | २२९ | १६९ | १५३१.७० |
| २०६६/६७ | ११२५० | १११६ | ६५४ | १३०२० | ९८३.४५ | ३०७.६ | २४१.८३ | १५३२.८८ |
| २०६७/६८ | १२३५९ | १११४ | ११४५ | १४६१८ | १११५ | २२० | १४० | १४७५ |
| २०६८/६९ | १५८३१ | १२२५ | ९५२ | १८००८ | — | — | — | १७२७.४० |
| २०६९/७० | ८४११ | ७४४ | ५४७ | ९७०२ | — | — | — | ११९७.८० |

(आ.ब. २०४८/४९ देखिको तथ्यांकमा घरेलु तथा साना उद्योग विभागअन्तर्गत दर्ता भएका नेपालभरिका उद्योगको संख्या समावेश भएको । )

*(स्रोतः घरेलु तथा साना उद्योग विभाग ।)*

*(स्रोतः आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०६९/७० नेपाल सरकार, अर्थ मन्त्रालय, २०७०)*

उपयुक्त प्रविधि, पूँजी लगानी, बजार सूचना र बजारीकरणको सञ्जाल (Marketing Network) को अभावमा घरेलु र साना उद्योगको विकास एवम् विस्तारमा कमी आएको छ । उद्योगको दीगोपना (Sustainability) नहुँदा यस्ता क्षेत्रमा वित्तीय संस्थाहरु लगानी गर्न सशंकित छन् । अधिकांश उद्योग Payback Period सम्म पनि सञ्चालन हुन नसक्ने अवस्थामा छन् । विगतमा उद्योग क्षेत्रमा गरेको लगानीको सही प्रतिफल प्राप्त नहुँदा देशमा बढ्दो वित्तीय क्षेत्र पनि ग्रामीण क्षेत्रमा लगानी गर्न इच्छुक देखिँदैन । बैकिङ्ग क्षेत्रबाट लगानी भएका उद्योग पनि आवश्यक लगानीको कमी, उच्च व्याजदर, न्यून आयले गर्दा बैंकको ऋण भारमा डुबेको पाइन्छ । नेपालको भौगोलिक अवस्था, पूर्वाधारको विकास र बजार स्थिति हेर्दा ठूला उद्योगको सम्भावना सीमित छ । ग्रामीण क्षेत्रमा ठूला उद्योग खोल्ने सम्भावना छैन । स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उद्योगहरु ग्रामीण क्षेत्रमा स्थापना गर्न सकिन्छ । देशको भौगोलिक विविधताले गर्दा पहाडी, तराई एवम् हिमाली क्षेत्रमा विभिन्न किसिमका वनजन्य तथा कृषि उपजको विशाल क्षेत्र (Scope) रहेको छ । यी कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्यागबाट ठूलो संख्यामा रोजगारी प्राप्त गर्न सकिन्छ । साथै हाम्रा जडिबुटीमा आधारित उद्योग र हस्तकला तुलनात्मक लाभ (Comparative Advantage) भएका उद्योगहरु हुन् ।

**घरेलु तथा ग्रामीण उद्योगमा उन्नति भएका कारणहरु**

**नेपालमा केहि खास-खास उद्योग विकास हुनाको मूख्य कारण निम्न प्रकारका छन् :**

(१) नेपालमा हस्तकला, साना उद्योगहरु, विकसीत हुनाको एक मूख्य कारण भौगोलिक स्थितिबाट देशको सामाजिक र आर्थिक ढाँचा हो । भौगोलिक कठिनाईबाट छुटिएको हुँदा परिवार, समूह र जाति वा गाउँहरु विभिन्न एकाईका रूपमा रहन गए ।

(२) नेपाली सरसामान तिब्बतमा लोकप्रिय भएकोले पनि तत्कालिन नेपालमा हस्तकला तथा घरेलु उद्योगधन्दाको विकास भएको हो ।

(३) कालीगढहरूको कलात्मक निपुणता, दक्षता र जन्मसिद्ध शक्तिलाई नेपालको कला कौशल र उद्योगहरूको विकासको ठूलो आधार मान्नु पर्दछ ।

(४) सरकारी नीति-अनुकूल भएकोले पनि तत्कालिन नेपालमा घरेलु उद्योगधन्दाको विकास हुन गएको हो भन्ने कुरा हामीले मान्नु पर्दछ ।

**घरेलु तथा साना उद्योगको विकासमा देखा परेका समस्याहरु**

**(Problems of Cottage and Small Scale Industries)**

नेपालमा घरेलु तथा साना उद्योगहरूले भोग्नु पर्ने मुख्य कठिनाईहरु मध्ये विदेशमा आधुनिक यन्त्र उपकरणद्वारा ठुलो आकारमा उत्पादित सस्तो र राम्रो औद्योगिक वस्तुहरूसँग सामना गर्नु परेको मुख्य तीव्र प्रतिद्वन्द्वीता हो । पुँजीको अभावमा कुनै पनि उद्योगहरु फस्टाउन पाउँदैन । घरेलु उद्योगमा लागेका व्यक्तिहरूसँग आफ्नो व्यवसाय बढाउन आवश्यक पूँजी छैन । यसले गर्दा पनि घरेलु उद्योगको विकासमा बाधा पुऱ्याएको छ । घरेलु उद्योगको लागि चाहिने कच्चा वस्तुहरूको पनि ठुलो अभाव छ । एक ठाउँमा भएको कच्चा वस्तुलाई अर्को ठाउँमा लैजान कठिनाई भएको छ । घरेलु तथा साना उद्योगमा लागेका अधिकांश कामदारहरु अप्रशिक्षित तथा अदक्ष छन् । नेपालमा घरेलु तथा साना उद्योगहरु स्वस्थ वातावरणमा विकसित भएका छैनन् । कुनै कुनै घरेलु उद्योगहरु विलाएर गईसक्यो र कुनै कुनै त्यसै नराम्रो स्थितिमा परिरहेका छन् । सम्भावित उद्योगहरु पनि राम्ररी विकसित हुन सकेका छैनन् । यी उद्योगहरूको पुनरूत्थान तथा विकासका लागि आजसम्म भएका प्रयासले सन्तोषजनक उपलब्धि हासील गर्न सकेको छैन । नेपाल जस्तो विकासशील देशले घरेलु तथा साना उद्योगको क्षेत्रमा बढी मात्रामा विकास गर्नु अति नै आवश्यक देखिएको छ । तर यसमा धेरै समस्या तथा बाधाहरु छन् । जसले गर्दा घरेलु तथा साना उद्योग फस्टाउने मौका पाएको छैनन् । ठूलो-ठूलो उद्योगहरूबाट विभिन्न किसिमका आधुनिक तथा वैज्ञानिक ढंगले थरी थरीका डिजाइन भएको वस्तुहरु उत्पादन हुन्छन् । तर घरेलु उद्योगमा मानिसहरूबाट पूरानो डिजाइनको वस्तु उत्पादन हुन्छ र रंगी विरंगी हुँदैन साथै घरेलुका उत्पादित वस्तु महंगो पनि हुन्छ । यसैले गर्दा घरेलु उद्योग विकास गर्न सकेको छैन । घरेलु उद्योगको विकासमा एउटा महत्त्वपूर्ण बाधा प्रतिस्पर्धा हो । हातले बनेका सामानहरूले मेशीनबाट बनेका सामानहरूसँग कुनै हालतमा प्रतिस्पर्धा गर्न सक्दैन । हातले बनेका सामानहरु महंगो मात्र होइन कि रूप र आकारमा पनि राम्रो हुँदैन । मेसिनसँग घरेलु उद्योगले प्रतिस्पर्धा गर्न कठिन हुने कुरा स्वाभाविक नै हो । नेपालमा घरेलु उद्योगलाई विदेशी वस्तुबाट प्रतियोगिता गर्नुपर्छ । विदेशी वस्तु सस्तो तथा सुन्दर हुन्छ र यसको माग पनि बढी हुन्छ । तर घरेलु उद्योगका वस्तु टिकाउ भए तापनि सुन्दर हुँदैन जसले गर्दा यसको माग बढी हुँदैन । यसको साथसाथै घरेलु तथा साना उद्योगहरूले उचित मात्रामा संरक्षणको अभाव छन् । घरेलु उद्योगको लागि महत्त्व दिने किसिमको वातावरण तयार गर्न सकिएको छैन ।

घरेलु उद्योगहरूमा उत्पादन गरिने अधिकांश उपकरण तथा औजारहरु र कार्य विधि प्राय गरेर परम्परागत ढंगका छन् । अनुसन्धान र सर्भेक्षणको कमीले गर्दा आधुनिक प्रकारका औजार तथा कार्य प्रविधिको विकास राम्ररी हुन पाएको देखिँदैन । यसले गर्दा घरेलु उद्योगले वैज्ञानिक रूपमा विकास गर्न सकेको छैन । आजको वैज्ञानिक युगमा उपकरणहरु पनि वैज्ञानिक हुनुपर्छ । देशमा यातायातको साधन कमजोर भएकोले कच्चा वस्तु बटुल्न र उत्पादित सामानको बेचबिखन गर्न अत्यन्त कठिन छ । सहकारिताको आधारमा बेचबिखनको व्यवस्थाको प्रबन्ध हुन सकेको छैन । यातायातको सुव्यवस्था नहुनु घरेलु उद्योगको विकासमा ठुलो बाधा देखा पर्न आएको छ । मालसामानहरु उत्पादन गरेर मात्र हुँदैन तिनको बिक्रीको पनि उचित व्यवस्था मिलाउनु पर्छ । तर बाटोघाटोको अभावले गर्दा यो काम हुन सकेको छैन । नेपालका घरेलु उद्योग कर्जा स्रोतको अभावले ग्रसित छन् । घरेलु उद्योगलाई सञ्चालन गर्नका लागि केही पुँजीको आवश्यकता पर्दछ । शुरू शुरूमा उद्योगलाई मेशीन, कच्चामाल, खरीद गर्न पूँजी चाहिन्छ । किसानले आफ्नै सीमित साधनबाट घरेलु उद्योगको लागि यी सरसामान किन्न सक्दैनन् । यसको लागि संस्थागत कर्जा दिने संस्थानको आवश्यकता हुन्छ । तर यसको अभावमा घरेलु उद्योगलाई विभिन्न प्रकारको समस्या भोग्नु परेको देखिन्छ । आधुनिक युगमा गुणस्तरमा वस्तुको माँग हुँदैन । आज वस्तुको माग त्यसको प्रचार प्रचारमा निर्भर गर्दछ । नराम्रा वस्तुको पनि प्रचार प्रसारले गर्दा राम्रा र बढी बिक्रि हुने हुन्छन् । अर्कोतिर राम्रो तथा बलियो वस्तु यसको अभावमा बढी माँग भएको हुँदैन । यसरी नेपाली घरेलु उद्योगबाट उत्पादित वस्तु पनि प्रचार प्रसारको अभावमा बढी माग हुँदैन । घरेलु उद्योगमा काम गर्ने व्यक्तिहरूमा प्राविधिक दक्षताको अभाव छ । उनीहरूले मालसामानलाई सुन्दर रूप दिन सक्दैनन् । जसले गर्दा वस्तुहरु भद्धा र कुरूप देखिन्छन् । साना तथा घरेलु उद्योगबाट उत्पादित वस्तुहरु बिक्रीका लागि बजार ज्यादै सीमित छ । यसको प्रशस्त प्रचारको अभावका कारणले वस्तुको महत्त्व बारेमा धेरैलाई थाहा नै हुँदैन ।

### घरेलु उद्योगको समस्यालाई हटाउने सुझावहरु (Suggestions)

घरेलु उद्योगमा देखा परेका समस्याहरूले गर्दा हाम्रा साना उद्योगहरु फस्टाउन नसकेका हुन् । यी समस्याहरूलाई समस्याकै रूपमा राख्न नदिई साना उद्योगहरूलाई उन्नतिको मार्गमा अग्रसर गराउन निम्न लिखित सुझावहरु अपनाउनु उपयुक्त हुन्छ । जस्तै :

**(१) संरक्षणको व्यवस्था**

साना तथा घरेलु उद्योगहरूले विदेशी सामानसँग प्रतिस्पर्धा गर्न नसकी त्यसै सेलाएर बसेका छन् । ग्रामीण तथा घरेलु उद्योगहरूका लागि सरकारी संरक्षणको आवश्यक छ ।

**(२) अनुसन्धान कार्यक्रमको विस्तार**

उत्पादन लागत घटाउन ग्रामीण तथा घरेलु उद्योगहरूसँग सम्बन्धित कार्यहरूमा अनुसन्धान कार्य गरिनु पर्छ । अनुसन्धानशालाको स्थापना गरी उत्पादनको आधुनिक प्रणाली र पद्धति अपनाउनु पर्छ ।

**(३) बजारको व्यवस्था**

साना उद्योगहरूबाट उत्पादित वस्तुको मुख्य बजार स्थानीय बजार हो । तर यसलाई यतिकै मात्र सीमित न राखी राष्ट्रव्यापी रूपमा बजारको विस्तार गरिनुपर्छ । यस्ता उद्योगबाट उत्पादित वस्तुहरु नेपाल सरकारका विभिन्न मन्त्रालय विभाग तथा कार्यालयहरूले खरीद गरिदिने व्यवस्था मिलाउनु पर्छ ।

**(४) उत्पादन प्रविधिमा सुधार**

साना तथा घरेलु उद्योगहरु आफ्नै पूरानो प्रविधिमा सञ्चालित छन् । आफ्ना पूराना प्रविधिहरु त्यागेर नयाँ प्रविधिबाट उपभोक्ताका रूचि अनुसार वस्तु उत्पादन गर्न यिनलाई प्रोत्साहन गरिनुपर्छ ।

**(५) सरकारी नीति**

घरेलु उद्योगको उत्पादन प्रयोग बढाउन जनतामा अनुकूल भावना उत्पन्न गराउन आवश्यक ऐन-नियमलाई सरलीकरण गर्ने र सुविधाहरूमा वृद्धि गर्ने र आवश्यक प्रचार प्रसारसमेत गर्ने व्यवस्था मिलाउनु पर्छ ।

**(६) कच्चा पदार्थ**

कुनै पनि प्रकारको घरेलु उद्योग चाहे त्यो कार्पेट, तयारी पोशाक, धातुका मूर्ति, वेतवाँस फर्निचर, होजियारी आदि उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध हुनु आवश्यक छ । यस्तो उद्योग एवम् अन्य कतिपय घरेलु उद्योगको लागि नभई नहुने कच्चा पदार्थ सुलभ तरीकाबाट उपलब्ध गराउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु जरूरी देखिन्छ ।

**(७) ऋण सुविधा**

कुनै पनि उद्यमीले आफुसाथ रहेको पूँजी पर्याप्त नभई बैंक समक्ष ऋणको लागि सम्पर्क राख्नुपर्ने हुन्छ । यस उसले त्यस्ता उद्यमीलाई बिना ढिलासुस्ती आवश्यक ऋण सुविधा उपलब्ध गराइ दिनुपर्छ । उद्यमीहरूलाई बैंक ऋण सहयोग प्रदान गर्न तत्पर छ भनी जुन विज्ञापन यत्रतत्र भएको पाइन्छ त्यही जोस अनुरूप ऋण निकासा गराउनुपर्छ । ऋण माँग गर्ने सिलसिलामा औपचारिकता पूरा गर्ने विधिहरु सरल हुनुपर्दछ ।

**(८) प्राविधिक ज्ञान**

घरेलु उद्योगको उत्पादकत्व अभिवृद्धि गर्न उद्यमीहरूलाई प्राविधिक ज्ञानबारे तालीम दिने व्यवस्था गरिनुपर्दछ । घरेलुस्तरमा उद्योग सञ्चालन गरिएबाट प्राविधिक ज्ञानको आवश्यकता छैन भन्ने धारणा लिनु हुँदैन । तालीम एउटा यस्तो साधन हो जसको माध्यमबाट दक्ष जनशक्ति सृजना गरिन्छ । तालीम सरल किसिमबाट स्थानीय जनताले बुझ्ने गरी प्रदान गर्नुपर्दछ । तालीम प्रदान गरिँदा विषयवस्तुमाथि प्रकाश पारी सकेपछि उक्त विषय सम्बन्धी व्यवहारिक ज्ञान प्रदर्शन गरि देखाउनु पर्दछ ।

**(९) निर्यात प्रक्रिया सरलीकरण**

घरेलु उद्योग वस्तु अर्थात् कतिपय हस्तकला उत्पादन निर्यात गर्दा निर्यात रकम त्यति ठूलो हुँदैन तापनि त्यति सानो रकमको लागि पनि विभिन्न अफीस धाएर सवै प्रक्रिया पूरा गर्दा एक त समयको बर्बादी हुनेछ र अर्कोतिर यसको खर्च बढ्न गई समयमा माल चलान गर्न नसकी अर्डर रद्द हुने सम्भावना रहन गएको देखिन्छ । यसको राम्रो व्यवस्था गर्न जे जस्तो निर्यात प्रक्रिया बमोजिम काम गर्नुपर्छ भने त्यसको सरलीकरण हुनुपर्छ र घरेलु उद्योगबाट उत्पादन गर्ने विविध सामानहरूमा गुणस्तर निर्धारण गरी विशेष व्यवस्था गरिनुपर्छ ।

(१०) विविध

सुपथ मोलमा आवश्यक मेशीन ज्यावलहरु र कोरा माल उपलब्ध गराउने र नयाँ आकर्षक डिजाइन र नमुनाहरु निकाल्ने गर्नुपर्छ । यसको साथसाथै उद्योगबाट उत्पादित तयारी सामानहरूको बजारको प्रबन्ध गरिनुका साथै घरेलु उद्योगबाट उत्पादित सामग्रीहरूलाई सरकारी कार्यालय र यहाँ संस्थानहरूमा अनिवार्यरूपले प्रयोग गराउने व्यवस्था मिलाउनुपर्दछ । विद्यमान अवस्थामा घरेलु तथा साना उद्योगको विकासको लागि निम्नलिखित सहयोगात्मक कार्यहरु आवश्यक छ ।

नेपालको प्राचीन हस्तकला र साना उद्योगहरूको नाउँमा ढिकी चलाउने जस्तो सामान्य कामदेखि लिएर कपडा बुन्ने, खानी खन्ने, धातु पगाली मूर्ति बनाउने जस्ता गाह्रा कामहरु र ठुलो कुशलता चाहिने कलापूर्ण वस्तुहरूको उत्पादन गर्नमासमेत नामी थिए । नेवार र मगरहरूले बुन्ने खाडी र चांगा ज्यादै सुन्दर र बलिया थिए । गुरूङ र लिम्बुहरूले बुन्ने उनी वस्तुहरु भोटेहरूले बुनेको भन्दा मसीना थिए । मध्यकालीन नेपालमा काष्ठकलाको ठुलो विकास भएको थियो । मन्दिरहरूमा सजाउनका लागि झ्याल, चौकोस आदि विभिन्न धार्मिक तथा कलात्मक तरिकाबाट कोरिन्थे । यी चीजहरु काठमाडौं र ललितपुरका मन्दिरहरूमा अद्यापि विद्यमान छँदैछन् । यसैबाट नेपालको काष्ठकला कौशलको स्तर उच्च भएको प्रमाणित हुन्छ । यसका साथै ढुंगाको कलाको पनि विकास भएको थियो । यसबाट के देखिन्छ भने नेपालमा ढुंगा सम्बन्धी हस्तकलाको पनि प्रगति भएको थियो ।

## सन्दर्भ सामाग्री


- घिमिरे, बी.पी., कार्की, एस.बी., खड्का, सागर, ग्रामीण विकास र सहकारी व्यवस्थापन, एसिया पब्लिकेसन्स प्रा.लि., दोस्रो परिमार्जित, २०६५ ।
- रोस्यारा, कालीप्रसाद, आचार्य, उमेशप्रसाद, ग्रामीण विकास (Rural Development), रत्नसागर प्रकाशन प्रा.लि., डिल्लीबजार, काठमाडौं, संस्करण २०६८ ।
- प्रा.डा.जोशी, श्याम, नेपालको अर्थशास्त्र (Nepalese Economy), नवीन प्रकाशन, भोटाहिटी, काठमाडौं, संस्करण २०६५ ।
- सापकोटा, केशवराज, सापकोटा, भवदत्त, ग्रामीण विकास (Rural Development), भुँडीपूराण प्रकाशन, प्रथम संस्करण २०६६ ।
- ओझा, भोजराज, समकालिन विकास अर्थशास्त्र एवम् नेपालको अर्थव्यवस्था, तलेजु प्रकाशन संस्करण २०५९ ।
- खरेल, सुमन, नेपालको ग्रामीण राजनैतिक अर्थतन्त्र Rural political of Nepal, दीक्षान्त पुस्तक प्रकाशन, त्रिभूवन विश्वविद्यालय कीर्तिपुर, दोस्रो संस्करण २०६४ ।
- कृषि प्रविधि पुस्तक, कृषि सूचना तथा सञ्चार केन्द्र काठमाण्डौ नेपाल प्रथम संस्कररण २०६२ ।
- Dr Joshi, shyam, An introduction to Nepalese Economy, Nabin Publication, kathmandu Nepal. second edition 2060.
- हाडा, गम्भीर बहादुर, ग्रामीण अर्थशास्त्र, बृहस्पति पुस्तक प्रकाशन २०६८ दोस्रो संस्करण, काठमाण्डौ नेपाल ।
- वास्कोटा, कृष्णहरि, आर्थिक विकास विचार र विवेचना, एम. के. पब्लिसर्स, काठमाण्डौ नेपाल, पहिलो संस्करण २०६६
- शर्मा, शालिकराम, राज्य र ग्रामीण विकास, state and Rural Development, दीक्षान्त प्रकाशन काठमाण्डौ ।
- Labour Migration opportunities and challenges for mountain Livelihoods, sustainable mountain Development, ICIMOD, no, 59 Summer 2011.
- तीन वर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, आषाढ २०६४ ।
- त्रिबर्षिय योजना (२०६७/६८–२०६९/७० ), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, आषाढ २०६७ ।
- वर्तमान त्रिबर्षिय योजना (२०७०/७१–२०७२/७३ ), नेपाल सरकार, राष्ट्रिय योजना आयोग, आषाढ २०६७ ।
- आर्थिक वर्ष २०७०/२०७१ को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७०
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०६९/७०, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७० ।

# नयाँ औद्योगिक व्यवसाय ऐनको आवश्यकता

✍विष्णुप्रसाद ढकाल

१. **पृष्ठभूमि :-**

कुनै पनि मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार स्तम्भका रुपमा औद्योगिक विकास रहेको पाइन्छ । हाम्रो जस्तो मुलुकमा विद्यमान वेरोजगारी, अर्ध वेरोजगारी तथा गरिबी कम गर्दै कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्न पनि औद्योगिकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । ग्रामिण क्षेत्रमा कृषि एवम् स्थानीय साधन श्रोतमा आधारित उद्योग तथा शहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरुको स्थापना र विकास गरी राष्ट्रको औद्योगिकरणमा टेवा पुऱ्याउनु आवश्यक छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, श्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको मार्ग प्रशस्त गर्छ भने औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नका लागि औद्योगिक पूर्वाधार निर्माण तथा निर्यात प्रवर्द्धनमासमेत जोड दिन्छ ।

२. **विगतका प्रयास :**

नेपाल आधुनिककालमा वि.सं. १८८२ मा उद्योग परिषद्को स्थापना, वि.सं. १९९३ मा कम्पनी कानुन र विराटनगर जूट मिलको स्थापना, वि.सं. १९९४ मा सर्व प्रथम औद्योगिक प्रदर्शनी एवम् वि.सं. २००३ मा मोरङ्ग सुगर मिलको स्थापना पश्चात औद्योगिकरणको प्रयास भएको पाइन्छ । वि.सं. २०१३ सालदेखी योजनावद्ध विकासको थालनीबाट औद्योगिक विकासका लागीसमेत नीतिगत व्यवस्था भएको पाइन्छ । प्रजातन्त्रको पुनर्स्थापना पश्चात भने खुल्ला अर्थनीति अंगाल्दै औधोगिक विकासका लागी औद्योगिक नीति २०४९ अनुरुप देशको आर्थतन्त्रको समुचित विकासको लागि औधोगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहवर्द्धक बनाई उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसायहरु फस्टाउने व्यवस्था गर्न औद्योगिक व्यवसाय ऐन २०४९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ जारी गरियो । औद्योगिक व्यवसाय ऐन, २०४९ मा प्रथम संशोधन २०५४ सालमा भयो भने केही नेपाल ऐन संशोधन गर्ने ऐन मार्फत २०५५, २०५७ र २०६४ सालमा तथा आयकर ऐन २०५८ र आर्थिक ऐन, २०६५ बाट थप संशोधनहरु हुँदै गए । द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकूल नीतिगत सुधार सहित औद्योगिक नीति २०६७ जारी गरियो ।

३. **उद्योग क्षेत्रको अद्यावधिक स्थिति, समस्या र चुनौती**

औद्योगिक विकासका लागि विगतमा सञ्चालन गरिएका नीतिगत, कानुनी तथा संस्थागत प्रयासहरुका बावजूद देशमा औद्योगिकरणले आशातीत गति लिन नसकेको यथार्थता हाम्रा सामु विद्यमान छ । औद्योगिक सुरक्षाको प्रत्याभूतिको कमी, निर्यात योग्य वस्तुहरुको विविधीकरण गर्न नसकिनु, विधुत आपूर्तिको समस्या, औद्योगिक मैत्री श्रम नीति लागू गर्न नसकिनु, व्यवसायी तथा श्रमीक बीच अविश्वास र असमक्षदारीको वातावरण सिर्जना हुनु, लघु उधमीहरुको लघुवित्तमा पहूँचमा कमी र बजारसँगको कमजोर अग्रसम्वन्ध आदि समस्याहरु उद्योग क्षेत्रमा रहेका छन् । कूल ग्रार्हस्थ्य

---

✍ उपसचिव, उद्योग मन्त्रालय

उत्पादनमा उद्योग क्षेत्रको योगदान आ.व. २०५८ । ०५९ मा ८.५ प्रतिशत रहेकोमा क्रमशः घट्दै हाल आएर ६.३ प्रतिशत मात्र रहेको तथ्य हाम्रा सामु चुनौतिका रूपमा खडा छ । देशको अर्थतन्त्र परम्परागत कृषि प्रणाली र विप्रेषण (Remitance) मा निर्भर छ । औद्योगिक विकासका पर्याप्त सम्भावना हुँदा हुँदै औद्योगिक क्षेत्रको वृद्धिदर ह्रासोन्मुख छ । औद्योगिक वातावरण तयार गर्दै औद्योगिक उत्पादन वृद्धि गर्ने, सो कालागि आवश्यक उपयुक्त मानव श्रोत विकास गर्ने, औद्योगिक पूर्वाधारको विकास गर्ने, औद्योगिक उत्पादनको बजार विस्तार गर्ने तथा औद्योगिक उत्पादकत्व वृद्धि गर्ने कार्य थप चुनौतिका रूपमा रहेका छन् । विदेशी लगानीमा रहेको वाधा तथा असहजपनालाई हटाई पर्याप्त मात्रामा वैदेशिक लगानी भित्राउनु चुनौतीको रूपमा रहेको छ । पूर्वाधार विकासलगायत अन्य क्षेत्रमा सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरूप लगानी बढाउने र सोका लागि उपयुक्त कानुनी, नीतिगत, संरचनागत र कार्यगत व्यवस्था गर्ने कार्यसमेत चुनौतिको रूपमा रहेको छ । विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गर्दे ल्याएको तिब्र प्रतिस्पर्धात्मक वातावरण विश्वव्यापार संगठन, BIMSTEC, SAARC तथा विभिन्न संघ संस्थासँग भएका द्विपक्षिय तथा वहुपक्षिय सन्धि सम्झौताले सृजना गरेको दायित्व पूरा गर्नु पर्ने विषयहरूसमेत औद्योगिक क्षेत्रका प्रमुख चुनौतिहरु छन् ।

## ४. नयाँ ऐनको आवश्यकताः-

देशको अर्थतन्त्र विकासका लागि औद्योगिक लगानीको वातावरणद्वारा उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसाय फस्टाउने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, २०४९ आएको भएतापनि विभिन्न कारणले सो ऐनले प्रदान गरेका सुविधा सहुलियतहरूले निरन्तरता पाउन सकेनन् । सो ऐनमा २०५४ सालमा भएको पहिलो संशोधन, आयकर ऐन २०५८ र सालबासाली बन्ने आर्थिक ऐनहरूबाट ति सुविधा सहुलियत कटौति एवम् खारेज गरिदै लगिए । रोजगारी, उत्पादन, निर्यात प्रवर्द्धन एवम् लगानी लगायतका क्षेत्रमा सफलता पाउन, आर्थिक क्षेत्रमा देखिएका परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति, सेवा उद्योगको अर्थतन्त्रमा बढ्दो भूमिका, छिमेकी मुलुकहरूमा उद्योगको प्रवर्द्धनका लागि दिइएका सुविधा तथा सहुलियत, निजी क्षेत्र समेतको सहभागितामा लगानी मैत्री वातावरण बनाउन र उल्लेखित चुनौतिहरूलाई आत्मसाथ गर्न औद्योगिक नीति २०७० जारी गरिएको सन्दर्भमा यस नीतिमा उल्लेखित र त्यसपछिको वदलिदो परिवेशलाईसमेत संवोधन गर्ने गरी औद्योगिक व्यवसाय सम्बन्धी कानुन लाई संशोधन र एकिकरण गर्न नयाँ औद्योगिक व्यवसाय ऐन ल्याउनु पर्ने आवश्यकता देखिएको छ ।

## ५. नयाँ ऐनले समेट्न सक्ने क्षेत्रहरु :

देशमा आएको राजनीतिक परिवर्तनका साथै आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरण द्वारा सिर्जित अवसर एवम् चुनौतिलाई संवोधन गर्न विद्यमान औद्योगिक व्यवसाय ऐन २०४९ पर्याप्त नदेखिएको सन्दर्भमा औद्योगिक नीति २०६७ ले गरेको व्यवस्थालाई कानुनी रूप दिई उद्योग क्षेत्रको छाता ऐन (Umbrella Act) का रूपमा अब बन्ने नयाँ ऐन ले समेट्न सक्ने विषयवस्तु निम्न हुन सक्दछन् :

### क) उद्योगको वर्गिकरण र त्यसको स्थीर पूँजी :

औंद्योगिक व्यवसाय ऐन, २०४९ मा वस्तु वा सेवाको प्रकृतिका आधारमा विभिन्न ७ प्रकारका उद्योगहरूलाई समावेश गरिएकोमा भै रहेको व्यवस्थाका अतिरिक्त सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना संचार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने

उद्योगहरूलाई सूचना तथा संचार प्रविधि उद्योगका रूपमा र कृषि तथा वन पैदावारमा आधारित उद्योग, निर्माण उद्योग, उर्जामूलक उद्योग, निकासीमूलक उद्योग लगायतका उद्योगहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रूपमा थप गर्नु पर्ने देखिन्छ । यसै गरी पूँजीका आधारमा उद्योगहरूको वर्गिकरण गर्दा यस अघि लघु उद्यमहरूका हकमा कानुनमा स्पष्ट व्यवस्था नभएकोमा अब बन्ने ऐनमा औद्योगिक नीति २०६७ अनुरूपको व्यवस्था तथा साना, मझौला तथा ठूला उद्योगहरूको हकमा क्रमशः कम्तिमा पाँच करोड, पन्ध्र करोड र सो भन्दा माथी गरी स्थिर पूँजीका आधारमा उद्योगहरूको आधारमा वर्गिकरण गर्नु सान्दर्भिक देखिन्छ ।

**ख) उद्योगको दर्ता तथा त्यसको नियमन सम्बन्धी व्यवस्था :**

औद्योगिक व्यवसाय ऐन २०४९ ले उद्योगको स्थापना वा सञ्चालन गर्दा दर्ता गर्नुपर्ने कुरा लाई वाध्यात्मक बनाएको पाईँदैन, जसले गर्दा उद्योगको नियमन कार्य व्यवस्थित हुन नसकेको तथ्य लाई मनन् गर्दे अब बन्ने ऐनमा उद्योग दर्ता नगराई कसैले पनि उद्योगको स्थापना वा सञ्चालन गर्न गराउन नपाउने व्यवस्था राख्न उपयुक्त हुने देखिन्छ । दर्ता गरिदिने निकायले पनि आवश्यक प्रमाण पुगेपछि विना रोकटोक समयमै दर्ता गरिदिनु पर्ने वाध्यात्मक व्यवस्था कानुनबाटै तोकिनु पर्छ । लघु उद्यमका हकमा सम्बन्धित गा.वि.स. वा स्थानिय निकायमा दर्ता गर्न सकिने सहज वातावरण बनाइदिनु पर्ने हुन्छ ।

**ग) वातावरणीय परिक्षण वा प्रभाव मूल्याङ्कन :**

औद्यँगिक व्यवसाय ऐन, २०४९ मा सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनिय प्रतिकूल असरपार्ने उद्योगले अनुमति लिनु पर्ने भन्ने सम्मको व्यवस्था गरेको भएतापनि वातावरणिय पक्षलाई संवेदनशिल हुने गरी थप व्यवस्था नगरेको सन्दर्भमा प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने उद्योगका हकमा त्यस्तो उद्योग दर्ताहुनु अघि सम्बन्धित निवेदकले सम्बन्धित निकायबाट स्विकृत मूल्याङ्कन प्रतिवेदन निवेदन साथ पेश गर्नु पर्ने व्यवस्था नयाँ बन्ने ऐनमा गर्नु सान्दर्भिकको देखिन्छ ।

**घ) उद्योगको दर्ता खारेजी सम्बन्धी व्यवस्था :**

कानुन बमोजिम उद्योग दर्ता भएकोमा उद्योग दर्ताको प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफनो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गरी उद्योग दर्ता गर्ने निकायलाई जानकारी दिनुपर्ने वाध्यात्मक व्यवस्था गर्ने । उद्योग दर्ता अस्विकृत गरेको अवस्थामा उद्योग मन्त्रालय समक्ष गुनासो सुनवाईको व्यवस्था गर्ने । उद्योगले उद्योग सँग सम्बन्धित तोकिए बमोजिमका विवरण समयमा उद्योग दर्ता गर्ने निकायमा अनिवार्यरूपमा उपलब्ध गराउनु पर्ने र कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा दायित्व फरफारक गरेको देखिने यथेष्ट प्रमाण पेश गरेमा दर्ता खारेज गर्न सकिने जस्ता यसअघि कानुनले व्यवस्था नगरेका प्रावधान अव बन्ने औद्योगिक व्यवसाय ऐनमा राख्नु पर्ने हुन्छ ।

**ङ) औद्योगिक प्रवर्द्धन वोर्डको परिमार्जन र नियमन व्यवस्था :-**

औद्योगिक नीति, २०६७ ले व्यवस्था गरेका संगठनात्मक/संरचनात्मक सुधारका सन्दर्भमा औद्योगिक क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न तथा उद्योग क्षेत्रको समस्या समाधानार्थ समन्वयकारी र सहजीकरणका लागि विद्यमान औद्योगिक प्रवर्द्धन वोर्डमा वातावरण, वन तथा भूसंरक्षण, उर्जा, श्रम तथा रोजगार र भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिवहरु

निजी क्षेत्रका छाता संगठनका अध्यक्षहरु नयाँ ऐनमा थप गर्नु पर्ने देखिन्छ । औद्योगिक प्रवर्द्धन वोर्डको काम कर्तव्य र अधिकारमा यस अघि भएको व्यवस्थाका अतिरिक्त प्रचलित कानुनको अधिनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी स्विकृति दिने, प्रचलित कानुन बमोजिम स्थापित लगानी बोर्डलाई सुझाव तथा सिफारिश प्रस्तुत गर्ने, औद्योगिक लगानी तथा विदेशी लगानी वृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकतानुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गराउन सिफारिश गर्ने, उद्योगबाट उत्पादित वस्तु, वा सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्न निर्देशन दिने, एकिकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन नेपाल सरकारलाई आवश्यक सुझाव दिने, सार्वजनिक नीजि र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामन्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न मार्गदर्शन गर्ने । वोर्डका कुनै सदस्यको निजी सरोकार रहेको भएमा निर्णय प्रक्रियामा भाग लिन नसक्ने र वोर्डको गोपनियता कायम गर्नु पर्ने लगायतका समसामयिक विषय थपी औद्योगिक प्रवर्द्धन वोर्डको भूमिका लाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

**च) उद्योगलाई प्रदान गरिने सुविधा तथा सहुलियत :**

औद्योगिक व्यवसाय ऐन, २०४९ मा आयकर, विक्रीकर, अन्तःशुल्क, भंसार सम्बन्धी कानुनहरु एवम् अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योगले पाउने सुविधा तथा सहुलियतका बारेमा प्रत्याभूति गरिएको भएतापनि औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन २०५४, आयकर ऐन २०५८, आर्थिक ऐन एवम् केही नेपाल ऐन संशोधन गर्ने ऐनहरुबाट पटक पटक संशोधन भै शुरुमा औद्योगिक व्यवसाय ऐन २०४९ ले प्रदान गरेका सुविधा तथा सहुलियतहरुसमेत हरण गरिएकाले त्यस पछिका दिनहरुमा उद्योग स्थापना र सञ्चालनमा सहज एवम् प्रतिस्पर्धी वातावरण निर्माण हुन नसकेका कारण औद्योगिक उत्पादकत्व र रोजगारीका अवसहरुमा प्रतिकूल प्रभाव पर्दै गयो । यिनै विषयहरुलाई मध्यनजर गर्दै अब बन्ने नयाँ औद्योगिक व्यवसाय ऐनमा औद्योगिक नीति २०६७ मा भएको व्यवस्था अनुरुप आयकर, भन्सार महसुल, अन्तशुल्क तथा मूल्य अभिवृद्धिकरका सुविधा सहुलियत सम्बन्धी सूची र व्यवस्थामा हेरफेर वा थपघट गर्दा नयाँ औद्योगिक व्यवसाय ऐनले तोकेको अवधि सम्मका लागि विना अवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता प्रदान गरिनु पर्छ ।

यस्तो सुविधा/सहुलियत उपलब्ध गराउँदा उत्पादनमूलक उद्योग, राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग, अतिअविकसित, अविकसित र कम विकसितक्षेत्रमा स्थापित त्यस्ता उद्योग, सूचना, संचार प्रविधिमा आधारित उद्योग, बढि रोजगारी उपलब्ध गराउने उद्योग, श्रमिक कल्याणका कार्य, प्रदूषण नियन्त्रण र रोकथाम गर्ने, उर्जाखपत घटाउने, उद्योगको अनुसन्धान विकास - बजार प्रवर्द्धन तथा सर्वेक्षण, पुनः लगानीका उद्योग, बौद्धिक सम्पत्ति संरक्षण, नियति प्रवर्द्धन गर्ने, विशेष आर्थिक क्षेत्रमा स्थापित, विदेशी मुद्रा आर्जन गर्ने, अनुसन्धान तथा विकासमा सघाउ पुऱ्याउने तथा व्यवसायिक सामाजिक जिम्मेवारी वहनका आधारमा त्यस्ता उद्योगहरुलाई प्रोत्साहन स्वरुप थप सुविधा एवम् सहुलियत उपलब्ध गराउन सकिने कानुनी व्यवस्था हुनु वांछनिय हुन्छ ।

**छ) लघु उद्यमका लागि विशेष सुविधा एवम् सहुलियतः**

हाल सम्म औद्योगिक व्यवसाय ऐन २०४९ मा कतै पनि व्यवस्था नभएको तर औद्योगिक नीति २०६७ को व्यवस्था अनुरुप लगानी र प्रकृतिका आधारमा घर जग्गा बाहेक वढिमा दुई लाख

रूपैया सम्म स्थिर पूँजी लगानी हुने, उद्यमी स्वयम् व्यवस्थापनमा संलग्न रहेको, उद्यमीसमेत ९ जना सम्म कामदार रहेको वार्षिक आर्थिक कारोवार २० लाख रूपैया भन्दा कम रहेको र इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन क्षमता १० किलोबाट भन्दा कम भएको उद्यम लाई लघु उद्यम मानिने । कृषिजन्य, गैरकाष्ठ, वन तथा अन्य प्राकृतिक श्रोत एवम् परम्परागत सीपको उपयोग र लघु वित्त संस्थाहरू सँगको सम्पर्कको विकास तथा बजार सँगको सम्बन्ध विस्तार गरी गरिब तथा पिछडिएका वर्ग, द्वन्दपीडित समूहलाईसमेत लक्षित गरी लघु उद्यमलाई राष्ट्रिय स्तरमै विकास/विस्तार गरी अर्थपूर्ण स्वरोजगारी सिर्जना गर्ने । उपयुक्त प्रविधिको पहुँच तथा मूल्य श्रृंखला सम्बन्ध विकासको आधारमा लक्षित समूहका लघु उद्यमको स्तर वृद्धि गर्नसमेत यस्को विशेष संरक्षण, सम्वर्द्धन र विकासका लागि त्यस्ता लघु उद्यम व्यवसायबाट आर्जित आयमा आयकर नलाग्ने व्यवस्था गरिनु पर्दछ । त्यस्तै कुनै पनि लघु उद्यमबाट उत्पादित वस्तुमा मूल्य अभिवृद्धिकर तथा अन्तशुल्क नलाग्ने व्यवस्था हुनुपर्छ । लघु उद्यमीहरूलाई सहकारीमा आबद्ध गराई समूह धित्तोमा ऋण उपलब्ध गराउने लगायत कानुनी व्यवस्था गरिनुपर्छ ।

**ज) घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा तथा सहुलियत :**

परम्परागत सीप र प्रविधिमा आधारित, श्रममूलक र खाससीप वा स्थानीय कच्चापदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित, इन्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा दश किलोबाट सम्मको क्षमताको विद्यूतिय उर्जा प्रयोग गरेको तथा औद्योगिक नीति २०६७ को अनुसूची ६ मा उल्लेखित परम्परागत तथा अन्य घरेलु उद्योगहरूलाई लगानी र प्रकृतिका आधारमा अन्य उद्योग सरह नराखी भिन्नै व्यवस्था गर्नु पर्ने देखिन्छ । अन्य कानुनी व्यवस्थाका अतिरिक्त सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकर, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर सम्बन्धी विशेष छूटको व्यवस्था गर्ने । कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको यस्तो शुल्क निकासी परिमाणको आधारमा फिर्ता दिने । कोसेली घर वा निर्यात गृहमा विक्री गरेमा आयातित कच्चापदार्थमा लागेको मु.अ. कर र अन्तशुल्क निर्यात परिमाणका अधारमा फिर्ता दिने । यस्ता उद्योगले प्रयोग गर्ने मेशिन औजार उपकरण यन्त्र एवम् कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने व्यवस्था हुनु हुन्न । विपन्न वर्गका लागि वित्तिय पहुँच पुऱ्याउन विद्यमान वित्तिय संस्था ऐनमा आवश्यक संशोधन गरी वित्तिय संस्थाहरूलाई प्रोत्साहित गरिनु पर्छ ।

**झ) महिला उद्यमीहरूका लागि विशेष व्यवस्था :**

कानुनले छुट सुविधा वा सहुलियत दिएका कुराका अतिरिक्त महिलाहरु अझ बढी उद्योग व्यवसायमा संलग्न भई बढी से बढी रोजगारको अवसर प्रदान गर्न उद्योग व्यवसायको क्षेत्रमा अगाढि बढुन् भन्ने उद्देश्यले महिलाको आर्थिक शशक्तिकरणकालागि समावेशी अवधारणा अनुरूप औद्योगिक नीति २०६७ ले व्यवस्था गरे मुताविक प्रस्तावित नयाँ औद्योगिक व्यवसाय ऐनमा विशेष व्यवस्था गर्नु आवश्यक छ । जस अनुसार महिलाका नाममा मात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानुन बमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा विशेष छुट दिने । महिलाको नाममा मात्र दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गर्दा लाग्ने दस्तुरमा विशेष छुट दिने । औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहने महिला उद्यमीलाई स्थान उपलब्ध गराउन प्राथमिकता दिने । महिला उद्यमशीलता विकास कोषका माध्यमबाट

त्यस्का प्रवर्द्धन, विकास, सञ्चालन तथा व्यवस्थापनमा विशेष सुविधा दिइने जस्ता विषयहरु कानुन बाटै स्पष्ट गरिनु पर्दछ ।

**ञ) एकल बिन्दू सेवा केन्द्र सम्बन्धी व्यवस्था :**

ऐनअन्तर्गत उद्योगले पाउने सुविधा एवम् सहुलियत एकै थलोबाट समय मै उपलब्ध गराउने उद्देश्यले औद्योगिक व्यवसाय ऐन २०४९ ले एकद्वार समितिको व्यवस्था गरेको भएतापनि उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा गठित समितिमा समान स्तरका अन्य विभागका महानिर्देकहरु सो बैठकमा उपस्थिती नभई प्रतिनिधीमूलक मात्र उपस्थिती हुने, सो समितिले गरेको कतिपय निर्णय कार्यान्वयन हुन नसकेको अवस्थालाई ध्यानमा राखी कानुन द्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै विना झन्झाट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन औद्योगिक निति २०६७ को व्यवस्था अनुरुप एकल बिन्दु सेवा केन्द्रको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था कानुनबाटै गर्न आवश्यक छ । सो केन्द्रको स्थापना उद्योग विभागमा वा छुट्टै रहन सक्ने भएतापनि केन्द्रको कार्य प्रभावकारी ढंगबाट सम्न्वय गर्ने प्रयोजनका लागि उद्योग सचिवको संयोजकत्वमा विभिन्न मन्त्रालय तथा विभागका उच्च पदाधिकारी एवम् नीजि क्षेत्र छाता संगठनका अध्यक्षहरुसमेत रहने उच्चस्तरिय निर्देशक समितिको व्यवस्था तथा निर्देशक समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था पनि नयाँ बन्ने औद्योगिक व्यवसाय ऐनमा समावेश गर्न सकिन्छ ।

**ट) व्यवसायिक सामाजिक जिम्मेवारी :**

हाल सम्म कानुनमा व्यवस्था नभएको विशेष गरी उद्योग प्रभावित क्षेत्रमा लघु उद्यमी तथा साना किसान, यूवा रोजगारमूलक कार्यक्रम, छात्रवृत्ति तथा शैक्षिक कार्यक्रम सञ्चालन, वातावरण संरक्षण, पुस्तकालय, अस्पताल करागारका कैदी, वालमन्दिर, क्लब, वृद्ध आश्रम आदिमा सहयोग गर्नु पर्ने जिम्मेवारी उद्योगको रहन्छ । जस्लाई संवोधन गर्न जुनसुकै मझौला वा ठूला उद्योगहरु अथवा वार्षिक कारोवार १५ करोड भन्दा बढी हुने कुनै पनि घरेलु तथा साना उद्योग वा वार्षिक मुनाफा रू. १ करोड भन्दा बढी आर्जन गर्ने कुनै पनि उद्योगले वार्षिक कारोवारको कम्तिमा १ प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रायोजनार्थ वार्षिक योजना तथा कार्यक्रमका आधारमा खर्च गर्नु पर्ने वाध्यात्मक व्यवस्था अब बन्ने नयाँ औद्योगिक व्यवसाय ऐनमा समावेश गर्नु पर्छ ।

**ठ) रूग्ण उद्योग सम्बन्धी व्यवस्था :**

औद्योगिक व्यवसाय ऐन २०४८ को प्रथम संशोधन द्वारा २०५४ सालमा रूग्ण उद्योग सम्बन्धी व्यवस्था भएको पाइन्छ । सो कानुनी व्यवस्था अनुसार लगातार पाँच वर्ष देखि घाटामा सञ्चालन भई कूल उत्पादन क्षमताको बीस प्रतिशत वा सो भन्दा कम उत्पादन गर्ने उद्योगलाई नेपाल सरकारले उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रूग्ण उद्योग घोषणा गर्न सक्ने र त्यस्तो उद्योग विस्तार तथा विविधिकरण गर्नको लागि आयात गरिने मेसिनरीमा कुनै महसुल, शुल्क तथा कर नलाग्ने व्यवस्था गरेको पाइन्छ । यस व्यवस्थाबाट मात्र रूग्ण उद्योगका हकमा पर्याप्त र समसामयिक नभएको सन्दर्भमा रूग्ण उद्योग सम्बन्धी उच्च स्तरीय आयोगहरु समेतले दिएको सुझाव समेतलाई आधार मान्दै रूग्णताको पहिचान, रूग्णताको वर्गिकरण, रूग्ण उद्योगहरूलाई दिने वित्तिय तथा गैरवित्तिय सुविधा तथा सहुलियत, यस्को पुनरूत्थान पुनर्निर्माण तथा व्यवस्थापनका लागि आवश्यक अध्ययन एवम् छानविन गरी

नेपाल सरकार समक्ष सिफारिस पेश गरी कार्यान्वयन गर्दै लैजान तोकिए बमोजिमको एक स्थायी संयन्त्रको स्थापना आदि गर्नका लागि पनि नयाँ बन्ने औद्योगिक व्यवसाय ऐनमा व्यवस्था हुनु जरूरी छ ।

**ड) उद्योग विकास कोष सम्बन्धी व्यवस्था :**

औद्योगिक व्यवसाय ऐन २०४९ ले छुट्टै कोषहरु खडा गर्ने व्यवस्था नगरेको अवस्थामा औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि अन्य कानुनले दिएको अधिकार प्रयोग गरी सरकारले हाल सम्म घरेलु तथा साना उद्योग विकास कोष, प्रविधि विकास कोष र महिला उद्यमशिलता विकास कोषहरूको व्यवस्था कार्यविधि तथा निर्देशिका बमोजिम गरेको पाइन्छ । कार्यविधि तथा निर्देशिकाबाट सञ्चालित कोषहरूको व्यवस्थापन गर्न जटिल भै रहेको अवस्थालाई सरलीकृत गर्न नयाँ बन्ने औद्योगिक व्यवसाय ऐन मै निजी तथा सहकारीक्षेत्र समेतको सहभागितामा उक्त कोषहरूका अतिरिक्त जोखिम पूँजी (Venture Capital) कोष, औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष, रूग्ण उद्योग पुनर्स्थापना कोष, लघु उद्यम विकास कोषसमेतको व्यवस्था गर्नु आवश्यक छ ।

**ढ) संस्थागत व्यवस्थामा सुधार :**

औद्योगिक नीति २०६७ मा व्यवस्था भएका माथी उल्लेख भए बाहेकका अन्य कतिपय संस्थागत सुधार कानुनबाटै गर्नुपर्ने देखिएका छन् । १० अरव रू. तथा ५०० मेगाबाट भन्दा माथीको लगानीलाई लक्षित गरी भिन्नै लगानी बोर्ड ऐन २०६८ आएको भएतापनि अन्ततः त्यस्ता उद्योगको दर्ता तथा व्यवस्थापन उद्योग विभागबाटै भै रहेको अवस्था र लगानी बोर्डमा उद्योग सचिवकै प्रतिनिधित्व व्यवस्था नगरिएको सन्दर्भमा उक्त ऐनमा संशोधन वा नयाँ बन्ने औद्योगिक व्यवसाय ऐन मै कतै भिन्नै व्यवस्था हुनु पर्ने हो कि? औद्योगिक जनशक्ति विकासका भिन्नै प्रतिष्ठानको स्थापना, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरणको स्तरोन्नति, राष्ट्रिय उत्पादकत्व परिषद्को सुदृढीकरण, उद्योग विभागको संरचनागत सुधार, नेपाल गुणस्तर तथा नापतौल विभागको स्तरउन्नति, बौद्धिक सम्पत्ति संरक्षण कार्यालय वा प्राधिकरण स्थापना, कम्पनी रजिष्ट्रारको कार्यालयलाई व्यवस्थित र सुदृढ बनाउन र खानी तथा भू-गर्भ विभागको प्रभावकारिता अधिवृद्धि आदि कतिपय संस्थागत सुधारका लागि पनि नयाँ बन्ने औद्योगिक व्यवसाय ऐनमा स्थान रहनु आवश्यक छ ।

**ण) अन्य व्यवस्था :**

औद्योगिक व्यवसाय ऐन २०४९ मा व्यवस्था नभएका, भएर पनि अपर्याप्त भएका तथा औद्योगिक नीति २०६७ ले संवोधन गरेका र नगरेकासमेत कानुनी रूप दिनु पर्ने कतिपय विषयहरु छन् जसलाई नयाँ ऐनमा समावेश गर्नुपर्छ । लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनको कामलाई स्थानीय स्तरमा प्रभावकारी बनाउन जिल्ला विकास समितिका सभापतिको संयोजकत्वमा जिल्ला स्तरमा जिल्ला उद्योग प्रवर्द्धन समितको गठन आवश्यक छ । राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका लागि जग्गा खरिदमा सहयोग गर्ने, लिज मा जग्गा उपलब्ध गराउने तथा अन्य उद्योग समेतलाई जग्गाको हदबन्दीमा छुट दिन सकिने व्यवस्था थप गर्न सकिन्छ । प्रचलित कानुन बमोजिम स्थापना भएका उद्योगलाई सुरक्षाका लागि औद्योगिक सुरक्षावल स्थापना गर्ने तथा उद्योगलाई आवश्यकता अनुसार तोकिए बमोजिम सुरक्षा प्रदान गरिने कुराको प्रत्याभूति कानुन मै हुनुपर्छ । उद्योगले प्रयोग गर्ने बौद्धिक सम्पत्ति तथा उद्योगमा

लगानी हुने विदेशी लगानी सम्बन्धी प्रचलित कानुनमा समसामयिक सुधार आवश्यक छ । कानुन बमोजिम दर्ता भएका कुनै उद्यम वा उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (Contract Manufacturing) वा उपकरार (Subcontract Manufacturing) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्ता उद्यम वा उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको सुविधा, सहुलियत र छुट उपलब्ध गराउने व्यहोरा नयाँ कानुनमा उल्लेख हुनु जरूरी छ । कानुन बमोजिम दर्ता, अनुमति वा स्विकृती नलिई उद्योग स्थापना गरेमा, दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा वा ऐनका कुरा उल्लंघन गर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायले आवश्यक छानविन गरी सिफारिस सहित कारवाहीका लागि उद्योग मन्त्रालयमा पेश गर्नु पर्ने र विद्यमान सजाय सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरी अद्यावधिक गरिनुपर्ने देखिन्छ । यस बाहेक विद्यमान कानुनमा भएको व्यवस्थामा व्यापक सुधार गरी पर्याप्त मात्रामा अधिकार प्रत्यायोजनको व्यवस्था र समयानुकूल अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने अधिकार भने नेपाल सरकारमा सुरक्षित रहनु राम्रो हुन्छ ।

**त) उपसंहार :**

मुलुकको आर्थिक विकासको दिगो र भएको आधारस्तम्भका रूपमा रहेको औद्योगिक विकासका माध्यमबाट कृषि क्षेत्रमा रहेको निर्भरता लाई कम गर्दै स्थानीय श्रोत र साधनको अधिकतम परिचालनद्वारा गरिबीलाई कम गर्नुछ । उद्योग विकासको लगभग आठ दशकको प्रयासका वावजूद थोर बहुत उपलब्धि भएता पनि अपेक्षाकृत सुधार हुन नसकेको यथार्थतालाई मनन गर्दै विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सिर्जना गरेको प्रतिस्पर्धात्मक वातावरण अनुकूल हुने गरी चार बर्ष अघि सुधारका लागि ल्याइएको औद्योगिक नीति २०६७ ले परिलक्षित गरेका कतिपय विषयहरूलाई संवोधन गर्न औद्योगिक व्यवसाय सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न नयाँ औद्योगिक व्यवसाय ऐन जतिसक्दो छिटो ल्याउनु अत्यावश्यक भई सकेको छ ।

**सन्दर्भ सामग्री**


१. **त्रिवर्षिय योजना** (२०६७ । ०६८ -२०६९ । ०७०) **नेपाल सरकार, रायोआ, असार, २०६८**

२. **तेह्रो योजना आधारपत्र** (२०७० । ०७१ - २०७२ । ०७३) **नेपाल सरकार, रायोआ, आषाढ, २०७०**

३. **औद्योगिक नीति - २०६७, नेपाल सरकार उद्योग मन्त्रालय, बैशाख, २०६७**

४. **औद्योगिक व्यवसाय ऐन - २०४९**

५. **आर्थिक सर्वेक्षण - आ.व. २०६९ । ०७०, नेपाल सरकार, अर्थमन्त्रालय, सिंहदरवार, काठमाडौं ।**

# विकास प्रशासन: अवधारणा, चुनौती र सम्भावना

✍ बलसागर गिरी

> "Development Administration is an action-oriented and goal-oriented administration System"
> – *Edward Weidner*

**विकास प्रशासनको अवधारणा**

विकास प्रशासनको वारेमा चर्चा गर्नु अघि **"विकास"** भनेको के हो ? भनेर बुझ्नु सान्दर्भिक देखिन्छ । **"विकास"** को अवधारणाका सम्बन्धमा विद्वानहरु बीच मतैक्यता छैन । के कति र कस्तो उपलब्धि वा प्रगति भएपछि विकास भएको मान्ने भनेर भन्न कठीन छ । किनकि यो निरन्तर चलिरहने प्रकृया हो र यसको सम्बन्ध आवश्यकतासँग छ ।

शाब्दिक अर्थमा विकास भन्नाले उन्नति, प्रगति र परिवर्तन भन्ने बुझिन्छ । विकास इच्छित दिशातर्फ उन्मुख निरन्तर चलीरहने परिवर्तनको प्रकृया र वृद्धि हो । बहुआयामिक, बहुउद्देश्यीय, गतिशील एवम् सकारात्मक परिवर्तनको निरन्तर प्रकृया हो विकास । विकास मानिसको हित, कल्याण र समुन्नतिको लागि गरिने गुणात्मक एवम् परिमाणात्मक सुधारको कार्य हो । विकास प्रयासबाट मानवीय जीवनको स्तर उकास्नु र उनीहरूलाई सन्तुष्ट पार्नु नै विकासको लक्ष्य रहेको हुन्छ ।

विकास प्रशासनको अवधारणा कसरी विकसित भयो भनेर चर्चा गर्दा यसको उत्पत्तिका पछाडिका तथ्यहरूलाईसमेत हेर्नुपर्ने हुन्छ । विकास प्रशासनको उत्पत्तिका पछाडिका तथ्यहरूलाई दृष्टिगत गर्ने हो भने यसको सम्बन्ध तुलनात्मक सार्वजनिक प्रशासनसँग गाँसिएको देखिन्छ । तुलनात्मक सार्वजनिक प्रशासन सार्वजनिक प्रशासनको एक अभिन्न अङ्ग मानिन्छ । सन् १९८७ मा Woodrow Wilson को प्रख्यात निबन्ध "The Study of Administration" प्रकाशित भएपछि सार्वजनिक प्रशासन एक व्यवस्थित अध्ययन विधाको रूपमा आएको पाईन्छ । Wilson ले सार्वजनिक प्रशासनको तुलनात्मक प्रकृति भएकाले प्रशासनको तुलनात्मक अध्ययनको आवश्यकतालाई विशेष जोड दिएका थिए । सन् १९४७ मा Robert Dahl ले "The Science of Public Administration" लेख मार्फत तुलनात्मक सार्वजनिक प्रशासनको क्षेत्रमा अध्ययन, अनुसन्धान हुनुपर्ने तथ्यमा जोड दिएको पाइन्छ । यीनका अनुसार Science of Public Administration का लागि प्रशासनको तुलनात्मक अध्ययन जरूरी हुन्छ ।

सन १९५२ मा अमेरिकाको Princeton विश्वविद्यालयलमा सम्पन्न Comparative Public Administration को सम्मेलनले यस क्षेत्रमा व्यवस्थित अध्ययन, अनुसन्धानको आधारहरूको पहिचान गऱ्यो । यसै सम्मेलनलाई विकास प्रशासनको बौद्धिक आधारशीलाको रूपमा लिईन्छ । दोश्रो विश्वयुद्ध पछि मूलतः निम्न कारणले गर्दा तुलनात्मक सार्वजनिक प्रशासनको व्यवस्थित अध्ययनको शुरूवात भयो ।

- व्यवहारिक विज्ञान आन्दोलन (Behavioural Science Movement) – (१९३०-४०)
- दोश्रो विश्वयुद्ध पछि नयाँ राष्ट्रको उदय,
- केबल अमेरिकी अनुभव सबै देशमा प्रशासनको मुख्य आधार हुन नसक्ने प्रति विद्वानहरूको असन्तुष्टी,
- प्राविधिक सहयोग कार्यक्रम

---

✍ उपसचिव (कानुन), उद्योग मन्त्रालय

यी कारणहरु विकास प्रशासनको उत्पत्ति पछाडिका लुकेका कारक तत्वहरु हुन् ।

सन १९६३ मा Comparative Administration Group (CAG) को गठन भयो । यसै संस्थाले निम्न तिन क्षेत्रमा आफ्नो गतिविधि केन्द्रित गर्‍यो ।

(क) अध्यापन कार्य,

(ख) अनुसन्धान कार्य,

(ग) विकास प्रशासनको अध्ययन ।

यसरी CAG ले प्रशासन क्षेत्रमा अध्ययन, अनुसन्धान, सम्मेलन र गोष्ठिका माध्यमबाट विकास प्रशासनको अवधारणाको उत्पत्तिमा सहयोग पुर्‍यायो ।

सन १९६० मा आएर Comparative Public Administration को Focus निम्न दुई सरोकारहरु (concern) मा भएको देखिन्छः

## १. प्रशासनका विभिन्न सिद्दान्तको निर्माण तथा विश्लेषण

यस अन्तरगत प्रशासनका विभिन्न सिद्धान्तहरूको विकासमा जोड दिएको पाइन्छ । जसमा मूलतः निम्न दुई प्रकारका सिद्धान्तहरु प्रमुख छन ।

(क) Middle Range Theory:

यस सिद्धान्तले प्रशासनिक व्यवस्थाका केही विशेष लक्षणहरूलाई समेटेको छ । जस्तै- Weber को Bureaucracy.

(ख) General System Theory:

यस सिद्धान्तले प्रशासकीय व्यवस्थाको सम्पूर्ण सामाजिक परिवेशको सन्दर्भमा अध्ययन हुनुपर्दछ भन्ने तथ्यलाई जोड दिएको देखिन्छ । जस्तै- Riggs को Theory of Prismatic Society.

## २. विकास प्रशासनको अवधारणाको शुरूवात

दोस्रो Concern विकास प्रशासनलाई लिईन्छ । विकास प्रशासनको सम्बन्ध दोस्रो विश्वयुद्धपछिको तुलनात्मक सार्वजनिक प्रशासनको उत्पत्तिसँग गाँसिएको छ । विकास प्रशासनको अवधारणाको उत्पत्तिको सन्दर्भमा विशेषत अमेरिकी विशेषज्ञहरूको प्रयास उल्लेखनीय मानिन्छ । CAG को एक विशेष समितिका अनुसार विकास प्रशासनको उत्पत्तिका कारणहरूमा विकासोन्मुख देशहरूमा रहेका प्रशासनिक विधि, ज्ञान एवम् सिद्धान्तहरू, राष्ट्रिय योजना तथा विकास कार्यक्रम उन्मुख क्रियाकलापहरूलाई अगाडि बढाउन अपर्याप्त रहनु र विकासोन्मुख देशमा जाने प्राविधिक सहयोग कार्यक्रमसमेत रहेका छन । तसर्थ यस सम्बन्धमा त्यस्ता देशका प्रशासनिक व्यवस्थालाई Re-orient गर्नुपर्ने तथ्यलाई जोड दिएबाट पनि विकास प्रशासनको उत्पत्तिलाई सहयोग गरेको पाईन्छ ।

## विकास प्रशासन भनेको के हो ?

विकास प्रशासन सार्वजनिक प्रशासनको एक अङ्ग हो । परम्परागत प्रशासनबाट व्यापक र विकासमूलक भूमिकाको खोज भएपछि विकास प्रशासनको जन्म भएको हो । प्रशासनले लक्ष्योन्मुख अभिमुखीकरण लिन थालेपछि परम्परागत प्रशासनले विकास प्रशासनको स्वरूप धारण गरेको हो ।

राष्ट्रको विकास प्रयासलाई ठोस गति र दिशा प्रदान गर्ने प्रशासनिक परिपाटीको खोजको परिणाम नै विकास प्रशासन हो ।

- विकास योजना, नीति, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने र यी सबैका लागि उपयुक्त हुने प्रशासनिक परिपाटीको व्यवस्था गरी तिनको क्षमतामा अभिवृद्धि गर्ने प्रशासन नै विकास प्रशासन हो ।
- योजनाबद्ध विकास प्रक्रियासँग सम्बन्धित हुन्छ ।
- Bottom-up Planning लाई अँगाल्ने प्रशासन हो ।
- विकास प्रशासनको मुख्य लक्ष्य नै विकासको व्यवस्थापन हो ।
- विकास प्रशासनलाई विकेन्द्रिकरणको आधार पनि भनिएको छ ।
- विकास प्रशासनको सफल कार्यन्वयनको लागि राजनैतिका प्रतिबद्धता र प्रशासनिक कटिबद्धता अपेक्षित हुन्छ ।

विकास प्रशासनले Plan, Policy, Programme and Project (4 p's) को निर्माण, कार्यान्वयन तथा अनुगमन तथा मुल्याङ्कनसँग सम्बन्ध राख्दछ ।

**विकास प्रशासनका सिद्धान्तहरु (Principles of Development Administration)**

विकास प्रशासन नवीनतम् प्रशासनिक अवधारणा हो । विकासका मान्यता जस्तै यो पनि एउटा मान्यता हो । यसको छुट्टै सिद्धान्त छैन, तथापि यसका लक्षण एवम् विशेषताबाट यसलाई निम्न दुई विषयमा राखेर यसका Principles का वारेमा हेर्न सकिन्छ ।

**१. विकासको प्रशासन (Administration of Development)**

- विकास आयोजनाको उद्देश्य, कार्यक्रम र कार्यनीतिका बीच सामञ्जस्यता कायम गर्ने,
- उद्देश्यमूलक विकास योजना प्रक्रिया अवलम्वन गर्ने,
- विकाससम्बन्धी नीति निर्माण, कार्यन्वयन, अनुगमन तथा मुल्याङ्कनबीच सामञ्जस्यता कायम गर्ने,
- परिवर्तनमुखी, परिणाममुखी र जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने,
- आयोजना पद्दतिद्वारा विकास निर्माणमा प्रभावकारिता ल्याउने ।

**२. प्रशासनको विकास (Development of administration)**

- नतिजामुखी कर्मचारी नीतिको निर्माण,
- सहभागितामूलक प्रशासनिक व्यवस्था,
- उत्प्रेरक र प्रतिबद्ध कर्मचारीतन्त्र,
- प्रशासनमा निरन्तर सुधार,
- कर्मचारीतन्त्रले नयाँ सोच अनुकुल कार्य गर्न सक्ने बनाउने,
- कर्मचारीतन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

**विकास प्रशासनका विशेषताहरू**

विकास प्रशासनका विशेषता नै यसका पहिचान र सैद्धान्तिक अवधारणा हुन् । विकास प्रशासनले विभिन्न विकास गतिविधिहरूको सञ्चालन तथा प्रशासनिक क्षमताको सुदृढीकरणका माध्यमबाट कुनै पनि देशको

सामाजिक-आर्थिक परिवर्तनका साथै राष्ट्रनिर्माणमासमेत सकारात्मक योगदान पुऱ्याउने उद्देश्य राखेको हुन्छ । विकास प्रशासनका विशेषताहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

**(क) परिवर्तनमुखी (Change Oriented):**

- प्रशासक स्वयम्को क्रियाकलापमा परिवर्तन ।
- नागरिकहरूको मूल्य मान्यतामा परिवर्तन ।
- प्रगति र उन्नतिका लागि परिवर्तन ।

**(ख) परिणाममुखी (Result Oriented):**

- निश्चित समय सीमाभित्र निश्चित परिवर्तन ल्याउने लक्ष्य निर्धारण ।
- उद्देश्यमुखी प्रशासन ब्यबस्थाको विकास ।

**(ग) कटिबद्दता (Commitment):**

- सामाजिक-आर्थिक परिवर्तन प्रति ।
- समयबद्ध कार्यक्रमहरु प्रति ।
- लक्ष्य प्राप्ति प्रति ।

**(घ) ग्राहकमुखी (Client Oriented):**

- लक्षित समूहका आवश्यकता पूर्तिमा जोड दिने ।
- जनतालाई विकास कार्यमा सहभागी गराउने ।
- नागरिकलाई Active Receivers of Benefits का रूपमा लिने ।

**(ङ) समय पाबन्दी (Time Bound):**

- छोटो तोकिएको समयमा नै लक्ष्य प्राप्तिमा जोड दिने ।
- समस्या समाधानमा Proactive हुने ।

**(च) जनसहभागितामा जोड दिन्छ ।**

**(छ) Creativity and Innovation मा जोड दिन्छ ।**

**(ज) Responsiveness मा जोड दिन्छ ।**

**(झ) राष्ट्रिय आयको समान वितरणमा जोड दिन्छ ।**

**(ञ) प्रशासनिक व्यवसायिकतामा जोड दिन्छ ।**

**(ट) प्रशासन सुधारको निरन्तरतामा जोड दिन्छ ।**

George Gant का अनुसार विकास प्रशासनका विशेषताहरु निम्न अनुसार छन् ।

- Purposes - Social Progress
- Loyalties - Accountable to people
- Attitude - Positive, Persuasive and Innovative

**विकास प्रशासनका उद्देश्यहरू**

विकास प्रशासनको उद्देश्य सामाजिक-आर्थिक परिवर्तनका लागि राज्य इच्छाको सक्रितापूर्वक कार्यान्वयन गर्नु हो ।

राष्ट्रको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक विकासका उद्देश्य पूरा गर्नु गराउनु नै विकास प्रशासनको लक्ष्य हो ।

यसका साथै विकासोन्मुख देशको सन्दर्भमासमेत हेर्दा विकास प्रशासनका अन्य उद्देश्यहरु यस प्रकार उल्लेख गर्न सकिन्छ -

- ❖ योजनाबद्ध विकास प्रयासमा जोड दिनु ।
- ❖ लक्ष्य उन्मुख प्रशासनिक परिपाटी ।
- ❖ जनमुखी विकास प्रकृया ।
- ❖ सामाजिक आर्थिक न्यायको स्थापना ।
- ❖ प्रशासनमा व्यावसायिकताको विकास गर्नु ।
- ❖ जनसहभागिता बढाउने ।
- ❖ प्रशासनिक प्रतिबद्धता ।
- ❖ प्रशासनमा समसामयिक सुधार ।
- ❖ दिगो विकासमा जोड ।
- ❖ आफ्नो देश अनुकूलको विकासको पूर्वाधार र संरचना तयार गर्ने कार्यमा जोड दिनु ।

**विकास प्रशासनका कार्यहरू**

नेपाल जस्तो भौगोलिक परिवेश भएको, आर्थिक विकासका आवश्यकता भएका तथा पर्याप्त संभावनासमेत रहेको देशमा सामान्यतया विकास प्रशासनले निम्न कार्यहरु गर्नुपर्दछ ।

- ➢ विकासका लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताको निर्धारण गर्ने ।
- ➢ विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु ।
- ➢ कार्यक्रमको अनुगमन र नतिजाको मूल्याङ्कन गर्नु र यसका लागि उपयुक्त प्रशासकीय संरचना र कार्यविधि तयार गर्नु ।
- ➢ विकासका लागि जनसहभागिता प्रवर्द्धन गर्ने र नागरिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने ।
- ➢ सामाजिक–आर्थिक विकासका आधारशीलाको निर्माण गर्ने ।
- ➢ शासकीय क्षमतामा सुधार गर्ने ।
- ➢ लक्ष्यको मूल्याङ्कन गर्नु ।

**विकास प्रशासन र सार्वजनिक प्रशासनमा भिन्नता**

विकास प्रशासन सार्वजनिक प्रशासनकै एक अङ्ग भएकाले सामान्यतया विकास प्रशासन र सार्वजनिक प्रशासनका बीचमा श्पष्ट भिन्नता देखाउन कठीन छ । दुबै प्रशासनको संगठन संरचना, कर्मचारी व्यबस्था, प्रशासनिक विधि, ऐन नियम लगायत प्रशासन सञ्चालनका लागि चाहिने आधारभुत कुराहरूमा

समानता नै पाइन्छ । तथापि विकास प्रशासन सार्वजनिक प्रशासनको सुधारिएको रूप भएकाले यी दुईका बीचमा केही भिन्नतासमेत पाइन्छ । जुन निम्नानुसार छन् ।

| सार्वजनिक प्रशासन | विकास प्रशासन |
|---|---|
| १. व्यापक कार्यक्षेत्र | १. विकास निर्माणसँग सम्बन्धित |
| २. संरचनामुखी | २. छरितो संरचना |
| ३. देशको समग्र नीति निर्देशनमा जोड | ३. विकासका उद्देश्य र नीतिलाई जोड |
| ४. Status-quo (oriented) | ४. Change oriented |
| ५. Routine work | ५. Innovation मा जोड |
| ६. प्रकृयामुखी कार्यप्रणाली | ६. परिणाममुखी कार्यप्रणाली |
| ७. पदमुखी निर्णय प्रकृया | ७. सहभागितामूलक निर्णय प्रक्रिया |
| ८. Generalist बाट संचालीत | ८. Specialist बाट सञ्चालित |
| ९. Vertical र केन्द्रिकृत संरचना | ९. Flat र विकेन्द्रित संरचना |
| १०. परम्परागत अवधारणा हो | १०. नवीन अवधारणा हो |
| ११. अड्डातन्त्रमा आधारित र कठोर | ११. लचिलो नियम कानुन र गतिशील |
| १२. सेवामुखी | १२ सेवामुखीको साथसाथै विकासमुखी |
| १३. केन्द्रमुखी | १३. जनमुखी उत्तरदायित्व |
| १४. कम जनसहभागिता | १४. बढी जनसहभागिता जोड |
| १५. आन्तरिक श्रोतमा जोड | १५. आन्तरिक र वाह्य श्रोतबाट सञ्चालित |
| १६. शान्तिसुरक्षा, राजस्व संकलन जस्तो परम्परागत काम गर्दछ | १६. योजना, आयोजना जस्ता विकासात्मक काम गर्दछ |
| १७. निपूणता र मितव्ययितामा जोड दिने | १७. लक्ष्य प्राप्तिमा जोड दिने |
| १८. कम फैलाबट | १८. Outward हुन्छ |
| १९. समय पाबन्दी हुँदैन | १९. समय पाबन्दी हुन्छ |
| २०. शासकप्रति बफादार, यथास्थितीवादी जोखिम नलिने प्रशासकहरु | २०. जनताप्रति उत्तरदायी, उद्यमशील, Innovative, change agent, Motivator प्रशासकहरु |

## विकास प्रशासकमा हुन पर्ने गुणहरू

विकास प्रशासनले प्रशासनको परम्परागत मानसिकतामासमेत परिवर्तन गर्नुपर्ने कुरामा जोड दिन्छ । विकास प्रशासक एक कुशल व्यवस्थापकका साथै देशको विकास गतिविधि एवम् परिवर्तनको संवाहक पनि भएकाले सामान्यतया विकास प्रशासकमा निम्न गुणहरु आवश्यक देखिन्छ ।

- परिवर्तनमुखी सोच, परिणाममुखी दृष्टिकोण, ग्राहकमुखी लक्ष्य भएको,
- नीति कार्यान्वयन र विश्लेषण गर्न सक्ने,
- विषयवस्तुको पर्याप्त ज्ञान भएको,
- नेतृत्व लिन सक्ने र द्वन्द समाधान गर्न सक्ने,
- योजनाबद्ध विकासको मान्यता राख्ने,

- ❖ वार्ता र सम्झौता गर्न सक्ने सीप भएको,
- ❖ उचित सल्लाह र सुझाव दिन र लिन सक्ने,
- ❖ समन्वय, नियन्त्रण र संचार सीप भएको,
- ❖ उत्प्रेरणा कुशलता भएको,
- ❖ कार्य चाप बहन गर्न सक्ने र जोखिम लिन सक्ने,
- ❖ इमान्दार र नैतिकवान,
- ❖ समयप्रति सचेत,
- ❖ कामलाई प्राथमकिता दिने,
- ❖ निर्णय गर्ने क्षमता भएको,
- ❖ अख्तियार र कर्तव्यबोध भएको
- ❖ तालीम प्राप्त,
- ❖ नैतिक गुणवान,
- ❖ सुजनशिल स्वभाव,
- ❖ सकारात्मक दृष्टिकोण भएको ।

**विकास प्रशासनका चुनौतिहरू**

सामान्यतया जुन उद्देश्य र परिवेशमा विकास प्रशासनका अवधारणाको विकास भएको थियो सो अनुसार विकास प्रशासन प्रभावकारी हुन सकेन । समाजमा माथिल्लो वर्गले धेरै शक्ति (Power) लिएको छ । स्रोत साधन पनि उनिहरु मै सीमित छ । जबसम्म Society को Power structure change हुँदैन त्यस्तो Society मा विकास सम्भव हुँदैन । विकासोन्मुख देशमा भएको विकास प्रशासनको कार्यान्वयनको अवस्थालाई हेर्दा विकास प्रशासनले निम्नानुसारका चुनौतिको सामना गर्नु परेको देखिन्छ ।

**(क) सैद्धान्तिक तथा अवधारणागत चुनौतिहरू**

- ➢ राजनैतिक प्रतिबद्धता र प्रशासनिक कटिबद्धता प्राप्त गर्न सकेन ।
- ➢ विकास प्रशासनको अवधारणाले हाम्रो जस्तो देशको परिवेश र वास्तविकतासँग मेल खाएनन ।
- ➢ अती महत्वाकांक्षी उद्देश्य राखिएकोले कतिपय उद्देश्य पूरा गर्न सकिएन ।
- ➢ प्रशासन परम्परागत स्वरूपबाट अलग हुन सकेन ।
- ➢ Change, Client र Action Oriented भएन ।
- ➢ Participative / Responsive भएन ।
- ➢ केन्द्रमुखी भयो । Bottom-up Approach लागू हुन सकेन ।
- ➢ निम्न कारणले विकास प्रशासनको अवधारणालाई चुनौति दिए ।
- ➢ विश्वव्यापिकरण र उदारीकरणको प्रभाव ।
- ➢ सरकारको भूमिकामा पुनर्परिभाषा । विकास प्रशासनको अवधारणाले सरकारको भूमिका बढाउने कुरामा जोड दिन्छ तर वर्तमान समयमा सरकारको भूमिका कम हुनुपर्ने मान्यता राखिन्छ ।
- ➢ राजनैतिक र प्रशासनको स्पष्ट कार्यक्षेत्र निर्धारण हुन सकेन ।

- विकेन्द्रिकरणको सर्वस्वीकार्य मान्यता आयो ।
- Globalization ले Borderless भन्छ तर Development Administration ले Nation Building भन्छ।
- सरकार र Bureaucracy को Role बढाउन खोज्दछ, जुन वर्तमान परिवेशमा ठीक छैन ।
- NPM को प्रभाव बढ्यो जसले व्यवस्थापनवादको मान्यतालाई स्थापित गरायो । त्यसैले विकास प्रशासनले अब आफ्नो भूमिका र कार्यशैलीलाई पुनर्बोध गर्नुपर्ने आवश्यकता देखियो ।

**(ख) व्यवहारगत चुनौतिहरु**

- राजनैतिक अस्थिरताका कारण विकास प्रशासनले सही गती लिन सकेन ।
- नयाँ प्रविधिको प्रयोग ।
- विकास प्रशासनले समान वितरणमा जोड दिन्छ । Equity कायम गर्न गाह्रो छ ।
- प्रशासकहरूमा कार्य संस्कृतिको विकासको अभाव छ ।
- प्रशासनिक नेतृत्व प्रभावकारी भएन ।
- अनेक अवरोधका कारण प्रशासनलाई बलीयो बनाउन सकिएन ।
- विकासमा अपेक्षित प्रतिफल देखिएन ।
- Supply Led / Centralised Program आए ।
- भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण गर्न कठिनाइ ।
- Change resistance को अवस्था छ ।
- Rational Planning हुन सकेन ।
- Development Orientted अनुभवी प्रशासकहरूको कमी ।
- भ्रष्टाचार बढ्दो छ ।
- वैदेशिक हस्तक्षेप बढीरहेको छ ।
- दिगो आर्थिक विकास हासिल गर्न विषम स्थिति छ ।
- वातावरणीय ह्रास छ ।
- सीमित स्रोत साधन छ ।
- सांस्कृतिक सम्पदाहरु अतिक्रमित भए ।
- दिगो विकासलाई केवल वातावरणीय पक्षबाट मात्र बुझियो ।

**विकास प्रशासनको आलोचना (Critism) के छन् त ?**

विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको माध्यमबाट देशको सामाजिक आर्थिक विकासका साथै राष्ट्र निर्माणमासमेत योगदान पुऱ्याउने पवित्र उद्देश्य राखेको विकास प्रशासनसमेत आलोचनाबाट मुक्त हुन सकेन । निम्न कारणले विकास प्रशासनको आलोचना भएको पाईन्छ ।

- विकास प्रशासनलाई सार्वजनिक प्रशासनको छुट्टै रूप दिन खोजिएको तर छुट्टै पहिचान दिन नसकिएको,
- Problem लाई मात्र Focus गरियो, त्यसलाई समाधान गरिएन,
- External Symbol भयो, Colourful मात्र बनाइयो, सार्थक नतिजा आएन,
- Bureaucracy को Role मात्र बढाइयो,
- Reality सँग मिलेन, Sugar Coated Concept भयो,
- Export Model भयो (Western Model को रूपमा), देशको परिवेशलाई कम ध्यान दिईयो,
- Leftist Criticism भयो,
- Economic Growth गर्ने भनियो तर कसरी भन्ने छैन,
- Strategy of containment of communism, there is nothing new भनेर आरोप लगाइएको छ ।

**नेपालको सन्दर्भ**

नेपालमा वि.सं. २०१३ सालमा योजनाबद्ध विकासको शुरूवात भएपछि विकास प्रशासनको प्रयोग भएको हो । यसै सालमा प्रशासनयनत्रलाई सक्षम बनाउन निजामती सेवा ऐन पनि लागू भएको थियो । योजनाबद्ध विकास प्रयासको क्रममा छैठौं योजनामा विकास प्रशासनको नीति समावेश गरिएको र त्यसपछि निरन्तरता पाएको थियो । योजनाले प्रशासनलाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी, परिणाममुखीसमेत बनाउने उद्देश्य राख्दै आएको छ । त्यस्तै यसै सालमा आएका विकास समिति ऐन, २०१३ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ समेतले पनि यस क्षेत्रमा थप योगदान पुऱ्याएको पाइन्छ ।

**नेपालमा विकास प्रशासनको प्रयोगबाट भएका उपलब्धीहरू**

- पूर्वाधार विकास भएको,
- आर्थिक विकासमा सहयोग गरेको,
- जनसहभागितामा अभिवृद्धि भएको,
- समानुपातिक वितरणमा सहयोग पुऱ्याएको,
- स्रोत साधनको उपयोगमा क्षमता विकास हुँदै गएको,
- लोकतान्त्रिक प्रणालीको विकास,
- सामाजिक न्याय प्रदान गर्ने दिशामा अग्रसर रहेको ।

**नेपालमा विकास प्रशासनको कार्यन्वयनका समस्या र चुनौतिहरू**

- भ्रष्टाचार नियन्त्रण गर्ने,
- अव्यवस्थित शहरीकरणमा वृद्धि भएको
- आयोजनाहरूको निश्चित समय र श्रोत साधनमा सम्पन्न नगर्नाले प्रतिफल कम प्राप्त हुने गरेको,
- विकास सम्बन्धी कार्यहरु पनि बढी प्रक्रियामुखी बनाइएकोले त्यसलाई जनमुखी र परिणाममुखी बनाउनु,

- अधिकार प्रत्यायोजन र विकेन्द्रित पद्धतिको विकास गर्नु,
- आन्तरिक द्वन्द र आतंक नियन्त्रण गर्नु,
- दण्डहिनताको अन्त्य गर्नु,
- राजनीतिक अस्थिरता कम गर्नु,
- पुनर्निर्माणको कार्यलाई प्रभावकारी रूपले सम्पन्न गर्नु,
- संक्रमणकालीन न्याय प्रदान गर्नु,
- संस्थागत क्षमताको विकास गर्नु,
- नतिजामुखी योजना, आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नु ।

**कार्यान्वयन पक्षलाई सुधार गर्ने उपायहरू**

- संस्थागत क्षमता र कार्यान्वयन योग्यता विश्लेषण गरी आयोजना तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- आयोजना कार्यान्वयनमा सदाचार पद्धतिको विकास गर्ने,
- कामप्रति जिम्मेवार बनाई आयोजनाको कर्मचारीलाई बीचमै सरूवा गर्ने परिपाटी अन्त्य गर्ने,
- राजनीतिक अस्थिरताको अन्त्य गर्दै द्वन्द समाधान गर्न राजनीतिक सहमति र सहकार्यलाई बढावा दिने,
- सबै राजनीतिक शक्तिहरूले मिलेर राष्ट्र विकासको लागि न्युनतम साझा विकास कार्यक्रम र साझा विकास अवधारणा ल्याउनुपर्ने,
- अपराधलाई कानुनको दायरामा ल्याई दण्डहीनता रोक्ने,
- राहत, पुनर्निर्माण र पुनस्थापनाको कार्यलाई यथाशक्य चाँडो Delivery गर्ने संयन्त्र बनाई लागू गर्ने,
- संस्थागत र मानवीय पक्षको क्षमता विकास गर्ने,
- नतिजामुखी प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने,
- आयोजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कनमा जनसहभागिता वृद्धि गर्ने,

**नेपालमा विकास प्रशासनको संभावना**

सिमित श्रोत साधनको कुशल प्रयोगबाट जनताका विभिन्न अपेक्षाहरु पूरा गर्दै राष्ट्रनिर्माणको कार्यमा सबै पक्ष र क्षेत्रबाट सक्रिय योगदान गर्न सकिएमा मात्र देश र जनताले परिवर्तनको अनुभूति गर्न सक्दछन । विकासोन्मुख देशहरूको प्रशासनिक परिपाटिमा सुधार गर्दै प्रशासनलाई विकासमुखी गराउने लक्ष्यसाथ आएको विकास प्रशासनको अवधारणा वर्तमान सन्दर्भमासमेत नेपालका लागि पनि मार्ग दर्शन हुन सक्दछ । विकास प्रशासनमा विद्यमान चुनौतिहरूको सामना गर्दै विकास प्रशासन र विकास प्रशासकमा रहेका कमि कमजोरीहरूको निराकरण गर्न सकिएमा विकास प्रशासनले अपेक्षित गती लिन सक्दछ । नेपालको प्रशासनमा देखिएका निम्न लक्षणहरूका कारण विकास प्रशासनको संभावना भएको कुरालाई पुष्टि गर्दछ ।

१. MDGs का लक्ष्य किटान गरिएका छन । ति लक्ष्य पूरा गर्न विकास प्रशासन चाहिन्छ ।
२. राज्यको भूमिका किटान गरिएको छ ।
३. गरिबी निवारणका कार्यक्रमहरूमा जोड दिइएको छ ।
४. सेवा वितरण प्रभावकारी हुनपर्ने चासो बढेको छ ।
५. IT मा आएको क्रान्तिले विकासको संभावना बढाएको छ ।
७. शासकीय सुधारमा जोड दिन थालीएको छ ।
८. NPM को अवधारणा विकास प्रशासनसँग मिल्दो रहेको छ ।
८. Human Resource को विकास हुँदै आएको छ ।
९. प्रशासन Bureaucratic Model तर्फ Entrepreneur Model तर्फ प्रवेश गरेको ।
१०. प्रशासनमा Change Orientation, Result Orientation, Flexibility, Accountability, Participation जस्ता गुणमा बृद्धि हुँदै गएको छ ।
११. विकासका पूर्वाधारको विकास हुँदै गएको छ ।
१२. Professionalism को विकास हुन थालेको छ ।

### विकास प्रशासनलाई प्रभावकारी बनाउने उपायहरू

जबसम्म विकासको आवश्यकता रहिरहन्छ, तबसम्म विकास प्रशासनको सान्दर्भिकता रहिरहन्छ । विकास प्रशासनका अवधारणा र सिद्धान्तहरु सबै समय र परिस्थितिमा एकैरूपमा लागू हुन सक्दैनन । तसर्थ विकास प्रशासनलाई प्रभावकारी बनाउन वर्तमान समयमा निम्न कुरामा जोड दिन सकेमा नेपालमा विकास प्रशासन प्रभावकारी हुन सक्दछ ।

१. निजी क्षेत्रले गर्न मिल्ने र गर्न सक्ने काम निजी क्षेत्रलाई दिने । तर यसो गर्दा राज्यको दायित्वलाई नजर अन्दाज गर्न मिल्दैन ।
२. स्थानीय सरकार र नागरिक समाजसँग सहकार्य गर्ने ।
३. Strategic Planning अनुसार काम गर्ने ।
४. Institutionalism मा जोड दिने ।
५. M & E मा बढी जोड दिने ।
६. भ्रष्टाचार नियन्त्रण गर्ने ।
७. Action Plan सहितको प्रशासनिक सुधार गर्ने ।
८. जनता र विकासका लागि राजनीतिक क्रियाकलाप सञ्चालन गर्नु पर्‍यो जनता र विकास उपर होइन ।
९. राजनैतिक प्रतिबद्धता र प्रशासनिक कटिबद्धता आवश्यक छ ।
१०. समाजलाई सशक्तीकरण गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
११. Bottom Up Planning मा जोड दिनु पर्दछ ।
१२. व्यवस्थापकीय संस्कृतिको विकास गर्ने ।

**सन्दर्भ सामग्रीः**

1. **विकास प्रशासनसँग सम्बन्धित विभिन्न लेखकहरुका लेख रचना तथा पाठ्यसामग्रीहरू र** Related web-sites.

# नेपालमा लगानी वोर्ड : आवश्यकता र औचित्य

✍ प्रेमप्रसाद पौडेल

**परिचय**

अति कम विकसित देश (Least Developed Country) को लागि आर्थिक तथा सामाजिक विकासको अपरिहार्यतालाई मनन गर्दै आर्थिक विकासको गति तीव्र पार्न नेपाल जस्ता देशहरु निरन्तर लागिपर्नु पर्ने अवस्था रहेको छ । आर्थिक सामाजिक विकासको नारा लगाउन जति सजिलो छ, साच्चीकै द्रुततर आर्थिक विकास हासिल गर्ने कुरा त्यतिकै चुनौतीपूर्ण छ । झन् राजनीतिक सक्रमण र अस्थीरताले जकडिएका नेपाल जस्ता देशमा आर्थिक विकासका मुद्दाहरु झन् पेचिला हुने भएकोले आर्थिक विकासको यात्रा थप चुनौतीपूर्ण हुने देखिन्छ । तर यसो भनेर आर्थिक विकास नै गर्न सकिदैन भन्ने होइन । सामाजिक विकास धेरै हदसम्म आर्थिक विकाससँग जोडिएर आउने र आर्थिक विकास बिना सामाजिक विकास त्यति सहज नहुने हुनाले नेपाल जस्ता देशमा आर्थिक विकासको थप महत्त्व हुन जान्छ ।

आर्थिक विकास कुन गतिले बढिरहेको छ भनेर मापन आर्थिक बृद्धिको दरबाट गर्ने गरिन्छ । आर्थिक बृद्धिको दर जति बढि हुन गयो, आर्थिक विकासको गति त्यति उच्च हुन्छ । आर्थिक बृद्धिदर उच्च बनाउन पूर्वाधार निर्माण लगायत ठूला खालका परियोजनाहरु सञ्चालन गर्नुपर्ने हुन्छ । नेपाल जस्ता गरिब मुलुकका जनताका विकासप्रतिका इच्छा आकांक्षा असीमित हुने भएकोले त्यस्ता विकासप्रतिका आकांक्षा परिपूर्ति गर्न र अरबौंको लगानी लाग्ने ठूला पूर्वाधार सञ्चालन गर्न राज्यको लगानीमात्र पर्याप्त हुँदैन । त्यसैले यस्ता ठूला खालका लगानीको आवश्यकतालाई महसुस गरी विशेष सतर्कताका साथ स्वदेशी तथा विदेशी लगानीलाई देशभित्र केन्द्रित गर्नुपर्ने हुन्छ । यसका लागि ठूलो खालका लगानीको प्रशासन र व्यवस्थापनको लागि अलग्गै कानुन र संस्थागत प्रवन्ध गर्नुपर्ने देखिन्छ । यही वास्तविकतालाई मनन गरी नेपालमा लगानी वोर्ड ऐन, २०६८ जारी भै लगानी वोर्डको स्थापना भएको देखिन्छ ।

**लगानी वोर्डको गठन**

आर्थिक विकासको लागि सरकारी लगानीको साथसाथै निजी लगानीको आवश्यकता पर्दछ । झन् नेपालजस्ता विपन्न मुलुकमा निजी क्षेत्र पनि अपेक्षा गरे अनुरुप लगानी गर्न सक्षम नहुने भएकोले प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment) आकर्षित गर्नुपर्ने हुन्छ । नेपालले खुला, उदार र बजारोन्मुख आर्थिक नीति अपनाएको पनि दुई दशक नाघिसकेको छ । निजी क्षेत्रको लगानी (स्वदेशी र विदेशी) आकर्षित गर्न खुला आर्थिक नीतिले धेरै हदसम्म सहयोग पुऱ्याउँछन् तर नेपालमा अपेक्षित मात्रामा लगानी वातावरण अनुकूल बन्न सकेन । खुला अर्थतन्त्रका विगत दुई दशकका अनुभवहरु समेतलाई मध्यनजर राखी लगानी सम्बन्धी निर्णयको लागि एउटा छुट्टै स्वायत्त र अधिकारसम्पन्न लगानी वोर्डको आवश्यकता महसुस गरी नेपालमा लगानी वोर्ड ऐन, २०६८ जारी गरी वोर्डको विधिवत स्थापना गरिएको छ । लगानीको वातावरण सिर्जना गरी पूर्वाधार संरचना क्षेत्र तथा अन्य क्षेत्रमा सार्वजनिक निजी, साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी लगानी परिचालन गरी सवल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्रको विकास गर्न देहायबमोजिमको अधिकार सम्पन्न लगानी वोर्ड गठन हुने व्यवस्था लगानी वोर्ड ऐनमा गरिएको छ :

(क) प्रधानमन्त्री – अध्यक्ष
(ख) प्रधानमन्त्रीले लगानी वोर्ड हेर्न तोकेका मन्त्री – उपाध्यक्ष
(ग) अर्थमन्त्री – सदस्य

---

✍ प्रमुख उद्योग अधिकृत र उद्योग मन्त्रालयको उप सचिव भै कार्यानुभव सगाल्नु भएका पौडेल हाल लोक सेवा आयोगमा कार्यरत हुनुहुन्छ ।

(घ) उद्योगमन्त्री – सदस्य
(ङ) वनमन्त्री – सदस्य
(च) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष – सदस्य
(छ) नेपाल राष्ट्र बैंकका गभर्नर – सदस्य
(ज) नेपाल सरकारका मुख्य सचिव – सदस्य
(झ) उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य कानुन तथा वित्तीय क्षेत्रका विशेषज्ञहरु मध्ये वोर्डले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित चारजना – सदस्य
(ञ) लगानी वोर्डको कार्यकारी प्रमुख – सदस्य सचिव

**लगानी वोर्डको काम, कर्तव्य र अधिकार**

लगानी वोर्ड ऐन, २०६८ ले वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी तोकेको छ :

(क) लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,
(ख) ऐनको दफा ९ मा लेखिएका लगानीका क्षेत्रमध्ये प्रतिस्पर्धात्मक वा प्राथमिकताका क्षेत्रको छनौट गर्ने वा गराउने ।
(ग) लगानीयोग्य परियोजनाको छनौट गरी प्रस्ताव आव्हान, प्राप्त प्रस्तावको मूल्याङ्कन, लगानीकर्तासँग वार्ता, लगानीको स्वीकृति प्रदान, प्रस्तावकसँग तोकिए बमोजिम सम्झौता गर्ने,
(घ) लगानीका सम्बन्धमा भएको सम्झौता बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने वा गराउने,
(ङ) आर्थिक तथा गैर आर्थिक सुविधा निर्धारण गरी उपलब्ध गराउने,
तर त्यसरी सुविधा उपलब्ध गराउदा निश्चित मापदण्डको आधारमा कार्यविधि तयार गरी उपलब्ध गराउनु पर्नेछ ।
(च) परियोजना विश्लेषण सम्बन्धी मापदण्ड तयार, लगानीका शर्त निर्धारण, तथा लगानीकर्तासँग सम्झौता गराउने,
(छ) स्वीकृत लगानीका लागि प्रचलित कानुन बमोजिम आवश्यक सरकारी जग्गा उपलब्ध गराउने वा जग्गा प्राप्त गरिदिने,
(ज) लगानी प्रवर्द्धनका लागि विभिन्न मन्त्रालय, सरकारी तथा स्थानीय निकायबीच समन्वय गर्ने वा गराउने,
(झ) परियोजनाहरूको शीघ्र निर्णय र समस्याको छिटोछरितो उपचार प्रदान गर्ने,
(ञ) लगानी प्रवर्द्धन गर्नका लागि विदेश स्थित नेपाली नियोगहरूलाई परिचालन गर्ने वा गराउने,
(ट) लगानी प्रवर्द्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

**लगानी वोर्डको औचित्य र आवश्यकता**

सिद्धान्ततः लगानी वोर्डको आवश्यकता निम्न कारणले महसुस गरिएको हुन्छ :

(क) लगानी निर्णयको जोखिम मोल्न,
(ख) अनावश्यक प्रशासनिक झमेला (Bureaucratic hassle) र प्रक्रियाको सरलीकरण (Process simplification) गरी निर्णय प्रक्रियालाई छिटोछरितो बनाउन,
(ग) प्राथमिकता छनौट, परियोजना प्रस्ताव विश्लेषण तथा लगानी निर्णयका लागि विशेषज्ञको सेवा लिई उपयुक्त निर्णय लिनका लागि,
(घ) लगानीको विषय बहुनिकाय/क्षेत्रसँग सम्बन्धित भएकोले अन्तर निकायगत समन्वय प्रभावकारी बनाउन,

लगानी आर्थिक विकासको कारक तत्व हो । लगानी बिनाको आर्थिक वृद्धि तथा समृद्धिको कल्पना गर्न सकिदैन । नेपालको वर्तमानको आवश्यकतालाई मनन गर्दा स्वदेशी वा विदेशी भनी लगानीमा भेद गर्ने बेला छैन । केवल लगानी र लगानीको दक्षता (efficiency of investment) आवश्यक छ । स्वदेशी, विदेशी, निजी, सहकारी तथा सरकार र निजी क्षेत्रको साझेदारीपूर्ण लगानीको लागि अनुकूल वातावरण आवश्यक पर्दछ । जसरी पानी भिरालोतर्फ बग्दछ भनेर सहज अनुमान लगाइन्छ, त्यसै गरी लगानी कता बग्दछ अर्थात् लगानी कहाँ लगाइन्छ भन्ने सम्बन्धका धेरै कुरा अनुमान लगाउन सकिने खालका हुन्छन् । पानीलाई कुलो बनाएर जमीनमा सिंचाइ गरे जस्तै लगानीलाई पनि लगानीको उचित वातावरणले डोऱ्याउनु पर्ने सक्छ । यसका लागि देशमा लगानीको उचित वातावरण हुनु जरूरी देखिन्छ । लगानीको उचित वातावरणले मात्र अपेक्षित लगानी हुन सक्छ । जसरी माहुरीहरु फूलैफूलका बगैंचा र पहेंलपुर तोरीबारीमा झुम्मिन्छन् र फूलको रस लिएर जान्छन् । बगैंचा र तोरीबारीका मालिकलाई राम्रो फल लाग्ने गरी परागशेचन गराइ लाभान्वित तुल्याइ दिन्छन्, त्यसै गरी लगानीको उपयुक्त वातावरण पाएमा लगानीकर्ता ओइरिन्छन्, आफ्नो लगानीको नाफा लिएर जान्छन्, देशको आर्थिक बृद्धिमा सहयोग पुऱ्याउँछन्, रोजगारका अवसर सिर्जना गरिदिन्छन्, निकासी प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न मद्दत गर्दछन् र समग्रमा आर्थिक समृद्धिका कारक बन्दछन् । नेपालमा लगानीको निकै ठूलो खाँचो महसुस भैरहेको छ । लगानीलाई सहज बनाउदै लगानीकर्ता र देश दुबैको जीत हुने परिस्थिति (Win Win Situation) को सिर्जना गर्ने सन्दर्भमा नेपालमा लगानी वोर्डको आवश्यकता र औचित्य रहेको देखिन्छ ।

**लगानी वोर्डको विपक्षमा देखा परेका मतहरु**

लगानी वोर्ड आवश्यक नै नभएको एकथरि विद्वानहरूले तर्क गर्ने गरेका छन् । लगानी सम्बन्धी स्वीकृति दिने निकायमा अर्को एउटा निकाय थप भै लगानीकर्तालाई थप हैरानी हुने भयो भन्ने तर्क उनीहरूको छ । उनीहरूको तर्क के पनि छ भने लगानी वोर्डमा प्रधानमन्त्री अध्यक्ष हुने कानुनी प्रावधानले दलीय/राजनीतिक स्वार्थ रहने, कतिपय त भ्रष्ट आचारणका कारणले लगानीकर्ताको प्रभावमा परी तुलनात्मक रूपले राष्ट्रको कम हित हुने लगानीलाई पनि स्वीकृति दिन सक्ने सम्भावना रहने आशंका गर्दछन् ।

**विश्वमा लगानी वोर्डको प्रचलन र अभ्यास**

भारतमा प्रत्यक्ष वैदेशिक लगानीको प्रशासन र व्यवस्थापनका लागि Foreign Investment Promotion Board रहेको छ । बंगलादेशमा प्रधानमन्त्री कार्यालयअन्तर्गत सन् १९८९ मा वोर्ड अफ इन्भेष्टमेन्ट रहेको छ । थाइलैण्डमा वोर्ड अफ इन्भेष्टमेन्ट कै नामबाट लगानी वोर्डको स्थापना भएको छ । श्रीलंकामा पनि सन् १९७८ मा बोर्ड अफ इन्भेष्टमेन्ट स्थापना भै रहेको छ । मौरिससमा पनि वित्त तथा आर्थिक विकास मन्त्रालयअन्तर्गत वोर्ड अफ इन्भेष्टमेन्ट रहने गरी वोर्डको स्थापना भएको छ । यसले पनि मौरिससमा लगानी प्रबर्द्धन गर्ने कार्य गर्दछ ।

पाकिस्तानमा वोर्ड अफ इन्भेष्टमेन्टको नामबाट सन् १९९० मा लगानी वोर्डको स्थापना भएको हो । सन् १९९४ मा यसको नाम पाकिस्तान इन्भेष्टमेन्ट वोर्ड नामाकरण गरी यसलाई प्रधानमन्त्रीको सचिवालयको एउटा अंगको रूपमा राखियो र यस वोर्डको सभापति प्रधानमन्त्री रहने व्यवस्था गरियो । सन् १९९६ मा यसलाई उद्योग तथा उत्पादन मन्त्रालयको विभागको रूपमा राखियो । सन् २००३ मा वोर्ड अफ इन्भेष्टमेन्टलाई निजीकरण तथा लगानी मन्त्रालयमा स्थानन्तरण गरियो । हाल यो वोर्ड प्रधानमन्त्रीको सचिवालयको प्रशासनिक नियन्त्रणमा रहेको छ । लगानीमैत्री वातावरणको सिर्जना, वैदेशिक लगानी आकर्षण, अनावश्यक झण्झटिला प्रक्रियाको खारेजी, औद्योगिक क्षेत्रको विकासमा निजी क्षेत्रको लगानीलाई प्रबर्द्धन आदि ।

फिलिपिन्समा पनि लगानी प्रबर्द्धनका लागि वोर्ड अफ इन्भेष्टमेन्ट स्थापना गरिएको छ । यो व्यापार तथा उद्योग विभाग अन्तर्गतको अभिन्न अंग हो । यी देशको अलावा संसारका धेरै देशहरूमा पनि लगानी वोर्डको प्रचलन रहेको छ ।

**लगानी वोर्डका विशेषतहरु**

(१) एउटै झ्यालबाट सबै खालका ठूला लगानी गर्न खोजिएको छ । यसलाई उल्लेख्य मान्नुपर्दछ ।

(२) लगानीकर्तालाई आर्थिक तथा गैर आर्थिक सुविधा निर्धारण गरी उपलब्ध गराउने अधिकार वोर्डलाई प्रदान गरिएको छ ।

(३) ठूला पूर्वाधारमा लगानी बढाउन तथा देशमा लगानी वातावरण सिर्जना गर्न छुट्टै वोर्डको महसुस गरी प्रधानमन्त्री नै वोर्डको अध्यक्ष हुने प्रावधान राखिएको छ । यसले वोर्डको महत्त्वलाई उजागर गरेको छ ।

(४) वोर्डमा लगानीका महत्त्वपूर्ण क्षेत्रका पदाधिकारी र निजीक्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेका फाष्ट ट्र्याक रोड, सुरूङ्गमार्ग, रेलमार्ग, रोप वे, ट्रलिबस, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल, शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा प्रशोधन प्लान्टमा हुने लगानी, रासायनिक मल उत्पादनमा हुने लगानी, पेट्रोलियम रिफाइनरी प्लान्टको लगानी, नेपाल सरकारले तोकेका ठूला पुल, ५१ प्रतिशत भन्दा बढी विदेशी लगानीमा स्थापना हुने वैंक तथा वित्तीय संस्थामा हुने लगानी वा बीमा वा पुनर्वीमा कम्पनीको स्थापना र सञ्चालनमा हुने लगानी, मेडिकल कलेज तथा तीन सय शैयाभन्दा माथिका अत्याधुनिक सुविधायुक्त अस्पताल वा नर्सिङ होममा हुने लगानी, पाँच सय मेगाबाट वा सो भन्दा बढी क्षमताको जलविद्युत उत्पादन परियोजनामा हुने लगानी, विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र, विशेष औद्योगिक क्षेत्र वा सूचना प्रविधि पार्कको निर्माणमा हुने लगानी, स्थीर पूँजी दश अर्व रूपैया वा सो भन्दा बढी परियोजना लागत भएको कुनै पनि उत्पादनशील उद्योगमा हुने विदेशी लगानी, स्थिर पूँजी दश अर्व रूपैया वा सोभन्दा बढी परियोजना लागत भएको पूर्वाधार संरचना वा सेवा उद्योगमा हुने लगानी लगानी वोर्डको क्षेत्राधिकारभित्र पारिएको छ ।

(६) लगानी सम्बन्धी निर्णयको लागि परामर्श लिन लगानी वोर्डले विशेषज्ञ समूह गठन गर्न सक्ने अधिकार प्रदान गरिएको छ ।

(७) प्रतिस्पर्धात्मक आधारमा अनुमति पाएका लगानीलाई प्रतिकूल असर पर्ने गरी सोही क्षेत्रमा सोही प्रकृतिको अर्को लगानीलाई तोकिएको अवधिसम्म अनुमति दिन पाइने छैन भनी ऐनले नै लगानीको सुरक्षा र संरक्षण प्रदान गरेको छ ।

(८) लगानी वोर्डले परियोजना कार्यान्वयन, तथा अनुगमन गर्न सक्ने गरी अधिकार प्रदान गरिएको छ ।

**लगानी सम्बन्धी ऐनहरु**

लगानीसँग प्रत्यक्षरूपमा सम्बन्धित मुख्य मुख्य ऐनहरु देहाय बमोजिमका रहेका छन् :

(क) लगानी वोर्ड ऐन, २०६८ तथा लगानी वोर्ड नियमावली, २०६९ (ख) कम्पनी ऐन, २०६३, (ग) विद्युत ऐन, २०४९ (घ) वातावरण संरक्षण ऐन, २०५३ (ङ) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ (च) आयकर ऐन, २०५८ (छ) औद्योगिक व्यवसाय ऐन, २०४९ (ज) श्रम

ऐन, २०४८ (झ) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ ।

**नेपालमा लगानीको वर्तमान अवस्था**

लगानी वातावरण बिना देशमा लगानी बढ्न सक्दैन । नेपालमा राजनीतिक संक्रमण र अस्थीरता, देशमा बढ्दो उर्जा संकट, तिक्ततापूर्ण श्रम सम्बन्ध, कमजोर पूर्वाधारको अवस्था, लगानी र लगानीकर्ताको असुरक्षा जस्ता कारणले नेपालमा लगानीको उपयुक्त वातावरण वन्न सकेको छैन । विभिन्न प्रतिकूल परिस्थितिका बाबजुद पनि नेपालमा केही न केही लगानी भैरहेको अवस्था छ । विभिन्न आवधिक योजनामा लगानीको अवस्थाको चित्रण तल गरिएको छ :

आर्थिक वर्ष २०६९/७० मा कूल ग्राहस्थ उत्पादन (उत्पादकको प्रचलित मूल्यमा) १७ खर्व १ अर्व रहेको छ । कूल ग्राहस्थ वचत GDP को तुलनामा २०६३/६४ मा ९.८ प्रतिशत भएकोमा यस्तो वचतको अंश घट्दै गई २०६९/७० मा ९.३ प्रतिशतमा झरेको छ । वचत कम हुँदै जानु भनेको लगानी गर्ने क्षमता कमजोर हुँदै जानु हो । आर्थिक वर्ष २०६९/७० मा GDP को तुलनामा कूल स्थिर पूँजी लगानी सरकारी तथा निजी गरी कूल २१.२ प्रतिशत रहेको देखिन्छ ।

नेपालमा लगानीको वातावरण अनुकूल हुन नसक्नाको कारणले आन्तरिक तथा वैदेशिक लगानी बढ्न सकेको छैन । एक त लगानी गर्ने क्षमता कमजोर छ, त्यसमा पनि लगानीको वातावरण अनुकूल हुन नसक्दा नेपालको निजी क्षेत्रको लगानी अत्यन्त न्यून रहेको महसुस हुन्छ । प्रत्यक्ष वैदेशिक लगानीको अवस्था पनि सन्तोषजनक रहेको छैन । नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको अवस्था यस्तो देखिन्छ :-

(क) आठौं पञ्चवर्षीय योजनामा २३८ वटा आयोजनामा करिब ९७० करोड रुपैया प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको देखिन्छ ।

(ख) नवौं पञ्चवर्षीय योजनामा ३७३ वटा आयोजनामा ९ अर्व ४० करोड रुपैया प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको देखिन्छ । आठौं योजनाको तुलनामा नवौ योजनामा आयोजनाको संख्यामा बढोत्तरी भए पनि प्रत्यक्ष वैदेशिक लगानीको रकम बढ्नुको साटो घट्न गएको देखिन्छ ।

(ग) दशौं योजना अवधिमा कूल प्रत्यक्ष वैदेशिक लगानी रू. १ अर्व ४६ करोड भित्रियो भने ४७ करोड वहिर्गमन भै खूद रू. ९९ करोड मात्र भित्रियो ।

(घ) तीनवर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७) मा २५१५.६० करोड रुपैया लगानी भएको देखिन्छ ।

**आर्थिक २०६८/६९ को अन्त्यसम्म विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरु**

*रकम रु. करोडमा*

| उद्योगको प्रकार | संख्या | कूल परियोजना लागत | कूल स्थिर पूजी | विदेशी लगानी | रोजगारी प्राप्त संख्या |
|---|---|---|---|---|---|
| उत्पादनमूलक | ७४३ | ४८३४.२२ | ३५२२.०० | १९४५.९९ | ७५,०९७ |
| सेवा उद्योग | ७५६ | २४९३.२० | २०४३.५२ | १२०५.४३ | २८,५४० |
| पर्यटन उद्योग | ६२५ | १९२०.८३ | १८०५.४३ | ७२१.६० | २३२९२ |
| निर्माण | ४२ | ३४५.५३ | २५६.३१ | २६१.२८ | २९२६ |
| कृषिजन्य | ७५ | १२०.११ | ७०.२६ | ५२.६२ | २१६० |
| खनिज | ४३ | ५०४.९० | ४१२.१० | २८३.६७ | ५१२८ |
| उर्जा | ५१ | ४०६४.१२ | ३८६४.३० | १३२९.१८ | ७३७० |
| **जम्मा** | **२३३५** | **१६४१०.०३** | **१३९८५.७७** | **७५१५.००** | **१६४४८२** |

**श्रोत : आर्थिक सर्भेक्षण, २०७०**

आर्थिक वर्ष २०६८/६९ को अन्त्यसम्ममा २३३५ वटा उद्योगलाई विदेशी लगानीको लागि अनुमति दिएको र यसरी स्वीकृति दिइएका उद्योगहरूमा रू. ७५ अर्व १५ करोड विदेशी लगानी भै १ लाख ६४ हजार ४८२ जनाले रोजगारी प्राप्त गरेको तथ्याङ्कले देखाउँछ । सेवा उद्योगमा सबैभन्दा बढी आकर्षण देखिन्छ । ठूला खालका परियोजनामा भन्दा खुद्रे साना खालका परियोजनामा लगानी गर्ने प्रवृत्ति बढेको तथ्याङ्कले देखाएको छ । यसबाट राज्यको आवश्यकता परिपूर्ति हुने खालका लगानी भित्रिन नसकेको अनुभव गरिएको छ ।

**विद्यमान संगठनात्मक प्रावधान किन पर्याप्त भएन त ?**

नेपालमा लगानीको आवश्यकता देखिएको छ । यही लगानीको महत्त्वलाई मनन गरी नेपाल सरकारले सन् २०१२ लाई लगानी वर्षको रूपमा मनाउने घोषणा गरेको थियो । नेपाललाई अहिले फगत लगानी चाहिएको छ, लगानीको दक्षता (efficiency of investment) चाहिएको छ, के स्वदेशी के विदेशी, लगानीमा भेद गर्ने बेला छैन । झन् सरकार तथा नेपालको निजीक्षेत्र राज्यको आवश्यकतालाई आवश्यक पर्ने लगानी गर्न सक्षम नभएको वर्तमान सन्दर्भमा प्रत्यक्ष वैदेशिक लगानी को झन् महत्त्व छ । विदेशी लगानी एकाएक आकर्षित भैहाल्ने होइन, त्यसका लागि धेरै प्रयत्न र प्रयाश जरूरी पर्दछ । देशमा लगानी वातावरण उपयुक्त बनाउनु पर्दछ । लगानीकर्ताको लगानी सम्बन्धी निर्णय यथासमयमा गर्नु पनि ज्यादै महत्त्वको कुरा हो । प्रशासनिक झण्झटिलो प्रक्रियाबाट मुक्ति पाउन छुट्टै लगानी वोर्ड अपरिहार्य छ । झन् ठूला खालका लगानीका सन्दर्भमा वहुनिकायसँग सम्बन्धित विषय र समस्याको उचित सम्बोधन गर्ने क्षमता वोर्डसँग मात्र हुन्छ ।

लगानी वोर्ड ऐन, २०६८ लागू हुनुपूर्व लघु, घरेलु तथा साना उद्योगको प्रशासन तथा व्यवस्थापन घरेलु तथा साना उद्योग विभाग र अन्तर्गतका जिल्लास्थित कार्यालयहरूबाट तथा घरेलु तथा साना उद्योग विकास समितिका जिल्लास्थित कार्यालयहरूबाट र मझौला र ठूला उद्योगको प्रशासन तथा व्यवस्थापन उद्योग विभागबाट हुँदै आएको छ । उद्योग विभाग र घरेलु तथा साना उद्योग विभागमा राजपत्रांकित प्रथम श्रेणीका अधिकृत महानिर्देशक रहिआएका छन् । राज्यको लगानी सम्बन्धी आवश्यकता परिपूर्ति गर्न अरबौं रकमका परियोजनाको स्वीकृति दिने/नदिने निर्णय गर्नुपर्ने हुन्छ । राजपत्रांकित प्रथम श्रेणीको प्रशासनिक पदाधिकारीबाट यति ठूला लगानीको साहसिक निर्णय (bold decision) लिन सक्ने तथा निर्णयमा जोखिम मोल्न सक्ने क्षमता हुँदैन । त्यसैले हालको संस्थागत प्रवन्धको विकल्प खोजिएको हो ।

**लगानी वोर्ड ऐन आएपछि अन्य कानुनमा गर्नुपर्ने सुधार**

लगानी वोर्ड ऐन, २०६८ जारी भै कार्यान्वयनमा आइसकेको छ । यो ऐनले साविकमा जारी भै कार्यान्वयनमा आएका ऐनहरूका कतिपय अधिकार स्वतः कटौती भएका छन् । औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, लगायत विभिन्न क्षेत्रगत कानुनमा पनि लगानी वोर्ड ऐन, २०६८ अनुकूल हुने गरी संशोधन र परिमार्जन आवश्यक देखिन्छ ।

औद्योगिक व्यवसाय ऐन, २०४९ मा निम्न अनुसार संशोधन गर्नुपर्ने देखिन्छ :

(क) ऐनको दफा २ परिभाषामा लगानी वोर्डको परिभाषा राख्नुपर्ने । सोही दफामा विभागको परिभाषामा लगानी वोर्डसमेत समेटिने गरी परिभाषा गर्नुपर्ने ।

(ख) दफा ९ मा लगानी वोर्डको क्षेत्राधिकार बाहेक्का उद्योगको अनुमति उद्योग विभागले दिने गरी संशोधन गर्नुपर्ने ।

(ग) दफा १० मा उद्योग दर्ता गराउने विषयमा पनि लगानी वोर्डको क्षेत्राधिकार भित्रका विषयमा वोर्डबाट लगानीको लागि स्वीकृति भएको मितिले निश्चित अवधिभित्र उद्योग विभागमा दर्ता गराउनु पर्ने । लगानी वोर्डबाट स्वीकृति भएका उद्योगको हकमा उद्योग विभागमा पुनः अनुमति लिनु नपर्ने गरी संशोधन गर्नुपर्ने ।

(घ) दफा १२ मा औद्योगिक प्रबर्द्धन वोर्डको अधिकार र लगानी वोर्डको अधिकार नबाफिने गरी व्यवस्था गर्नुपर्ने ।

(ङ) लगानी वोर्डबाट अनुमति लिई सकेपछि उद्योग विभागमा दर्ता मात्र गरे पुग्ने गरी औद्योगिक व्यवसाय ऐनमा व्यवस्था गर्ने ।

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा संशोधन गर्नुपर्ने विषयहरु**

लगानी वोर्ड ऐन, २०६८ तथा लगानी वोर्ड नियमावली, २०६९ जारी भै लागू भैसकेको अवस्थामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा विदेशी लगानीमा स्थापित हुने उद्योगको अनुमति उद्योग विभागले दिने गरी कानुनी व्यवस्थ रहेकोमा लगानी वोर्डबाट लगानी स्वीकृति लिएको उद्योगको हकमा उद्योग विभागमा दर्ता मात्र गराए पुग्ने गरी संशोधन गर्नु आवश्यक छ ।

वोर्डबाट अनुमति लिई सकेपछि खानीजन्य उद्योगको हकमा खानी ऐन अनुसार पुन अनुमति लिन नपर्ने गर्ने, त्यसै गरी दूरसञ्चार सेवा व्यवसाय सञ्चालन गर्न दूससञ्चार प्राधिकरणबाट पुन अनुमति लिन नपर्ने गर्ने । जलविद्युतमा लगानी गर्ने वोर्डबाट अनुमति पाइसकेपछि पुन जलविद्युत ऐन अनुसार अनुमति लिनु पर्ने व्यवस्था खारेज गर्ने । वैंक स्थापना गर्न पुःन नेपाल राष्ट्र वैंकबाट अनुमति लिन नपर्ने व्यवस्था गर्ने । लगानी वोर्डले अनुमति दिने बेलैमा तत् तत् निकायका सम्बन्धित अधिकारीलाईसमेत आमन्त्रण गर्ने । नत्र व्यूरोक्रेसीको झण्झट झन् बढ्नेछ ।

**लगानी वोर्डको प्रभावकारिताको लागि सुझावहरु**

लगानी वोर्ड राज्यमा लगानीको आवश्यकता पूरा गर्ने विशेष अभियान सञ्चालन गर्न स्थापना भएको हो । लगानीकर्ताहरूलाई प्रशासनतन्त्रको झण्झटिलो प्रक्रिया र कुटिल माखेसाङलोबाट मुक्त गरी लगानीलाई राज्यले अपेक्षित गरेका क्षेत्रमा केन्द्रित गरी लगानीकर्ताको उत्साह र मनोबल उचो पार्न यसको विशेष महत्त्व छ । देशकै सर्वोच्च कार्यकारी प्रमुख प्रधानमन्त्रीको अध्यक्षतामा लगानी वोर्ड गठन हुनुले लगानीकर्ताहरूमा एक किसिमको सकारात्मक सन्देश प्रवाह भएको अनुभूति भएको छ । तर लगानी वोर्ड स्थापना हुने वित्तिकै सबै कुरा भैहाल्यो भनेर वोर्ड स्थापनालाई नै ठूलो कुरा मानियो भने हाम्रो लगानीको अपेक्षा भने पूरा हुन सक्दैन । त्यसैले त्यसको लागि निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्ने देखिन्छ :

(१) सरकारका प्रशासनिक संयन्त्रले ठूला लगानीको स्वीकृती प्रदान गर्दा जोखिम मोल्न डराउने हुनाले वर्षौंसम्म पनि लगानी सम्बन्धी निर्णय हुन नसकेको वर्तमान परिप्रेक्ष्यलाई मनन गर्दा यसको स्थापनाको औचित्य स्थापित हुन्छ । तर वोर्डमा पनि प्रशासनिक प्रवृत्तिकै पुनरावृत्ति भएको खण्डमा भने यसको औचित्य रहने छैन । त्यसैले हिजोसम्म हामी कहाँनेर के मा चुकेका थियौं त्यसको पहिचान गरी कमी कमजोरीमा सुधार अपरिहार्य छ ।

(२) लगानी गर्ने सन्दर्भमा वहुपक्ष र बहु निकायसँग सम्बन्धित हुनु स्वभाविकै हो । त्यस्ता वहुपक्ष र निकायसँग समन्वय गर्ने र धेरै निकायसँग जोडिएका वा जेलिएका समस्याहरु समाधान गर्ने क्षमता राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले नेतृत्व गर्ने उद्योग विभागसँग हुन सक्दैन, न त कुनै मन्त्रालयसँग नै हुन सक्छ । यस्ता बहुमन्त्रालय वा निकायसँग सम्बन्धित विषय समाधान मुलुकको सर्वोच्च कार्यकारी प्रमुख प्रधानमन्त्रीबाट मात्र हुन सक्छ । यही वास्तविकतालाई मनन गरी लगानी वोर्डको अध्यक्ष प्रधानमन्त्री स्वयम् हुने प्रावधान राखिएको हो । राजनीतिक व्यक्ति वोर्डको अध्यक्ष हुने र वोर्डमा अध्यक्षको महत्त्वपूर्ण भूमिका रहने हुनाले राष्ट्रिय हितलाई सर्वोपरि मानी लगानी सम्बन्धी निर्णय गर्नुपर्दछ ।

(३) लगानी वोर्डको तर्फबाट गर्ने कार्यहरु गर्न नेपाल सरकारले लगानी वोर्डको कार्यकारी प्रमुख नियुक्ति गर्ने प्रावधान राखेको छ । लगानी वोर्डको कार्यकारी प्रमुखको भूमिका जे जस्तो रहन्छ, त्यसैमा वोर्डको सफलता वा असफलता निर्भर रहन्छ भन्दा अत्युक्ति नहोला । त्यसैले राजनीतिक

आग्रह वा पूर्वाग्रहबाट मुक्त भै क्षमता र योग्यताका आधारमा नियुक्ति गरी उसको आवधिक कार्य सम्पादन मूल्याङ्कनको आधारमा निरन्तरता दिने व्यवस्था भयो भने लगानी वोर्डको औचित्य सावित हुने देखिन्छ ।

(४) लगानी वोर्डको कतिपयले विरोध गरेको अवस्था पनि रहेको छ । लगानी वोर्डको माध्यामबाट अनावश्यक नियमन तथा नियन्त्रण गरी खुला बजारका मूलभूत मान्यतालाई कुल्चिन पुगियो भने यस्तो विरोधमा तुक भएको मानिनेछ । त्यसैले लगानी वोर्ड लगानीलाई प्रवर्द्धन, प्रोत्साहनका भएको स्पष्ट अनुभूति हुनुपर्दछ ।

(५) प्रधानमन्त्री अध्यक्ष हुने भएकोले लगानी वोर्डमा राजनीतिक स्वार्थ वा प्रभाव पर्न सक्ने सम्भावना पनि त्यत्तिकै हुन्छ । देशको आर्थिक विकासमा दीर्घकालीन प्रभाव पार्ने खालका परियोजनामा लगानीको अनुमति दिदा स्वार्थ वा अनुचित खालको प्रभाव वा राजनीतिक दवाव पार्ने स्थिति देखियो भने त्यो मुलुकको लाग दुभार्ग्य हुनेछ । यो लगानी वोर्डको जोखिम पक्ष पनि हो । यसलाई उचित व्यवस्थापन गर्ने मुख्य भूमिका प्रधानमन्त्री र लगानी वोर्डको कार्यकारी प्रमुखको रहन्छ । प्रधानमन्त्री र कार्यकारी प्रमुखको दक्षता, इमान्दारिता जति प्रखर ढंगले देखापर्दछ, लगानी वोर्ड त्यत्तिकै मात्रामा सफल हुन सक्छ ।

## निश्कर्ष

लगानी वोर्डको पक्ष विपक्षमा जे जस्ता तर्क भए पनि राज्यमा लगानी वातावरणको सिर्जना गरी ठूला ठूला लगानीको निर्णय यथासमयमा गरी लगानीकर्तालाई आश्वस्त पार्न सके लगानी वोर्डको सार्थकता रहन जान्छ । अन्तर निकायगत समन्वयलाई प्रभावकारी बनाउदै प्रशासनिक भैँभमेला तथा अनावश्यक प्रक्रियागत भण्भट बाट लगानीकर्तालाई छुट्कारा दिन सके लगानी वोर्डको आवश्यकताको अनुभूति सबैले गर्नेछन् । लगानीकर्ताले महसुस गर्ने गरी वोर्डले कार्य गर्न सकेन भने वोर्ड एउटा अर्को प्रशासनिक भण्भट र भमेला थप्ने निकायको रूपमा गणना हुनेछ ।

लगानी वोर्ड मूलतः विदेशी लगानी केन्द्रित भए पनि यसले स्वदेशी लगानीलाई पनि समेटेको छ । त्यसैले यो वोर्डले प्रशासन संयन्त्रले जस्तो कार्यशैली अपनाउनु हुँदैन । लगानी सम्बन्धी निर्णय यथासमयमै गरी लगानीकर्तालाई उत्साहित बनाउन सकेमा यसको औचित्य सावित हुनेछ ।

## सन्दर्भ सामग्री


१. आर्थिक सर्वेक्षण (२०६६ । ६७–२०६९ । ७०) नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार ।
२. आयकर ऐन, २०५८
३. औद्योगिक नीति, २०६७, उद्योग मन्त्रालय, सिंहदरवार ।
४. औद्योगिक व्यवसाय ऐन, २०४९
५. कम्पनी ऐन, २०६३
६. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३
७. पौडेल, प्रेमप्रसाद, नेपालमा प्रत्यक्ष वैदेशिक लगानी : एक विश्लेषण (२०६७ माघ), पराग विशेषाङ्क २, नेपाल राष्ट्रिय कर्मचारी संगठन, निजामती विभागीय समिति, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
८. पौडेल, प्रेमप्रसाद, औद्योगिकरण र उद्योग सम्बन्धी कानुन : एक अध्ययन, नेपाल राष्ट्र वैंक, ५२ औं वार्षिक विशेषाङ्क, वैशाख १४, २०६४ नेपाल राष्ट्र वैंक, केन्द्रीय कार्यालय, बालुवाटार ।
९. प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४
१०. लगानी वोर्ड ऐन, २०६८ तथा लगानी वोर्ड नियमावली, २०६९
११. वातावरण संरक्षण ऐन तथा नियमावली,
१२. विद्युत ऐन, २०४९
१३. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
१४. वाणिज्य नीति, २०६७, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार ।
१५. विभिन्न आवधिक योजनाहरू
१६. विभिन्न वेभ साइटहरू
१७. साभ्केदारी ऐन, २०२०
१८. श्रम ऐन, २०४८

# नेपालमा बौद्धिक सम्पत्ति एक अध्ययन

✍राम प्रसाद ढकाल

## १. पृष्ठभूमी

यस संसारमा भौतिक र अभौतिक गरि दुई प्रकारमा सम्पत्ति अस्तित्वमा रहेको पाइन्छ । भौतिक सम्पत्ति पनि चल र अचल गरि २ प्रकारका छन् । चल अर्न्तगत सुनचांदी गरगहना, पैसा, भांडाकुंडा र अचल सम्पत्ति अर्न्तगत घर, जग्गा आदि पर्दछन् । अर्को महत्त्वपूर्ण अभौतिक सम्पत्तीको रूपमा बौद्धिक सम्पत्ति हो, जुन मानवीय चिन्तनका सृजना हुन् । व्यवहारिक रूपमा भन्नुपर्दा यो मानव हित र कल्याणका लागि मानव मस्तिष्कबाट सृजित सृजनात्मक उपज हो । यी दुबै खालका सम्पत्तिको संरक्षण तथा प्रयोग मानव सभ्यताको शुरूवातदेखिनै कुनै नै कुनै रूपमा भएको पाईन्छ । मानव सभ्यताको शुरूमा उसले प्रयोग गर्ने वास,आहारका लागि संरक्षित आफ्नो क्षेत्र भित्रको अधिकार, आफ्नो आस्थाका देवताको प्रार्थाना, विधि, मंत्र, आदिको ज्ञान वा प्रयोग नै प्रारम्भिक चरणहरु हुन् भनेर भन्न सकिन्छ ।

बौद्धिक सम्पत्तिको सर्वमान्य एवम् सर्वस्वीकार्य परिभाषा हालसम्म स्पष्ट रूपमा किटान हुन सकेको छैन । विश्व बौद्धिक सम्पत्ति संगठनले पनि बौद्धिक सम्पत्ति यी यी हुन् भनेर स्पष्ट रूपमा किटानी गरेको पाईंदैन । यस अर्न्तगत यी यी विषयहरु पनि पर्दछन् सम्म भनेको पाइन्छ । शुरूको अवस्थामा बौद्धिक सम्पत्ति भन्नाले पेटेन्ट, डिजाईन र ट्रेडमार्क, र प्रतिलिपी अधिकारलाई मात्र वुभिन्थ्यो भने अहिले यसको क्षेत्र र दायरा विस्तृत र फराकिलो रहेको पाईन्छ । हाल एकिकृत सर्किट, परम्परागत ज्ञान, लोकसंस्कृति, जैविक विविधता तथा वोटविरूवाका नयाँ जातहरूलाई पनि बौद्धिक सम्पत्तिअर्न्तगत समावेश गरिएको छ ।

## २. बौद्धिक सम्पत्तिका प्रकारहरु

विश्व बौद्धिक संगठन (world Intellectual property organisation) द्वारा बौद्धिक सम्पत्तिलाई मूलतः निम्न बमोजिम वर्गिकरण गरिएको छ ।

१) औद्योगिक सम्पत्ति (Industrial property)
२) भौगोलिक उत्पत्तिको संकेत (Geographical indication)
३) प्रतिलिपी अधिकार (Copy right)
४) व्यापारिक गोप्यता (Trade secret)
५) उपयोगी नमूना (Utility model)
६) एकीकृत सर्किट (Integrated circuit)

### १) औद्योगिक सम्पत्ति अर्न्तगत निम्न विषयहरु पर्दछन् ।

**(क) पेटेन्ट (patent)** : आविष्कार सम्बन्धी डकुमेन्टलाई सम्वन्धित श्रष्टाको हक स्थापनाको लागि सम्वन्धित अफिसले आवेदन लिने, परिक्षण गर्ने, सर्वसाधारणको जानकारीका लागि प्रकाशित गर्ने र उपयुक्त ठहरेमा आवेदकको नाममा दर्ता गरेर एकलौटी हक स्थापित गरिदिने समग्र प्रकृया पेटेन्ट हो । पेटेन्ट गर्दा प्रशासनिक दृष्टिकोणवाट, प्राविधिक दृष्टिकोणबाट र कानुनी दृष्टिकोणबाट उपयुक्तता परीक्षण गरिन्छ । प्रकृति जगतका प्राणीहरु, वनस्पतिहरु, वैज्ञानिक सिद्धान्तहरु, प्रकृतिका नियमहरु, गणितीय शूत्र र सिद्धान्तहरु, व्यवस्थापनका सिद्धान्तहरु, व्यक्तिको प्रतिभा वा खेल प्रर्दशन साथै सामाजिक

✍ उपसचिव, उद्योग मन्त्रालय

नैतिकता र मर्यादा विपरित हुने कुरा कानुनत पेटेन्ट गर्न पाईंदैन । तर वोटविरूवाका नयाँ जातहरु, नयाँ शुक्ष्मजीवहरु, नयाँ औषधीहरु, जैविक प्रविधिमा भने पेटेन्ट दिन वाधा पर्दैन । पेटेन्टको संरक्षणबाट श्रष्टाहरु संरक्षित हुन्छन् र मानव कल्याणका लागि धैरै किसिमका प्राविधिक मान्यताहरु र सुधारिएको वस्तुहरु थपिंदै जान्छन् । सम्वन्धित क्षेत्र वा देशको औद्योगिक सम्पत्ति प्रदान गर्ने कार्यालयमा आवेदन गरेपछि मात्र प्राथमिकता दर्ज हुने र दर्ता भएपछि मात्र आपनो आविष्कारको अधिकार कायम हुन जान्छ । पेटेन्ट संरक्षणको न्यूनतम समयावधि २० वर्ष हुन्छ ।

(ख) **व्यापार चिन्ह (trade mark):** बजारमा उपभोक्ताको माफमा आफ्ना वस्तुलाई कुनै अक्षर, शव्द, चिन्ह, रंग, चित्र, लोगोको एक्लै वा तिनीहरूको संमिश्रण, जसले एक व्यक्ति, संस्था वा उद्योगको वस्तुको उत्पादन वा सेवालाई अर्को व्यक्ति वा उद्योगको वस्तुको उत्पादन वा सेवा भन्दा फरक देखाउंदछ, त्यसलाई व्यापार चिन्ह भनिन्छ । यस्तो चिन्ह सम्वन्धित देश वा क्षेत्र वा संस्थाको औद्योगिक सम्पत्ति सम्बन्धी अधिकार प्रदान गर्ने कार्यालयमा दर्ता गरि सो को प्रमाणपत्र प्राप्त भएपछि मात्र यसलाई कानुनी रूपमा व्यापार चिन्ह वा TM को अधिकार प्राप्त हुन्छ । उपभोक्ताले आफ्नो रूचि अनुसार श्रोतमा, गुणस्तरमा, छनौटमा विश्वास र भरोसा राख्दै सामान खरिद गर्ने र उत्पादकले आफ्नो व्यापार प्रवर्धन गर्ने दरिलो आधार वा माध्यम पनि यहि नै हो । यसलाई व्यवस्थित गर्न नसकिएमा उपभोक्ता भुक्किने र ठगिने स्थिती उत्पन्न हुन्छ । सम्वन्धित कानुनले तोकेको शर्त पूरा गरून्जेल यस उपरको अधिकार निरन्तर रहन्छ । व्यापार चिन्हलाई पनि व्यापार चिन्ह, सेवा चिन्ह, भौगोलिक उत्पत्तिको चिन्ह, सामूहिक चिन्ह, अन्तर सरकारी प्रतिक चिन्ह, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिक चिन्ह,सांकेतिक चिन्ह गरि विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । हाम्रो मुलुकमा प्रत्येक ७-७ वर्षमा तोकिएको म्याद भित्रै आवधिक शुल्क तिर्दै गएमा यसको संरक्षण अनन्तकाल सम्म रहन्छ ।

(ग) **औद्योगिक डिजाइन** (Indusrrial design): औद्योगिक डिजाइन भन्नाले कुनैपनि वस्तुको बाहिरी आकार वा बुनाई वा रंगाई वा कुंदाई हो । यसले कुनैपनि वस्तु उपभोक्ता समक्ष मन लोभ्याउन गरि आर्कषक रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्याउंदछ । सम्वन्धित निकाय,देश, वा क्षेत्रको औद्योगिक सम्पत्ति सम्वन्धि अधिकारको कार्यालयमा विधिवत् आवेदन दर्ता भएपछि प्राथामिकता दर्ज हुने र परिक्षण पश्चात डिजायन दर्ता भएपछि मात्र यसले कानुनी मान्यता प्राप्त गर्दछ र यसको कसैले उलंघन गरेमा कानुनत: अपराध ठहर्दछ । ट्रिप्स सम्झौता अनुसार यसको संरक्षण अवधि कम्तीमा १० वर्षको हुन्छ ।

(२) **भौगोलिक संकेत** (Geographical Indication) कुन वस्तुको उत्पादन कुनै खास क्षेत्रमा भएको कारणले त्यस वस्तुको ख्याती, गुण वा विशेषता कायम हुन गै अन्य भौगोलिक क्षेत्रमा त्यस्तै वस्तुको दांजोमा सो वस्तुको बढी महत्त्व हुन गएमा त्यस्तो भौगोलिक नाम वा चिन्हलाई भौगोलिक संकेत भनिन्छ । इलामको चिया, जुम्लाको स्याउ, गुल्मीको कफी आदिले भौगोलिक विशेषता वा गुणलाई जनाउने हुँदा भौगोलिक संकेतको रूपमा लिन सकिन्छ । यस चिन्हको संरक्षण तथा प्रर्वधन व्यापार चिन्ह सम्बन्धी राष्ट्रिय कानुन तथा पेरिस महासन्धी अर्न्तगतको अर्न्तराष्ट्रिय सन्धिद्वारा **कलेक्टिभ मार्क** वा प्रमाणीकरण चिन्हका रूपमा अनुमोदन गरिन्छ । व्यक्ति वा व्यक्तिगत उद्योगको उत्पादनलाई यो चिन्ह दर्ता हुँदैन ।

(३) **प्रतिलिपी अधिकार** (Copy right) प्रतिलिपी अधिकार भन्नाले साहित्यीक,कलात्मक र बैज्ञानिक कार्य एवम् कम्प्युटर सम्बन्धी कार्यक्रमको लागि कुनैपनि श्रष्टाको आफ्नो कृतिमा स्थापीत हुने

एकलौटी हक हो । सम्वन्धीत श्रष्टाको मृत्यु पश्चात पनि ५० वर्ष सम्म निजका उत्तराधिकारीको हक त्यसमा कायम रहन्छ । प्रतिलिपी अधिकार अर्न्तगत रहेर कार्य सम्पादन गर्ने कलाका प्रस्तोता,ध्वनी अङ्कनकर्ता,र प्रशारणकर्ताको पक्षमा स्थापित हुने अधिकारलाई सम्वन्धित अधिकार भनिने र त्यस्तो सम्वन्धित अधिकार र प्रतिलिपी अधिकार संरक्षणका लागि दर्ता अनिवार्य छैन, प्रकाशन भएको वा सार्वजनिक भएको भन्ने आधार भए पुग्दछ । हाल नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय कालीकास्थानबाट यस सम्वन्धि प्रशासनिक कामकारवाही हुँदै आईरहेको छ । ट्रिप्स बाहेक अर्न्तराष्ट्रिय जगतमा यो क्षेत्रलाई वर्न महासन्धी र रोम महासन्धीले निर्देशित गरेको छ ।

(४) **व्यापारिक गोप्यता** (Trade Secret) कतिपय उद्योग तथा व्यवसायमा प्रयोग हुने प्रविधि, डिभाइस,आर्थिक सूचना,व्यापारिक योजना,सेवाग्राहीको सूची,अघोषित उत्पादनहरु खास -खास अवस्थामा गोप्य राख्नु पर्ने हुन्छ । यो भ्रूण्डै पेटेन्ट जस्तै हो । पेटेण्टमा प्रविधि सार्वजनिक गरिन्छ भने व्यापारिक गोप्यतालाई सरकारी निकाय वा कसैवाटपनि खुलासा गर्नलाई वाध्य पार्न पाईदैन । व्यापारिक गोपनियताको कुनै हद म्याद पनि हुँदैन ।

(५) **उपयोगी नमूना** (Utility Model) कुनै आविष्कारलाई उसको विशेष दक्षता, क्षमता, वा ज्ञान बापत निश्चित समयावधि वा कार्यको लागि आफ्नो सीप, क्षमता वा दक्षता प्रर्दशन गर्न दिइएको अवसर हो । यसलाई संक्षिप्त आविष्कार वा संक्षिप्त पेटेन्ट पनि भनिन्छ ।

(६) **एकिकृत सर्किट** (Integrated Circuit) यो भ्रूण्डै औद्योगिक डिजाइन जस्तै हो । तर यो विद्युतीय तथा इलोक्ट्रोनिक्स सामानमा प्रयोग हुने चिप्सका डिजाइन (मात्र सम्वन्धित छ । यसमा धेरै तत्वहरुको आपसी समन्वय वा सहकार्यमा वा घनीभूत प्रकृयाद्वारा एक आपसमा समन्वयात्मक रुपमा सँगै काम गरिएको हुन्छ । जसमा धेरै विद्युतीय फमूर्ला, कार्य र प्रणालीद्वारा संयुक्त कार्य भै रहेको हुन्छ । ती तत्वहरु मिलेर वनेको डिभाइसहरु मध्ये कम्तीमा एउटाले विद्युतीय यन्त्र वा तत्व मार्फत कार्य सञ्चालन गरेको हुन्छ । ट्रिप्स सम्झौता अनुसार यसको न्यूनतम संरक्षण अवधि कम्तीमा १० वर्षको हुनु पर्दछ ।

## ३. बौद्धिक सम्पत्ति सम्बन्धी नयाँ अवधारणा

आजभोली निम्न विषयवस्तुहरुलाईसमेत बौद्धिक सम्पत्तिको क्षेत्रमा समावेश गर्ने गरिएको पाईन्छ ।

(क) **परम्परागत ज्ञान** (Traditional Knowledge) यस अर्न्तगत विभिन्न क्षेत्रमा वसोवास गर्दै आईरहेका स्थानीय वासिन्दाहरुले आफ्नो तथा समुदायको जीवनलाई व्यवस्थित गर्न तथा सुविधायुक्त वनाउन आफ्ना पूर्खाको ज्ञान, सीप, र क्षमतालाई प्रयोग गरि मान्दै आइरहेको चालचलन तथा व्यवहारहरु पर्दछन् । यो खास गरि निम्नानुसार प्रयोगमा आएको पाईन्छ ।

(१) **खेती प्रणाली:** यस अर्न्तगद्धत परम्परागत रुपमा बीउ, माटो, मौसम, हावापानी आदिको संरक्षण तथा उत्पादकत्वको ज्ञानद्वारा कृषि तथा बनस्पतिजन्य वस्तुहरुको रोपण तथा उत्पादनमा अपनाइएको आफ्नो मौलिक, जैविक, प्रविधिगत ज्ञान, सीप आदि पर्दछन् ।

(२) **प्रविधिगत ज्ञान:** मानव जातिले आफ्ना विभिन्न धार्मिक, सांस्कृतिक, तथा सामाजिक अवसरमा गाइने गीत, भजन, गाथा तथा तिनमा प्रयोग हुने बाद्ययन्त्रका लय, ताल, रियाज आदिले विभिन्न प्रकारका ध्वनी तथा ताल निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेका छन् । यस्ता खालका प्रबिधिगत ज्ञानकासाथै परम्परादेखि चलिआएका भवन तथा मन्दिर निर्माण, हतियार निर्माण लगायतका शैलीलाई पनि यस अर्न्तगत राखिएको पाईन्छ ।

(३) **स्थास्थ्य शिक्षाः** यस अर्न्तगत धामी, झांक्री,झारफुक, आम्चि उपचार, आर्युवेद,बैद्य जस्ता स्वास्थ्यसेवा तथा उपचार सम्बन्धी विधि तथा पद्धतीहरु पर्दछन् ।

**(ख) परम्परागत सांस्कृतिक अभिव्यक्तिः** समाजमा रहेका विभिन्न जातजाती तथा समुदायले आफ्नो चाडपर्व, बिशेष परिस्थिती वा अवसरमा प्रस्तुत गर्ने गरेका विभिन्न सांस्कृतिक कार्यहरु यस अर्न्तगत पर्दछन् । जस्तै बीरता लडाइं जस्ता कथाकहानी, सारङ्गीको ताल र लयमा गर्न्धव जातीले लयात्मक रुपमा गाउने कर्खा, मुन्धुम श्रृती परम्परा, कुनै स्थान विषेश वा व्यक्ति विशेषको ख्यातीसँग सम्वन्धित गाथा, विशेष सांस्कृतिक अवसरमा गाइने पुर्खाको गौरव कथासँग सम्वन्धित लयात्मक गानहरु ।

**(ग) उत्पतीको श्रोतः** विशेष किसिमको माटो, हावापानी, तथा बीजबाट विशेष किसिमको जैविकवस्तु, अन्न वा फल साथै विशेष, वनस्पति तथा जीव वस्तुको उत्पत्ति वा उत्पादनसमेत हुने वनस्पति तथा वनस्पतिजन्य पदार्थहरु यस अर्न्तगत पर्दछन् ।

**बौद्धिक सम्पत्तिको संरक्षणमा अर्न्तराष्ट्रिय संस्थासँग नेपालको आबद्धता**

- विश्व बौद्धिक सम्पत्ति संगठन(WIPO) को सदस्यता सन् १९९७
- पेरिस महासन्धिको सदस्यता सन् २००१
- विश्व व्यापार संगठन (W.T.O.) को सदस्यता सन् २००४
- बर्न महासन्धिको सदस्यता सन् २००६
- विभिन्न देशको बौद्धिक सम्पत्तिको प्रशासन वा व्यवस्थापनसित सम्वद्ध संस्थासितको आबद्धता (भारतीय बौद्धिक सम्पत्ति सम्बन्धी कार्यालय,अमेरिकी बौद्धिक सम्पत्ति कार्यालय, जापान पेटेण्ट कार्यालय,मलेसियन बौद्धिक सम्पत्ति कार्यालय, कोरियन बौद्धिक सम्पत्ति कार्यालय, अष्ट्रेलियन बौद्धिक सम्पत्ति कार्यालय, स्वीडिस अर्न्तराष्ट्रिय विकास संस्था आदि ।

**प्रकृयामा रहेका सम्झौताहरु :**

- Madrid Agreement and protocol
- Lisbon Agreement and protocol

## ४ नेपालमा बौद्धिक सम्पत्तिको संस्थागत व्यवस्था

औद्योगिक सम्पत्तिको लागि तालुक मन्त्रालय उद्योग मन्त्रालय हो भने प्रतिलिपी अधिकारको लागि तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय हो । औद्योगिक सम्पत्तिको प्रशासनिक रेखदेख गर्ने एकाइ उद्योग विभाग हो भने कपीराइटको प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय हो । नेपालमा पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२ अर्न्तगत उद्योग विभागमा पेटेण्ट, डिजायन र ट्रेडमार्क दर्ता हुने गरेका छन् । प्रतिलिपी अधिकार सम्बन्धी कार्यहरु प्रतिलिपी अधिकार ऐन २०५९ बमोजिम प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयबाट सम्पादन हुने गर्दछन् । सम्वन्धीत अन्य ऐनहरुमा औद्योगिक व्यवसाय ऐन,२०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, उपभोक्ता संरक्षण ऐन,२०५४,कम्पनी ऐन,२०५४,भन्सार विधेयक, २०५९ आदि पर्दछन् । यी बाहेक कानुनी कार्यविधिको हकमा संक्षिप्त कार्यविधि ऐन,२०२२ आकर्षित हुन्छ । औद्योगिक सम्पत्ति दर्ताको लागि रित पूर्वकको निवेदन,दरखास्त दस्तुर बुझाएको रसीद, रितपूर्वक तयार गरिएको डकुमेण्ट, प्रतिनिधि मुकरर गरिएको भएमा अख्तियारनामा र निवेदकको विवरण पनि सँगै बुझाउनु पर्दछ तर प्रतिलिपी अधिकारको दर्ता भने अनिवार्य गरिएको छैन ।

## ५. नेपालमा बौद्धिक सम्पत्तिको प्रशासन

नेपालमा वि.सं १९९३ मा ट्रेडमार्क कानुनको कार्यान्वयन पश्चात नै यसको प्रशासन शुरू भएको हो । नेपालमा पहिलो पटक १९९५ मा 'विराट' नामक ट्रेडमार्क जुटको बोरामा प्रयोग गर्न अनुमति प्रदान गरिएको थियो । वि.सं १९९० को दशकमा विराटनगर क्षेत्रमा केही ठूला उद्योग स्थापना भएका थिए । वि.सं १९९३ मा बनेको नेपाल ट्रेर्डमार्क कानुनमा ट्रेर्डमार्क बाहेक औद्योगिक सम्पत्तिका अन्य पक्षहरु बारे खासै केही उल्लेख भएकोसमेत पाईदैन । यसैपरिप्रेक्ष्यमा बौद्धिक सम्पत्ति सम्बन्धी कानुनलाई समसामयिक परिमार्जन तथा निर्माण गर्न आवश्यक महशुस भै वि.सं. २०२२ सालमा पेटेण्ट, डिजाइन,तथा ट्रेडमार्क ऐन २०२२ तत्कालिन राष्ट्रिय पञ्चायतबाट पारित भै लागू भयो । त्यसपछि मात्र नेपालमा ट्रेडमार्क अतिरिक्त पेटेण्ट र डिजाइनको समेत विधिवत् आवेदन दर्ता हुन थालेको हो ।

उद्योग विभागले औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धी सचिवालयको रुपमा कार्य गर्दछ । यसले बौद्धिक सम्पत्तिको प्रशासन, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरुसँग समन्वयको साथै फोकल प्वाइण्टको रूममासमेत कार्य गर्दछ । यसले बौद्धिक सम्पत्तिका व्यापार सम्वद्ध पक्षहरु लगायत औद्योगिक सम्पत्तिसँग सम्वन्धित अन्य पक्षहरुको अध्ययन, समन्वय र कार्यान्वयनको कार्यसमेत गर्दछ । यस अर्न्तगत मुख्य रुपमा ट्रेडमार्क प्रशासन, पेटेण्ट प्रशासन र डिजाइन प्रशासनका कार्यहरु पर्दछन् । प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयबाट भने प्रतिलिपी अधिकार सम्वन्धि प्रशासन सञ्चालन हुने गरेको छ ।

### (क) ट्रेडमार्क प्रशासन

नेपालमा ट्रेडमार्कको वर्तमान प्रशासन ट्रेडमार्क ऐन,२०२२, तथा प्रचलित नेपाल कानुन बमोजिम विश्व बौद्धिक संगठन (WIPO) को समन्वय र सहकार्यमा हुने गरेको छ । ट्रेडमार्कहरुको बर्गीकरणका लागि WIPO द्वारा वस्तु तथा सेवाहरुको लागि व्यवस्था गरिएको NICE Agreement Classification का ४५ वर्गीकरण र सोही वर्गीकरणलाई आधार मानेर Software अनुसारको Automation प्रणालीद्वारा लोगो निरीक्षण तथा परीक्षण गरिने र सँगसँगै Manual प्रणाली समेतको माध्यमबाट निरीक्षण तथा परीक्षण गरी दर्ता गर्न उपयुक्त देखिएको आधारमा मात्र ट्रेडमार्क दर्ता सम्बन्धी कारवाही अगाडी बढ्ने गरेको छ । हाल नेपालमा दर्ता भएको ट्रेडमार्कको संरक्षण नेपालमा मात्र हुने भएकोले ट्रेडमार्कको क्षेत्रीय तथा अर्न्तराष्ट्रिय दर्ताको लागि WIPO अर्न्तगतको Madrid Agreement तथा Protocal मा नेपालले हस्ताक्षर गरेपछि मात्र ट्रेडमार्कको क्षेत्रीय तथा अर्न्तराष्ट्रिय दर्ता हुने हुँदा नेपाल ती सन्धी तथा प्रोटोकलहरुको पक्षधर बन्ने प्रकृयातर्फ अघि बढिरहेको छ ।

### (ख) पेटेण्ट प्रशासन

नेपालले पेटेण्ट दर्तामा नर्या प्रविधि प्रयोग गर्न नसकेको हुँदा हाल पूरानै प्रकृयाद्वारा पेटेण्टको आवेदन तथा दर्ता गर्ने गरिएको छ । नेपालले पेटेण्ट सहायता सन्धी (PCT) मा हस्ताक्षर गरि नसकेको हुँदा हाल नेपालमा दर्ता भएका पेटेण्टहरुको दर्ता नेपालमा मात्र सीमित हुन पुगेको छ । नेपाल PCT को पक्षधर राष्ट्र नभएकोले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा नेपालले पेटेण्ट प्रशासनको विश्वसनीयता बढाउन सकेको छैन । नेपालका हालसम्म दर्ता भएका पेटेण्टको संख्यासमेत ज्यादै न्यून रहेको पाइन्छ

(ग) **डिजाइन प्रशासन**

औद्योगिक डिजाइनको बर्गीकरण तथा दर्ता Locarno Agreement ले व्यवस्था गरेको छ । नेपाल Locarno Agreement को पक्षधर नभएकोले डिजाइनको दर्ता पनि राष्ट्रिय स्तरमा मात्र हुन पुगेको छ । नेपाल सन्धीको पक्षधर राष्ट्र नहुँदा अर्न्तराष्ट्रिय दर्ता लगायतका सुविधा पाउन सकेको अवस्था छैन ।

(घ) **प्रतिलिपी अधिकार सम्बन्धी प्रशासन**

नेपालमा प्रतिलिपी अधिकार संरक्षण सम्बन्धी प्रशासनको कार्य संस्कृती, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय अर्न्तगतको प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयले गर्ने गरेको छ । यसले नेपाली कलाकार तथा रचनाकारहरूका मौलिक, साहित्य, संगीत, कला, तथा संचार क्षेत्रसँग सम्वन्धित रचनाहरूको उत्पादनलाई संरक्षण गर्ने कार्य गर्दछ । विश्व बौद्धिक सम्पत्ति संगठन अर्न्तगतको वर्न महासन्धीमा नेपालले सन् २००६ मा हस्ताक्षर गरेपछि प्रतिलिपी अधिकार संरक्षणमा नेपालले WIPO बाट भौतिक लगायत क्षमता अभिवृद्धिको क्षेत्रमा निरन्तर सहायता पाइरहेको अवस्था छ ।

## ६. नेपालमा बौद्धिक सम्पत्ति संरक्षणका चुनौतीहरु

नेपालमा बौद्धिक सम्पत्तिमा देखा परेका चुनौतीहरु निम्नानुसार छन् ।

- अर्न्तराष्ट्रिय स्तरको कानुन र उचित मापदण्डको अभाव ।
- बजारमा नक्कली उत्पादनको बिगबिगी ।
- सृजनाशीलताको लागि सेवा सुविधा र प्रोत्साहनको कमी ।
- बौद्धिक सम्पत्ति सम्बन्धी जनचेतनाको स्तर ज्यादै नाजुक हुनु ।
- बौद्धिक सम्पत्ति सम्बन्धी छुटै अफिस नहुनु ।
- विदेशमा बौद्धिक सम्पत्ति संरक्षणका लागि अर्न्तराष्ट्रिय पहुंच नहुनु ।
- उत्पादनमा नवीनतम प्रविधीको प्रयोग हुन नसक्नु । पूरातन उत्पादन प्रणालीको वाहुल्यता हुनु ।
- लेखक, पत्रकार, कलाकार, उत्पादक, वैज्ञानिक लगायतका व्यक्तिहरूमा बौद्धिक सम्पत्ति प्रतिको सरोकारको अभाव हुनु ।
- फितलो कार्यान्वयन र कमजोर संरक्षण स्थितीले बौद्धिक सम्पत्तिको प्रभावकारी संरक्षण हुन नसकेको ।
- बौद्धिक सम्पत्तिमा उपयुक्त अध्ययन अनुसन्धान हुन नसक्नु ।
- प्रतिभा पलायनको विकराल रूपा ।
- ट्रेडमार्क ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समसामयिक परिवर्तन हुन नसक्नु ।
- नौलो प्रविधि भित्रिन नसक्नु ।

## ७. नेपालमा बौद्धिक सम्पत्तिका संभावनाहरु

नेपालमा बौद्धिक सम्पत्तिका संभावनाहरु निम्नानुसार रहेका छन् ।

- नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य भएको हुनाले अर्न्तराष्ट्रिय सहयोग जुट्दै गै रहेको छ ।
- नेपाल जैविक विविधताको धनी भएको साथै परम्परागत ज्ञानको धनी मुलुक भएकोले पनि बौद्धिक सम्पत्तिको विकासको संभावना धेरै छ ।
- नेपाल सांस्कृतिक सम्पदाको धनी मुलुक भएकोले पनि सांस्कृतिक उद्योगहरूको संभावना धेरै छ ।

- नेपाल पेरिस महासन्धीको सदस्य भएको हुनाले पनि अर्न्तराष्ट्रिय जगतमा औद्योगिक सम्पत्ति संरक्षणको लागि अनुकूल वातावरण सिर्जना भएको छ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाले पेटेण्ट संरक्षण तर्फ चासो राख्दै आईरहेका छन् ।

## ८. उपसंहार

अहिलेको युग नयाँ नयाँ सृजना र आविष्कारको युग हो । नेपालले आगामी दिनमा बौद्धिक सम्पत्तिका सबै विषयवस्तुलाई मनन गरि सोही अनुरूप बौद्धिक सम्पत्तिको संरक्षण र विकासमा विषेश चासो दिनु आवश्यक छ । आज विश्वका विकसित भनेर चिनिएका राष्ट्रहरूले जे जति प्रगति र विकास गर्न सकेका छन् त्यसको प्रमुख कारक तत्व नै बौद्धिक सम्पत्तिको संरक्षण र विकासमा पाएको सफलताले गर्दा नै हो । आजको प्रतिस्पर्धी विश्व बजारमा बौद्धिक सम्पत्तिको संरक्षण विना वस्तु तथा सेवा व्यापार कठिन छ । आजका सचेत उपभोक्ताहरु वस्तु र सेवाको गुणस्तरीयता, विस्वासनियता र छनौटको अधिकार चाहन्छन् । विना परिचित लोगो त्यो सम्भव छैन । बजारमा वस्तुको भन्दापनि त्यसको लोगोको नाम र परिचयको मूल्य बढी हुन्छ । बौद्धिक सम्पत्तिको महत्त्वको बारेमा उद्योगी, व्यापारी, उपभोक्ता लगायत राज्यलेसमेत महशुस गर्नु पर्दछ । विविध चुनौतीका वावजुत नेपाल पर्याप्त सम्भावनाहरु वोकेको मुलुक हो । हाम्रो देश नेपाल जैविक विविधता लगायत कला, संस्कृति, मौलिक रहनसहन, भाषा, संस्कृति, प्राचिन पूरातन प्रविधि आदिमा धनी राष्ट्र हो । हामीलाई हाम्रा पूर्वजहरूबाट प्राप्त भएका मौलिक तथा प्राचीन मूल्यमान्यताका साथै परम्परागत शिक्षा, स्वास्थ्य सम्बन्धी ज्ञान, धर्म, संस्कृति आदिको संरक्षण गर्नु हाम्रो पहिचानको संरक्षण गर्नु हो । एकातर्फ तिनीहरूको संरक्षण गर्नु हाम्रो कर्तव्य हो भने लोप हुन लागेका हाम्रा मूल्य मान्यता लगायतको जगेर्ना गर्नु हाम्रो सामाजिक तथा राष्ट्रिय दायित्व पनि हो । आधुनिक युग बौद्धिक सम्पत्तिको संरक्षण र व्यवस्थापनको युग पनि भएकोले त्यसको पर्याप्त संरक्षण, प्रवर्धन र विकास गर्न सकेमा त्यसको माध्यमबाट दिगो आर्थिक बृद्धि हासिल भै मुलुकलाई एक समुन्नत र विकाससील राष्ट्र बनाउन सकिने सम्भावनाहरु पनि छन् । अमेरिका, जापान, कोरिया लगायतका विश्वका धनी राष्ट्रहरूले अहिले आफ्नो भविष्य पेटेण्टमा देख्न थालिसकेका छन् । NO Patent, NO Future समेत भन्न थालिसकेका छन् । त्यसैगरि कतिपय विकसित मुलुकहरूले ट्रेडमार्क र औद्योगिक डिजायनमासमेत आफ्नो भविष्य देखि सोही अनुरूप कार्ययोजना बनाई कार्यको थालनी गरिरहेका छन् । हामीले पनि हाम्रो देशको अवस्था र परिस्थिती अनुकूल हुने गरि कुन कुन बौद्धिक सम्पत्तिको संरक्षण र विकास गर्दा बढी लाभदायक हुन्छ भनि बैलैमा सोच्नु पर्ने अवस्था छ । यसको लागि सम्वन्धित सबै सरकारी, गैरसरकारी निकायहरूका साथै निजी क्षेत्रले बेलैमा सोचविचार गरि एकताबद्धसाथ अगाडी वढ्नु पर्ने अवस्था आईसकेको छ ।

## सन्दर्भ-सामग्री


- **पेटेण्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२**
- **प्रतिलिपी अधिकार ऐन, २०५९**
- **औद्योगिक नीति २०६७**
- **बौद्धिक सम्पत्ति सम्वन्धमा विभिन्न पत्रपत्रिकामा प्रकाशित सामाग्री**
- Locarno Agreement, WIPO, Geneva.
- Nice Agreement, WIPO, Geneva.
- MMadrid Agreement (Marks) WIPO, Geneva.
- Madrid protocol, WIPO, Geneva.
- Vienna Agreement, WIPO, Geneva.
- PCT, WIPO, Geneva.
- Lisbon Agreement, WIPO, Geneva.
- Strasbourg Agreement, WIPO, Geneva.

# गैरपरम्परागत ट्रेडमार्कको दर्ता र संरक्षणः आवश्यकता वा चुनौती ?

✍दिपक घिमिरे

ट्रेडमार्क भन्नाले व्यवसायिक उत्पादनका उत्पादकहरूले आफ्नो उत्पादनलाई अन्य उत्पादकका उत्पादनहरूबाट भिन्न देखाउनका लागि प्रयोग गर्ने मौलिक र भिन्न चिन्ह वा सूचकलाई जनाउँदछ । यसले वस्तु वा सेवाको उत्पादकको सम्बन्धमा ग्राहकहरूमा सूचना सम्प्रेषित गर्दछ । यसले वस्तुको पहिचान गर्न मद्दत गर्ने भएकोले फरक उत्पादकका वस्तुहरु बिच भिन्नता कायम गरी वस्तुहरु बिच प्रतिस्पर्धी सम्बन्ध स्थापित गर्दछ । यदि ट्रेडमार्कलाई वस्तुको सट्टा सेवाको सन्दर्भमा प्रयोग गरिएको भएमा त्यसलाई सर्भिस मार्क वा सेवा चिन्ह पनि भन्ने गरिएको पाइन्छ ।

परम्परागत परिभाषा अनुसार दृष्टिगोचर (visible) कुनै चिन्हलाई ट्रेडमार्कको रूपमा लिने गरिएको थियो भने हाल विकसित मुलुकहरूको ट्रेडमार्क कानुनमा सांकेतिक वा चित्रित प्रस्तुतीकरण (Graphical representation) गर्न सकिने कुनैपनि चिन्ह ट्रेडमार्कअन्तर्गत पर्न सक्ने व्यवस्था गरिएको पाइन्छ । ट्रेडमार्कले कुनै एक उत्पादकको उत्पादनलाई अर्कोकोबाट भिन्न देखाउन सक्नुपर्ने भन्ने तथ्य परिवर्तन भएको छैन, तर "चिन्ह" को अवधारणाका सम्बन्धमा भने आधारभूत रूपमा परिवर्तन भएको छ । कुनै वस्तुमा लगाइएको ब्राण्डको नाम वा लोगोहरु जुन देख्न सकिन्छ, ती परम्परागत ट्रेडमार्कहरूअन्तर्गत पर्दछन् । चिन्हको सम्बन्धमा देख्न सकिने हुनुपर्ने भन्ने परम्परागत धारणामा परिवर्तन आई कुनै कुरा जुन सांकेतिक वा चित्रित रूपमा (Graphically) अभिव्यक्त गर्न सकिन्छ, त्यसलाई चिन्हको रूपमा लिनुपर्ने धारणा विकसित हुँदै आएको पाइन्छ । जसलाई गैरपरम्परागत (Unconventional / Non-traditional) चिन्ह भनिन्छ । यसअन्तर्गत एकल रंग वा रंगहरूको संयोजन, आवाज, चालहरूको संयोजन, त्रिआयामिक चित्रहरु, होलोग्राम, वास्ना र स्वाद आदिसमेत पर्न सक्दछन् । गैरपरम्परागत चिन्हले ट्रेडमार्कको रूपमा दर्ताको मान्यता पाएमा यसलाई गैरपरम्परागत ट्रेडमार्क भनिन्छ । गैरपरम्परागत ट्रेडमार्कअन्तर्गत देहायका चिन्हहरु पर्न सक्दछन्ः

- ❖ आवाज चिन्ह
- ❖ रंग चिन्ह
- ❖ आकार चिन्ह
- ❖ वास्ना चिन्ह
- ❖ गतिशील तस्वीर चिन्ह
- ❖ स्पर्शजन्य चिन्ह, आदि ।

विगतका केही वर्षहरूमा ट्रेडमार्कको विधिशास्त्रीय मान्यतामा ठूलो विकास भएको छ । उत्पादकहरूले अभूतपूर्व प्राविधिक विकासको माध्यमबाट आफ्ना उत्पादनहरु लाइ्र चरम रूपमा ब्राण्डिङ गर्न थालेका छन् । उपभोक्ताहरूले पनि वस्तु वा सेवाको प्याकेजिङको प्रकृति, रंग, गन्ध वा आवाजको माध्यमबाट उत्पादकको पहिचान गर्न सक्षम भएका छन् । अक्षर, लोगो, चित्र आदिको द्विआयामिक प्रस्तुतीमा मात्र सीमित नरहेका यस्ता ट्रेडमार्कलाई गैरपरम्परागत ट्रेडमार्कको रूपमा मान्यता दिने विश्वव्यापी प्रचलन शुरू भएको छ । विज्ञान र प्रविधिको विकाससँगै आज गैरपरम्परागत ट्रेडमार्कको रूपमा रहेका चिन्हहरु भविष्यमा परम्परागत हुनसक्ने र आजको अवस्थामा अनुमान नै नगरिएका नयाँ प्रकारका चिन्हहरु गैरपरम्परागत चिन्हको रूपमा विकास हुने सम्भावना पनि त्यतिकै रहेको छ ।

---

✍ उपसचिव, उद्योग मन्त्रालय

**चिन्हहरूको नयाँ पुस्ताको शुरूवात**

परम्परागत ढाँचाको ट्रेडमार्क भन्दा फरक ढाँचाको ट्रेडमार्क नै गैरपरम्परागत ट्रेडमार्क हो । जुन प्रायः दर्ता गर्न कठिन हुन्छ, तर वस्तु वा सेवाको विशिष्ट पहिचान भने धारण गरेको हुन्छ । परम्परागत ट्रेडमार्क अक्षर, चिन्ह, चित्र आदि वा तीनको संयोजन पर्दछन भने गैरपरम्परागत ट्रेडमार्कअन्तर्गत दृश्य चिन्हहरु (एकल रंग वा रंगहरूको संयोजन, गतिशील तस्वीरहरु, त्रिआयामिक चित्रहरु, होलोग्राम आदि) वा अदृश्य चिन्हहरु (आवाज, वास्ना, स्वाद आदि) पर्दछन् । ट्रेडमार्कको विकसित परिभाषा अनुसार विभिन्न मुलुकहरूमा पछिल्ला समयमा खास प्रकारका यस्ता गैरपरम्परागत ट्रेडमार्कहरु पनि ट्रेडमार्कको रूपमा दर्ता भएका छन् । विकास व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता (TRIPs) लगायतका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका कारण पनि विभिन्न मुलुकहरूले आफ्नो कानुन संशोधन गरी नयाँ प्रकारका ट्रेडमार्क दर्ता गर्न सम्भव तुल्याएका हुन् ।

वास्नाजन्य ट्रेडमार्कहरु पनि कहिलेकाहिं ट्रेडमार्कको परिभाषाअन्तर्गत राखिएको पाइन्छ । यस्ता ट्रेडमार्कहरु दर्ताका लागि पर्याप्त र अर्थपूर्ण चित्रित प्रस्तुती (Graphical representation) को अभावमा कठिन हुन्छ । अमेरिकामा सिलाईका लागि प्रयोग हुने धागोको लागि Plumeria नामक फूलको वास्नालाई १९९० मा दर्ता गरिएको पाइन्छ । अमेरिकामा ट्रेडमार्कको नमूना सहित वा विना नै पनि ट्रेडमार्कको लिखित विवरण पेश गरेमा दर्ताको लागि ग्राह्य मानिन्छ भने युरोपमा त्यतिले मात्र पर्याप्त हुँदैन । यद्यपी अमेरिकामा पनि उत्पादनमै समावेश हुने अनिवार्य वास्नालाई दर्ता भने गरिंदैन । युरोपमा Toblerone चकलेटको त्रिभुजाकार ढाँचालाई ट्रेडमार्कको रूपमा दर्ता गरिएको पाइन्छ ।

व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता (TRIPS) को धारा १५ मा कुनै एक वस्तु वा सेवालाई अर्कोभन्दा भिन्न देखाउन सक्ने कुनै चिन्ह वा चिन्हहरूको संयोजन ट्रेडमार्कको विषयवस्तु हुन सक्नेछ, यस्ता चिन्हहरु, खासगरी व्यक्तिगत नाम, अक्षर, अङ्क, चित्र र रंगहरूको संयोजनका साथै यस्ता चिन्हहरूको संयोजनसमेत ट्रेडमार्कको रूपमा दर्ताका लागि योग्य हुनेछन् भन्ने व्यवस्था रहेको छ । सोही धारामा सदस्य मुलुकहरूले चिन्हको प्रयोगका आधारमा प्राप्त पृथकता वा मौलिकतालाई पनि दर्ताको आधार बनाउन सक्नेछन् र चिन्ह दर्ताका लागि यस्ता चिन्हहरु दृष्य (Visible) हुनुपर्ने शर्त निर्धारण गर्न पनि सक्नेछन् भन्ने समेतको व्यवस्था गरे पश्चात उक्त सम्झौताको प्रावधान लागू गर्ने क्रममा धेरै मुलुकहरूले आफ्नो ट्रेडमार्क कानुनमा संशोधन गरी चिन्हको परिभाषालाई व्यापक बनाएका छन् । युरोपमा सन् १९८८ को E. U. Directives सँगै यस विषयमा परिवर्तनको शुरूवात गरियो । एशिया प्रशान्त क्षेत्रमा सन् १९९४/९५ मा अष्ट्रेलिया र न्युजिल्याण्डले गैरपरम्परागत व्यापारिक चिन्हहरूको दर्ताको शुरूवात गरे । चिन्हको परिभाषा कुनै दृष्य वस्तुभन्दा पछाडिसमेत जानसक्दछ भनि अष्ट्रेलिया र न्यूजिल्याण्डले मान्यता दिएतापनि यस क्षेत्रका मुलुकहरूको ट्रेडमार्क कानुनमा धेरै भिन्नताहरु रहेका छन् र गैरपरम्परागत चिन्हले जनाउने विषयवस्तुका सम्बन्धमा पनि धेरै फरक व्यवस्थाहरु रहेका छन् । यसका अलावा गैरपरम्परागत ट्रेडमार्कको दर्ता अत्यन्त न्यून मात्र रहेको छ । एक तथ्याङ्कका अनुसार सन् १९९६ देखि सन् २०१२ को अवधिमा विश्वभर दर्ता भएका ट्रेडमार्कमध्ये ५७ प्रतिशत अक्षरजन्य र ४२ प्रतिशत चित्रजन्य ट्रेडमार्क थिए भने, केवल ०.०२ प्रतिशत आवाजजन्य ट्रेडमार्क दर्ता भएका थिए । सो अवधिमा १० वटा होलोग्राम र ७ वटा वास्नाजन्य ट्रेडमार्क दर्ता भएका थिए ।

**संयुक्त राज्य अमेरिकामा गैरपरम्परागत ट्रेडमार्क सम्बन्धी व्यवस्था :**

अमेरिकामा ट्रेडमार्कलाई परिभाषित गरेको कानुन लनह्याम ऐनले ट्रेडमार्कलाई कुनै वस्तु वा सेवालाई पहिचान गर्ने र अर्को भन्दा फरक देखाउने तथा उत्पादनको स्रोतको जानकारी दिने शब्द, नाम, संकेत वा माध्यम तथा तिनको संयोजनलाई लिनुपर्छ भनि परिभाषित गरेको छ । सन् १९८८

मा सो कानुनमा संशोधन गर्दा पनि उक्त संकेत वा माध्यम भन्ने शव्द नहटाइएको हुँदा अमेरिकामा आवाज, गन्ध, स्वाद आदिलाई ट्रेडमार्कको रूपमा दर्ता गर्न कुनै बन्देज रहेको पाइदैन । अमेरिकी सर्वोच्च अदालतले पनि अर्थ धारण गर्ने कुनै पनि कुरा ट्रेडमार्क हुन सक्ने भनि व्याख्या गरेको पाइन्छ (Qualitex Co v Jacobson Products Co, 514 US 159 (1995)) यसैकारण पनि अमेरिकी पेटेण्ट तथा ट्रेडमार्क कार्यालय (USPTO) ले पनि धेरै आवाजहरूलाई ट्रेडमार्कको रूपमा दर्ता गरेको पाइन्छ । *(हेर्नुहोस, http://www.uspto.gov/trademarks/soundmarks/index.jsp )*

अमेरिकाको सन् १९४६ को ट्रेडमार्क कानुनले ट्रेडमार्कलाई बृहद रूपमा परिभाषित गरेको र गैरपरम्परागत ट्रेडमार्कलाई अमान्य घोषित नगरेको तथा ट्रेडमार्क दर्ताका लागि चित्रित प्रस्तुतीकरण (Graphical Representation) को पूर्वशर्त नराखेकोले अन्य मुलुकहरूको तुलनामा अमेरिकामा गैरपरम्परागत ट्रेडमार्कको दर्ता सहज भएको पाइन्छ । आवाज, गन्ध वा अन्य अदृश्य तत्वहरु समावेश भएका चिन्हहरु पनि लिखित वर्णनको आधारमा अमेरिकी ट्रेडमार्क कानुन वमोजिम दर्ता र संरक्षणका लागि योग्य हुन सक्दछन् । National Broadcasting Company (NBC) को जिंगललाई अमेरिकामा दर्ता भएको पहिलो गैरपरम्परागत ट्रेडमार्क मानिन्छ, जसलाई सन् १९७० को दशकमै अनुभूतिजन्य (Sensory) चिन्हका रूपमा दर्ता गरिएको थियो । उक्त जिंगलमा प्रयुक्त नोटेशनको सामान्य व्याख्या गरिएको थियो तर नोटेशन सीटमा अभिव्यक्त गरिएको थिएन । यस्तै, उत्पादित वस्तुसँग कुनै कार्यगत सम्बन्ध नराख्ने र द्धितीयक अर्थ वा हासिल गरेको पृथकता (Secondary Meaning or Acquired Distinctiveness) भएका एकल रंग, वास्ना आदिले पनि अमेरिकामा ट्रेडमार्कको रूपमा दर्ता र संरक्षण प्राप्त गरेको पाइन्छ ।

यद्यपी, खाने औषधीका लागि स्वादजन्य ट्रेडमार्कको अमेरिकामा दर्ता अस्वीकृत भएको पाइन्छ, तर अन्य अखाद्य वस्तुहरु, जस्तै दन्तचिकित्सकको पञ्जा (Dentist's Gloves) र टूथपिक आदिका लागि भने स्वादजन्य ट्रेडमार्क दर्ता गरिएको पाइन्छ । यस्तै म्यानहटन लुब्रिकेन्ट आयललाई चेरी र अंगुरको वास्नाको ट्रेडमार्क प्रदान गरिएको भएतापनि अत्तर वा कस्मेटिक उत्पादनका लागि यस्ता वास्नाजन्य ट्रेडमार्क दर्ता गर्न अस्वीकार गरिएको पाइन्छ । यसका साथै डिप्रेशनको औषधीमा सुन्तलाको स्वादलाई ट्रेडमार्क दर्ता आवेदन भएकोमा कार्यगत र पृथक उपयोग नभएको भनि दर्ता अस्वीकार भएको पाइन्छ । तर अन्य अखाद्य वस्तुका लागि भने यस्ता स्वादजन्य ट्रेडमार्कहरु स्वीकार भएको पाइन्छ । आवाजजन्य चिन्हहरूले अन्य कार्यविधिगत आवश्यकताका अलावा (क) द्धितीयक अर्थ वा पृथकता हासिल गर्ने, (ख) कार्यात्मकताको परीक्षण हुन सक्ने, तथा (ग) संरक्षणको अभावमा उपभोक्ताहरूलाई उस्तै वस्तु वा सेवाको भ्रम उत्पन्न हुन सक्ने भएकाले गैरपरम्परागत ट्रेडमार्कको रूपमा दर्ता संरक्षण प्राप्त गरेता पनि स्वादलाई दर्ताका लागि कसरी वर्णन गर्ने भन्ने प्रश्न पनि महत्त्वपूर्ण रहेको छ ।

**द्धितीयक अर्थ वा हासिल गरेको पृथकता (Secondary Meaning or Acquired Distinctiveness):**

द्धितीयक अर्थ वा हासिल गरेको पृथकता (Secondary Meaning or Acquired Distinctiveness) कुनै पनि ट्रेडमार्क दर्ताका लागि अनिवार्य शर्तको रूपमा लिइन्छ । द्धितीयक अर्थ स्थापित गर्नका लागि ट्रेडमार्कले उत्पादनको उत्पादकलाई पहिचान गर्ने खालको हुनुपर्दछ, उत्पादन स्वयम्लाई होइन । उदाहरणका लागि, "वाइन" शव्दको ट्रेडमार्कले वाइन स्वयम्लाई पहिचान गर्दछ, न कि उक्त वाइनको उत्पादकलाई, यसैले वाइनको लागि "वाइन" भन्ने ट्रेडमार्क दर्ता हुन सक्दैन । चिन्हले हासिल गरेको पृथकता उत्पादित वस्तु वा सेवामा अन्तरनिहित विशेषता भन्दा फरक हुन्छ, किनकी, अन्तरनिहित विशेषताका सम्बन्धमा शुरूबाट नै ज्ञान हुन्छ तर चिन्हका रूपमा प्रयुक्त भएपछि त्यसले द्धितीयक अर्थ हासिल गर्दछ । चिन्ह प्रयोग हुने वस्तु वा सेवामा अन्तरनिहित विशेषतासँग सम्बन्धित नभएको अवस्थामा मात्र सो चिन्हले द्धितीयक अर्थ हासिल गरेको मानिन्छ । यसकारण कुनै चिन्हले पृथक अर्थ हासिल गरेको छ, छैन भन्ने प्रमाणित गर्नका लागि आधारभूत रूपमा अर्के अर्थ दिने चिन्हले वस्तु वा सेवासँग

आबद्ध भएपश्चात उपभोक्ताको मनमा पृथक अर्थ दिने खालको हुनुपर्दछ भनि अमेरिकाको सर्वोच्च अदालतले Inwood Laboratories Inc. v. Ives Laboratories को मुद्दामा व्याख्यासमेत गरेको पाइन्छ । यस्तै, अर्को एक मुद्दामा सो अदालतले शव्द, चित्र आदिजस्ता परम्परागत ट्रेडमार्कको तुलनामा आवाज, गन्ध आदिजस्ता गैरपरम्परागत ट्रेडमार्कले द्वितीयक अर्थ हासिल गर्न निकै कठिन हुने तर यस्ता ट्रेडमार्क स्थापित हुन लामो समय लाग्ने हुँदा पृथकताको स्तर उच्च हुने, तथा थोरै नोटेशन भएका र सुनिजानेको जस्तो लाग्ने धुनले पनि उच्च स्तरको पृथकता सिद्ध नगरेसम्म दर्ताको सुनिश्चितता प्राप्त नगर्ने भनि व्याख्या गरेको पाइन्छ ।

**कार्यात्मकताको परीक्षण (The Functionality Test):**

जुन विधाको वस्तुको लागि ट्रेडमार्क आवेदन गरिएको हो, सो विधाका लागि अत्यावश्यक विशेषतालाई ट्रेडमार्कको रूपमा दर्ता गर्न अस्वीकार गरिन्छ । अत्तर वा कस्मेटिक उत्पादनका लागि वास्नाजन्य ट्रेडमार्क दर्ता गर्न अस्वीकार गरिनुलाई यसै कार्यात्मक परीक्षणसँग जोडेर हेर्न सकिन्छ । अमेरिकामा चित्रित प्रस्तुतीकरणको अनिवार्य कानुनी व्यवस्था नभएकोले यो मापदण्ड पूरा नहुने र अनुमानको लागि पर्याप्य स्थान रहने क्षेत्रको रूपमा पनि रहेको छ ।

**युरोपेली संघ (European Union) मा गैरपरम्परागत ट्रेडमार्क सम्बन्धी व्यवस्था:**

युरोपेली संघमा गैरपरम्परागत ट्रेडमार्क दर्ताको कानुनी स्थिति अमेरिकाको भन्दा पृथक रहेको छ । अमेरिकी ट्रेडमार्क कानुनको विपरीत युरोपेली संघमा ट्रेडमार्कको चित्रित प्रस्तुतीकरण अनिवार्य हुनुका साथै युरोपेली अदालत (European Court of Justice) र पुनरावेदन बोर्ड (Board of Appeal) ले आवश्यक कुराहरूको सम्बन्धमा थप व्याख्या गरेका छन् । यसैकारण, युरोपेली संघ अन्तर्गतका मुलुकमा ट्रेडमार्कमा देख्न सकिने चिन्ह हुनुको अतिरिक्त यसलाई चित्र, धर्का वा अक्षर आदिको माध्यमबाट चित्रित रूपमा प्रस्तुत गर्न सकिने पनि हुनुपर्दछ । युरोपेली संघको पहिलो ट्रेडमार्क निर्देशिका (Trademark Directive - 89/104/EEC) र कम्युनिटी ट्रेडमार्क नियमावली (Community Trademark Regulation-40/90) ले शव्द र चित्रमा सीमित नहुने गरी र सांकेतिक वा चित्रित रूपमा अभिब्यक्त गर्न सकिने गरी अन्य उत्पादकका वस्तु वा सेवाभन्दा फरक देखाउन प्रयोग हुने चिन्हलाई ट्रेडमार्कको रूपमा लिएको भएतापनि अमेरिकी कानुनको तुलनामा युरोपेली संघ अन्तर्गतका मुलुकमा गैरपरम्परागत ट्रेडमार्कको हकमा अन्य कठोर र पृथक मापदण्डहरू पनि निर्धारण गरिएको पाइन्छ । यसका साथै यस्तो चित्रित प्रस्तुतीकरण स्पष्ट, शुद्ध, सजिलै प्राप्त गर्न सकिने, बुझ्न सकिने, दिगो र वस्तुगतसमेत हुनुपर्दछ ।

Ralf Sieckmann v. Deutsches Patentund Markenamt को बहुचर्चित मुद्दामा *(जसमा दालचिनीको स्वादलाई ट्रेडमार्कको रूपमा मान्यता दिने नदिने प्रश्न निहित रहेको थियो)*, युरोपेली अदालतले स्वादलाई दर्शाउने आवेदकको फर्मूला बुझ्न सकिने नभएको, कुनै वस्तुको स्वादलाई प्रतिनिधित्व नगर्ने, पर्याप्त रूपले शुद्ध र स्पष्ट नभएको, लिखित वर्णन पनि स्पष्ट र शुद्ध नभएको, वस्तुको भौतिक नमूना पनि चित्रित रूपमा प्रस्तुत नभएको, तथा त्यस्तो फर्मूला दिगो र स्थायी नभएको भनि ऐतिहासिक फैसला गऱ्यो । फलस्वरूप सोही फैसलाको निर्णयाधारमा टेकेर प्रख्यात अमेरिकी कम्पनी MGM (Metro-Goldwyn-Mayer Pictures) को सिंहको गर्जन र प्रख्यात अमेरिकी लेखक Edgar Rice Burroughs को जंगल हिरो (टार्जन) को तीखो स्वर (Yell) ले युरोपेली संघ अन्तर्गतका मुलुकमा ट्रेडमार्कको रूपमा दर्ता र संरक्षण प्रदान गर्न इन्कार गरियो । युरोपेली संघ अन्तर्गतको The Office for Harmonization in the Internal Market (OHIM) ले MGM को उक्त सिंहको गर्जनलाई पहिलो पटक सन् १९९९ मा सुनुवाई गर्दा ध्वनी तरंग चित्र (Spectogram) मा प्रस्तुत गरिएको उक्त आवाजको पर्याप्त सांकेतिक वा चित्रित प्रस्तुती नभएको भनि अस्वीकार गरिएको थियो । तत्पश्चात सन् २००६ मा सुधारिएको सांकेतिक प्रस्तुती

(Graphical Representation), शाब्दिक वर्णन र आवाजको रिकर्डिङसमेत संलग्न गरी पुनः पेश भएको आवेदन भने हालसम्म पनि विचाराधीन अवस्थामा नै रहेको छ । यद्यपी टार्जनको तीखो स्वरको दर्ताका लागि म्युजिकल नोटेशन र डिजिटल रिकर्डिङसमेत संलग्न गरी पछि आवदेन गर्दा ट्रेडमार्क दर्ता स्वीकृत भयो ।

स्वादजन्य र सुगन्धजन्य चिन्हको तुलनामा आवाजजन्य चिन्हहरूले सांकेतिक वा चित्रित प्रस्तुती (Graphical Representation) को मापदण्ड पूरा गर्न सक्दछ । Shield Mark v. Kist को मुद्दामा युरोपेली अदालतले, आवाजजन्य चिन्हलाई ट्रेडमार्कको रूपमा दर्ता गर्न सकिने, आधिकारिक म्युजिकल नोटेशनको माध्यमबाट आवाजलाई वर्णन गर्न सकिने र शाब्दिक रूपमा वर्णन गरिएको आवाजले मात्र सांकेतिक वा चित्रित प्रस्तुतीकरण (Graphical Representa tion) को आवश्यकता पूरा गर्न नसक्ने भनि फैसला गऱ्यो । यसैले National Broadcasting Company (NBC) को जिंगलमा प्रयुक्त वर्णनात्मक प्रस्तुती दर्ताका लागि युरोपेली संघका मुलुकमा पर्याप्त हुँदैनन्, यसको नोटेशन पनि पेश गर्नु अनिवार्य हुन्छ । यसैकारण दर्ताका लागि अन्य आधारभूत शर्त पूरा गरेका तर नोटेशनल रूपमा चित्रित गर्न नसकिने चिन्ह युरोपेली कानुनअन्तर्गत ट्रेडमार्कको रूपमा दर्ता हुन सक्दैनन् ।

चित्रित प्रस्तुतीकरणको शर्त आवाजजस्तै अन्य गैरपरम्परागत ट्रेडमार्क (जस्तै, वास्ना) दर्ताका लागि पनि वाधकको रूपमा रहेको पाइन्छ, किनकी वास्नालाई उपयुक्त रूपले चित्रित रूपमा प्रस्तुत गर्न कठिन हुन्छ । उदाहरणका लागि, एकल रंगलाई रंग पहिचान गर्ने माध्यम (जस्तै, Pantone Maching System, RAL, Focoltone) बाट पहिचान गर्न सकिन्छ, तर वास्ना र स्वादजन्य चिन्हहरु निकै विषयगत (Subjective) हुने हुँदा ट्रेडमार्कको रूपमा दर्ता गर्न निकै कठिन छ । यसकारण युरोपेली संघका मुलुकमा अमेरिकाको तुलनामा जटिल कानुनी व्यवस्थाका कारण गैरपरम्परागत ट्रेडमार्कको दर्ता कठिन रहेको छ । बेलायतमा विशिष्ट अवस्थामा रंगजन्य ट्रेडमार्कलाई मान्यता दिएको पाइन्छ । Heinz को Baked beans लाई कछुवाको छाँयाको ट्रेडमार्क, ब्रिटिस पेट्रोलियमलाई हरियो रंग र क्याडबरी चकलेटको बैजनी रंगलाई ट्रेडमार्कको रूपमा मान्यता दिई दर्ता भएको पाइन्छ ।

**भारतमा गैरपरम्परागत ट्रेडमार्क सम्बन्धी व्यवस्था :**

भारतमा सन् १९९९ को ट्रेडमार्क कानुनले एक व्यक्तिको वस्तु वा सेवालाई अर्कोबाट फरक देखाउन सक्षम आकार, प्याकेजिङ, र रंगको संयोजनलाई ट्रेडमार्कको रूपमा परिभाषित गरको छ र यस्तो ट्रेडमार्क चित्रित रूपमा प्रस्तुत गर्न सकिने हुनुपर्ने व्यवस्था पनि गरेको छ । सन् २००२ को ट्रेडमार्क नियमले चित्रित प्रस्तुतीकरण भन्नाले कागजी स्वरूपमा देखाउन सकिने हुनुपर्ने भनि व्याख्या गरेको छ । यसैले भारतमा चित्रित प्रस्तुतीलाई अत्यावश्यक र अनिवार्य शर्त (sine qua non) को रूपमा लिइएको पाइन्छ । ऐनको दफा ९(१) ले दर्ताको मितिभन्दा अघि सो चिन्हले पृथक अर्थ धारण नगरेको भए दर्ताको लागि अयोग्य नमानिने भनि द्वितीयक अर्थको अवधारणालाई पनि आत्मसात गरेको पाइन्छ । ट्रेडमार्क नियमले त्रिआयामिक चिन्ह दर्ताका लागि आठ प्रकारका दृश्यको नमूना प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ । यसप्रकार भारतीय ट्रेडमार्क कानुनले चित्रित प्रस्तुतीलाई ट्रेडमार्क दर्ताको अनिवार्य शर्तको रूपमा लिएको भएतापनि अन्य गैरपरम्परागत ट्रेडमार्कको दर्ता सम्बन्धमा भने मौन रहेको देखिन्छ । तथापी, पछिल्ला वर्षहरूमा भारतमा Yahoo को आवाज/ध्वनी (Yodel) लाई ट्रेडमार्कको रूपमा दर्ता गरिएको सन्दर्भमा गैरपरम्परागत ट्रेडमार्क दर्ताका सम्बन्धमा अग्रगामी कदमको रूपमा लिन सकिन्छ ।

**नेपालको ट्रेडमार्क कानुन र गैरपरम्परागत ट्रेडमार्कः**

नेपालमा "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द,

चिन्ह र चित्र तिनै कुराको संयोग सम्झनु पर्छ भनि पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा परिभाषित गरिएको पाइन्छ । यसमा चिन्ह भन्नाले के कुरालाई जनाउँदछ भनि परिभाषित गरिएको छैन । यसकारण यसअन्तर्गत रंग, आवाज आदि गैरपरम्परागत चिन्हहरु पनि पर्न सक्ने वा नसक्ने भन्नेतर्फ पर्याप्त बहस र व्याख्या हुनुपर्ने देखिन्छ । नेपालमा ट्रेडमार्कको दर्ता गर्ने निकाय उद्योग विभागमा हालसम्म यस प्रकारका गैरपरम्परागत चिन्हहरूको दर्ता भएको पाईदैन । तथापि, भविष्यको अनुमान आजै गर्नु कठिन हुन्छ । सूचना र प्रविधिको विकास र विश्वव्यापीकरणको प्रभाव सँगसँगै परम्परागतरुपमा आवेदन नगरिएका नयाँ खालका गैर परम्परागत ट्रेडमार्क दर्ताको लागि आवेदन पर्न सक्ने प्रबल सम्भावनालाई इन्कार गर्न सकिंदैन । नेपालमा हाल विधिवत रुपमा दर्ता नगरिएता पनि विभिन्न कम्पनीहरूले रंग र आवाजलाई आफ्नो व्यवसाय प्रवर्द्धनका लागि ट्रेडमार्कको रुपमा प्रयोग गरिआएको पाइन्छ । *(उदाहरणका लागि नेपाल टेलिकमको नीलो रंगको लोगो र एनसेलको बैजनी रंगको लोगो तथा ती दुवै कम्पनीहरुको व्यापारिक धुनको आवाजलाई लिन सकिन्छ ।)* तसर्थ यस्ता गैरपरम्परागत चिन्हको सम्बन्धमा पनि अब बन्ने कानुनमा पर्याप्त व्यवस्था गरिनु र चिन्हको परिभाषासमेत गरिनु आवश्यक देखिएको छ ।

यद्यपी सबै प्रकारका गैरपरम्परागत ट्रेडमार्कहरूलाई दर्ता र संरक्षण दिन हाम्रो परिप्रेक्ष्यमा सान्दर्भिक नहुन पनि सक्दछ । जस्तै, वास्नाजन्य र स्वादजन्य ट्रेडमार्क दर्ता गर्नका लागि त्यस्तो ट्रेडमार्कको चित्रित वा सांकेतिक प्रस्तुतीकरण (Graphical Representation)गर्न कठिन हुने भएकोले र त्यस्तो वास्ना र स्वादमा वस्तुगत रुपले भिन्नता छुट्याउने नाक र जिब्रोको काम गर्ने मेशिन हालसम्म निर्माण भैनसकेको अवस्थामा रंगजन्य र आवाजजन्य चिन्हहरूलाई मात्र ट्रेडमार्कको रुपमा दर्ता गर्न सकिने व्यवस्था गर्नुपनि उपयुक्त हुन सक्दछ । रंगजन्य र आवाजजन्य चिन्हलाई सांकेतिक रुपले वा चित्रित रुपले (Graphically) प्रस्तुत गर्न सम्भव र सहज पनि छ । हालसालै स्पेनको बार्सिलोनाको अटोनोमस विश्वविद्यालयका बैज्ञानिकहरूले बिभिन्न प्रकारका बियरहरु र तीनमा रहेका मदिराको मात्रा मापन गर्ने इलेक्ट्रोनिक जिब्रो विकास गरेका छन्, यस कृतिम जिब्रोलाई यसका आविष्कारकहरूले स्वाद पत्ता लगाउने मेशिन निर्माण कार्यमा पहिलो पाइलाको रुपमासमेत लिएका छन् । भविष्यमा यस्तै स्वाद र वास्ना पहिचान गर्ने कृतिम जिब्रो र नाकको विकास सम्भव भएको अवस्थामा स्वादजन्य र वास्नाजन्य ट्रेडमार्क दर्ता गर्न सहज हुने देखिन्छ ।

गैरपरम्परागत ट्रेडमार्कको अवधारणा नेपाली ट्रेडमार्क कानुनको सन्दर्भमा नवीन विषय हो । जबकी विश्वव्यापी रुपमा हेर्दा अमेरिका जस्ता विकसित मुलुकहरूले सन् १९७० को दशकको शुरूवातमै यस्ता चिन्हलाई मान्यता दिएको पाइन्छ । हङकङ र भारतमा पनि याहु (Yahoo) को आवाज (Yodel) लाई पछिल्लो समयमा ट्रेडमार्कको रुपमा मान्यता दिएको पाइन्छ । प्रविधिको द्रूततर विकासले गर्दा व्यापारिक प्रतिस्पर्धीहरु र उपभोक्ताको हितलाई मध्यनजर राखि विभिन्न मुलुकहरूले अपनाएको ट्रेडमार्क सम्बन्धी कानुनी ढाँचाको हामीकहाँ पनि सन्तुलित अनुकरण गरी गैरपरम्परागत ट्रेडमार्कलाई मान्यता दिन आवश्यक देखिएको छ ।

## <u>सन्दर्भ सामग्रीह¿ :</u>


१. **पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन**, २०२२

२. http://www.inta.org

३. http://www.wipo.int

४. **ट्रेडमार्क प्रणाली र नेपाली सन्दर्भ, दिपक घिमिरे, उद्योग र विकास, वर्ष ९ अङ्क १५**

# परिमार्जनको प्रतिक्षामा रहेको विदेशी लगानी र एकद्वार नीति, २०४९ एक समिक्षा

✍नारायण आचार्य

**पृष्ठभूमि**

विश्व अर्थतन्त्रमा सन् १९९० को दशकमा निक्कै उतार चढावहरु देखा परे । सन् १९३० को महान मन्दी पछि पूँजीवादी र समाजवादी कित्तामा ध्रुविकृत विश्व अर्थतन्त्रमध्ये समाजवादी खेमामा यस दशकमा केहि धक्का पुगेको मानिन्छ । नियन्त्रित र निर्देशित अर्थतन्त्रमा मुलुकको आर्थिक संमृद्धि हाँसिल गर्ने प्रकृया कठिन हुने वकालत नवशास्त्रीय अर्थशास्त्रीहरुबाट हुन थाल्यो । सोभियत संघको विघटन र पुर्वी यूरोपका मुलुकहरुले अवलम्वन गर्दै आएको राजनैतिक प्रणालीमा सुधारका प्रयासहरु हुन थालेसँगै अर्थ व्यवस्थामासमेत उतार चढावहरु देखा परे । पश्चिमा मुलुकहरुमा खुला र उदार अर्थतन्त्रको पक्षमा लहर सृजना भयो । अन्तराष्ट्रिय आर्थिक सामाजिक परिवेशमा ठूला ठूला परिवर्तनहरु भए । विश्व अर्थतन्त्रमा आएका यस्ता परिवर्तनहरुले साना ठूला सवै राष्ट्रहरुको राष्ट्रिय अर्थतन्त्रलाई पनि प्रभावित बनायो । विश्व अर्थ व्यवस्थामा आएका परिवर्तनहरुलाई आत्मसात गर्दै सो अनुकूल आ-आफ्नो अर्थतन्त्रलाई समायोजन गर्दै जाने प्रयासको थालनी सवै मुलुकहरुबाट हुन थाल्यो । नेपालमा पनि एसियाका दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुकहरुले अवलम्वन गरेका खुला र उदार अर्थनीति एवम् आर्थिक समायोजन कार्यक्रमका प्रभावले आफ्नो अर्थतन्त्रलाई सो अनुकूल परिमार्जन र सुधार गर्दै लैजान दवाव सृजना भयो । वि.सं. २०४६ सालको जन आन्दोलनले ल्याएको राजनैतिक परिवर्तनको मर्म र भावना एवम् उर्लदो जन आकांक्षालाई संवोधन गर्न, सो अनुरुप आर्थिक संरचनाहरुमा सुधार ल्याउन र आर्थिक सामाजिक परिवर्तन गर्दै अगाडी वढन जरूरी भै सकेको थियो ।

मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या झण्डै ४२% रहेको एवम् मुलूकको कूल ग्रार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान झण्डै १५%, रहेको अवस्थामा विभिन्न क्षेत्रविच सन्तुलित विकास गरी उत्पादन, रोजगारी वृद्धि गर्दै निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापनबाट मुलुकको समग्र आर्थिक सामाजिक रुपान्तरणको लागि औद्योगिक विकासलाई प्राथमिकताका साथ अगाडी बढाउने प्रयास हुन जरूरी थियो । यसको लागि विभिन्न नीतिगत, संरचनागत र कानुनी सुधारका कार्यहरुको थालनी भयो । यसै राष्ट्रिय अन्तराष्ट्रिय परिवेशलाई आत्मसात गर्दै विदेशी पूँजी, प्रविधि, व्यवस्थापकीय कौशल र प्राविधिक सीप भित्र्याई उत्पादन, उत्पादकत्व आय तथा रोजगारी वृद्धि गर्दै अन्तराष्ट्रिय क्षेत्रमा देशको प्रतिस्पर्धात्मक क्षमता बढाउने, उत्पादनशील क्रियाकलापको विस्तार गरेर अर्थ व्यवस्थालाई सवल र गतिशील बनाउने उद्देश्यका साथ विदेशी लगानी र एकद्धार नीति २०४९ तर्जुमा गरिएको हो ।

प्रयाप्त आन्तरिक साधन स्रोतको अभाव र स्वदेशी लगानीको लागि पूँजी बजारको विकास भै नसकेको नेपाल जस्तो कृषिमा आधारित अर्थतन्त्र भएको अल्प विकसित मुलुकको द्रुततर आर्थिक विकास गरी आय, रोजगारी, उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्न र निर्यात प्रवर्धन गर्दै आयात प्रतिस्थापन गर्न स्वदेशी साधन, स्रोत र सीपको सदुपयोग गर्दै साधन स्रोतको कमी (Resources Gap) लाई पूरा गर्न विदेशी पूँजी प्रविधि र सीप भित्र्याउन जरूरी देखियो । यसको लागि समय सापेक्ष उदार एवम् खुला अर्थनीति अवलम्वन गरी प्रयाप्त मात्रामा विदेशी लगानी भित्र्याउन औद्योगिक क्षेत्र लगानी मैत्री बनाउने मनसायका साथ विदेशी लगानी र एकद्धार नीति २०४९ तर्जुमा भै कार्यान्वयनमा ल्याइएको देखिन्छ ।

---

✍ प्रमुख उद्योग अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौं

सन् १९९० को दशकमा विश्व आर्थिक मञ्चहरूमा आएका परिवर्तित परिदृश्य सँगै छिमेकी मुलुकहरूले सो अनुरूप आ-आफ्नो अर्थ व्यवस्थालाई समायोजन गर्दै प्राथमिकता र महत्त्वका साथ विदेशी लगानीलाई आकर्षित गरिरहेको सन्दर्भमा नेपालमा पनि विश्व अर्थ व्यवस्था सँग सँगै समायोजित भई प्रयाप्त विदेशी लगानी आकर्षित गर्न, र नेपाललाई आकर्षक लगानी गन्तव्यको रूपमा चिनाउन आवश्यक नीतिगत व्यवस्थाको लागि यो नीति तर्जुमा गरिएको हो । यस नीतिको कार्यान्वयनबाट पूँजी आधुनिक एवम् नविनतम प्रविधि, व्यवस्थापन र प्राविधिक सीप भित्रिन गै अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा र पहुँच विस्तार, प्रतिस्पर्धात्मक व्यावसायिक धारणको विकास,उत्पादन र उत्पादकत्व अभिवृद्धि, उद्यमशीलता, जागरूकता जस्ता व्यवसायिक गुणहरु राष्ट्रमा भित्रिन गई समग्र क्षेत्रमा औद्योगिक संस्कृतिको विकास हुने, पूँजीको अन्तराष्ट्रियकरण हुने र मुलुकको अर्थ व्यवस्था अन्तराष्ट्रिय एवम् क्षेत्रिय अर्थ व्यवस्थासँग बढी आवद्धित भएको हुने मुलुकले अपेक्षा लिएको थियो । लगानी मैत्री वातावरण तयार गर्दै निजी क्षेत्रको विकासलाई जोड दिने रणनीति लिएको यस नीतिले खुला एवम् उदार अर्थनीतिलाई आत्मसात गरेको थियो । खुला एवम् उदार अर्थनीतिको अवलम्वन सँगै नेपाल विभिन्न बहुपक्षीय क्षेत्रीय र द्धिपक्षिय संघ संगठनहरूमासमेत प्रवेश गऱ्यो । सम सामयिक विश्व आर्थिक व्यवस्थामा देखिएका तिव्र प्रतिस्पर्धा, उदारीकरण विश्व व्यापिकरणको लहर सँगसँगै नेपाल पनि समायोजित हुनु पर्ने भयो । विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता वहुपक्षिय संघ संस्थाहरु सँगको आबद्धताका कारण सृजित दायित्वलाई पूरा गर्न एवम् विभिन्न अन्तराष्ट्रिय संघ सस्थासँगका सम्झौताहरु एवम् अन्तराष्ट्रिय मञ्चहरूका व्यक्त गरी सकेका प्रतिवद्धताहरूलाई पूरा गर्न सो अनुरूपको नीतिगत व्यवस्था गर्न आवश्यक भै नेपालमा पनि यो नीति तर्जुमा भै कार्यान्वयनमा ल्याइएको हो । उपरोक्त पृष्ठभूमीमा आठौं पञ्चवर्षिय योजना (२०४९-२०५४) को कार्यान्वयन सँगसँगै तर्जुमा गरी उद्घोष गरिएको विदेशी लगानी र एकद्धार नीति २०४९ मा निम्न चार (४) वटा प्रमुख उद्देश्यहरु राखिएका छन् :-

१. आय तथा रोजगारीका थप अवसरहरु सृजना हुने गरी उत्पादनशीलताका क्रियाकलापहरु विस्तार गरेर अर्थ व्यवस्थालाई सवल र गतिशील बनाउने ।
२. औद्योगिकीकरण प्रकृयामा निजी क्षेत्रको सहभागिता बढाउने ।
३. विदेशी पूँजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीप भित्र्याई आन्तरिक स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरेर उत्पादकत्व बढाउने ।
४. अन्तर्राष्ट्रिय जगतमा देशको प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकासलाई जोड दिदै प्रतिस्पर्धी बजार व्यवस्थापन र प्रयाप्त विदेशी लगानीको लागि उपयुक्त र लगानी मैत्री औद्योगिक वातावरण तयार गरि दिने काम नीतिले गर्दछ । राष्ट्रिय प्राथमिकताका क्षेत्रमा भित्रिने विदेशी लगानीले रोजगार सृजना गर्ने, प्राविधि तथा ज्ञानको विस्तार गर्ने, नविनतं प्रविधि भित्रिने, अन्तराष्ट्रिय बजारसम्म पहुँच पुऱ्याउन सहयोग गर्ने, व्यवसायिक दक्षता अभिवृद्धि गर्ने, प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने पूर्वाधार विकासमासमेत साधनको कमीलाई केही हदसम्म पूरा गर्ने सामर्थ्य राख्दछ । विदेशी लगानीबाट पूँजीको अन्तराष्ट्रियकरण हुने र यस्तो अन्तराष्ट्रियकरणबाट विकसित मुलुकको पूँजी प्रविधि, ज्ञान, सीप विकासोन्मुख मुलुकतर्फ प्रवाह भै यी दुई मुलुकहरु विचको पारस्परिक सम्बन्धमासमेत प्रगाढता आउने हुन्छ । विदेशी पूँजी, प्रविधि, सीप भित्र्याएर उत्पादनशीलता विस्तार गरी रोजगारी सृजना गर्ने, औद्योगिकीकरण प्रकृयामा निजी क्षेत्रको भूमिका सवल पार्दै, अन्तराष्ट्रिय क्षेत्रमा देशको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने जस्ता नीतिले लिएका उद्देश्यहरु पूरा गर्न अवलम्वन गरिएका प्रस्तुत नीतिका प्रमुख नीतिगत व्यवस्थाहरु संक्षेपमा निम्नानुसार रहेका छन् ।

**क) विदेशी लगानीको स्वरूप**

विदेशी लगानीलाई यसका विभिन्न स्वरूपमा गरिने औद्योगिक लगानीको रूपमा मुलुक वारिहको (विदेशी) लगानीकर्ताले उद्योगमा गरेको शेयर लगानी, सो लगानीबाट आर्जित आयको पुर्नलगानी, ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानी, विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार, विशिष्ठता, फर्मूला, प्रकृया तथा पेटेन्टको उपयोग, ट्रेडमार्क तथा गुडविलको प्रयोग, प्राविधिक परामर्श सेवा, सल्लाहाकार सेवा एवम् बजार सेवा गरी पाँच (५) समूहमा वर्गीकरण गरिएको छ । केही सीमित उद्योगहरु बाहेक ठूला र मझौला उद्योगहरूमा शत प्रतिशत विदेशी लगानी अनुमति दिइने व्यवस्था छ । लगानी स्वीकृतिका कार्यविधिहरूलाई निश्चित समय सीमावद्ध गरिएको छ ।

**ख) स्वीकृती प्रकृया**

विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न चाहने लगानी कर्ताले उद्योग विभाग समक्ष निर्धारित ढाँचामा दरखास्त दिए पछि रू. पचास करोड रूपैयासम्म स्थिर जेथा भएको उद्योगको हकमा विभाग आफैबाट र सो भन्दा बढी स्थिर जेथा भएका उद्योगका हकमा लगानी वोर्डको निर्णयानुसार तीस दिन भित्र स्वीकृति दिनु पर्ने प्रावधान सो नीति र सो अर्न्तगत वनेका ऐनमा समावेश गरी कार्यान्वयनलाई प्रभावकारी वनाइएको छ । विदेशी लगानीमा स्थापित हुने उद्योगहरूलाई अनुमति, सुविधा लगायत अन्य प्रशासनिक सेवा र विद्युत, पानी लगायतका पूर्वाधार सेवा सरल, सहज तरिकाले एकै थलोबाट उपलब्ध गराउन केही संस्थागत व्यवस्थासमेत मिलाइएको छ । विदेशी लगानीको अनुमति प्राप्त भएको ३५ दिन भित्र उद्योग दर्ताको लागि उद्योग विभागमा निवेदन पेश गर्नु पर्ने र सो निवदेन पेश गरेको २ दिन भित्रै उद्योग दर्ता गर्ने प्रावधान नीतिमा नै स्पष्ट गरी दर्ता प्रकृया छिटो छरितो र पारदर्शी तुल्याइएको छ । विदेशी लगानीको अनुमति पत्रमा नै त्यस्तो उद्योगले पाउने सुविधा सहुलियत उल्लेख गरिने प्रावधान छ ।

**ग) संस्थागत व्यवस्था**

उद्योग स्थापनाको लागि लगानीकर्ताले पूरा गर्नु पर्ने औपचारिकतालाई कम खर्चिलो तथा वढी सरल वनाउन उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा, उद्योग, अर्थ, वाणिज्य तथा आपूति मन्त्रालयहरूका राजपत्राँकित प्रथम श्रेणीका अधिकृतहरु र नेपाल राष्ट्र बैंकका प्रमुख नियन्त्रकसमेत सदस्य रहेको एक एकद्धार समितिको व्यवस्था नीतिमा गरिएको छ । विदेशी लगानीमा स्थापना हुने उद्योगहरूको स्थापनाका लागि दर्ता, जग्गा प्राप्ति, विधूत, पानी तथा पूर्वाधार सेवाको उपलब्धता सम्बन्धमा एकद्धार समितिले सहजीकरण गर्ने व्यवस्था नीतिले प्रत्याभूत गरेको छ । औद्योगिक व्यवसाय ऐनमा रहेको औद्योगिक प्रवर्धन वोर्डसँगसमेत एकद्धार समितिको सामन्जस्यता कायम गरिएको छ । नेपाललाई एक आकर्षक लगानी गन्तव्यको रूपमा विकास गर्न विभिन्न छुट, सुविधा र सहुलियतहरूका प्रावधानहरूसमेत राखिएका छन् । विदेशी लगानीबाट आर्कित व्याजमा, रोयल्टी प्राविधिक एवम् व्यवस्थापन शुल्कमा पन्ध्र (१५) प्रतिसत मात्र आयकर लगाइने, निकासीबाट प्राप्त आयमा आयकर छुटको व्यवस्था एवम् औद्योगिक व्यवसाय ऐनले स्वदेशी लगानीमा स्थापित उद्योगलाई प्रदान गरे सरहका अन्य सवै सुविधा एवम् सहुलियत विदेशी लगानीमा स्थापित उद्योगहरूले पाउने व्यवस्था प्रमुख छन् । त्यसैगरी विदेशी लगानी कर्तालाई दोहोरो करबाट उन्मुक्ति प्रदान गर्न आफ्नो उत्पादन विदेश निकासी गरेमा त्यस्तो माल वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ सहायक कच्चा पदार्थ आदि आयातमा तिरेको भन्सार महशुल अन्तःशुल्क जस्ता कर महशुल निकासी परिमाणको आधारमा फिर्ता गर्ने व्यवस्था; मूल्य निर्धारण स्वतन्त्र रूपमा गर्न पाउने व्यवस्था, निर्यात प्रवर्द्धन क्षेत्रको व्यवस्था, लगानी कर्ता एवम् निजको परिवारलाई व्यावसायिक एवम् गैर पर्यटक भिषा, आवासीय भिसाको व्यवस्था र विदेशी लगानीमा

स्थापित उद्योगको राष्ट्रियकरण नगरिने व्यवस्थासमेत यस नीतिका नीतिगत व्यवस्थामा पर्दछन् । विदेशी लगानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा लगानीकर्ता, सम्बन्धित उद्योग र उद्योग विभागसमेत बसेर आपसी छलफलद्वारा समाधानको प्रयास गर्ने व्यवस्था छ । यसरी समाधान हुन नसकेका जटिल प्रकृतिका विवादहरु अन्तराष्ट्रिय व्यापार कानुन सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (United Nations Commission For Intrnational Trade) को मध्यस्थता नियम बमोजिम मध्यस्थतामा लगिने व्यवस्था राखिएको छ । मध्यस्थताको स्थल नेपालको राजधानी काठमाडौं र अन्य कानुनी व्यवस्था प्रचलित नेपाल कानुन बमोजिम हुने कुरा उल्लेख छ । विदेशी मुद्रामा लगानी गर्ने स्वीकृति पाएको लागानीकर्ताले आफूले लगानी गरेको शेयर विक्रीबाट प्राप्त रकम, लाभांशको रुपमा प्राप्त रकम, विदेशी ऋणको सांवा व्याजको भूक्तानीको रुपमा प्राप्त रकम र प्रविधि हस्तान्तरण सम्झौता अन्तरगत प्राप्त रकम परिवर्त्य विदेशी मुद्रामा प्रचलित बजार विनिमय दरमा सटही गरी नेपाल बाहिर लैजान पाउने व्यवस्था एवम् प्रवेश र वहिर्गमनलाई सहज सरल परिएको छ ।

**घ) कार्यान्वयनको अवस्था**

आठौं पंचवर्षीय योजना (वि.सं. २०४९-२०५४) को कार्यान्वयन सँगसँगै आवधिक योजनाका परिलक्षित दीगो आर्थिक वृद्धि हासिल गर्ने, गरीवी घटाउने सन्तुलित क्षेत्रीय विकास गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी वढाउने निर्यात अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्ने, जस्ता लक्ष/उद्देश्यहरु आन्तरिक साधन स्रोत सीप प्राविधिको परिचालनबाट मात्र संभव नहुने भएकाले भएकाले लगानी मैत्री वातावरण सृजना गरी विदेशी पूँजी प्रविधि र व्यवस्थापनको उपयोगद्वारा तीनको प्राप्ति सहज वनाउने एवम् आर्थिक विकासको गतिलाई तिव्र गतिमा अघि बढाउने उद्देश्यले प्रस्तुत विदेशी लगानी र एकद्धार नीति, २०४९ कार्यान्वयनमा ल्याइएको देखिन्छ । यस नीतिमा उल्लेखित प्रावधानहरुलाई तत्कालै कार्यान्वयनमा ल्याई मुलुकको औद्योगिकीकरणको प्रकृयामा साधन स्रोत, पूँजी र प्रविधिको कमी केही हद सम्म समाधान हुने, मुलुक विदेशी लगानीको आकर्षक गन्तव्यको रुपमा स्थापित हुने, अन्तराष्ट्रिय एवम् क्षेत्रीय अर्थतन्त्रसँग राष्ट्रिय अर्थतन्त्र समायोजित हुँदै सवल गतिशील प्रतिस्पर्धात्मक हुने गरी वि.स. २०४९ । ०७ । २७ देखिनै लागू हुने गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ र त्यसै अनुरुप आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा पनि सुधारका कार्यक्रमहरु थालनी गरिए । यसै सिलसिलामा लगानीलाई प्रभावित पार्ने, व्यापारको क्षेत्रलाई सहजीकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन भए । निर्यात प्रवर्धनका लागि निकासीमा नगद अनुदानकोसमेत व्यवस्थाको थालनी भयो ।

प्रचुर प्राकृतिक सम्पदा र मानव संशाधनको संभावना रहेको हाम्रो जस्तो मुलुकको लागि विद्यमान स्रोतहरुको अधिकतम परिचालन गरी विकास कार्यलाई अघि बढाउन विदेशी लगानीलाई बढी भन्दा बढी मात्रामा भिर्त्र्याउनु जरुरी छ । भौतिक पूर्वाधार निर्माण जडिबुटी प्रशोधन, जलविद्यूत, पर्यटन सेवा, खनिज उत्खनन् र प्रशोधन लगायतका क्षेत्रमा विदेशी लगानीको संभावना पनि उत्तिकै रहेको छ । न्युन गार्हस्थ वचतको कारण पूँजी निर्माणमा भएको कमी पूरा गरी पूर्वाधार क्षेत्रको विकास र विस्तार गर्न आधुनिक नविनत प्रविधि व्यवस्थापकीय एवम् प्राविधिक सीप भिर्त्र्याई औद्योगिक विकास गर्न, अन्तराष्ट्रिय बजारसम्म पहुँच बढाउन प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न निर्यात प्रवर्धन गर्दे आयात प्रतिस्थापन गर्न, उच्च आर्थिक वृद्धिदर हासिल गर्दै थप रोजगारी सिर्जना गरी गरिबी घटाउन, औद्योगिकीकरण प्रकृयामा निजीक्षेत्रको सहभागिता वढाउन बढी विदेशी लगानीको आवश्यकता महशुस गरी नीतिगत र कानुनी व्यवस्था गरिएको भए तापनि आशातित रुपमा विदेशी लगानी आउन सकेन । आर्थिक उद्धारीकरणका प्रयासहरु सँगै अर्थ व्यवस्थालाई अधिकतं हदसम्म खुला गरी विदेशी लगानीलाई प्रोत्साहन गरिएता पनि यसले आशातित रुपमा गति लिन सकेको

छैन । नेपालमा आउने विदेशी लगानीलाई छिमेकी मुलुकहरूले अवलम्वन गरेका नीतिगत व्यवस्था र प्रयासले पनि प्रभाव पार्ने गरको छ । हाम्रो आन्तरिक वातावरण नीतिगत व्यवस्थाका साथै द्विपक्षीय सन्धीहरूले पनि विदेशी लगानीलाई प्रत्यक्ष प्रभाव पारेको देखियो । सन् १९९६ को नेपाल भारत व्यापार सन्धिले भारतीय बजारमा नेपाली उत्पादन्को प्रवेश सुविधायुक्त बनाउदा विदेशी लगानीमा उल्लेख्य वृद्धि भएको र सन् २००२ मा नेपाल भारत व्यापार सन्धिमा गरिएको संशोधन पश्चात् नेपाली वस्तुको भारत प्रवेश हुन नसकी उद्योग धन्दामा विदेशी लगानी वृद्धि नकरात्मक दिशातर्फ गयो । खास गरी नेपालको कठिन भू- धरातलीय बनौट, राजनैतिक आस्थिरता सुमधुर औद्योगिक सम्बन्धको कमी, सुरक्षाको असहज वातावरण, दक्ष जनशक्तिको अप्रयाप्तता, उच्च व्यवसाय सञ्चालन लागत उच्च परिवहन लगात एवम् कमजोर पूर्वाधार, परियोजना कार्यान्वयनका कठिनाई, उपयुक्त औद्योगिक वातावरणको अभाव एकद्धार नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता कारणहरूले पनि आशातित रूपमा विदेशी लगानी भित्रिन नसक्नुमा भूमिका निर्वाह गरीरहेका छन् । प्रतिस्पर्धात्मक विश्व अर्थ व्यवस्थामा छिमेकी मूलुकहरूले समय सापेक्ष छिट्टो छिट्टो नियमहरूमा परिवर्तन गरी प्रतिस्पर्धात्मकरूपमा विदेशी लगानीलाई महत्त्वका साथ आकर्षित गरिरहेको परिप्रेक्षमा २१ बर्ष सम्म नीतिमा पुनरावलोकन नहुनु पनि अर्को प्रमुख कारण हुन सक्छ । समय परिस्थिति सधै समाप्त दिशातर्फ प्रवाह हुँदैन । परिवर्तन स्वयम् बाहेक संसारमा अफ सबै परिवर्तन द्वारा नीतिगत व्यवस्थाको प्रभावकारिता बृद्धि गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा वि.सं. २०५७, २०५८ र २०६६ मा समसामयिक सुधार पनि गरियो । लगानी मैत्री वातावरण सृजना गर्न वाणिज्य नीति, २०६५ नेपाल एकिकृत व्यापार रणनीति २०६६, औधोगिक नीति २०६७, लगानी वोर्ड ऐन २०६८ नेपाल व्यवसाय मञ्च गठन आदेश २०६७ जस्ता संयन्त्र मार्फत विभिन्न प्रयासहरु पनि भए । उच्च व्यवसाय सञ्चालन लागत, कठीन भूबनावट, बजारको साँगुरो आकार, उद्योगी मजदुर विचको बद्दो असमफदारी, बन्द हड्ताल तालाबन्दी विद्युत आपूर्ति नियमित नहुनु निर्णय प्रकृयामा विलम्बता अपारदर्शी निर्णय प्रकृया जस्ता कारणहरूले गर्दा विदेशी लगानीमा सञ्चालित कतिपय उद्योगहरु बन्द हुँदै गए । उत्पादनमूलक क्षेत्रमा विदेशी लगानीका लागि स्वीकृत परियोजनाको संख्या तथा लगानी परिमाण घट्दै गएको छ । कूल गाहर्स्थ उत्पादनका साथै रोजगारीको क्षेत्रमा यसको योगदान घट्दै गएको छ । हाल कूल गाहर्स्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान ६ प्रतिशत को हाराहारी रहेको एक सर्भेक्षणले देखाएको छ । रोजगारीको क्षेत्रमासमेत यसको योगदान घट्दै गइरहेको छ ।

विदेशी लगानी र एकद्वार नीति, २०४९ तर्जुमा गर्दाको विश्व आर्थिक परिदृश्यहरूमा केहि परिवर्तन देखा परिसकेका छन् । सूचना सञ्चार र प्रविधिको क्षेत्रमा चमत्कारीक परिवर्तनले विश्वलाई एउटै गाउमा परिवर्तन गर्दै लगीरहेको छ । राजनैतिक सिमाना पातलो रूपमा रहे पनि भौगोलिक आर्थिक रूपले पूरा विश्व नै एउटै गाउको रूपमा अगाडी वढी रहेको छ । हाम्रा छिमेकी राष्ट्रहरु भारत बंगालादेश श्रीलंका र पाकिस्तानले आ-आफ्ना विदेशी लगानी नीतिमा समयानुकूल परिवर्तन गरिसकेका छन् । WTO; विश्व व्यापार संगठनले पूँजी प्रविधि र श्रमको निर्वाध प्रवाहलाई सुनिश्चितता प्रदान गरेको छ । वहुपक्षिय लगानी प्रत्याभूति निकायको रूपमा प्रायजसो राष्ट्रहरु सदस्य वनिसकेको छन् । विम्स्टेक (BIMSTEC), साफ्टा, BIPPA जस्ता बहुपक्षीय र द्विपक्षीय सन्धी सम्फौता र बहुपक्षीय क्षेत्रीय व्यापार संगठनहरु सँगको आबद्धताले तिनमा व्यक्त प्रतिवद्धताहरु पूरा गर्न त्यस्ता सन्धी सम्फौताको परराष्ट्र बनेका हैसियतले सृजित दायित्व पूरा गर्न हाम्रा नीतिगत व्यवस्थाहरु अप्रयाप्त सावित मै सकेकाछन् । मुलुकले अवलम्वन गरी आएको राजनीतिक व्यवस्थामा पनि परिवर्तन भएको छ । विगत १२ बर्ष सम्मको सशस्त्र विद्रोह र वि.सं. २०६२/०६३ को जन आन्दोलत बाट सदियो देखिको केन्द्रीकृत र एकात्मक शासन व्यवस्थाको

अन्त भै मुलुक संघीय गणतान्त्रिक समावेशी लोकतन्त्रात्मक शासन व्यवस्थामा फड्को मारेको छ । विद्यमान विदेशी लगानी नीति र एकद्धार नीति, २०४९ ले परिवर्तित सन्दर्भमा माग गरेका कतिपय पक्षहरूलाई समेट्न सकेको पाइएन । पोर्टफोलियो लगानी पूंजीजवारको समूचित उपयोग स्वदेशी, विदेशी मुद्रामा ऋणपत्र जारी गरेर भवन परिचालन गर्न पाउने विषयहरु नेपाली लगानीकर्ताहरूलाई विश्व बजारमा उपस्थिति जनाउने अवसर विदेशी लगानीको लागि राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूका निर्धारन राष्ट्रिय लगानी कर्ताहरूलाई उपलब्ध भए सरहका छुट सूविधा र सहुलियतका विषयहरु विदेशी लगानी कर्तालाई उपलब्ध हुन प्रत्याभूतिका कुराहरु न्यूनतम लगानी सीमा निर्धारण सहज एवम् सुझावजनक वाह गमनका व्यवस्था जस्ता कुराहरूका विद्यमान नीति मौन रहेको छ । परिवर्तित अन्तराष्ट्रिय एवम् क्षेत्रीय वातावरणलाई संवोधन गर्दै उल्लेखित परिवर्तनले अवसरहरूबाट उचित प्रयाप्त लाभ लिन मौजुदा विदेशी लगानी तथा एकद्धार नीति, २०४९ प्रदान गर्ने अप्रयाप्त देखियो । राष्ट्रिय अन्तराष्ट्रिय परिवर्तनहरूका परिप्रेक्षमा मौजुदा विदेशी लगानी तथा एकद्धार नीति २०४९ मा समयाकूल परिवर्तन गर्नु आवश्यक भै सकेकोछ ।

**<u>नयाँनीतिमा समेटिनु पर्ने विषयहरु/क्षेत्रहरु :</u>**

विदेशी लगानी तथा एकद्धार नीति, २०४९ र सो को कार्यान्वयनको लागि ल्याइएको ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण एने्, २०४९ जारी भए यता अन्तराष्ट्रिय एवम् क्षेत्रीय वातावरणमा धेरै परिवर्तन र उतार चढावहरु आइ सकेका छन् । अन्तराष्ट्रिय स्तरमा वहुपक्षीय व्यापार प्रणाली अन्तरगत भन्सार महशुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (GATT) विश्व व्यापार संगठन (WTO) मा परिणत भएको छ । विश्वका कतिपय मुलुकहरु वहुपक्षीय व्यापार प्रणालीमा आबद्ध भई सकेका छन् । नेपाल पनि वि.सं. २०६१ सालदेखि विश्व व्यापार संगठन (WTO) मा आबद्ध भएका छ । दक्षिण एशियाली स्वतन्त्र व्यापार सम्झौता (SAFTA) कार्यान्वयनमा ल्याउने सहमति भई सकेको छ । विश्व बौद्धिक सम्पत्ति संगठन WIPO र त्यस अन्तरगतका केही महासन्धीहरूलाई अनुमोदन गर्नुका साथै BIMSTEC जस्ता स्वतन्त्र व्यापार क्षेत्रमा पनि नेपाल संलग्न भै सो अनुरूप दायित्वहरु पूरा गर्नु पर्ने अवस्था छ । औद्योगिक नीति, २०६७ ले प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्ति संरक्षण र अन्य विभिन्न औद्योगिक क्रियाकलापमा आकर्षक छुट सहुलियतको व्यवस्था गरेको छ । व्यापारिक समुदाय र नीति निर्माताहरु विच सूचना जानकारीको सहज आदान प्रदानको लागि नेपाल व्यवसाय मञ्च अन्तरगत सार्वजनिक निजी संवाद (PPD) मञ्च उपलब्ध छ । लगानी मैत्री वातावरण सृजना गरी पुर्वाधार निर्माण लगायत राष्ट्रिय प्राथमिकतका क्षेत्रहरूमा सार्वजनिक निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी ठूला लगानी परिचालन गरी व्यवस्थित रूपमा औद्योगिकी करणको प्रक्रियालाई तिव्रता दिन प्रधानमन्त्रीको अध्यक्षतामा लगानीवोर्ड गठन हुने व्यवस्थ सहितको लगानी बोर्ड ऐन, २०६८ जारी भै कार्यान्वयनमा छ । नेपालले हाल सम्म फ्रान्स, जर्मनी संयुक्त अधिराज्य, मौरिसस, फिनल्याण्ड र भारतसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (BIPPA) गरी सकेको छ । विदेशी लगानीलाई सुरक्षाको प्रत्याभूति दिन नेपाल सन् १९९० मा वहुपक्षीय लगानी प्रत्याभूति निकायको सदस्य भै सकेको छ । विदेशी लगानीलाई दोहोरो करबाट उन्मुक्ती प्रदान गर्न नेपालले भारत समेतका विभिन दश वटा देशहरु सँग द्विपक्षीय दोहोर कर उन्मुक्ति सम्झौता पनि गरी सकेको छ । प्रस्तुत पृष्ठभूमीमा विद्यमान विदेशी लगानी तथा एकद्धार नीति २०४९ ले समेटन नसकेको कतिपय पक्षहरूलाई समेटेर नया नीति विदेशी लगानी नीति तर्जुमा गरिनु जरूरी भै सकेको छ । अव तर्जुमा गरिने नीतिमा खास गरेर निम्न पक्षहरूलाई समेटिनु उपयुक्त हुनेछ ।

- विदेशी लगानीको निमित्त राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूको वर्गिकरण गरि नेपालले WTO मा जनाएको प्रतिवद्धतामा कम नहुने गरी लगानी सीमा निर्धारण गर्ने व्यवस्था ।

- संस्थागत अप्रत्यक्ष विदेशी लगानी (पोर्टफोलियो लगानी) पूँजी बजारको समूचित उपयोग र स्वदेशी एवम् विदेशी मुद्रामा स्वदेश वा विदेशमा ऋण पत्र जारी गरेर ऋण परिचालन गर्न पाउँने व्यवस्था । विदेशी मुद्रामा सहज पहुँचको व्यवस्था ।
- संस्थागत लगानीकर्ताको लागि Secondary Market पनि खुल्ला गर्ने व्यवस्था ।
- निकासीमूलक उद्योगको लागि पुर्वाधार सेवा तथा सुविधा सहितको विशेष आर्थिक क्षेत्र (SEZ) तथा निर्यात प्रवर्धन क्षेत्रको स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने प्रतिवद्धता ।
- सुमधुर औद्योगिक सम्बन्ध विस्तारको लागि विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्धन क्षेत्रमा बन्द हड्ताल गर्न नपाउने व्यवस्थालाई प्रभावकारी तुल्याउने एवम् मजदुरहरुको ।
- नेपालमा बढी मात्रामा विदेशी लगानी गर्दे आएका मुलुकहरु मध्ये द्विपक्षीय लगानी प्रवर्धन तथा संरक्षण सम्झौता र दोहोरोकर उन्मुक्ति सम्बन्धी सम्झौता गर्न खासगरी चिन, पाकिस्तान, कतार, यू.ए.ई समेतका मूलुकहरु सँग प्राथमिकताका साथ त्यस्ता सम्झौताहरु गर्ने व्यवस्था ।
- नेपाल विश्व व्यापार संगठनको सदस्यसमेत भई सकेको परिप्रेक्षमा विश्वव्यापी स्तरमा प्रतिस्पर्धा गर्ने क्षमता र विश्व बजारमा उपस्थिति जनाउने, लगानी व्यवसाय विस्तार गर्न पाउने व्यवस्थाका लागि विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन, २०२१ लगायतका नियमहरुमा समसामयिक परिमार्जन सहितको नीतिगत प्रतिवद्धता ।
- गैर आवासीय नेपालीहरुको लगानीलाई विशेष प्राथमिकता दिई नेपाली सरह उद्योग व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्थाका प्रत्याभूती,
- सुविधा सहुलियत लगायत भौतिक पूर्वाधार सेवा उपलब्ध गराउन एकलबिन्दु सेवा केन्द्रको व्यवस्था ।
- विदेशी लगानीमा स्थापित कुनै पनि उद्योगको राष्ट्रयकरण नगरिने एवम् स्वदेशी र विदेशी लगानी बीच समान व्यवहारको प्रत्यभूति ।
- व्यापारिक विवाद समाधानको संस्थागत व्यवस्था गरी ठूला विदेशी लगानी हुने उद्योगको हकमा विदेशी लगानी सम्बन्धमा उठेका विवादको समाधान लगानी सम्झौतामा उल्लेख भए बमोजिम हुने व्यवस्था समावेश गर्ने ।
- विदेशी लगानीमा सञ्चालित उद्योगहरुको सुरक्षाको निमित्त छुट्टै Rapid Reseaonse Force को व्यवस्था गर्ने । ठूलो संख्यामा नेपालीलाई रोजगारी प्रदान गरिरहेका विदेशी लगानीमा सञ्चालित उद्योगहरुका भरपर्दो सुरक्षा व्यवस्था मिलाउन लगानी कर्ताले माग गरेमा उद्योग परिसर भित्रै सुरक्षा इकाई (सुरक्षा विट) राख्ने व्यवस्था,
- विदेशी लगानीकर्ता एवम् निजका आश्रित परिवार वा अधिकारिक प्रतिनिधिलाई निजको लगानी नेपालमा कायम रहेसम्म आगमन वसाई र प्रस्थान सहज सरह तुल्याई आवासीय भिषाको व्यवस्था,
- प्राथमिकता प्राप्त क्षेत्रमा बढीभन्दा बढी विदेशीलगानी आकर्षित गर्न उनीहरुले गर्ने लगानीको परिमाण, प्रदान गर्ने रोजगारीको संख्या एवम् स्थानीय कच्चा पदार्थ प्रयोगको आधारमा विभिन्न सुविधा छुट, सहुलियत एवम् सुविधा प्रदान गर्ने प्रत्याभूतिको कुरा,
- उद्योग प्रशासन सम्बन्धी विद्यमान संख्यागत र कानुनी व्यवस्थामा परिमार्जन गरी उद्योग मन्त्रालय, उद्योग विभाग लगानीबोर्डको संरचनामा समय सापेक्ष सुधारका कुराहरु एवम् निर्णय प्रकृयिालाई छिट्टो छरितो र पादर्शी तुल्याउन सम्वन्धित निकाय र पदाधिकारीको क्षमता वृद्धिको कुराहरु :
- नेपालले अन्तराष्ट्रिय द्विपक्षीय एवम् वहुपक्षीय सन्धी सम्झौतामा हस्ताक्षर गरी प्रतिवद्धता जनाएका कुराहरु, शर्तहरुको पालना भए नभएको अनुमगन गर्न एवम् विद्यमान नीति नियम कानुनहरुको पुनरावलोकन र आवधिक समिक्षाको लागि ठोस संख्यागत संयन्त्रको व्यवस्था ।

- विदेशी लगानीमा सञ्चालित उद्योगहरूको प्रवर्धन तथा विकास गर्न एक विदेशी लगानी प्रवर्धन परिषदको व्यवस्था,
- सेवा उद्योगहरूमा विश्व व्यापार संगठनमा जनाइएका प्रतिवद्धता अनुरूप विदेशी लगानीको अंश सीमा तथा प्रक्रियाको निर्धारण,
- उद्योग मन्त्रालयको विद्यमान संरचनामा परिमार्जन गरी विदेशी लगानी प्रवर्धन महाशाखा र विदेशी लगानी सहरीकरण एवम् अनुगमन इकाईको स्थापना गरी हाल नेपाल व्यवसाय मञ्च अन्तरगतका Public Sector co-ordination Unit ले गर्दै आइरहेका कामहरु सोही इकाइबाट सम्पादन गर्ने व्यवस्था मिलाउने ।

**उपसंहार :**

नेपालले उत्पादन वृद्धि र रोजगार केन्द्रीत समावेशी आर्थिक विकासका लागि विदेशी पूँजी र प्रविधिलाई भिर्‍याउने व्यवस्थित प्रयासको थालनी वि.सं. २०३८ सालदेखि गरेको र आ.व. २०४२ । ०४३ सालदेखि विश्व अर्थतन्त्र सँगको आबद्धता प्रारम्भ गरेको परि परिप्रेक्षमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गरी आर्थिक उपलब्धिको न्यायोचित वितरण एवम् अपेक्षित परिणाममा वैदेशिक लगानी भिर्‍याउन गरेको प्रयासहरूले आशातित रूपमा सार्थकता पाएको देखिदैन । अपेक्षित रूपमा विदेशी सहायता भित्र्याई यसको प्रभावकारी परिचालन गर्न प्रभावकारी आर्थिक कुटनीतिकोसमेत अभाव देखियो । उद्योग प्रशासन एवम् लगानी प्रवर्धनमा प्रत्यक्ष रूपमा संलग्न नियामक निकायहरूकोसमेत कार्य क्षमतामा उल्लेख्य सुधार आउन सकेको देखिएन । सार्वजानिक निजी साझेदारी तथा सहकार्य मार्फत स्वदेशी तथा विदेशी निजी क्षेत्र एवम् संस्थागत रूपमा आउने लगानीको प्रवर्धन तथा परिचालनमा कुशलता देखिएन । केही कमी कमजोरी नीतिगत एवम् कानुनी पक्षहरूमा देखीए भने बढी समस्या हाम्रो व्यवहार कार्यशैली र संस्कारमा रहे । यत्तिकैमा हतास र निराश भै हाल्नु पर्ने अवस्था भने देखिदैन । विगतका कमी कमाजोरीहरूबाट सिकेर चुनौतिलाई अवसरमा रूपान्तरण गरी सुधारका प्रयासलाई निरन्तरता दिदा संभावना अझै वाँकीनै देखिन्छ । विश्व अर्थ व्यवस्थामा आएका परिवर्तनलाई आत्मसात गरी तदनुरूप हाम्रा नीतिगत, कानुनी र संस्थागत संयन्त्रहरूलाई अद्यावधिक गर्दै जानु ढिला भैसकेको छ । छिमेकी राष्ट्रहरूले दुई अङ्कको आर्थिक वृद्धि हाँसिल गर्न पुगेको परिवेशमा बजार विस्तारिकरण गरी क्षेत्रीय बजारसँगको आबद्धताले मात्रै पनि मुलुकका आर्थिक विकासमा कार्यालय हुन सक्छ । समयले कसैलाई पर्खीरहने छैन । अब पनि ढिला गरी बन्द हड्ताल चक्काजामको संस्कारबाट माथि उठन सकेनौं भने सहज श्रम सम्बन्ध पूँजी बजारको सिमितता, बोझिलो प्रकृयागत प्रशासनिक व्यवस्था स्वार्थ केन्द्रीत कार्यशैली र निर्णय प्रकृया औद्योगिक असुरक्षा, उपयुक्त श्रम सम्बन्धको अभाव जस्ता समस्याबाट मूक्त भै लगानी मैत्री वातावरण सृजना गर्न नीतिगत र कानुनी व्यवस्था देखिनै सुधारको जरूरी छ । त्यसैले ढिला नगरी Out Dated मृत्यु शैयामा पुगी सकेको मौजुदा विदेशी लगानी तथा एकद्वार नीति २०४९ लाई परिवर्तित समय सन्दर्भलाई समेटीएको नयाँ वैदेशिक लगानी नीतिले प्रतिस्थापना गर्न जरूरी भै सकेको छ ।

## सन्दर्भ सूची:


१. **आठौं पञ्चवर्षिय योजना** (२०४९-२०५४) **राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाडौं ।**

२. **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ काठमाडौं, कानुन किताव व्यवस्था समिति, नेपाल**

३. **तीन वर्षीय अन्तरिम योजनाको आधारपत्र** (२०७०), **राष्ट्रिय योजना आयोग काठमाडौं ।**

४. **नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं कानुन किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं ।**

५. **विदेशी लगानी र एकद्धार नीत, २०४९, नेपाल सरकार उद्योग मन्त्रालय, सिंहदरवार, काठमाडौं**

# नेपालमा उद्योगहरू रूग्ण हुनाका कारण र उत्थानका प्रयासहरू

✍कृष्ण प्रसाद जैसी

## १. पृष्ठभूमिः

देशको आर्थिक विकासको भरपर्दो र दिगो माध्यमका रूपमा उद्योग क्षेत्र रहेको हुन्छ । अर्थतन्त्रका विभिन्न आधार स्तम्भ मध्ये महत्वपूर्ण आधार स्तम्भ औद्योगीक क्षेत्र हो । विश्व अर्थतन्त्रलाई केलाएर हेर्ने हो भने पनि समुन्नत मुलुकको आर्थिक विकासमा औद्यौगिक क्षेत्रको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । वेलायत, अमेरिका, फ्रान्स, जापान, क्यानडा, चीन र दक्षिण कोरिया जस्ता मुलुकहरूमा आर्थिक सम्पन्नता हुनुमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । उद्योग क्षेत्रको विकासले राष्ट्रिय आय, रोजगारीका अवसर सृजना, प्रति व्यक्ति आयमा वृद्धि, पुँजी निमार्ण, लगानीका थप अवसरहरूको सृजना, औद्योगीक/व्यवसायिक संस्कृतीको विकास गर्दै राष्ट्रिय उत्पादनमा वृद्धिका साथै वैदेशिक व्यापारमा सन्तुलन कायम गर्नमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

अन्य विकासका आयामहरु सिंगो एक्लो रूपमा मात्र अघि वढ्छन् तर औद्यागिक विकासले मुलुकको समष्टी विकासको package का रूपमा गति लिन्छ ।उद्योग क्षेत्रको विकासले कृषि उत्पादन, रोजगारी, भौतिक पूर्वाधार, आन्तरिक र वाह्य व्यापार, एउटा उद्योगले अर्को उद्योगको विकास जस्ता क्षेत्रलाई समेटेको हन्छ । औद्योगिक क्षेत्रकै विकासले देश समुन्नत र समृद्धि तर्फ उन्मुख हुन सक्छ । अत: कुनै पनि राष्ट्रको समग्र विकास त्यस देशको औद्योगिक क्षेत्रमा भएको विकासमा निर्भर हुने गर्दछ । औद्योगिक विकासले मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गर्दछ । वेलायतको औद्योगिक क्रान्तिले तत्कालिन समयमा आर्थिक सामाजिक रूपान्तरणमा जोड पुगेको एवम् जनताको जीवनस्तरमा अत्यन्त सुधार भएको इतिहास कायमै छ । कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै वेरोजगारी, अर्धवेरोजगारी तथा गरिबी कम गर्न महत्वपूर्ण भूमिका उद्योगले निर्वाह गर्दछ । नेपालमा भने अर्थतन्त्रको main pillar का रूपमा रहको औद्योगिक क्षेत्रको योगदान घट्दै जानु र औद्योगिक रूग्णता बढ्नाले देश परनिर्भरता तिर धकेलिरहेको आभास हुन पुगेको छ ।

## २. <u>अर्थतन्त्रमा उद्योगको योगदान र अवस्था</u>

औद्योगिक उत्पादन र उत्पादकत्व वृदि, रोजगारी सृजना, स्थानिय सीपको प्रयोग, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन, स्रोतसाधनको उपयोग, विदेशी लगानीको आकर्षणको माध्यमबाट आर्थिक उन्नतिमा सघाउ पुऱ्याउँदै गरिबी घटाउनमा औद्योगिक विकासको महत्वपर्ण योगदान रहन्छ । अर्थतन्त्रको मूल रेशा मानिने उद्योग क्षेत्रको योगदान भने GDP मा घट्दो दिशामा रहेको छ । विगत १५ वर्ष अगाडी १५ % भन्दा वढी योगदान GDP मा रहेको उद्योग क्षेत्रको योगदान आ.व. ०६९/०७० सम्म आईपुग्दा करीब ५% भन्दा पनि तल पुगेको छ ।

आ.व. ०६८/०६९ को अन्त्यसम्म नेपालमा विभिन्न प्रकृतिका गरी जम्मा ४८३१ उद्योगहरु सञ्चालनको स्वीकृति प्रदान गरिनु र ४२९७७३ जनालाई रोजगारी सृजनाले अर्थतन्त्रमा उद्योगको योगदानलाई अझ बढी स्पष्ट गर्दछ । यसरी अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्योग क्षेत्र भने रूग्ण हुँदै गएको अवस्था छ । मुलुकको ११ वटा औद्योगिक क्षेत्रमा आ.व. ०६९/०७० मा ४९८ उद्योगहरु मात्र सञ्चालनमा रहेको र ५२ वटा उद्योगहरु बन्द भएका छन् ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०६८/५/२३ मा जारी गरिएको तत्काल राहत कार्यक्रम, २०६८ को दफा ९.२ मा “रूग्ण उद्योगको पुनरूत्थान गरी औद्योगिक उत्पादन

✍ उपसचिव, उद्योग मन्त्रालय

वृद्धि, रोजगारी, सृजना र आयात प्रतिस्थापन गर्नका लागि त्यस्ता उद्योगको पहिचान, उद्योगले भोगिरहेका समस्या र त्यसका समाधानका उपाय तथा सरकारले उपलब्ध गराउनुपर्ने सुविधा र सहलियतका सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन एक महिना भित्र पेश गर्नका लागि कार्यदल गठन गरिने छ'' भन्ने उल्लेख भएको सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६८/६/१ मा कार्यदल गठन भई, उक्त कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयनका सिलसिलामा २०६९ सालमा रूग्ण उद्योगको मापदण्ड भित्र पर्ने उद्योगहरूबाट आवेदन माग भएकोमा उक्त अवधीमा जम्मा ३८ वटा उद्योगहरूले रूग्ण घोषणा हुन आवेदन दिएको अवस्था छ ।

देशको औद्योगिक क्षेत्रको विकास र प्रवर्द्धन अपेक्षित मात्रामा हुन सकेको अवस्था छैन । समयकालका दृष्टि नियाल्ने हो भने वि. सं. २०४० देखि वि. सं. २०५५ सम्ममा उद्योगहरु प्राय नोक्सानमा नगएर सञ्चालनमा भएको अवस्था छ । धेरै जसो उद्योगहरु वि. सं.२०५५ देखि ०६८ को बिचमा रूग्ण हुँदै बन्द अवस्थामा पुगेका छन । कृषिलाईसमेत औद्योगिकरण तर्फ रूपान्तरण गर्ने मूलध्येयका साथ औद्योगिक विकासको गतिलाई अघि बढाउन खोजेको वेला यसरी औद्योगिक योगदान अर्थतन्त्रमा घट्नु, रूग्ण उद्योगको सङ्ख्या वढ्दै जानु र उद्योगहरु बन्दको अवस्थामा पुग्नुले यसको समस्याको पहिचान, विश्लेषण र निराकरणका लागी पहल गर्नु जरूरी भएको छ ।

## ३. नेपालमा उद्योगहरु  रूग्ण हुनुका कारणहरु

मुलुक भित्रका उद्योगहरु रूग्ण हुनुमा विभिन्न नीतिगत, व्यवहारगत, उद्योगीका आफ्ना कमजोरी एवम् देशको राजनीतिक, आर्थिक, सामाजिक वातावरण लगायतका तत्वहरु कारकका रूपमा रहेका छन् । तथापि रूग्ण उद्योग पुनरूत्थान उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६८ले उद्योगहरु रूग्ण हुनुमा देहायका कारणहरु उल्लेख गरेको छ –

### ३.१. आन्तरिक कारणहरू

- कमजोर उद्यमशिलता हुनु
- उद्योग र उद्यमीमा निरन्तर अध्ययन अनुसन्धान र खोज गर्ने प्रकृतिको विकास नहुनु
- Technical knowledge को कमी
- थोरै पुजीँमा शुरू गरेको र धेरै ऋण लिएको अवस्था हुनु
- ऋणको सदुपयोग उद्देश्य अनुसार हुन नसक्नु
- बजार सम्वन्ध कमजोर रहनु
- उद्योगलाई पूर्ण क्षमतामा सञ्चालनमा गर्न नसक्नु
- चालु पूँजी लगायतका अत्यावश्यक कोषहरूको अभाव रहनु
- कमजोर र त्रुटीपूर्ण मेसीनरी औजार हुनु
- उत्पादित बजारको कमि
- प्रतिस्पर्धात्मक क्षमताको अभाव
- कच्चा पदार्थको अभाव हुनु ।

### ३.२. वाह्य कारणहरु

- राज्यबाट प्रतिबद्धता देखाईएका कुराहरु पूरा नभएका कारण रूग्ण बन्न पुग्नु
- राज्यका तर्फबाट उघोगहरूलाई न्यूनतम पूर्वाधारहरूको प्रत्याभूति दिन नसक्नु

- स्तरयुक्त विद्युत आपूर्तिको अभाव हुनु
- लगानीको उचित वातावरण नहुनु
- सरकारी तवरबाट लगानी अनुकूल वातावरणको सृजना गर्न नसक्नु
- लगानीको सुरक्षा र उद्योगीको व्यक्तिगत सुरक्षामा प्रश्न उठिरहनु
- सरकार, व्यवस्थापक र श्रमिक बिच सम्बन्ध सुमधुर बनाउन नसक्न,
- उद्यमी र उद्योगको सुरक्षाको अभाव हुनु
- औद्योगिक नीति र कानुनका प्रवाधानहरु पूर्ण रूपमा कार्यान्वयन नहनु
- औद्योगिक व्यावसाय ऐनले उद्योगहरूलाई प्रत्याभूत गरेका सेवा सुविधाका प्रावधानहरु वर्षिक रूपका आउने आर्थिक ऐनबाट प्रभावित हुनु
- उद्योग दर्ता, नवीकरण ठाउँसारी सुविधा प्रदान आदिको प्रक्रिया लामो हुनु
- उद्योगहरूलाई सेवा सुविधा प्रदान गर्ने एकहार समिती प्रभावकारी हुननसक्नु
- बैंक ब्याजदर चर्को हुनु, अर्थात सरल कर्जाको अभाव रहनु
- प्राकृतिक प्रकोपका कारण भौतिक नोक्सानी हुनु
- निरन्तरको द्वन्द, बन्द हडताल भईरहनु
- transit cost high हुनु

प्रतिवेदनले उल्लेख गरेका कारणहरु मात्र नभई रूग्ण उद्योगहरको स्थलगत अध्ययन गर्दा कमजोर व्यवस्थापन, अव्यवस्थित मुल्य निर्धारण, परियोजना लागत वृद्धि, साधन र स्रोतको उचित परिचालन र सम्भार नहुनु, चालू पूँजीको अभाव, कमसल गुणस्तर, अध्ययन अनुसन्धानको कमि, आर्थिक मण्दी,तीव्र प्रतिस्पर्धा, स्तरयुक्त कच्चा पदार्थ, जनशक्तिको अभाव, सम्बद्ध नीति /ऐन/नियम आदिमा अस्थिरता एवम् समय अनुकूल परिवर्तन हुन नसक्नु, प्रविधी परिवर्तन, ग्राहकको रूचिमा परिवर्तन, विद्युत तथा इन्धन आपूर्तिमा कमी, ऋण प्राप्तिमा ढिलाई, हडताल एवम् तालाबन्दी, प्राकृतिक प्रकोप जस्ता कारणहरूले उद्योगलाई रूग्णता तर्फ उन्मुख गराएको पाईन्छ । राजनैतिक अस्थिरता, अशान्ति, चन्दा आतंक बन्द हडताल, व्यवस्थापन र श्रम सम्बन्ध बिग्रनु, उर्जा सकंट हुनु, पुरानो प्रविधी कायम रहनु, राज्यले निर्यातमूलक उद्योग प्रवर्द्धनमा जोड दिने नीति बनाउन नसक्नु, बैंक कर्जाको बढी चर्को ब्याजदर रहनु जस्ता उपर्युक्त साना तथा ठूला असहज परिस्थितिका कारण उद्योगहरु दिन/प्रतिदिनरूग्ण हुँदै गईरहेका छन् । यसरी उद्योगहरु रूग्ण हुँदा त्यस्ता उद्योगहरूसँग प्रत्यक्ष रूपमा संलग्न अन्य उद्योगहरूसमेत रूग्ण हुने लगायत रोजगारीका अवसरहरूसमेत गुम्ने हुँनाले आर्थिक सामाजिक तथा प्राकृतिक वातावरणमासमेत प्रतिकूल प्रभाव परिरहेको छ जस्का कारण सम्पूर्ण औद्योगिक क्षेत्र नै निरन्तर खस्किदो अवस्थामा छ । यसरी आर्थिक सम्वृद्धिका लागि टेवा दिने आद्योगिक क्षेत्र खस्किदै जाँदा देशले ठूलो कठिनाई भोग्नुपर्ने अवस्था आईरहेको छ । मुलुकको समग्र औद्योगिक प्रवर्द्धन र आर्थिक सम्वृद्धिमा नकारात्मक असर परी मुलुक भित्र लगानीको अनुकूल वातावरण बन्न सकेको छैन । विकासका लागि औद्योगिक लगानीको वातावरण भन्ने गरिन्छ तर उद्योग प्रवर्द्धनको वातावरण कायम रहेको अवस्था छैन । राज्य, निजी क्षेत्र, बाह्य छिमेकी मुलुकहरूको नेपालमा औद्योगिक विकासका लागि प्रभावकारी भूमिका निर्वाह हुन सकेको देखिदैन । उपरोक्त पृष्ठभूमिमा औद्यागिक क्षेत्रबाट रूग्ण उद्योगको पुनर्स्थापनाको माग आईरहेको अवस्था छ । रूग्न उद्योग पुनर्स्थापना तथा पुनरूत्थानका सम्बन्धमा विगत देखि नै सरकारबाट पटक पटक प्रतिबद्धता प्रकट भै आएको छ ।

**४. रूग्ण उद्योग उत्थानका प्रयासहरू**

हालसम्म रूग्ण उद्योग पहिचानका आधार तथा मापदण्ड निर्धारण नभएका कारण नीतिगत रूपमा निश्चित उद्योगलाई रूग्ण उद्योग घोषण गरी सुविधा र सहुलियत प्रत्याभुत गर्ने कार्य प्रभावकारी ढगंले हुन सकेको देखिदैन । विगतमा विभिन्न कार्यदल गठन गरी र केही नीतिगत व्यवस्थाको पहलसमेत गरी रूग्ण उद्योग पहिचान गरी सुविधा प्रदान गर्ने प्रयास गरेको पाईन्छ ।

**४.१. कार्यदलगत प्रयास**

क) आ.व. २०५१/५२ मा आद्योगिक नीति, २०४९को प्राबधान बमोजिम बिभिन्न जिल्लामा रहेका रूग्ण उद्योगहरूको चरणबद्ध अध्ययन गरी उद्योग मन्त्रालयका सहसचिवको संयोजकत्वमा ८ सदस्यीय रूग्ण उद्योग पुनस्थापना समिति गठन भएको ।

ख) वि.स. २०५९मा मन्त्रिपरिषद् निर्णय अनुसार राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा रूग्ण उद्योग पुनरोत्थान प्राविधिक समिति गठन । तत्कालिन अर्थमन्त्रीको संयोजकत्वमा गठित रूग्ण उद्योग पुनरूत्थान उच्चस्तरिय मूल समितिमा ०५९/१२/४ को मन्त्रीपरिषद्को निर्णय अनुसार उपप्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरिय समितिको पुनर्गठन गरिएको ।

ग) रूग्ण उद्योग पुनरूत्थान उच्चस्तरिय मूल समितिको निर्णय अनुसार वि.स. २०६० मा पुनर्कर्जा प्रारम्भिक छानबिन तथा सिफारिस समिती गठन भएको

घ) रूग्ण उद्योगको मापदण्ड तयार गरी प्रतिवेदन पेश गर्ने उद्योग मन्त्रालय औद्योगिक प्रवर्द्धन महाशाखाको सहसचिवको संयोजकत्वमा वि.स. २०६६मा कार्यदल गठन भएको ।

ङ) नेपाल उद्योग वाणिज्य संघबाटसमेत विभिन्न समयमा यस विषयमा अध्ययन गरेको ।

च) व्यवस्थापिका - संसद, अर्थ र श्रम सम्बन्ध समितिको २०६७ को निर्देशन बमोजिम रूग्ण उद्योग एवम् खराब कर्जा सम्बन्धमा उच्चस्तरीय समिति गठन गरी रूग्ण उद्योगको समस्या सम्बोधनका लागि अर्थ मन्त्रालयको नेतृत्वमा स्थायी प्रकृतिको उच्चस्तरिय समिति गठन गरी आवश्यक प्रबन्ध गर्ने भनि अर्थ मन्त्रालयलाई निर्देशन दिए अनुसार रूग्ण उद्योगसम्बन्धी समस्या समाधान गर्ने समिती गठन भएको ।

**४.२. सवैधानिक, नीतिगत र कानुनी प्रयास**

**नेपालमा अन्रीम संविधान, २०६३**

राज्यको दायित्व अर्न्तगत धारा ३३(६) मा राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवद्धर्न गर्ने नीति अनुसरण गर्ने उल्लेख छ ।

**राज्यका निर्देशक सिद्धान्त अर्न्तगत धारा ३४(४) मा**

........स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र आत्मनिर्भर एवम् उन्नतिशिल गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने कुरा उल्लेख गरिएको छ ।

**राज्यको नीति ३५(६)**

........ कृषिलाई उद्योगको रूपमा विकास गर्ने नीति रहेको ३५(१२) मा वैदेशिक पूँजी र प्रविधीलाई आर्कषित गर्ने नीति राज्यले अवलम्बन गर्ने छ भने उल्लेख गरिएको छ ।

**औद्योगिक व्यवसाय ऐन २०४९ को दफा २५ क.मा**

"लगातार ५ वर्ष देखि घाटामा सचालन भई कुल क्षमताको २० % वा सो भन्दा कम उत्पादन गर्ने उघोगलाई नेपाल सरकारले उचित देखेमा देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रूग्ण उद्योग घोषण गर्न सकेको छ । त्यस्ता उद्योगलाई त्यस्तो उद्योग विस्तार तथा विविधीकरण गर्नका लागी आयात गरिने मेसिनरीमा कुनै महसुल शुल्क तथा कर लाग्ने छैन" भन्ने व्यवस्था छ ।

**<u>औद्योगिक नीति २०६७</u>**

रूग्ण उद्योगको पुनरूत्थान तथा पुननिर्माण सम्बधी व्यवस्थामा सबै स्तरका रूग्ण उद्योगको पहिचान र पुनरूत्थान तथा पुननिर्माण गर्ने कानुनमा व्यवस्था गरी सम्बन्धित क्षेत्रका विशेषज्ञहरु रहेका एक अधिकार सम्पन्न र उच्चस्तरीय न्यायिक अधिकार सहितको आयोग गठन गरी रूग्ण उद्योग सम्बन्धी समस्याको समाधान गरिने छ । आयोगको संरचना, काम कर्तव्य र अधिकार कानुनले निर्धारण गरे बमोजिम हुने छ भनी उल्लेख भएको छ ।

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९** बमोजिम रूग्ण उद्योगका उत्थान र विकास उद्योग मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्य अन्तरगत रहेको छ ।

**रूग्ण उद्योगका एवम् खराब कर्जाका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट** व्यवस्थापिका संसद, अर्थर श्रम सम्बन्ध समितिमा पेश गरिएको प्रतिवेदनमा रूग्ण उद्योगलाई परिभाषित गरिएको ।

**नेपाल उद्योग वाणिज्य महासंघले** रूग्ण उद्योग पुनरूत्थानका लागि तयार गरिएको प्रतिवेदनमा रूग्ण उद्योग सम्बन्धी मापदण्ड उल्लेख गर्दै परिभाषा गरिएको छ ।

**नेपाल राष्ट्र बैंकबाट जारी "रूग्ण उद्योगका सम्बन्धमा वित्तिय क्षेत्रबाट हुनसक्ने सुविधा सम्बन्धी कार्य विधि, २०७०"**

यस कार्यविधिमा रूग्ण उद्योगको पुनरूत्थानमा जोड दिँदै वित्तिय क्षेत्रबाट प्रदान गरिने सहयोग/सुविधा प्रयोजनका लागि हाल चालु वा बन्द अवस्थामा रहि पुनर्स्थापना हुन सक्ने रूग्ण उद्योग र पुनर्स्थापना हुन नसक्ने तर सम्पर्कमा रहि वित्तीय निकाश खोज्न चाहने रूग्ण उद्योग गरि दुई वर्गमा वर्गिकरण गरिएको छ । त्यसै गरि यसै निर्देशिकामा वित्तीय क्षेत्रबाट उपल्बध हुन सक्ने सहयोग/सुविधालाई यस प्रकार व्यवस्था गरिएको छ :-

**(१) <u>हाल चालु वा बन्द अवस्थामा रही पुनर्स्थापना हुन सक्ने रूग्ण उद्योग</u>**

क) रूग्ण उद्योगको व्यवसायिक योजनालाई आधार मानी कर्जा पुनर्संरचना गर्ने

ख) बैंकको साँवा तथा व्याज मध्य हर्जाना व्याजलाई मिनाहा हुन सक्ने व्यवस्था गरी साधारण व्याजलाई पुँजीकृत नगरी छुट्टै राखी निश्चित अवधिपछि असुल गर्ने व्यवस्था गर्ने ।

ग) बैंकलेरूग्ण उद्योगका लागि पुनर्कर्जा लिन चाहेमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिमको व्याजदरमा उपलब्ध गराउने

घ) कुनै पनि बैंकले आफ्नो ऋणी (रूग्ण उद्योग) का लागि पुनर्कर्जाको सुविधा लिन नचाहेमा आफ्नो आधार दरलाई आधार मानी प्रिमियम थप नगरी कर्जा कारोबारलाई निरन्तरता दिने ।

ङ) कर्जा पुनर्संरचना भएको समयबाट बैंकको नयाँ असुली तालिका निरन्तर दुई वर्ष सम्म नियमित भएमा वर्गीकरणलाई नियमीत मानी एक प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गर्न सक्ने व्यवस्था गर्ने

**(२) पुनर्स्थापना हुनसक्ने, तर सम्पर्कमा रही वित्तीय निकास खोज्ने रूग्ण उद्योगहरूको लागिः-**

यस्ता उद्योगहरूको धितोमा रहेको सम्पत्ती सामान्य रूपमा लिलामीमा जादाँ मूल्य कम हुनसक्ने जोखिमलाई दृष्टिगत गरि ऋणी उद्योगले निश्चित समय भित्र सम्पत्ति विक्री गर्न ग्राहक खोजी Value maximization हुन सक्ने योजना बैंकमा पेश गरेमा बैंकसँगको समन्वयमा विक्री व्यवस्थापन गरी ऋण सल्टाउँन निकाश खोजेमा बढीमा एकवर्षसम्मको समय प्रदान गर्ने । यस प्रयोजनका लागि सम्बन्धीत ऋणीले औचित्यता पुष्टि हुने कागजात सहितको निवेदन सम्बन्धीत बैंक तथा वित्तीय संस्थामा पेश गर्न पर्ने छ ।

यसै गरि कार्यविधीले उद्योगलाई वित्तीय क्षेत्रबाट प्राप्त हुने सुविधाको प्रक्रिया र आवश्यक कागजातका बारेमा पनि उल्लेख गरिएको छ ।

**तेऱ्हौं त्रिवर्षयी योजना (२०७०/०७१ -०७२/०६३) आधार पत्रमा**

रूग्ण उद्योगकालाई विषेश सहुलियत प्रदान गरि सञ्चालन गरिने कार्यनीति अवलम्बन गरिएको छ ।

**रूग्ण उद्योगका पुनरूत्थान उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६८**

रूग्ण उद्योगको परिभाषा कारण र सुधारका लागि सुझावसमेत सिफारिस गरिएको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय बाट जारी तत्काल राहत कार्यक्रम २०६८ को दफा ९.२ मा रूग्ण उद्योगको पुनरूत्थान गरी औधोगिक उत्पादन वृद्धि रोजगार सृजना आयत प्रतिस्थापना गर्नका लागि त्यस्ता उद्योगको पहिचान उद्योगले भोगिरहेका समस्या र त्यस्का समाधानका उपाय तथा सरकारले उपलब्ध गराउन पर्ने सुविधा र सहुलियतका सम्बन्धमा अध्ययन गरी सुझाब सहितको प्रतिवेदन १ महिना भित्र पेशगर्नका लागि कार्यदल गठन गरिने छ भन्ने उल्लेख ।

हाल उद्योग मन्त्रालयमा कार्यदल २०६८ को प्रतिवेदनमा उल्लेखित सुझाव कार्यन्वयनका लागि रूग्ण उद्योग शाखा गठन भएको र नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णय अनुसार कार्यान्वियन समिति र प्राविधिक समितिसमेत गठन भै रूग्ण उद्योग पहिचान कारण र सुविधाका सम्बन्धमा अध्ययन विश्लेषण भैरहेको छ । सोही आधारमा नेपाल सरकार (मन्त्रीपरिषद) ले २०७१/०२/८ को निणर्यबाट विभिन्न १० वटा उघोगलाई रूग्ण घोषण गरी २०७०/२/२६ को राजपत्रमा सूचनासमेत प्रकाशित भैसकेको छ ।

**५. आगामी दिनमा रूग्ण उद्योग पुनरूत्थानका लागि गर्नुपर्ने पहलहरु**

देशको आर्थिक विकासको मुख्य मेरूदण्डका रूपका रहेको उद्योग क्षेत्रलाई रूग्णता हुनबाट जोगाउन सबै तह र पक्षबाट पहल हुन जरूरी छ । आगामी दिनमा रूग्ण उद्योग पुनरूत्थानका लागी देहायको विषयहरु कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

**५.१. प्रतिवेदन कार्यान्वयन :-**

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०६८/६/१ को निर्णय अनुसार गठित रूग्ण उद्योग पुनरूत्थान उच्चस्तरीय कार्यदलको प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न नेपाल सरकारले कार्यान्वयन समिति र प्राविधिक समिति गठन गरेको छ । यी संयन्त्र माफर्त प्रतिवेदन कार्यान्वयन हुनसके रूग्ण उद्योगहरूको पुनरूत्थानको अपेक्षा गर्न सकिन्छ ।

**५.२. ऐन कानुन /नियम संशोधन गरी र रूग्ण उद्योग सम्बन्धी प्रावधान राख्ने**

औद्योगिक व्यवसाय ऐन, २०४९ ले रूग्ण उद्योगका मागहरु लागायत औद्योगिक नीति २०६७ का प्रावधानलाई सम्बोधन गर्न नसकेकोले ऐनलाई परिमार्जन गरी रूग्ण उद्योगको पहिचान र पुनरूत्थानका लागि सेवासुविधा र सहुलियतको व्यवस्थालाई स्पष्ट गरिनु आवश्यक छ ।

## ५.३. सांगठनिक स्थापना/दिर्घकालिन सयन्त्र

रूग्ण उद्योग पुनर्स्थापना र पुनरूत्थानका लागि अधिकार सम्पन्न र उच्चस्तरीय न्यायिक अधिकार सहितको आयोग गठन गर्दा उपयुक्त हुने देखिन्छ ।यसै गरी रूग्ण उद्योग पुनरूत्थान उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६८ कार्यान्वयनका लागि गठित प्राविधीक समिति र कार्यान्वयन समितिको प्रभावकारिता अभिवृद्धिमा ध्यान दिनुपर्ने आवश्यक छ । बैंक तथा वित्तिय संस्थाहरूमा sick industry desk को व्यवस्था गरिदाँ उपयुक्त हुने देखिन्छ ।

## ५.४. रूग्ण उद्योग सम्बन्धी research and developmentको व्यवस्था

उद्योग क्षेत्र रूग्ण हुनाका कारण, परिणाम र पुनरूत्थानका उपायहरु बारे अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा ल्याउने व्यवस्था हुदाँ औद्योगिक रूग्णता घट्ने देखिन्छ ।

## ५.५. रूग्ण उद्योग शाखाको सवलीकरण (तालिम,अध्ययन विश्लेषण जनशक्ति क्षमता विकास स्रोतसाधन)

रूग्ण उद्योग पुनरूत्थानका लागि उद्योग मन्त्रालयमा २०७० देखि रूग्ण उद्योग शाखाको स्थापना भएको छ । यसको कार्यमा प्रभावकारिता ल्याउनका लागि पर्याप्त जनशक्ति, तालिम र स्रोतसाधनको व्यवस्था गरिनु जरूरी छ ।

## ५.६. रूग्ण उद्योग पुनरूत्थानका लागि भए गरेका कार्यहरूको प्रभावकारी अनुगमन गरिनु पर्ने

उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायतका निकायहरूबाट पुनरूत्थानका लागि भएका कामहरूको अनुगमन राष्ट्रिय योजना आयोगबाट हुनसके अझ बढि प्रभावकारी हुने देखिन्छ ।

## ५.७. सम्बन्धित सबै निकाय बीच समन्वय ।

औद्योगिक क्षेत्रको विकास कुनै एउटा निकायले मात्र गरेर सम्भव हुने विषय होइन । यसका लागि सरकार निजी क्षेत्र लगायत सम्बद्ध सबै निकायहरु बीच समन्वय हुन जरूरी छ ।

## ६. निस्कर्ष

विकसित राष्ट्रको पहिचान तथा विकासोन्मुख देशहरूमा आर्थिक विकासको सूचकको रूपमा रहेको उद्योग क्षेत्रको सुदृढीकरण र विस्तार गर्दै यसको माध्यमबाट रोजगारी अभिवृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउँदै सवल, सक्षम र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि प्रमुख निर्यातजन्य उद्योगहरूको प्रवर्द्धनमा जोडदिने, स्थानीय सिप र स्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने आद्योगिक उत्पादनमा गुणस्तर तथा उत्पादकत्वमा अभिवृदि गर्ने, आन्तरिक द्वन्द तथा अन्य विविध समस्याबाट रूग्ण हुन पुगेका उद्योगहरूको पुनरूत्थानमा सहयोग पुर्‍याउँने, आद्योगिक विकासका सन्दर्भमा क्षेत्रीय तथा विश्वव्यापी संगठनहरूसँग गरिएका प्रतिबद्धताहरूको कार्यन्वयन गर्ने जस्ता कार्यहरु सञ्चालन गरिनु नितान्त आवश्यक हुन्छ । रूग्ण उद्योग पुनरूत्थानका लागि सरकारले हालसम्म गरेका प्रयासहरूलाई सकरात्मक दृष्टिले विश्लेषण गर्दै निजी क्षेत्र, बैंकिङ्, सरकारी निकाय लगायत सबै सम्बन्धित क्षेत्रबाट रूग्ण उद्योग पुनरूत्थानका लागि पहल हुनसके उद्योगहरूको पुनरूत्थान भै आर्थिक विकासमा औद्योगिक क्षेत्रको योगदान बढ्ने छ । साच्चै औद्योगिक विकासले देशमा रोजगारी सृजना भई आर्थिक बृद्धिमा टेवा पुर्‍याउदै देश समृद्ध,सम्पन्न र विकसित हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ ।


**<u>सन्दर्भ सामाग्री</u>**

१. कानुन किताब व्यवस्था समिति, नेपालको अन्तरिम संविधान-२०६३ काठमाडौं
२. नेपाल सरकार अर्थमन्त्रालय, आर्थिक सर्वेक्षण २०७०,सिहदरबार, काठमाण्डौ.
३. उद्योग मन्त्रालय, रुगण उद्योग पुनरुत्थान उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६८, सिहंदरबार, काठमाण्डौं
४. राष्ट्रिय योजना आयोग तेर्‍हौं योजना (२०७०/०७१-०७२/०७३) आधरपत्र, २०७०
५. नेपाल राष्ट्र बैंक, रुगण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट हुनसक्ने सुविधा सम्बन्धी कार्यविधि, २०७० बालुवाटार, काठमाडौं

# श्रमिक संगठन र सामूहिक सौदाबाजी

## (Trade Union & collective Bargaining)

✍सूर्यप्रसाद गौतम

**क) श्रमिक संगठन (Trade Union)**

पश्चिमा राष्ट्रहरूमा १८ औ शताव्दीमा भएको औद्योगिक क्रान्तिको उपजको रूपमा श्रमिक संगठनको उदयलाई लिन सकिन्छ । एकता नै बल हो भन्ने मान्यताबाट श्रमिक संगठनहरूको विकास भएको हो । श्रमिक एवम् कर्मचारीहरूले आफ्नो हक र हितको रक्षाका लागि आफैले स्थापना गरेको संगठन नै ट्रेड यूनियन हो ।

ट्रेड यूनियनलाई निम्न हकहरु प्रदान गरिएको हुन्छ :-

- संगठित हुन पाउने,
- सामुहिक सौदाबाजी गर्न पाउने,
- हडताल गर्न पाउने अधिकार हुन्छ ।

Trade Union मा देहायको सम्बन्ध स्थापित भएको हुन्छ ।




प्रचलित कानुन वा कर्मचारीको नियुक्ति पत्रमा कुनै कुरा पाउने भनि उल्लेख गरिएको रहेछ भने त्यो हक र विद्यमान कानुन, सम्झौताले दिएको कुरामा चित्त नबुझाई थप वा नयाँ कुरा दाबि गर्नु हित हो ।

ट्रेड युनियन ऐन-२०४९ मा ट्रेड यूनियन भन्नाले कामदार कर्मचारीहरूको पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गर्न दर्ता भएको ट्रेड युनियनलाई जनाउने र यसले प्रतिष्ठान स्तरका संघ र महासंघलाई पनि जनाउँछ ।

**नेपालमा ट्रेड युनियन सम्बन्धि व्यवस्था :**

- वि.स. २००३ सालमा विराटनगर जुटमिलमा मजदुर सभा नामको ट्रेड युनियनको गठन ।
- २००८ सालमा नेपाल न्यून वैतनिक कर्मचारी संगठन गठन ।
- २०४६ सालमा नेपाल निजामति कर्मचारी संगठनको स्थापना र पछि नेपालमा निजामति कर्मचारी संघ गठन भएको ।
- हाल निजामति सेवामा ७ वटा ट्रेड युनियन छन् । ट्रेड युनियनहरु प्रत्यक्ष अप्रत्यक्ष रूपमा राजनीतिक पार्टीका भातृ संगठनको कार्यरत रहेको जस्तो देखिन्छ ।

---

✍ शाखा अधिकारी, उद्योग मन्त्रालय

- अन्तरिम संविधान २०६३ मा कर्मचारी कामदारहरूको हक हितको सन्दर्भमा गरिएको व्यवस्था
    - धारा- १२, संघसंस्था खोल्ने स्वतन्त्रता,
    - धारा-१८, रोजगारीको हक,
    - धारा, उचित श्रम अभ्यास, आफ्नो हित रक्षका लागि ट्रेड युनियन खोल्ने, संगठित हुने र सामुहिक सौदाबाजि गर्ने हक ।
    - धारा, ३३ पेशागत अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व रूपमा मानि श्रमिकको हक हितको संरक्षण र उद्यमको व्यवस्थापनमा श्रमिकको सहभागिता बढाउने नीति ।
    - धारा १५४, मजदुर आयोग गठन गर्न सकिने ।
- श्रम ऐन -२०४८
    - केन्द्रीय श्रम सल्लाहकार समितिमा Trade Union को प्रतिनिधि रहने व्यवस्था छ ।
    - व्यक्तिगत विवाद र सामुहिक विवाद समाधानका प्रकृयालाई चरणवद्द रूपमा उल्लेख गरिएको छ ।
- ट्रेड युनियन ऐन -२०४९ र नियमाविली -२०५०
- ट्रेड युनियनहरूको दर्ता सञ्चालन र अन्य व्यवस्था बारे स्पष्ट गरेको छ ।
- पुनर्स्थापित प्रतिनिधि सभाको घोषणा २०६३ वैशाख २८
- संघसंस्था दर्ता ऐन २०६४
- निजामति सेवा ऐन २०४९ र नियमावली २०५०
    - एकल ट्रेड युनियनमा जोड दिएपनि बहु युनियन अस्तित्वमा ।
    - कर्मचारी संगठन स्वतन्त्रता र सामुहिक सौक्षवाजी सहितको ट्रेड युनियन अधिकारको अभ्यास गर्न पाउने ।
    - दर्ताका लागी
        - कम्तीमा २० जिल्लामा कार्यसमितिको व्यवस्था गरिएको हुनुपर्छ ।
        - कम्तिमा ५००० कामदार वा कर्मचारीहरूको हस्ताक्षर गरिएको हुनुपर्छ ।
        - कार्यालय प्रमुख बाहेक रा. प. तृतिय श्रेणि सम्मका कर्मचारी संगठित हुन पाउने अधिकार सुनिश्चित गरिएको छ ।
        - निवेदनका साथ विधानसमेत श्रम विभागको महानिर्देशक समक्ष पेश गरिने र १५ दिनभित्र दर्ता प्रमाणपत्र दिने ।
    - आधिकारीक ट्रेड युनियनमा समानुपातिक निर्वाचन प्रणाली अपनइएको छ । केन्द्रिय समितिमा २१ सदस्य र विभाग तथा जिल्ला समिति ११ सदस्यीय समितिको गठन गर्ने व्यवस्था गरिएको छ । मत प्रतिशतका आधारमा प्रतिनिधीहरूको छनौट गरिन्छ ।
    - निम्न काम कर्तव्य र अधिकार छन् ।
        - ऐनको दफा ५३ (४) र (५) तथा नियमावलीको नियम ११७ (४)
        - कर्मचारीको हक हित र सेवाको सुरक्षा गर्ने
        - कर्मचारीको समयसापेक्ष सुविधाका सवालमा सामुहिक सौदावाजी गर्ने
        - वृति विकासका विषयहरूमा रोजगारदाताहरु सँग छलफल गर्ने ,
        - कर्मचारी सम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरूमा प्रतिनिधित्व गरी अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने

    - सरकारलाई रचनात्मक सुझाव दिने,
    - कर्मचारीका लागी रचनात्मक र सृजनात्मक काम गर्ने
    - निजामती सेवा सम्बन्धि कानुन बन्दा सरकारलाई सल्लाह सुझाव दिने
    - कर्मचारीलाई मर्का परेको विषय
    - कर्मचारी हितसंग सम्बन्धित अन्य विषयहरू
- ILO Convention – 87
    - Right to organising, Right to Bangaining

**संस्थागत व्यवस्था**

- श्रम तथा रोजगार मन्त्रालय, विभाग र मातहत कार्यालयहरू
- सामान्य प्रशासन मन्त्रालय
- जिल्ला प्रशासन कार्यालयहरू
- श्रम सल्लाहकार समिति
- श्रम अदालत
- कर्मचारी संघ संस्थाहरु
- अध्यागमन विभाग

**ट्रेड युनियनका सकारात्मक पक्षहरु :**

- ट्रेड युनियनको अधिकारलाई मौलिक हकको रूपमा राखिएको छ ।
- पेशागत हक हितको संरक्षणमा सहयोगी हुन्छ ।
- ट्रेड युनियनको अधिकार मानव प्रतिष्ठा र अधिकारको विषय हो ।
- अन्याय विरूद्ध सुरक्षा दिन्छ ।
- संस्था प्रति अपनत्व वोध गराउँछ ।
- कार्य वातावरणमा सुधार ल्याउँछ ।
- निजामति सेवालाई वढी प्रभावकारी बनाउन सक्दछ ।

**निजामती सेवामा ट्रेड युनियनका नकारात्मक पक्षहरू**

- दलीय निकटता – निष्पक्ष भएनन । ट्रेड युनियनहरु राजनीतिक पार्टीका भातृ संगठनको रूपमा रहेका छन् । आफ्नो स्वार्थका लागि राजनीतिक पार्टीसंग आबद्धता देखाउने र संगठनमा संलग्न हुनेहरूका लागि मात्र काम गर्ने जस्तो अवस्था देखिएको छ ।
- दलले भातृ संगठनको रूपमा लिएका छन् । संघ संगठनका नाममा राजनीतिक आबद्धता हुने र पार्टीको संगठित सदस्यको रूपमा कार्य गर्ने प्रवृति देखिएको छ ।
- विभाजित छन् – Collective Bargning कमजोर भयो । राजनीतिक पार्टीको भातृ संगठनको रूपमा रहने भएकाले सामुहिक सौदावाजीमा विभाजित भएर प्रस्तुत हुने हुनाले यसको फाइदा व्यवस्थापकहरूले लिने गरेका छन् ।
- अनुशासनहिनता बढेको छ । ट्रेड युनियनहरूले सामुहिक उद्देश्यका लागि नभई व्याक्तिगत स्वार्थका लागिसमेत गैर कानुनी दवाव दिने गरेको विगतको अभ्यासबाट अनुभव गरिएको छ ।

- केवल सरूवा र बढुवामा चासो दिए । कर्मचारीको सरूवा र वढुवा प्रावधानमा मात्र ध्यान दिने र सरूवाको समयमा मात्र कृयाशिल हुने परम्पराले जरो गाडदै गएको छ । आकर्षक भनिएका ठाउँहरूमा आफ्ना पक्षका कर्मचारीहरूलाई सरूवा गर्ने र संगठन सार्थ व्याक्तिगत स्वार्थलाई पूरा गर्ने कसरतमा लागेको जस्तो देखिन्छ ।
- संगठन र जनताको हितमा भन्दा आफ्नो हितमा केन्द्रित भए । संगठनमा आबद्धता देखाएर सामुहिक हित भन्दा व्याक्तिगत हितलाई प्राथमिकता दिने गरेका उदाहरणहरु विगतका अनुभवबाट ज्ञात भएको छ । राम्रा भनिएका स्थानमा आफै र आफ्ना पक्षका निकटस्थलाई पठाउने प्रकृया रहेको देखिन्छ ।
- पेशागत हित र व्यवसायिकता बढाउने क्षमता छैन । नेपालमा कर्मचारी कामदारहरूमा पेशागत क्षमता कमजोर रहेको भन्ने सर्वत्र भनाई छ । कर्मचारी कामदारहरु सुविधा बढाउन मात्र तल्लिन रहने तर आफ्नो क्षमता वढाई उत्पादन तथा उत्पादकत्व वढाउने तर्फ कहिले पनि नसोच्ने प्रवृतिले प्रश्रेय पाएको जस्तो देखिन्छ ।
- Negativism - कानुन तोड्दा बहादुरी ठान्ने प्रवृत्ति छ । ट्रेड युनियनमा आबद्ध भई पदभार ग्रहण गरेकाहरु मध्यबाट नै व्यवस्थापनका उच्च अधिकारीहरूलाई कानुनी प्रावधानको बेवास्ता गर्दै जाइलाग्ने प्रवृति फस्टाउँदै गएको देखिन्छ ।
- सरकार र  ट्रेड युनियन सहकार्य भएन । पक्ष प्रतिपक्ष जस्ता भए । ट्रेड युनियनहरु सरकारलाई सहयोग गर्ने एजेण्टको रूपमा प्रस्तुत नभइ Counter मा रहने र सरकार पनि ट्रेड युनियनलाई दवाउन उद्दत रहने गरेबाट पक्ष प्रतिपक्षको स्थितिमा रहेको जस्तो देखिन्छ ।
- आधिकारिक ट्रेड युनियनको निर्वाचन नहुंदा हैसियत थाहा भएन । सवै राजनीतिक पार्टीका आ-आफ्नै ट्रेड युनियन रहेकोले सबै ट्रेड युनियनहरूको आफुलाई सर्वोच्च ठान्ने सोच छ । सरकार आफै पनि आधिकारिक ट्रेड युनियनको चुनाव गराई स्वस्थ प्रतिस्पर्धात्मक वातावरणको निर्माण गर्न चाहेको छैन् ।
- हड्तालको अधिकार छैन । सरकारका कर्मचारीहरूलाई हडताल गर्न कानुनी मान्यता दिएको नभएता पनि आन्दोलनका अरू चरणहरु पूरा नगर्दै सिधै आन्दोलनमा जाने परम्परा छ । सरकारले पनि दवाउँदा पुरूसार्थ ठान्ने गर्दा कसैको पनि अभिष्ठ पूरा गर्न सहज बातावरण छैन् ।
- Trade Union का पदाधिकारीमा तालिम र क्षमता विकासको अभाव छ । व्यवसायीकता वढाउने कुनै प्रावधान नराखी राजनीतिक निकटताको आधारमा उमेदवारी पाउने र सोहि वमोजिम पार्टीको माात्र काम गर्ने हुनाले संगठनको श्रीवृद्धिमा ठोस योगदान पुग्न सकेको छैन् ।

**नेपालमा  ट्रेड युनियन र सामुहिक सौदावाजीले–**

- **कार्य वातावरणमा सुधार** :- कर्मचारीहरूलाई सरकार तथा व्यवसायीक प्रतिष्ठानहरूले दिने सेवा सुविधामा समयानुकूल परिमार्जन गरी जीवन धान्न सक्ने गरी हुन जरूरी छ । नेपालका कर्मचारी कामदारहरूको तलव सुविधा दक्षिण एसियाका अन्य मुलुकहरूको तुलनामा न्युन रहेको छ । यसकारण न्युनतम आवश्यकताका वस्तुहरूको आपूर्ति गर्न सक्ने गरी सेवा सुविधामा विस्तार गरी काम गर्ने वातावरणमासमेत सुविधा सम्पन्न गराउन आवश्यक हुन्छ । यसले कर्मचारीहरूको गुनासो र पिरमार्कामा कमी आई प्रभावकारी कार्य सम्पादन हुन मद्दत गर्दछ ।
- **आर्थिक सामाजिक अवस्थामा सुधार** :- कर्मचारी तथा कामदारहरूको सेवा सुविधामा विस्तार गरी सामाजिक सुरक्षामा लागानी वढाउनु आवश्यक छ । आवास, शिक्षा तथा अन्य सुविधामा

समानता ल्याई अवसरहरूको समानुपातिक वितरणको व्यवस्थाद्वारा मनोवल उच्च वनाई गुनासोमा कमी ल्याउन सकिन्छ ।

- **अनुशासन कायम गराउने** :-रोजगारदाता र कामदार कर्मचारीहरूका वीच भएका सम्झौताबाट अनुशासनमा विकास गरी काममा सुधार ल्याउन सकिन्छ । अनुसासित र काम प्रति प्रतिवद्ध कर्मचारीहरूबाट मात्र संगठनको उद्देश्य पूरा भई लक्षमा पुग्न सकिन्छ ।
- **उत्पादकत्व बढाउने उद्देश्य राखेको** :- उत्प्रेरक तथा अनुशासित कर्मचारीहरूबाट मात्र काममा प्रभावकारिता ल्याउन सकिन्छ । मनोवल उच्च भएका कर्मचारीहरूले मात्र सीमित श्रोत र साधनबाट उच्च प्रतिफल हाँसिल गर्न सक्छन् ।

## सामूहिक सौदावाजी (Collective Bargaining)

- सामूहिक सौदावाजीलाई Social Dialogue पनि भनिन्छ ।
- व्यवस्थापक र कर्मचारी बिच उत्पन्न विवाद समाधान गर्न सामूहिक छलफल गरी सहमतिमा गरिने सम्झौता नै सामूहिक सौदावाजी हो ।
- सम्झौता गर्ने र लागू गर्ने संगठन पिच्छे फरक फरक प्रकृयाहरु हुन्छन् । ट्रेड युनियन र व्यवस्थापनको मेलमिलापको प्रकृया नै सामूहिक सौदावाजी हो ।
- सामूहिक सौदावाजीमा दुबैले दुबैको अस्तित्व स्वीकार गर्ने र दुवै विजयी हुने अवस्थाको सृजना गरिनु पर्दछ । दुवैको सफलतामा नै संगठनको जीवन कायम रहन्छ ।

**सामूहिक सौदावाजी भित्र-**

- रोजगारीको शर्त सम्बन्धी विषय,
- अधिकार र कार्यविधि सम्बन्धी विषय,
- कर्मचारी हित र कल्याण सम्बन्धी विषय,
- सामाजिक सुरक्षा सम्बन्धी विषय
- तलब सुबिधा, वृत्ति विकास र ऐन नियम सम्बन्धी विषयहरु पर्दछन् ।

जहां Trade Union Rights हुन्छ, त्यहां Collective Barganing चाहिन्छ । सामुहिक सौदावाजीमा दुई पक्षको सहभागीता हुन्छ र सामुहिक हितका लागि दुवैले कार्य गर्ने वातावरणको निर्माण गर्ने प्रयास गरिन्छ ।

कामदार कर्मचारीको चाहना र रोजगारदाता/सरकारको परस्पर विरोधि चाहनालाई समन्वयात्मक ढंगले व्यवस्थापन गर्न Collective Barganing चाहिन्छ । Collective Barganing मा दवावमुक्त वातावरण, सकारात्मक दृष्टिकोण, Give and Take को मनस्थिति, विना हस्तक्षेप, आपसी सम्झौता जस्ता तत्व आवश्यक पर्दछ ।

**सामूहिक सौदावाजीको प्रकृयागत व्यवस्था**

- निजामती सेवा ऐनमा विवाद व्यवस्थापन सम्बन्धि खास व्यवस्था छैन ।
- प्रशासकिय अदालत वा सर्वोच्च अदालतमा निवेदन दिन सकिन्छ । ट्रेड युनियनसंग आबद्ध कर्मचारी वा कामदारलाई परेको पिरमर्का वा गुनासोको विषयमा उपयुक्त समाधानका लागि आन्तरिक

- विभिन्न तहमा गुनासो सुन्ने संयन्त्र छन् । हरेक कार्यालय, संगठित संस्था एवम् प्रतिष्ठानहरूमा कुनै पदमा रहेको प्रशासक वा वरिष्ठ कर्मचारीलाई गुनासो सुन्ने अधिकारीको रूपमा तोक्ने गरिएको हुन्छ । प्रारम्भिक चरणमा गुनासो सुन्ने अधिकारीकोमा आफ्नो गुनासो वा असन्तुष्टी लिखित वा मौखिक रूपमा पेश गर्न सक्ने व्यवस्था गरिएको हुन्छ ।
- जिल्ला स्तरको युनियनले प्रजिअ समक्ष र विभाग स्तरकोले विभागीय प्रमुखसंग माग राख्ने । २१ दिनमा विवाद हल हुनुपर्ने ।
- २१ दिन भित्र विवाद समाधान नभएमा सामान्य प्र मं मा पठाउने ।
- ६० प्रतिशत कार्य समितिको समर्थन सहित सोझै सामान्य प्र मं मा पठाउन सकिने ।
- सामान्य प्र मं मा भएको वार्ताबाट २१ दिन भित्र समस्या समाधान नभएमा श्रम मन्त्रालयमा पठाउने ।
- श्रम मन्त्रालयमा वार्ता विफल भएमा ६० प्रतिशतले हडतालमा जाने निर्णय सहितको पत्र सहित ३० दिनको सूचना दिई हड्तालमा जान सकिने ।
- अत्यावश्यक सेवा, सरकारले तोकेको स्थलमा हड्ताल गर्न नपाईने । जस्तै सुरक्षा, वारूण यन्त्र, स्वास्थ्य सेवा आदि सरकारले अत्यावश्यक सेवाको रूपमा लिन सकिन्छ । सरकारले राजपत्रमा समय समयमा सुचना प्रकासित गरी तोकिएका सेवाहरु पनि अत्यावश्यक सेवाको रूपमा लिइन्छ ।
- हड्ताल मर्यादित र संयमित हुनु पर्ने । कानुन वमोजिम हड्ताल गर्न पाउने प्रावधान वमोजिम हड्ताल गर्दा कुनै हिंसात्मक वा विध्वन्सात्मक कृयाकलापहरु गर्न नपाइने व्यवस्था गरिएको हुन्छ । यदि कुनै आन्दोलनमा यस्ता कृयाकलापहरु देखिएमा त्यसबाट भएको क्षतिको क्षतिपूर्ति आन्दोलनकर्ताले लिनु पर्नेछ ।
- आर्थिक मागका सम्वन्धमा म.प. को निर्णय अन्तिम हुने । कर्मचारी कामदारहरूले राखेको आर्थिक विषय जस्तै तलव, सुविधाका सन्दर्भमा माग पूरा गर्दा गर्ने निर्णय मन्त्रिपरिषद्मा हुन्छ ।
- सहमति भएमा सम्झौता श्रम मन्त्रालयमा दर्ता गर्ने र २ बर्षसम्म नयाँ माग पेस गर्न नपाइने । कुनै माग पूरा भएमा अर्को त्यसै प्रकृतिको माग दुई वर्षसम्म राख्न नपाइने कानुनी व्यवस्था रहेको छ ।

**सामूहिक सौदावाजीमा देखिएका समस्याहरू**

- कर्मचारी संख्या र ट्रेड युनियन वीच तालमेल भएन । निजामती सेवामा रहेका करिव ८० हजारको संख्यामा कर्मचारीहरूबाट बढीमा ४ वटा सम्म ट्रेड युनियनहरु वन्न सक्ने अवस्था छ । तर नेपालमा ७ वटा ट्रेड युनियनहरु रहेका छन् । एकै कर्मचारीले एक भन्दा बढी ट्रेड युनियनको सदस्यता नलिई यस्तो अवस्था आउने देखिन्दैन् ।
- माग पेस नगर्दै हड्ताल गर्ने प्रवृत्ति छ । ट्रेड युनियनहरूले कर्मचारी कामदारको गुनासो वा विरोधका विषयमा माग गर्ने विभिन्न चरणहरु छन् । विभिन्न तहमा गुनासो वा विरोधको कारवाहीको लागि माग गरेपछि पनि समस्याको समाधान नभएमा मात्र ३० दिनको अल्टिमेटम दिएर हडतालमा जान सक्ने कानुनी प्रावधानका वावजुध तत्काल माग पूरा नभए सोझै हडतालमा उत्रने गलत प्रवृति नेपालमा अनुभव गरिएको छ ।
- व्यवस्थापनको क्षमताले धान्नै नसक्ने माग पेश गर्ने । सरकार वा आफू कार्यरत रहेको संस्थाको क्षमता भलिभाँति जान्दा जान्दै व्यवस्थापनले पूरा गर्न नै नसक्ने माग तथा दावीहरु पेश गरिन्छ । काममा अवरोध पुग्ने गतिविधिहरु सञ्चालन हुन्छ । आन्दोलनको अवधि अनिश्चित भनी घोषणा गर्ने कारणबाट की प्रतिष्ठान बन्द गर्नु पर्छ वा माग पूरा गराउनु पर्छ । सम्झौतामा ट्रेड

युनियनहरु कुनै अवस्थामा पनि पछि नहटने हटका कारण नेपालमा औद्योगिक विकासमा वाधा पुगेको उद्योगीहरु स्वयम्ले भन्ने गरेका छन् ।

- ट्रेड युनियन दलका भातृ संगठन जस्ता छन् । सरकारी तथा संस्थानमा कार्यरत कर्मचारी एवम् कामदारहरूलाई राजनीतिक अभिष्ठ पूरा गर्ने स्वार्थबाट राजनीतिक दलहरूले आफ्नो दलको भातृ संगठनको रूपमा ट्रेड युनियनको निर्माण गर्ने प्रचलन छ । ट्रेड युनियनहरु कर्मचारी कामदारको हक र हितमा आवाज उठाउनको सट्टा राजनीतिक पार्टीको झण्डा बोकी त्यसकै वकालत गर्न व्यस्त रहन्छन् । राजनीतिक विचारको प्रचार गर्न र चुनावमा पार्टीको प्रचार प्रसारमा तल्लिन हुने गरेको देखिन्छ ।
- व्यवस्थापक दवाव नभएसम्म उदासिन रहने । सडकमा गएर सवारी आवागमन बन्द गर्ने, काममा अवज्ञा गर्ने वा अन्य दवाव नदिए सम्म न सरकार न त व्यवस्थापक नै समस्या समाधानमा तत्पर हुन्छन् । त्यसैले आन्दोलनमा जान वाध्यता हुने अवस्था हाम्रोमा विद्यमान छ ।
- कानुन तोड्ने प्रवृत्ति छ । कानुन तोड्दा साहसी हुने मानसिकताले गर्दा कानुनको वर्खिलाप पनि कयौ कदमहरु ट्रेड युनियनबाट हुने गरेका छन् । दण्डहिनताको पराकाष्टको नमुना हामीमा हावी छ ।
- व्यवस्थापक सामूहिक सौदावाजी मैत्री भएन । ट्रेड युनियनका पदाधिकारीहरु पनि व्यक्तिगत स्वार्थ प्रेरित राजनीति गरेका हुने र आफ्नो स्वार्थ पूरा भएपछि अन्यको हितका वास्ता नगर्ने परिपाटीको विकास भएको पाइन्छ ।

**अब के गर्ने त ?**

- राजनीतिक र व्यक्तिगत स्वार्थमा ट्रेड युनियनको प्रयोग नगर्ने ।
- सरकारले र ट्रेड युनियनले सहकार्य गर्ने ।
- ट्रेड युनियनले माग पेस गर्दा सरकारको क्षमता र जनतालाई पर्न सक्ने मर्कालाई ध्यान दिने ।
- कर्तव्य सहितको अधिकार र सकारात्मक सोंच चाहिन्छ ।
- सरूवा बढुवा बाहेकका विषयलाईसमेत प्राथमिकता दिनु प-यो ।
- कर्मचारी सम्वन्ध समिति गठन गर्नु प-यो ।

**अन्त्यमा,**

ट्रेड युनियनको भूमिका प्रति सन्तोष भन्दा शंका गर्नु पर्ने अवस्था छ । ट्रेड युनियनका कारण राजनीतिकरण भयो । कर्मचारीहरु विभाजित भए । पेशागत हित भन्दा व्यक्तिगत हितमा ध्यान दिए । व्यवस्थापन कर्मचारी प्रति उदार भएन । पक्ष प्रतिपक्षको स्थिति देखियो । आचरण महलको उलंघन गरियो । तसर्थ Trade Union र सामुहिक सौदाबाजीको बर्तमान अभ्यासमा सुधार गर्न आवश्यक छ ।

**<u>सन्दर्भ सामाग्रीहरू :–</u>**


१. प्रशासन पत्रिका – विभिन्न अङ्कहरुमा प्रकासित लेखहरु, सामान्य प्रशासन मन्त्रालय
२. उद्योग र विकास – विभिन्न अङ्कहरुमा प्रकासित लेखहरु, उद्योग मन्त्रालय
३. प्रशासन र व्यवस्थापन– राजन खनाल
४. नेपालको अन्तरिम संविधान,२०६३
५. श्रम ऐन –२०४८
६. ट्रेड युनियन ऐन –२०४९ र नियमाविली –२०५०
७. निजामति सेवा ऐन २०४९ र नियमावली २०५०

# औद्योगिक पूर्वाधार विकासमा उद्योग मन्त्रालयको भूमिका

✍मेघनाथ रिजाल

## पृष्ठभूमी तथा परिचय

औद्योगिक पूर्वाधारको विकास बिना उद्योगको विकास र उद्योगको विकास मार्फत समग्र मुलुकको विकासको अभिष्ट पूरा हुन सक्दैन । औद्योगिक पूर्वाधारको विकासको लागि सडक विस्तार र उद्योगको पहुँच स्थापना गर्ने कार्य, विद्युतको विकास, उर्जा आपूर्तिको सुनिश्चितता र कच्चा पदार्थहरूको उपलब्धता जस्ता विषयहरूले ठूला उद्योगहरूको स्थापना गर्न र ठूला निर्माणमूखी उद्योगहरूमा वैदेशिक लगानीमा प्रभाव पारिरहेको हुन्छ ।

दोस्रो विश्वयुद्ध पछिको राष्ट्र निर्माण र राज्य निर्माणको अवधारणा, युद्धबाट ग्रसित मुलुकहरूको तीव्रतर विकासको आवश्यकता, कल्याणकारी राज्यको अवधारणा, किन्सीयन अर्थशास्त्रको प्रभाव जस्ता विषयहरूले सरकारको अर्थतन्त्रमा प्रभावकारी भूमिका खोजिएको र हस्तक्षेप आवश्यक हुन्छ भन्ने मान्यताले सरकारले विकास क्रियाकलापहरूको साथसाथै समग्र अर्थप्रणालीमा नियन्त्रण कायम गरेको देखिन्छ । तसर्थ, अर्थतन्त्रलाई मजबुत बनाउन पूर्वाधारहरु निर्माण गरी सर्वांगीण विकासको आधार तयार गर्न सरकारले विकास पूर्वाधारहरूमा लगानी गर्नुपर्ने मान्यता अघि सारिएको पाइन्छ ।

सन् २०७० को उत्तरार्ध पछि विकसित उदारवाद र खुलापनको अवधारणाले अर्थतन्त्रका हरेक क्षेत्रमा सरकारको हस्तक्षेप र नियन्त्रणलाई कम गर्दै अनियमन, निजीकरण, विश्वव्यापीकरणमा जोड दिन थालियो । यसको प्रमुख मान्यता अर्थतन्त्रमा छनौटका अवसरहरु सिर्जना गरी प्रतिस्पर्धात्मकतामा प्रवर्द्धन गर्ने तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गरी विश्व अर्थतन्त्रलाई एकीकरण गर्नु थियो । तर, पर्याप्त पूर्वाधारहरु निर्माण भइनसकेका विकासोन्मुख र अल्पविकसित मुलुकहरूमा अपेक्षित प्रतिस्पर्धात्मकता विकास हुन नसकेको, बजारमा आयातको मात्रा बढिरहेको सन्दर्भमा निर्यात प्रवर्द्धनका विभिन्न रणनीतिहरु प्रयोग गर्न थालियो । यसै सन्दर्भमा विकसित मुलुकहरूको अभ्यासहरूको सिकोसमेत एक प्रभावकारी शैलीको रूपमा लिइयो । विकासोन्मुख मुलुकहरूको निर्यात प्रवर्द्धन गर्न, अर्थतन्त्रका नेतृत्वदायी क्षेत्रहरूको प्रभावकारी रूपमा विकास गर्न र लगानीमैत्री वातावरणको सिर्जना गरी विकासको गतिलाई टेकअफ (Take-off) को अवस्थामा पुऱ्याउन समग्र पूर्वाधारहरूको विकासको साथसाथै औद्योगिक पूर्वाधारहरूको विकासमा जोड दिन थालिएको पाइन्छ ।

मुलुकमा रहेका प्राकृतिक तथा खानीजन्य श्रोतमा आधारित विभिन्न प्रकारका उद्योग खोल्न प्रोत्साहन गर्ने उद्देश्यले उद्योग मन्त्रालयबाट आर्थिक वर्ष २०६५/६६ देखि सञ्चालन गरिएको औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत मुख्यतया निम्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

## (१) सडक पहुँच

औद्योगिक पूर्वाधारको विकास गर्ने सन्दर्भमा पहुँच सडक कार्यक्रमअन्तर्गत सडक विभागबाट कार्यसञ्चालन हुनेगरी राज्यको करोडौं रकम त्यस क्षेत्रमा लगानी भइसकेकोले औद्योगिक पूर्वाधार विकासको क्षेत्रमा दीर्घकालीन सोच (Vision) र प्रष्ट कार्यदिशाको आधारमा अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ । सिमेन्ट उद्योगहरूको लागि पूर्वाधार निर्माणको हकमा सडक पहुँच कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको सहयोग कार्यको प्रष्ट मापदण्ड स्थापना गर्न सकिएको छैन । उद्योगीहरूको व्यक्तिगत सम्बन्ध र चासोको आधारमा यस्ता पूर्वाधार निर्माणका कार्यक्रमहरु अगाडि बढिरहेको अवस्था छ ।

✍ शाखा अधिकारी, उद्योग मन्त्रालय

पूर्वाधार निर्माण तर्फ पहुँच सडक कार्यक्रम सडक विभागसँगको सहकार्यमा कार्यान्वयन गरिरहेको अवस्था छ । पहुँच सडक कार्यक्रमहरूको कार्यान्वयनमा सडक विभागकै नर्म्स र लागत अनुमान तथा सम्बन्धित उद्योगहरूको माग बमोजिम पहुँच सडकको लागि लगानी गरिरहेको अवस्था छ । हालसम्म यस क्षेत्रमा औद्योगिक पूर्वाधार विकास कार्यक्रमबाट मात्र राज्यको १ अर्व भन्दा बढी लगानी भईसकेको अवस्था छ । पहुँच सडकअन्तर्गत हाल सिमेन्ट उद्योगहरूलाई मात्र प्राथमिकता दिने गरिएकोमा आगामी दिनमा अर्थतन्त्रका Leading Sectors मा पूर्वाधार निर्माणको कार्य अघि बढाइ अर्थतन्त्रको सन्तुलित विकासतर्फ राज्यको ध्यान जानु अपरिहार्य देखिन्छ ।

सिमेन्ट उद्योगहरूको पुहँच सडक खानीस्थल देखि सिमेन्ट प्लान्ट रहेको स्थानसम्मको लागि निर्माण गर्ने गरिएकोमा हाल उद्योगीहरूले सडकको Track खोल्ने, सडक निर्माण, सोको स्तरोन्नती तथा ग्राभेलि र पीच गर्नेसम्मका मागहरु गर्ने गरेको सन्दर्भमा दीर्घकालीन सोच, प्रष्ट नीतिगत व्यवस्था, पारदर्शी कार्यशैलीको स्थापना गर्नु आवश्यक रहेको छ । सिमेन्ट उद्योगहरूको अवस्थिति तथा खानी सम्मको दुरी, सिमेन्ट उत्पादन क्षमता तथा सिमेन्ट उद्योगले प्रयोग गरेको प्रविधि जस्ता विषयहरूले खानीहरूलाई प्रदान गरिने सुविधाहरूमा एकरूपता नहुन सक्दछ । तसर्थ, तिनीहरूलाई प्रदान गरिने सुविधा आदिको विषयमा स्पष्ट मापदण्ड तयार गर्नु आवश्यक छ ।

### पहुँच सडक विस्तारको अवस्था

पहुँच सडक कार्यक्रमअन्तर्गत हाल विभिन्न सिमेन्ट उद्योगहरूको खानीस्थल देखि उत्पादन प्लान्टसम्मको पहुँच सडक निर्माणको लागि उद्योग मन्त्रालयले गरेको सहयोगको अवस्था देहाय बमोजिम रहेको छ । यसरी मन्त्रालयले गरेको सहयोगको आधारमा धेरैजसो उद्योगहरूमा काम सुरू भईसकेको अवस्था छ भने कुनै कुनै उद्योगहरूमा ठेक्कापट्टाको चरणमा रहेको अवस्था छ।

| क्र.सं. | डिभिजन सडक कार्यालय | आयोजनाको नाम | | सडकको नाम | सडकको लम्बाई (कि.मी.मा) | आयोजना शुरु मिति (आ.व.) | आयोजना को कूल लागत (रु.हजारमा) | आ.व.२०६९/०७० सम्म खर्च भएको रकम (रु. हजारमा) | आ.व.२०७०/०७१ लाई विनियोजित रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दाङ | क | दाङ सिमेण्ट उद्योग सडक | तुलसीपुर हापुरे तितेलेक खानी सडक खण्ड | ३८ | २०६५/०६६ | ३७६९३० | ८९२०३ | २०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| २ | | ख | रोल्पा सिमेण्ट उद्योग सडक | कपुरकोट निगालपानी कोइलाचौर सडक खण्ड | १८ | २०६६/०६७ | २९२१७५ | ९८४७४ | ५०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| ३ | | ग | घोराही सिमेण्ट उद्योग सडक | घोराही कमेरेचौर खण्ड | २६ | २०६७/०६८ | ३७५२९३ | १२२६७१ | ६०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| ४ | | घ | सोनापुर सिमेन्ट उद्योग सडक | दुधरास साग्राम दाङ छिरी सडक खण्ड | २५ | २०६७/०६८ | १८४७०२ | ४१९१२ | ५०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| ५ | पाल्पा | क | सि.जि. सिमेन्ट उद्योग सडक | खस्यौली–कन्टिपोखरा – दम्मक–सर्देवा–सातमुरे सडक | २० | २०६६/०६७ | ४७१५५० | ५६२४७ | २०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| ६ | | ख | सर्वोत्तम सिमेन्ट उद्योग सडक | दोभान बजार खुर्सानी हुंदे पालुङ्ग मैदानी सडक | १२ | २०७०/०७१ | ८०७११ | ० | ३०००० | ठेक्कापट्टा सम्झौता भई काम शुरु गर्न लागेको । |
| ७ | भरतपुर | क | युनाईटेड सिमेन्ट उद्योग सडक | पृथ्वी राजमार्ग धुनी खोला सडक | ४.५ | २०६६/०६७ | ५२८५० | १८९४९ | २०००० | ठेक्कापट्टा सम्झौता भई काम शुरु गर्न लागेको । |
| ८ | ललितपुर | क | लक्ष्मी सिमेण्ट उद्योग सडक | नख्खु खोला भारदेउ गा बि स वडा नं २ रातो करारै सडक तथा तिनपाने भञ्ज्याङ्ग, भट्टेडांडा गा.वि.स. बगुवा, माल्टा गा.वि.स. सडक | ३९ | २०६७/०६८ | ९५८०० | ३५७४५ | १०००० | गत आ.व.मै ठेक्कापट्टा भई काम चालू भएको । |
| ९ | | ख | भारदेउ सिमेण्ट उद्योग सडक | बुङ्गमति टिकाभैरव रातो ककारो सडक | २०.१६ | २०६८/०६९ | २९९६५० | २३२३५ | १०००० | ठेक्कापट्टा नगर्ने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | हेटौडा | क | शिवम् सिमेन्ट उद्योग सडक | हटिया–कार्कि खोला–जरुवा खोला सडक<br>जितपुर भज्यांग– चापकी सडक | २३ | २०६५/०६६ | ३०६८६३ | १३०४८९ | २५००० | ठेक्कापट्टा भई मूल्याङ्कनमा रहेको । |
| ११ | शिवपुर | क | मकालु सिमेन्ट उद्योग सडक | पिपरा बथेनी करेचूली मैदान सडक | ३० | २०६८/०६९ | २९९४३० | ६२८३ | २५००० | वातावरणीय अध्ययन कार्यको काम ठेक्कापट्टा गर्नबांकी रहेको । |
| १२ | धनकुटा | क | निगाले सिमेन्ट उद्योग सडक | मूर्तिढुंगा परेवादिन सडक | १२ | २०७०/०७१ | १६९२५० | ० | ३०००० | ठेक्कापट्टा भई मूल्याङ्कनमा रहेको । |
| १३ | जनकपुर | क | मारुति सिमेन्ट उद्योग सडक | कटारी बजारदेखि फूलबारी सिमहरी रोड हुँदै चूनढुंगा उत्खनन् खानीस्थल सम्म जाने सडक | २० | २०६९/०७० | १२४४३० | ७००० | ३०००० | ठेक्कापट्टा भई काम शुरु भएको । |
| १४ | बुटवल | क | पाल्पा सिमेन्ट उद्योग सडक | खैरेनी केराबारी झुम्साखोला माहिलाचौर सडक | ३० | २०७०/०७१ | ४९६७५० | ० | १०००० | ठेक्कापट्टा सम्झौता भई काम शुरु गर्न लागेको । |
| | **जम्मा** | | | | **३१७.६६** | | **३६२६३८४** | **६३०२०८** | **३९००००** | |

## २) विद्युतीय प्रसारण लाईन विस्तारः

उर्जा पूर्वाधार स्वयम्को विकास गर्न र विकास भएका पूर्वाधारहरूको परिचालन गर्नसमेत अपरिहार्य साधन हो । मुलुकमा विद्युतीकरण अपेक्षित मात्रामा भइनसकेको अवस्थामा एकातिर विद्युत प्रसारण लाईनहरु स्थापना गर्न सकिएको छैन भने विद्युत वितरण लाईनहरूकोसमेत अभाव छ ।

विद्युत पूर्वाधारहरूको अभावमा ठूला उद्योगहरु स्थापनाको आधार नै बन्न नसक्ने भएकोले विद्युत प्रसारण लाईन तथा सबस्टेशन निर्माणको कार्यलाई महत्त्वपूर्ण पक्षको रूपमा पहिचान गरी कार्यक्रमहरु सञ्चालन भइरहेको अवस्था छ । विद्युत प्रसारण लाईन तथा सवस्टेशन निर्माणको लागि पहिलो चरणमा सिमेन्ट उद्योगहरूको लागि सहयोग गर्ने कार्यक्रम रहेको छ ।

विद्युत प्रसारण लाईन निर्माण तथा सवस्टेशन निर्माणको क्षेत्रमा नेपाल विद्युत प्राधिकरणअन्तर्गत नेपाल सरकारको शेयर लगानी रहने गरी यस्ता आयोजनाहरु सञ्चालन तथा निर्माणको क्रममा रहेको अवस्था छ ।

| क्र.सं. | आयोजनाको नाम | हालको स्थिति र मूख्य कार्यहरु |
|---|---|---|
| १. | कुसुम-हापुरे १३२ के.भी प्रसारण लाईन | सबस्टेशनमा Communication वाहेक सम्पूर्ण उपकरणहरूको जडान तथा सिभिल निर्माण कार्य सतप्रतिशत पूरा भई Testing & Commissioning कार्यसमेत सम्पन्न भएको । प्रसारण लाईन निर्माणतर्फ ४७ थान टावर टाईप DB, & DC साईटमा डेलिभरी भईसकेको, कूल ७१-थान मध्ये कूल ४२ थान फाउण्डेशनको निर्माण कार्य सम्पन्न भएको तथा टावर टाईप DA, & DD को लागि सप टेष्टिङ्ग कार्य सम्पन्न भएको । |
| २. | हेटौडा १३२ के.भी सबस्टेशन तथा प्रसारण लाईन | सवस्टेशन निर्माण कार्य सम्पन्न भई Charge गर्ने प्रकृयामा रहेको |
| ३. | मिर्चैया-कटारी १३२ के.भी प्रसारण लाईन | सवस्टेशनको कन्ट्रोल विल्डिङको DPC तथा Pillering कार्य सम्पादन भई विल्डिङको Wall निर्माण गर्ने कार्य भईरहेको, कम्पाउण्ड वाल तथा स्टाफ क्वाटर निर्माण कार्य सकिएको र Plaster गर्ने काम भईरहेको |
| ४. | तुल्सीपुर-कपुरकोट ३३ के.भी प्रसारण लाईन | तुलसिपुर देखि कपुरकोट सम्मको लाईन निर्माण कार्यको पुनः बोलपत्र आव्हान भई निर्माण कार्यको ठेक्का सम्झौता सम्पन्न भएको, ठेकेदारबाट रूट सर्भेक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएको । |
| ५. | मातातिर्थ-माल्टा ३३ के.भी प्रसारण लाईन | सबस्टेशन निर्माण कार्यको निर्माण सम्झौता सम्पन्न भई मोबिलाईजेसन पेस्की भुक्तानी भएको, प्रसारण लाईन निर्माणको लागि सर्भेक्षण कार्य भैरहेको |

| | | |
|---|---|---|
| ६. | लमाही-घोराही १३२ के.भी प्रसारण लाईन | प्रसारण लाईन निर्माणतर्फ वन तथा जग्गाको लगत लिने तर्फ कार्य शुरू भएको, Transformer, Disconnector, Breaker को निर्माण भई Inspection को प्रकृयामा रहेको, स्टाफ क्वाटर, कम्पाउड वाल निर्माण कार्यको बोलपत्र तयारी कार्य भई रहेको |
| ७. | मातातिर्थ-नौबिसे ३३ के.भी प्रसारण लाईन | सबस्टेशन निर्माण कार्यको निर्माण सम्झौता सम्पन्न भई मोबिलाईजेसन पेस्की भुक्तानी भएको, प्रसारण लाईन निर्माणको लागि सर्भेक्षण कार्य भैरहेको |
| ८. | सुनवल १३२/३३ के.भी. सवस्टेशन | आयोजनाको सर्वेक्षण अध्ययन कार्यको अनुमानित लागत स्विकृत भई आयोजना विकास विभागसंग उक्त कार्यको लागि प्रस्ताब माग्ने काम सम्पन्न भएको, सवस्टेशन निर्माण कार्यको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा सिमेन्ट उद्योगसँग बार्ता भई जग्गा उपलब्धध गराउन पहल भईरहेको । |
| ९. | पाल्पा १३२/३३ के.भी.सवस्टेशन | सवस्टेशन निर्माणको लागि जग्गा सिमेट उद्योगहरूबाट उपलब्ध हुनुपर्ने शर्त वमोजिम जग्गाको प्रस्ताव हासम्म प्राप्त नभएकोले सर्भेक्षण अध्ययन कार्य अगाडी वढन नसकेको । |
| १०. | हापुरे-तुल्सिपुर १३२ के.भी. प्रसारण लाईन | सवस्टेशन निर्माणको लागि जग्गा सिमेन्ट उद्योगबाट प्रस्ताव भएको तर प्रस्तावित जग्गा मानव घना वस्ती भएको क्षेत्रमा पर्ने भएकोले वैकल्पिक उपायहरूमा छलफल भैरहेको । |

